युवाको विकास, र विकासमा युवाको सहभागिता

# युवा

बुलेटिन-२०८१



नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# युवा बुलेटिन-२०८१


## सम्पादक मण्डल

**श्री शिव प्रसाद रेग्मी**
संयोजक

**रमा भट्टराई**
सदस्य

**शंकरराज पाठक**
सदस्य

**सुनिता सुवेदी**
सदस्य

**दुर्गा कुमारी दाहाल**
सदस्य-सचिव

**श्री रन्जु दाहाल**
भाषा विज्ञ



## प्रकाशक

नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| शीर्षक | : | युवा बुलेटिन - २०८१ |
| | | युवाको विकास, र विकासमा युवाको सहभागिता |
| अंक | : | २२ औँ |
| प्रकाशन | : | नेपाल सरकार |
| | | **युवा तथा खेलकुद मन्त्रालय** |
| | | सिंहदरबार, काठमाडौँ |
| प्रकाशन मिति | : | २०८१ असार ८ गते |
| प्रति | : | ५०० |
| सर्वाधिकार | : | युवा तथा खेलकुद मन्त्रालय |
| | | सिंहदरबार, काठमाडौँ |

नेपाल सरकार
## युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

# शुभकामना



युवा तथा खेलकुद मन्त्रालयले युवालाई सकारात्मक उर्जा प्रदान गर्ने उद्देश्यले **"युवा"** बुलेटिनको २२ औँ अंक प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ।

युवा अवस्था मानव जीवनको महत्वपूर्ण क्षण हो । यस क्षणमा भएको जोस, जाँगर र सकृयताको समयमै पहिचान गरी सदुपयोग गर्नु पर्दछ। देशको विकास भनेकै युवाको विकास हो र युवाको विकास भनेको देशको विकास हो भन्ने मूल मन्त्रलाई आत्मसात गरी राज्यका नीति तथा कार्यक्रम बन्नु पर्दछ । शासनमा युवाको नेतृत्वदायी भूमिका सहित राज्यका नीति तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र प्रतिफल वितरणका प्रत्येक चरणमा युवाको सक्रिय सहभागिता कायम गरिनु पर्दछ।

एकातिर विज्ञान र सूचना प्रविधिले विश्वलाई नजिक बनाएको छ भने अर्कातिर विश्वव्यापीकरणले युवा पलायनको चर्को दबाब सृजना समेत गरेको छ। मुलुकमा रोजगारीको उपयुक्त अवसर प्राप्त गर्न नसक्दा युद्धक्षेत्रमा समेत युवा पलायनको भयावह परिस्थिति हाम्रो सामु छ । यस अवस्थामा हाम्रा युवाका समस्या पहिचान गरी देशमै अड्याउनु पर्ने हाम्रो दायित्व र जिम्मेवारी छ। प्रस्तुत परिस्थितिलाई बोध गरी दिगो युवा शक्ति व्यवस्थापन मार्फत 'सुशासन, सामाजिक न्याय र समृद्धि' को राष्ट्रिय आकांक्षालाई पुरा गर्न युवा वर्गलाई शासन, विकास र समृद्धिको सम्वाहकको रुपमा परिचालन गर्न युवा स्वयं तथा सरोकारवाला पक्ष थप सृजनशील र क्रियाशील रहनुपर्ने आवश्यकता छ। भावी पिंढीको सुख शान्तिका लागि युवा नै नेतृत्वदायी भूमिकामा आउनुपर्छ। यसमा र ाज्यका सबै संयन्त्रले सहजीकरण गर्नु पर्दछ।

अन्त्यमा, युवा पुस्ता प्रति समर्पण गरी यस मन्त्रालयद्वारा प्रकाशन हुन लागेको युवा बुलेटिन सम्पूर्ण युवा वर्गहरुको लागि सूचनामूलक बौद्धिक खुराक हुने अपेक्षा राखेको छु । युवा बुलेटिन मार्फत युवालाई देश विकासमा परिचालन गरी समृद्ध नेपाल निर्माणमा सकारात्मक सन्देश प्रवाह हुन सक्ने अपेक्षा समेत गर्दछु । साथै यस पत्रिकाको लागि लेख उपलब्ध गराउनु हुने लेखकहरु प्रति धन्यवाद दिदै पत्रिकालाई यो अवस्थासम्म पुऱ्याउनु हुने सम्पादक मण्डल तथा मन्त्रालय परिवारलाई धन्यवाद दिन चाहन्छु। युवा बुलेटिनको २२ औँ अंक प्रकाशनको सफलता एवं यस प्रकारको प्रकाशनको निरन्तरताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालको जय होस्।
२०८१ असार

**विराजभक्त श्रेष्ठ**
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

नेपाल सरकार
# युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

## मन्तव्य



युवा तथा खेलकुद मन्त्रालयले विगत वर्षहरुमा झै यस वर्ष पनि युवा सान्दर्भिक सामग्रीहरु समावेश गरी युवा अङ्क २२ प्रकाशन गरेको छ। यस प्रकाशनले युवासँग सरोकार राख्ने सम्बद्ध पक्ष र सरोकारवालाहरुलाई युवाको विकासका विश्वव्यापी मान्यता, राष्ट्रको समृद्धि तथा दिगो विकासका लक्ष्य प्राप्तिमा युवाको भूमिका, सरकारको नीति तथा कार्यक्रममा युवा लक्षित कार्यक्रम र युवाका क्षेत्रमा भए गरेका विविध गतिविधिका बारेमा जानकारी हासिल गर्न सहयोग पुऱ्याउने छ।

राष्ट्र निर्माणमा युवा शक्तिको महत्वलाई आत्मसात् गर्दै समृद्ध, व्यवसायिक, सृजनशिल, सक्षम युवा जनशक्ति तयार गरी राष्ट्रका हरेक क्षेत्रमा युवालाई नेतृत्वदायी भूमिकामा पुऱ्याउने दीर्घकालीन सोचका साथ तीनै तहका सरकारले राष्ट्रिय युवा नीतिले परिलक्षित गरे बमोजिम कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यसै सन्दर्भमा यस प्रकाशनले देशका उर्जाशील र कर्मठ युवाहरुलाई स्वदेशमै काम गर्ने वातावरण तयार गरी आफ्नो श्रम, सीप र सृजनाले समृद्ध नेपाल, सुखी नेपालीको आकाङ्क्षा साकार तुल्याउन प्रेरित गर्ने विश्वास लिएको छु।

अन्त्यमा, युवाको प्रस्तुत अङ्कको प्रकाशनार्थ सक्रिय हुनुहुने सम्पादक मण्डल तथा लेख/रचना उपलब्ध गराउनुहुने सबै विद्वत वर्गप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

**सुमनराज अर्याल**
सचिव
युवा तथा खेलकुद मन्त्रालय

# हाम्रो भनाइ

नेपालमा सङ्घीय शासन व्यवस्था पश्चात राज्यका विभिन्न संरचनाहरूको भूमिकामा परिवर्तन आएको विषय विधितै छ । युवा तथा खेलकुद मन्त्रालयले पनि परिवर्तित स्वरुप अनुरुप आफ्नो भूमिकालाई चलायमान बनाउन प्रयत्न गरिरहेको छ। युवा र खेलकुदको क्षेत्रमा सृजनशिलता र प्रतिस्पर्धात्मक क्षमता वृद्धिमा उपयुक्त वातावरणको सृजना गरी महत्वपूर्ण योगदान गर्नुपर्ने देखिन्छ । यस मन्त्रालयले नियमित रूपमा युवालाई सशक्तिकरण गर्ने कार्यमा प्रयत्न गरिरहेको छ। युवा मन्त्रालयले युवा वर्गका सम्भावनाका क्षेत्रको उजागर तथा राज्यले युवाका क्षेत्रमा लिनुपर्ने नीतिगत विषयमा समेत पैरवी गरिरहेको छ। त्यसैको कडीको रुपमा स्थापना काल देखि नै नियमित रूपमा युवा बुलेटिन नामक लेखहरुको संगालो प्रकाशन गर्दै आएको छ। यस क्रममा यस वर्ष प्रकाशित भएको यो २२ औँ अंकमा विभिन्न लेखक तथा सर्जकज्यूबाट विभिन्न लेखहरू प्राप्त गरि पुस्तकको रुपमा यहाँहरु समक्ष प्रस्तुत गरिएको छ। यसमा भएका विचारहरू सम्बन्धित सर्जकका निजी विचार रहेको विषय समेत उल्लेख गर्न चाहान्छौं ।

नेपालको हालको जनसांख्यिक संरचना हेर्दा युवा शक्तिको संख्या उच्च रहेको अवस्था छ। यो जनशक्तिलाई उचित वातावरण दिन सकेमा मात्र मानव विकास एवं राष्ट्र निर्माण सकारात्मक दिशातर्फ मुखरित हुन्छ। त्यसैले युवाको विकासमा राज्यले लगानी गर्नु पर्दछ। साथै युवाको जोश, हिम्मत, सृजनशिलतालाई देशको समग्र विकासमा उपयोग गर्ने गरी नीतिगत, कानूनी र व्यवस्थापकीय कार्य गर्नु अत्यावश्यक देखिन्छ।

अन्त्यमा **"युवा"** को यस २२ औँ अंक प्रकाशनमा आफ्ना अमूल्य योगदान पुऱ्याई लेख उपलब्ध गराई दिनुभएका सम्पूर्ण लेखकहरूप्रति सम्पादक मण्डल हार्दिक कृतज्ञता व्यक्त गर्दछ। प्रकाशनका क्रममा मार्गदर्शन प्रदान गर्नुभएकोमा श्रीमान् सचिवज्यू प्रति आभार व्यक्त गर्दछौं । साथै आगामी अंकहरुलाई अझ सृजनशिल, उपयोगी र सान्दर्भिक बनाउन पाठकवर्गको सल्लाह र सुझावको अपेक्षा गर्दछौं ।

२०८१ असार
सम्पादक मण्डल

# विषयसूची


| क्र. सं. | विषय | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | मानव संसाधनको महत्व र अबको बाटो | शिवप्रसाद रेग्मी | १ |
| २ | राष्ट्रको परिभाषा र समाजको संरचना बदल्न सक्ने युवाहरू | गोपीनाथ मैनाली | ११ |
| ३ | नेपालको सन्दर्भमा सङ्घीयता, विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन | प्रकाश दाहाल | १९ |
| ४ | युवा जागरण र समाज रूपान्तरण | रमा भट्टराई | ३४ |
| ५ | युवा स्वरोजगार कोषको लगानीमा महिलाको सहभागिता र उपयोगिता | सुनीता सुवेदी | ३९ |
| ६ | युवासम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था | सरिता रायमाझी | ४६ |
| ७ | सार्वजनिक सेवाप्रवाहमा युवा जनशक्तिको महत्व | हुमकला पाण्डे | ५४ |
| ८ | नेपालमा युवा श्रमशक्तिको विकास र मानव-पूँजी व्यवस्थापन | रामबन्धु सुवेदी | ६६ |
| ९ | दिगो विकास लक्ष्यप्राप्तिमा युवाको भूमिका | डा. दामोदर रेग्मी | ७२ |
| १० | बैदेशिक रोजगारीमा युवाको आकर्षण र कृषिमा जनशक्तिको अभाव | मुनका न्यौपाने | ८१ |
| १३ | नेपालमा खेलकुदको वर्तमान अवस्था र भावी कार्यदिशा | शान्तिबहादुर बस्नेत | ९२ |
| १२ | नेपालमा नागरिकता र युवा सरोकारको विषय | मेघराज शङ्कर | १०२ |
| १३ | राष्ट्रिय युवा परिषद् र आगामी कार्यदिशा | राजकुमारी खत्री | ११० |
| १४ | युवा सहभागिता देशको व्यवस्था परिवर्तनदेखि विदेश पलायनसम्म | विनोद शाही ठकुरी | ११९ |
| १५ | नेपाली युवाको समस्या र समाधानका लागि भएका प्रयासहरू | दिलीपकुमार श्रीवास्तव | १२४ |
| १६ | राजनीतिमा युवा तथा महिला नेतृत्वको सम्भावना | जगदीश ऐर | १३४ |
| १७ | नेपालको संविधानमा राजस्व स्रोतको बाँडफाँड | अनिमेष सुवेदी | १४० |
| १८ | Sustainable Development Goals (SDGs) and Nepal: Navigating Progress and Challenges | Toya Gyawali, PhD | १५० |
| १९ | Empowering Nepal's Youth: An Overview of Policies and Challenges | Shashi Sharma Majgainya | १६१ |
| २० | Evaluating the Significance of Sport Diplomacy as Soft Power: Potential Advantages for Nepal | Hrithik Yadav | १६९ |

# मानव संसाधनको महत्व र अबको बाटो



शिवप्रसाद रेग्मी


## सारांश

मानव स्रोत राष्ट्र-निर्माणको महत्वपूर्ण सजीव पूँजी हो । उत्पादनका सबै साधनको समुचित व्यवस्थापन गरी नतिजा-उन्मुख गर्ने प्रमुख पक्ष मानवीय साधन नै हो । देश-विकासको गतिले तीव्रता लिएका मुलुकहरूको अध्ययन गर्दा सक्रिय जनशक्तिको अनुपात बढी भएको जनसाङ्खिक अवस्थामा सहज भएको पाउँछौ । अर्थात्, Active Manpower धेरै भएको अवस्थालाई (Population Dividend) जनसाङ्खिक लाभांश भएको भनिन्छ । अतः यसको उपयोगका लागि मुलुकको सम्भावनाको प्रक्षेपण गरी सक्षम जनशक्तिको उत्पादन, विकास उपयोग र सुरक्षित भविष्यको सुनिश्चितता सहित स्वदेशमै (Retention) व्यस्त राख्ने गरी राष्ट्रिय मानव संशाधन व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गर्न धेरै ढिला भैसकेको छ । वि.सं. २०७८ को जनगणना अनुसार १५-६४ उमेर-समूहको जनसङ्ख्या ६२.५%, १६-४० समूहको जनसङ्ख्या प्रतिशत ४२.५६ रहेको पाइन्छ । दैनिक १६०० युवा बैदेशिक रोजगार जाने गरेको तथ्याङ्क पाइन्छ । औपचारिक रूपमा ६० लाख हारहारी र अनौपचारिक रूपमा समेत गरी ८० लाखभन्दा बढी युवा जनशक्ति विदेशिएका अवस्था तथ्याङ्कले देखाउँछ । संस्थागत रूपमा ११० र व्यक्तिगत रूपमा १७२ भन्दा बढी देशमा बैदेशिक रोजगारीमा गएको देखिन्छ । यसरी तथ्याङ्क विश्लेषण गर्दा Active manpower को ५०% भन्दा बढी युवाशक्ति बाहिरिएको अवस्था राष्ट्र-निर्माणका लागि चुनौतीको विषय हो ।

हुन त सरकारले बेरोजगारी कम गर्न बैदेशिक रोजगारीका लागि संस्थागत रूपमै सहजीकरण गरिरहेको अवस्था छ र सोबाट विप्रेषण प्राप्त भै अर्थतन्त्र चलायमान भैरहेको छ । परन्तु देश निर्माण र उत्पादकत्व वृद्धि गरी व्यापार असन्तुलन न्यून गर्न कठिन हुने देखिन्छ । राष्ट्रले तुलनात्मक लाभका क्षेत्रमा लगानी गरी रोजागरी अभिवृद्धि गरी युवाशक्तिलाई स्वदेशमै वस्ने वातावरण सृजना गर्न जरुरी छ । सक्रिय जनशक्तिको तथ्याङ्कीय विश्लेषण, जनशक्ति विकासको हालको प्रणालीमा रूपान्तरण, मानव-पूँजीमा लगानीमा जोड दिँदै स्वदेशमै उपयोग गर्न नविनतम नीतिगत, कार्यक्रमगत व्यवस्था, गर्ने दिशामा सरकारले जोड दिनुपर्दछ । राष्ट्र-निर्माणमा जनसाङ्खिक लाभको उपयोग हुने वातावरण सृजना गरी देश-विकासमा केन्द्रित हुनु नै आजको अपरिहार्यता हो ।


## मानव संसाधन परिचालनको विद्यमान अवस्था

नेपालको विकासलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउन २०१३ सालमा प्रथम पञ्चवर्षीय योजना तर्जुमाबाट थालनी भएका पाउँछौ । हालसम्म १५ औं आवधिक योजना तर्जुमा भै कार्यान्वयन भएको अवस्था छ । यस अवधिमा देशको विकासक्रमलाई अध्ययन गर्दा योजनाले परिलक्षित गरेको उद्देश्यको दिशामा निर्देशित देखिए तापनि उपलब्धि सन्तोषजनक पाइँदैन । अर्थतन्त्रको असन्तुलन, प्रतिभा पलायन, कृषि उत्पादन र उत्पादकत्वमा निराशा, औद्योगिक क्षेत्रको विकास विस्तारमा धीमा गति, बेरोजगारी, राजनीतिक अस्थीरताजस्ता समस्यामा अल्मलिइरहेका छौं ।

## चौधौं योजनामा युवासम्बन्धी व्यवस्था

Vision– विकासमा युवा सहभागिताबाट समृद्ध राष्ट्र-निर्माण।

### उद्देश्य–

१. युवाको दक्षता उद्यमशीलता अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक सामाजिक विकासमा युवा सहभागिता वृद्धि गर्ने।

२. युवालाई सर्वाङ्गीण राष्ट्र-निर्माणको संवाहक बनाउने कार्यनीति व्यवस्था।

३. युवामा प्राविधिक शिक्षा, क्षमता अभिवृद्धि कार्यक्रममार्फत उद्यमशीलता प्रवर्धन।

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय-स्तरमा उदाहरणीय तथा अन्वेषणात्मक कार्य गरी समाजमा योगदान पुऱ्याएका युवालाई प्रोत्साहन गर्ने।

५. स्वदेशमा नै रोजगारीका अवसर सृजना गरी युवा बेरोजगारका समस्यालाई क्रमिक रूपमा समाधान गरिने।

६. राष्ट्रिय युवा परिषद्मार्फत युवासम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने।

७. युवालाई स्वरोजगारमा संलग्न गराउन युवा स्वरोजगार कोषलाई प्रभावकारी रूपमा परिचालन गरिने।

८. बैदेशिक रोजगारबाट फर्केका युवाका लागि स्वरोजगार तथा उद्यमशील बन्न आवश्यक तालिम तथा परामर्श कार्यक्रम सञ्चालन गरिने।

९. परम्परागत पेशालाई प्रवर्धन गरी आधुनिकीकरण गर्दै उत्पादनलाई बजारसम्म सहज पहुँचको व्यवस्था गरी त्यस क्षेत्रमा संलग्न युवालाई प्रोत्साहन र सम्मान गर्ने कार्याक्रम सञ्चालन गरिनेछ।

१०. राष्ट्रिय विकासको नेतृत्व र नीतिनिर्माण तहमा युवाको पहुँच पुऱ्याउन सम्बन्धित क्षेत्रमा उनीहरूको क्षमता अभिवृद्धि गर्नका लागि नेतृत्व विकास तालिम सञ्चालन गर्ने।

११. समाजमा विद्यमान गरीबी, अशिक्षा, छुवाछुत, विभेद, लैङ्गिक हिंसा तथा अमानवीय कार्यहरूको अन्त्यका लागि युवा परिचालन गर्न सम्बन्धित क्षेत्रगत निकाय, गैरसरकारी संस्थाहरूसँगको सहकार्य तथा समन्वयमा स्वयम्सेवा, समाजसेवा-लगायत विशेष कार्यक्रमहरू सञ्चालन गर्ने।

१२. सबै तहका विकास निर्माण क्रियाकलापको योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यमा युवाको सहभागिता सुनिश्चित गरिने।

१३. सामाजिक तथा आर्थिक रूपान्तरण, प्रकोप व्यवस्थापन तथा वातावरणीय समस्या न्यूनीकरण गर्नका लागि अन्य निकायसँगको समन्वयमा युवा स्वयम्सेवा कार्यमा लाग्न अभिप्रेरित गर्नका साथै स्काउट सेवा विस्तार गरिने।

१४. युवामा नैतिक चारित्रिक गुण एवम् अनुशासनको विकास गरी राज्य र समाजप्रति दायित्वबोध गराउन तथा श्रमप्रति सम्मान गर्ने संस्कार विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिने।

१५. खेलकुद र योग अभ्यासमा युवाहरूलाई अभिप्रेरित गर्न पूर्वाधार विकासका साथै विभिन्न कार्याक्रमहरू सञ्चालन गरिने।

**उपर्युक्त कार्यनीतिअनुरूप कार्यक्रम सञ्चालनबाट निम्न उपलब्धिको अपेक्षा गरिएको थियो :**

- युवाहरूमा सकारात्मक सोचको विकासभइ स्वयम्सेवामा संलग्न हुने ।
- युवाको क्षमता अभिवृद्धिमै स्वरोजगार र उद्यमशिलता वृद्धि हुने ।

**पन्ध्रौं योजना तयार गर्ने क्रममा देखिएका समस्या :**

१. युवालक्षित नीति, योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।

२. बजारको माग र जनशक्तिको आपूर्तिबीच सामञ्जस्यता नहुनु ।

३. युवा विकासका लागि ठोस योजना नहुनु ।

४. युवासँग सम्बन्धित तथ्याङ्कीय आधार बनाउन नसकिनु ।

५. युवाको सर्वाङ्गीण विकास, उद्यमशीलता र रोजगारीका अवसर सीमित हुनु ।

६. ठूलो सङ्ख्यका युवाशक्ति विदेश पलायन हुनु ।

७. विभेद, कुरीति र अन्धविश्वासजन्य चिन्तन तथा अभ्यास समाजमा विद्यमान रहनु आदि ।

चौधौं योजनामा युवा सहभागितामा देश-विकास गर्ने सोच राखी उद्देश्य नीति कार्यक्रम तर्जुमा गरियो तर उपलब्धितर्फ हेर्दा गरीबीको रेखामुनिका जनसङ्ख्या उद्देश्यअनुरूप नभए पनि केही प्रतिशत अर्थात् १८.७% मा कायम हुन पुग्यो । तर, ठूला उद्योगको स्थापनाका लागि लगानी हुन नसकेकाले लामो अवधिका रोजगारीमा टेवा पुग्न सकेन । युवा परिषद्का अतिरिक्त अन्य निकायबाट युवावर्गको सीप र नेतृत्व विकासमा सघाउ पुऱ्याउन केही तालिमहरू सञ्चालन भए । त्यस्तै, युवा स्वरोजगार कोषबाट सहुलियत कर्जाको माध्यमवाट केही स्वरोजगार बनाउन योगदान गरेको देखिन्छ । हुन त अन्य बैङ्क तथा वित्तीय संस्थाबाट पनि सहुलियतपूर्ण कर्जाप्रवाह गरी योगदान पुगेको पाइन्छ । तर, अनुगमन संयन्त्र र कर्जाको उपयोगबाट स्वरोजगारीले निरन्तरता पाएको सुनिश्चतता गर्न कठिन भएको प्रतिवेदनबाट देखिन्छ ।

## पन्ध्रौं योजनामा युवासम्बन्धी उल्लिखित विषय :

**सोच**- युवाको सर्वाङ्गीण विकास राष्ट्र-निर्माणको प्रमुख आधार ।

## उद्देश्य-

- युवामा दक्षता र क्षमताको विकास ।
- युवालाई उद्यमशील रोजगारमूलक र स्वरोजगार बनाउने ।
- शासकीय प्रकृया एवम् सामाजिक सांस्कृतिक, आर्थिक रूपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्ने ।
- युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउने ।

## रणनीति :

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर विस्तार गर्ने ।

२. युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने ।

३. युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवर्धन गर्ने ।

४. वित्तीय स्रोत-साधनमा युवाको पहुँच विस्तार गर्ने ।

५. तीनै तहको नीतिनिर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी तथा सार्थक सहभागिता सुनिश्चित गर्ने ।

६. युवामा स्वयम्सेवी संस्कृतिको विकास गर्ने ।

७. स्काउटको संरचनालाई विकास र विस्तार गर्ने ।

## उल्लिखित रणनीतिअनुरूप कार्यक्रम कार्यान्वयनबाट अपेक्षा गरिएको उपलब्धि :

१. सीपमूलक तालिम र वित्तीय स्रोतमा युवाको पहुँच वृद्धि भै मुलुकको उद्यम र व्यवसायमा युवाको संलग्नता बढ्नेछ ।

२. युवा रोजगारी र स्वरोजगारीको अवस्थामा सुधार हुनेछ ।

३. जोखिमपूर्ण काममा विदेशिने युवाको सङ्ख्यामा कमी हुनेछ ।

४. शासकीय प्रणालीमा युवाको सहभागितामा अभिवृद्धि हुनेछ ।

५. शिक्षा, कृषि, वातावरण र सामाजिक विकास व्यवस्थापन कार्यमा युवा स्वयम्सेवक परिचालनमा वृद्धि हुनेछ ।

यसरी युवाशक्तिको रोजगारी, गरीबी न्यूनीकरण, राष्ट्र-निर्माणमा सहभागिताका लागि नीति तथा कार्यक्रम सञ्चालन प्रयास भैरहँदा पनि उपलब्धि न्यून देखिन्छ । गरीबी ११.२ मा घटाउने लक्ष्य राखिए तापनि १५.३ प्रतिशतमा रहेको अनुमान छ । विदेशमा जाने युवाको सङ्ख्या घटाउन नसकिएको अवस्था छ । विकास सूचकाङ्कमा केही सकारात्मक सङ्केत देखापरेको छ ।

निरन्तरको अनपेक्षित न्यून आर्थिक वृद्धि, अर्थतन्त्रमा संरचनात्मक समस्या, न्यून उत्पादन र उत्पादकत्व, कमजोर प्रतिस्पर्धी क्षमता, आधारभूत खाद्यान्नका परनिर्भरता, औद्योगिक क्षेत्रमा सङ्कुचन, उपभोगमुखी आयात चुनौतीको रूपमा देखा परेको छ ।

त्यस्तै, आन्तरिक रोजगारीका सीमित अवसर, युवाशक्ति पलायन बढ्दो, विप्रेषणप्रति बढ्दो निर्भरता, मानवस्रोत व्यवस्थापनमा समस्या देखापरेको अवस्था रह्यो ।

## सोह्रौं योजनामा मानव संसाधन सम्बन्धमा गरिएको व्यवस्था :

**Vision –** सुशासन, सामाजिक न्याय र सम्वृद्धि ।

### उद्देश्य

१. राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम ।

२. स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा अन्य क्षेत्रमा सामाजिक न्याय स्थापित गर्ने ।

३. मानव-जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्ने ।

### संरचनात्मक रुपान्तरणका क्षेत्र

१. समष्टीगत आर्थिक आधारको सबलीकरण ।

२. उत्पादन र उत्पादकत्व अभिवृद्धि ।

३. मर्यादित श्रम, उत्पादनशील र समावेशी रोजगारीका अवसरको सृजना।

४. मानवस्रोत व्यवस्थापन मानव-पूँजी निर्माण र उत्कृष्ट जनशक्ति योजना।

५. गुणस्तरीय समन्यायिक एवम् जनउपयोगी शिक्षा।

६. गुणस्तरीय एवम् सर्वसुलभ स्वस्थ प्रणाली आदि व्यवस्था।

यसरी सोह्रौँ योजनामा मानवस्रोत व्यवस्थापनलाई उच्च प्राथमिकता दिई जनशक्ति योजनाको अपरिहार्यता स्वीकार गरिएको छ।

सकारात्मक सोचयुक्त युवाको विकासका लागि प्रशिक्षण कार्यक्रमको प्रभावकारी कार्यान्वयन युवा सृजनशीलताका लागि प्रोत्साहन, त्यस्ता विचारको विकासमा सहयोग गरी प्रतिस्पर्धात्मक वातावरण सृजना गर्न सकेमा रोजगारीमा टेवा पुग्न सक्दछ। नीतिगत तहमा ऊर्जावान् समूहको सहभागिताले परिवर्तनका लागि मद्दत पुग्दछ।

नेपालको संविधानमा युवास्रोत व्यवस्थापनसम्बन्धी निम्नानुसार नीतिगत व्यवस्था गरिएको छ।

- राष्ट्रिय विकासमा युवा सहभागिता वृद्धि गर्न राजनीतिक आर्थिक सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सृजना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने।
- सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने। सोही अनुरूप नीतिगत र कानूनी व्यवस्था गरिएको देखिन्छ। युवानीति २०७२ तर्जुमा भै कार्यान्वयनमा छ र यसको समसामयिक परिमार्जनको दिशामा गइरहेको छ।

युवाशक्ति परिवर्तनका संवाहक हुन् भन्ने सिद्धान्तलाई आत्मसात गरी युवानीति तर्जुमा गरिएको देखिन्छ। अधिकारको अपेक्षामात्र नभई कर्तव्य पालनामा समेत पूर्ण प्रतिबद्ध रहने युवाशक्तिको परिकल्पना गरेको छ। अर्थात्, 'मलाई राष्ट्रले के दियोमात्र होइन कि मैले मातृभूमिलाई के योगदान गर्न सक्छु' भन्ने भावनातर्फ अभिप्रेरित गर्नेतर्फ निर्देशित छ। सबै सक्षम नागरिकलाई समान अवसरको सिद्धान्त पालना एवम् सहिष्णुता र सहअस्तित्वको भावना वृद्धि गरी सुसंस्कृत् यवा शक्ति तयार गर्ने सिद्धान्तमा आधारित रहेर नीति तर्जुमा गर्न खोजिएको देखिन्छ। युवानीतिले अनुसन्धानात्मक शिक्षा, श्रम-बजारको माग अनुसारको दक्ष जनशक्ति विकास, सीपयुक्त र प्राविधिक शिक्षा, प्रतिष्पर्धी शिक्षा, शिक्षामा सबैको पहुँच हुनुपर्ने पक्ष उजागर गरेको छ। त्यस्तै, नेतृत्व विकास, नीतिगत तहका सहभागिता, सृजनशील एवम् प्रतिभावान् युवाको सम्मान, खेलकुद एवम् मनोरञ्जनात्मकको पहुँचबाट क्षमता विकासजस्ता क्षेत्रहरू जोड दिएको पाइन्छ। यसबाट औद्योगिक योजनाले परिलक्षित गरेको दीर्घकालीन सोचअनुरूप सक्रिय मानवीय संसाधनको विकास र उपयोगमा आधार तयार गर्न योगदान पुग्ने आशा गर्न सकिन्छ।

त्यस्तै, क्षेत्रगत नीति, शिक्षा, स्वास्थ्य, श्रम तथा रोजगार, खेलकुद नीतिहरूले पनि युवावर्गको सर्वाङ्गीण विकास गरी राष्ट्र-निर्माणमा अभिप्रेरित गर्न दिशानिर्देशको प्रयास भैरहेको छ।

## जनसाङ्ख्यिक लाभ

### जनगणना २०७८ अनुसार :

जनसङ्ख्याको वनावटको अवस्था हेर्दा १५-६४ उमेर-समूह अर्थात् आफैँ कमाई खान सक्ने जनशक्तिको सङ्ख्या ६५.२ प्रतिशत देखिन्छ। नेपालमा जन्मदर घट्न थालेपछि क्रमशः आश्रित जनसङ्ख्या अर्थात् ०-१४ वर्षतलको उमेर-समूहको सङ्ख्या घट्न थालेको छ। नेपालमा हाल १०-१९ उमेर-समूहको जनसङ्ख्या बढी छ। यसबाट नेपाल करिब ५० वर्ष सक्रिय जनशक्ति सङ्ख्या सकारात्मक रहने अवस्था देखिन्छ। त्यसैले यस्तो Active Manpower धैरै हुने अवस्थालाई जनसङ्ख्याको हिसाबले देशनिर्माणमा श्रमपूँजीकोलाभको अवस्था भनिन्छ। यो समयमा नै देशले विकासको गतिलाई तीव्र रूपमा अगाडि बढाउन सहजता पुग्छ।

युवावर्ग देशको ऊर्जाशील स्रोत हो। युवा परिवर्तनको चाहना राख्ने, vision देख्ने, समूह हो। कुनै पनि मुद्दामा आलोचनात्मक टिप्पणी गर्ने सृजनशील वर्ग हो।

युवा विचार उत्साह र जागरणको पर्याय हुन्। यिनीहरूको परिश्रम समर्पण र सृजनाले मात्र विकासले फड्को मार्न सक्दछ। यदि सोही दिशामा डोऱ्याउन सकिएन भने विद्रोह र विध्वंशमा उत्रिन सक्छ। यदि उपयुक्त वातावरण दिइएन भने निराशा र कुण्ठाले बिग्रिन सक्छ, पलायन हुन सक्छ। अतः सरकारले युवाको भविष्यलाई आश्वस्त पार्नुपर्छ, तबमात्र राष्ट्रले काँचुली फेर्न सक्छ।

नेपालमा प्रत्येक १० वर्षमा राष्ट्रिय जनगणना हुने गर्दछ। २०६८ को जनगणनाअनुसार कुल जनसङ्ख्याको ४०.३५% युवाको जनसङ्ख्या देखिन्छ भने २०७८ को प्रारम्भिक तथ्याङ्कअनुसार ४२.५६% रहेको पाइन्छ। जनसङ्ख्या ६५.२%, १५ वर्षदेखि ६४ वर्षको उमेर समूह सक्रिय रहेको छ। जनसाङ्ख्यिक अध्ययन गर्दा जन्मदर घटेको, औसत आयु बढ्दो अवस्थामा गैरहेको देखिन्छ। तसर्थ, समयमै Human Resource Planning गरी स्रोतको विकास र उपयोगमा केन्द्रित हुनुपर्दछ। Active Manpower सकारात्मक भएको अवस्थालाई जनसाङ्ख्यिक लाभ (Potential Dividend) को अवस्था भनिन्छ।

मानवीय स्रोत विकासका लागि साधन र साध्य दुबै हो। युवाशक्ति राष्ट्र-निर्माणको महत्वपूर्ण र ऊर्जाशील स्रोत हो। देशले फड्को मार्ने अवस्था भनेको जनसाङ्ख्यिक हिसाबले हालको जस्तो अवस्था हो। जापान, कोरिया, सिङ्गापुर आदिले विकासको फड्को मारेको अवस्थालाई हेर्दा युवा-शक्तिको ऊर्जा, सृजना, समर्पणलाई सही उपयोगबाट नै हो भन्ने अत्युक्ति नहोला।

अतः मानव स्रोतको विकास, नवीन खोज, उपयोग, उपयुक्त वातावरणको सृजना, खोज अनुसन्धान, औद्योगिक विकास, रोजगारी सृजना गर्ने क्षेत्रमा पर्याप्त लगानी गरी युवाशक्तिबाट लाभ लिनु जरुरी छ।

वर्तमान अवस्थाको सिंहावलोकन गर्दा नेपालमा राजनीतिक अस्थिरता, रोजगारीको अभाव, सुशासनमा कमीको परिणामस्वरूप नेपाली युवाले नेपालमा आफ्नो भविष्य सुरक्षित देख्न सकिरहेका छैनन्। साथै, सरकारले पनि बैदेशिक रोजगारीमा सहजीकरण गरिरहेको देखिन्छ। हुन त सहजीकरण नगर्दा अवैध ढङ्गले विदेशिँदा युवाले धैरै पीडा भेल्नुपरेको कारण पनि सरकारले नागरिकको सुरक्षामा ध्यान दिनु अपरिहार्य हुन्छ।

## बैदेशिक रोजगारीमा देखिएका समस्या :

१. बैदेशिक रोजगारीमा जान चाहने युवाशक्तिका लागि पर्याप्त सूचनामा पहुँच नहुनु, अधिकांश युवा सीपयुक्त तालिम विना जाने प्रवृत्ति।

२. सरकारले तोकेको शुल्कभन्दा चर्को रकम तिर्नुपर्ने बाध्यता ।

३. म्यानपावर कम्पनी एवम् विचौलियाले पासपोर्ट रकम लिएर नपठाउने वा कागजात थन्क्याएर राख्ने, फिर्ता समयमा नदिने आदि समस्या ।

४. सरकारले स्वीकृति नदिएको देशमा समेत जानका लागि प्रयत्न गर्ने ।

५. भनेअनुरूपको कम्पनीमा र तोकिएबमोजिमको तलब नपाउने समस्या ।

६. विदेशमा समस्या परेमा कहाँ सम्पर्क गर्ने र समस्याको समाधानका लागि के गर्ने भन्ने विषयमा अनभिज्ञताको समस्या ।

७. विप्रेषणबाट प्राप्त रकम उत्पादनशील क्षेत्रमा लगाउनु नसक्नु ।

८. विदेशबाट फर्किआएका श्रमशक्तिको पुनर्स्थापनको कार्यक्रम नहुनु ।

९. विदेशमा जान श्रमस्वीकृति लिने प्रक्रिया लामो भएकाले विदेशी भूमि भएर भिजिट भिसामा विदेश जाने प्रवृत्तिले जोखिम आदि ।

**अत:** माथि उल्लिखित समस्या समाधान गर्ने दिशामा पनि सरकारले सहजीकरण गर्न जरुरी छ ।

साथै, विप्रेषणले हालको अवस्थामा अर्थतन्त्र चलायमान हुनुमा मद्दत पनि पुगेको छ । संस्थागत रूपमा ११० भन्दा बढी र अनौपचारिक रूपमा समेत गरी विश्वको १७२ भन्दा बढी देशमा नेपाली नागरिक अवसरको खोजीमा पुगेका देखिन्छन् । दैनिक १६०० युवा विदेशिने अवस्था र ८० लाखभन्दा बढी सक्रिय जनशक्ति विदेशिएको अभिलेखले देखाउँछ, जुन Active Manpower को ५०% भन्दा बढी हुन जान्छ ।

यसरी हेर्दा व्यवस्थित योजना बनाई मानव संशाधनको समुचित व्यवस्थापन आजको टड्कारो मुद्दा हो ।

त्यसैले होला, सोह्रौँ योजनाको आधारपत्रमा तीनै तहमा जनसाङ्ख्यिक लाभको उपयोग गर्न जनशक्ति योजना बनाई मुलुकको विशिष्ट जनशक्तिको प्रक्षेपण, उत्पादन र अनुसन्धानमा आधारित जनशक्ति व्यवस्थापन गर्ने रणनीति लिएको देखिन्छ ।

## जनशक्ति व्यवस्थापनमा अबको बाटो :

नैतिकवान्, सक्षम र उत्पादनशील जनशक्ति निर्माणको योजना विकास, उपभोग र निरन्तर मूल्यबोध गराइरहने विषय नै मानव संशाधन व्यवस्थापन हो ।

नेपालमा जनसाङ्ख्यिक दृष्टिले सकारात्मक अवस्था रहे तापनि स्वदेशमै उपयोग गर्ने मानव-पूँजीलाई सक्षम बनाउने शिक्षा प्राथमिक पक्ष हो । त्यसैले शिक्षा-प्रणालीमा समीक्षा गरी बदलिँदो परिस्थितिअनुरूप बृहत् रूपान्तरण जरुरी छ । त्यस्तै, स्वास्थ्यको सहज र सरल पहुँच भएमा मात्र नागरिकमा राज्यप्रति सकारात्मक सोच बढ्न सक्दछ, निरन्तर क्षमता वृद्धिमा जुट्न सक्दछ । त्यस्तै, आर्थिक स्रोतमा पहुँच, उत्पादन/उद्यममा अवसर, सामाजिक न्यायको प्रत्याभूति अर्को महत्वपूर्ण पाटो हो, जसले सृजनशील कार्यसंस्कृति बनाउन योगदान पुग्दछ । सेवा-प्रवाहमा सरल सहज, सुशासनको प्रत्याभूति हुन सकेमा आफ्नो देशमै केही गरूँ भन्ने भावना सृजित हुन्छ, तबमात्र मानव-पूँजी निर्माण र उपयोगमा शुभसङ्केत देखापर्न थाल्दछ । क्षमताको उपयोगको आधारमा नतिजा र लाभ हासिल हुने सुनिश्चितता भएमा मात्र आफ्नो सामर्थ्य प्रदर्शन गर्न उत्साहित हुन्छ । युवाको अपेक्षा र उपयोग सन्तुलन ल्याएर मात्र आश्वस्त पर्न सकिन्छ ।

**अत:** नेपालमा जनशक्तिको पूर्णतः उपयोग गर्न मानव स्रोतसाधन व्यवस्थापनको योजना बनाई कार्यान्यिवनमा ल्याउन अत्यावस्यक छ।

जनशक्ति विकासका लागि शिक्षा-प्रणालीमा पुनरावलोकन गर्नुपर्ने अवस्था देखिएको छ। शिक्षा व्यावहारिक र सीपयुक्त हुनुपर्ने नीतिगत व्यवस्था गरेको देखिन्छ। तर, शैक्षिक बेरोजगारी बढ्दो छ। त्यसैले खोज-अनुसन्धानमा आधारित व्यावहारिक, प्रयोगात्मक र जीवनोपयोगी शिक्षा उपलब्ध गराउन नीतिगत सुधार गर्न जरुरी छ। सबै तहका शिक्षामा खोजमूलक Digital प्रविधिमा शिक्षा, पुस्तकालय, प्रयोगशालाको प्रयोग गर्ने वातावरण सृजना गर्न जरुरी छ। उच्चशिक्षा उद्यम र रोजगारकेन्द्रित गर्नुपर्ने देखिन्छ। नैतिक शिक्षाको माध्यमबाट सकारात्मक सोचको विकास गर्नु अर्को महत्वपूर्ण पाटो छ।

शैक्षिक जनशक्ति कुन क्षेत्रमा कति उत्पादन गर्ने ? ती उत्पादित श्रमशक्ति कुनकुन क्षेत्रमा उपयोग गर्न सकिन्छ भन्ने विषय तथ्याङ्कीय विश्लेषण गरी उक्त सूचना सबैको पहुँचमा हुनु जरुरी हुन्छ, जसबाट प्रत्येक नागरिकले आफूलाई आफ्नो भविष्य सुनिश्चत देख्न सक्दछ। जस्तोः सिभिल इन्जिनियर वर्षमा कति उत्पादन हुन्छ ? नेपाललाई कति आवश्यक पर्ने वा उत्पादित जनशक्तिलाई खपत गर्न राज्यले के-कस्ता पूर्वाधारका कार्य गर्ने आदि विषय सामञ्जस्यता हुनेगरी उपयोगको योजना सुनिश्चित हुनुपर्छ। तुलनात्मक लाभ विश्लेषण जरुरी हुन्छ। देशभित्र समुचित प्रबन्ध हुन सकेन भने देशभित्र बसे पनि उत्पादन क्षमता कम हुन सक्छ वा विदेशिन बाध्य हुनुपर्छ। त्यसैले युवा परिचालनको स्पष्ट Plan भएन भने युवालाई राष्ट्रप्रेमको गाथा गाएरमात्र टिकाउन सकिँदैन।

नेपालको विद्यमान पूँजीप्रवाहको trend विश्लेषण गर्दा पूर्वाधार निर्माणको क्षेत्र मा बढी केन्द्रित देखिन्छ। मानवीय स्रोतलाई पूँजीको रूपमा लिए लगानी गर्ने कार्यक्रम/विवेक कमजोर छ भन्न सकिन्छ। अतः देशको उन्नतिका लागि युवामा लगानी अपरिहार्य देखिन्छ। तेस्रो, चौथो आवाधिक योजनामा बरु अपूर्ण भए पनि प्राविधिक जनशक्ति उत्पादनमा प्रक्षेपणमात्र भए पनि गर्ने प्रयास देखिन्छ।

परन्तु, पछिल्ला समयमा राष्ट्रिय मानव संशाधन विकास योजना व्यवस्थित ढङ्गबाट बनाई कार्यान्वयनमा ल्याएको देखिँदैन। चिकित्सक उत्पादनमा प्रक्षेपण, उपयोग, टिकाइराख्ने मात्रको त खाका छैन, अरू क्षेत्रको त परै जाओस्। उद्यमशील कार्यसंस्कृति व्यवस्थित छैन। धेरै रोजगारी हुने उद्योगधन्दामा लगानीको वातावरण बन्न सकेको परिणामले देखिँदैन। शिक्षा-प्रणालीमा सीपयुक्त र नैतिकता कमजोर बन्दै गएको छ। प्राविधिक शिक्षा भनिन्छ Theory मात्रै छ, प्रयोगात्मक पक्ष कमजोर छ।

पछिल्लो समयमा खुला नीति अवलम्बनपश्चात् सरकारी र निजी विश्वविद्यालय, विद्यालयले केन्द्रीय नीतिअनुरूप सामञ्जस्यता कायम गर्नसमेत सीमितता देखिएको छ। एकातर्फ प्राविधिक शिक्षामा सबैको पहुँच छैन भने अर्कोतर्फ गुणस्तरको पाटो कमजोर छ। नैतिक मूल्य-मान्यतामा ह्रास आएको छ। यसबाट सामाजिक विकृति र स्वास्थ्यमा समेत चुनौती थपिएको छ।

युवावर्गको क्रमशः देशको राजनीति नेतृत्वतहमा सहभागिता बढ्ने क्रममा रहेको देखिन्छ। स्थानीय तहको नेतृत्वमा नयाँ विचार बोकेका उत्साहित युवाहरू जाने क्रम देखिन्छ। नगरप्रमुखमा १७.७४, उपप्रमुखमा ३७.८८, पालिका अध्यक्षमा २४.३४, उपाध्यक्षमा ५१.५२ प्रतिशतमा युवाको प्रतिनिधित्व देखिन्छ। त्यस्तै, प्रदेशमा २३.६३ प्रतिशत र प्रतिनिधिसभामा १३.०९ प्रतिशत युवा सहभागिता देखिन्छ। यसबाट युवाशक्तिको महत्व, केन्द्रीय नीतिमा उठान गर्ने विषय, युवाका पीडा, देश पिछडिएको चिन्ता उजागर हुन गै परम्परावादी चिन्तनबाट माथि उठ्न दबाब सृजना हुने आशा गर्न सकिन्छ।

देशमा पूर्ण बेरोजगारी १९.२ प्रतिशत (२०६८) रहेको, ३६% भन्दा बढी अर्धबेरोजगारी रहेको तथ्याङ्कले देखाउँछ, जुन देश-विकासका लागि निराशापूर्ण अवस्था हो । त्यसैले यस क्षेत्रमा चिन्तन जरुरी छ । दोस्रो पाटो बैदेशिक रोजगारीबाट प्राप्त आयको उपयोगको Trend (प्रवृत्ति) पनि निराशाजनक छ । अधिकांश आय उपभोग खर्चमा जाने गरेको तथ्याङ्कबाट देखिन्छ । कुल ग्राहस्थ उत्पादनमा २२.५ प्रतिशत योगदान भए तापनि लगानीमा प्रोत्साहन गर्न सकिएको छैन । करिव २८% भन्दा बढी विप्रेषण घरजग्गामा लगानी भएको तथ्याङ्कले देखाउँछ ।

युवावर्गको क्षमता विकास गरी नेतृत्वदायी भूमिकामा सरिक गराउन आवश्यक देखिएको छ, जसबाट बदलिँदो परिस्थितिअनुरूप जान अभिप्रेरित गर्नेछ । अबका युवानीति, कार्यक्रम उल्लिखित विषयकेन्द्रित हुन सकेमा मात्र पूँजी निर्माणमा योगदान पुग्नेछ ।

- सूचनामा पहुँच, राज्यबाट प्रवाह हुने स्रोतको प्रभावकारी उपभोगमा पारदर्शिता, दबाबमूलक गतिविधि आदि सुशासनका लागि जरुरी छ ।
- अधिकार र कर्तव्यको बोध गराउनु जरुरी, राम्रो कार्य-सम्पादनको प्रोत्साहन र कर्तव्यप्रति विमुख हुन निरुत्साहित हुने परिस्थिति निर्माण गर्नुपर्ने अवस्था छ ।
- कुरीति, कुसंस्कार हटाउन सचेतना, पैरवी, दुर्व्यसनीबाट निरुत्साहित गर्न सूचना प्रवाह निगरानी व्यवस्था गर्नुपर्दछ ।
- स्रोतको न्यायोचित, वितरण, सामाजिक सदभाव, सामाजिक न्याय, कानूनी शासनको प्रत्याभूति हुनुपर्दछ ।
- दिगो स्रोत व्यवस्थापन, भविष्यको पुस्ताका लागि स्रोत संरक्षण र उपयोगमा आबद्ध हुने वातावरण कायम राख्नुपर्दछ ।
- स्वयम्सेवी सेवामा समेत परिचालन हुने वातावरण सृजना गरिनुपर्दछ ।
- बैदेशिक रोजगारीमा जानै पर्ने अवस्थामा सीपयुक्त वातावरण, विदेशमा जाँदा अपनाउनुपर्ने सावधानी, आधार भूत ज्ञानको अभिमुखीकरण र सरकारी पक्षबाट सहजीकरणको वातावरण बनाउने ।
- असल संस्कार संस्कृति, सकारात्मक सोचका लागि नैतिक शिक्षा, प्रशिक्षण व्यवस्था ।
- सृजनशीलको विकास र उपयोगका सहजीकरण (Innovation) ।
- मानव-पूँजी निर्माण केन्द्रित लगानीमा जोड (Investment) ।
- रोजगारमूलक शिक्षा, प्राविधिक, उत्पादनमूलक शिक्षा-प्रणालीमा रूपान्तरण ।
- उद्यमशील कार्य संस्कृति ।
- प्रतिभा प्रोत्साहन ।
- निरन्तर अनुगमन मूल्याङ्कन सुधार ।
- सरकारी/गैरसरकारी क्षेत्र परिचालन ।
- मानव स्रोतको क्षमता मापन/उपयोग योजना ।
- अवस्था विश्लेषण (Status Analysis of Human Resources) ।
- स्वास्थ्य-संस्थाबाट स्तरीय सुलभ स्वास्थ्यसुविधा ।

## निष्कर्ष:

युवाशक्ति राष्ट्र-निर्माणका आधारस्तम्भ हुन्। सक्रिय जनशक्तिको उपयोगले मात्र विकासको गतिले फड्को मार्दछ। सृजनशील परिवर्तनकारी, ऊर्जाशील वर्गको क्षमता वृद्धि, उपयुक्त कार्य वातावरण, भविष्यको सुरक्षाको प्रत्याभूति गर्न जरुरी छ। सरकारले सो दिशामा नीति, योजना, कार्यक्रम र लगानी गर्नु जरुरी छ। सोह्रौं योजना तयार गर्दा मानवस्रोत व्यवस्थापनको आवश्यकता महसुस गरेर नै हुनुपर्छ, सोसम्बन्धी रणनीति तय गरेको छ। सो नीतिको प्रभावकारी कार्यान्वयन गर्न राज्यसंयन्त्रले प्राथमिक रूपमा लगानी गर्न अत्यावश्यक छ। युवामा गरिएको लगानीले दीर्घकालमा फाइदा पुग्न नै देश-विकासमा टेवा पुग्दछ। मुख्यः शुसासन कायम गर्न आधारशिला तयार हुन्छ। सुसंस्कृत एवम् शान्त, कर्तव्यतर्फ उन्मुख समाज निर्माणको दिशामा देश मुखरित हुन्छ।

सहयोगी भावना, कर्तव्यपरायणता, सहानुभूति, पारिवारिक एकबद्धताजस्ता मानवीय व्यवहारमा चुनौती छ। दुर्व्यसनमा दिनानुदिन युवाशक्ति बिग्रने चुनौती छ। त्यसैले भविष्यका आशाका स्तम्भलाई देश-विकासमा परिचालन गर्न योजनाबद्ध लगानी र उपयोगमा केन्द्रित हुनु अपरिहार्य छ।

## सन्दर्भ-सामग्री


- नेपालको संविधान, कानून किताब व्यवस्था समिति, नेपाल सरकार काठमाडौं।
- नेपालको चौधौं योजना (२०७३/७४–२०७५/७६)- राष्ट्रिय योजना आयोग, सिंहदरबार।
- नेपालको पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१) राष्ट्रिय योजना आयोग, सिंहदरबार।
- नेपाल सरकारको सोह्रौं योजनाको अवधारणापत्र (२०८१/८२–२०८५/८६), राष्ट्रिय योजना आयोग।
- युवा अङ्कका विभिन्न प्रकाशन, नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय।
- श्रम तथा रोजगार मन्त्रालयको वेवसाइट– http:www.moless.gov.np
- युवा तथा खेलकुद मन्त्रालयको वेवसाइट http:www.moys.gov.np



*शिवप्रसाद रेग्मी युवा तथा खेलकुद मन्त्रालयका सह-सचिव हुन्।*

# राष्ट्रको परिभाषा र समाजको संरचना बदल्न सक्ने युवाहरू



गोपीनाथ मैनाली


## सारांश

युवाहरूमा रहने सोच, सपना र सामर्थ्यले समाज, संस्कार र सभ्यताको निर्माण हुने गर्छ । यति ठूलो सोच र सामर्थ्य भएको ऊर्जा उपयोगको प्रोत्साहन नपाउँदा सामाजिक प्रजननशीलता, आर्थिक रूपान्तरण र नवप्रवर्तनमा त्यत्तिकै अल्मलिने र विकृति र विग्रहसमेत ल्याउने गर्दछ । नेपाल युवा जनशक्तिको अथाह सम्भावना भएर पनि प्रोत्साहनमा अल्मलिँदै आएको छ ।


**प्रमुख शब्दहरू :** *युवा-शक्ति, आशा निर्माण, सपना, सीप र सिर्जना, परिचालन, प्रमुख कार्यकारी अधिकृत, राष्ट्र-निर्माण ।*

## विषय-प्रवेश

विश्वविद्यालयबाट कहिल्यै दीक्षित हुन नपाएका एप्पल तथा पिक्सार एनिमेशनका प्रमुख कार्यकारी अधिकृत स्टिभ जब्स स्टान्फोर्ड विश्वविद्यालयको दीक्षान्त समारोहमा विशिष्ट वक्ताका रूपमा निम्त्याइए । दीक्षान्त समारोहमा दीक्षित युवाहरूलाई भविष्यप्रति आशा जगाउन, कर्ममा प्रेरणा जगाउन उनले आफ्नै कथा 'कनेक्टिङ द डट'लाई बडो मार्मिक ढङ्गले बताएका थिए । भविष्यको निर्माण भनेको छरिएका बिन्दुहरू बीच सम्भावना खोजेर सरल रेखा बनाउनुजस्तै हो । जीवनका दुखद अवस्थालाई पृष्ठभूमिमा राखेर, परिस्थितिमा सम्भावना खोजेर, तिनलाई आशामा जोडेर एउटा वृत्तिपथ बनाउन सकिन्छ, जसरी बिन्दुहरू जोडेर सरलरेखा बन्दछ । विश्वविद्यालयहरू त भविष्य निर्माण गर्ने औपचारिक प्रतिष्ठान नै भए तर मस्तिष्कको प्रयोगशाला र मनको भावनालाई जोड्ने युवाहरू आफ्नो भविष्य निर्माण गर्दागर्दै समाजको पुननिर्माण पनि गरिरहेका हुन्छन् । अर्को अर्थमा सामाजिक प्रजननशीलता युवाहरूको कर्म हो, जसरी स्टिभ जब्सको दिमागी उत्पादनको उपभोगबाट अहिले विश्व रमाइरहेको छ ।

टेक्सास विश्वविद्यालयका एन्थोनी ग्याल्सावाका अनुसार युवाभित्र उनीहरूले चाहेको विश्व हुन्छ, उनीहरूलाई सशक्तिकृत गरेर नै त्यो विश्व प्राप्त गर्न सकिन्छ । उनीहरूको मस्तिष्कमा लुकेको विम्बलाई बाहिर ल्याउन प्रेरणा र वातावरण चाहिन्छ, संस्था र सरकारले गर्नुपर्ने त्यही हो । स्टिभ जब्सको मस्तिष्कमा रहेको विश्व (विम्ब) आजका युवाले उपभोग गरिरहेका डिजिटल ग्याजेट्सूमा देखिएको छ । जब्सको पार्थिव शरीरको अन्त्य भए पनि उनी उनकै सिर्जनामा बाँचेका छन् । जब्स प्रतिनिधि पात्रमात्र हुन्, सबै युवाहरूमा सपना हुन्छ, सबैका सपना ठूला हुन्छन् । एउटा सफलताले अर्को सफलतालाई सहज बनाउँछ र अर्को सफलतालाई आमन्त्रण गर्दछ । गुगलका प्रमुख कार्यकारी अधिकृत सुन्दर पिचाई वा इमलेका सर्जक साविर भाटियाले देखेको सपना र सपना प्राप्तिको कथा जब्सका जस्तै छ । नेपालका महावीर पुनको सपनाले इनोभेसन दिएको छ, सन्दुक रुइतका सपनाले जीवनको ज्योति दिइरहेको छ । युवावय सपना र साधनाको उर्वर अवस्था हो ।

सन् २००० पछि विश्वका प्रमुख व्यापारिक घरानाले युवाहरू प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्ने अभ्यास सुरु गरे । महाप्रबन्धक भनिने पदलाई प्रमुख कार्यकारी अधिकृतले विस्थापन गऱ्यो । महाप्रबन्धकहरू सेवाको उत्पादनको प्रबन्ध गर्थे, बजारको व्यवस्थापन गर्थे । अर्को अर्थमा व्यवसाय विस्तार गरी नाफा उत्पादन गर्थे । तर, प्रमुख कार्यकारी अधिकृतहरूले त्यति गरेर नपुग्ने भो । परम्परागत प्रविधिमाथि चुनौती दिई निरन्तर नवप्रवर्तन, कार्यसंस्कृति परिवर्तन गरी उपभोक्ता स्वाद र सन्तुष्टि विस्तार गर्नुपर्ने भएको छ, प्रतिस्पर्धात्मक वातावरणमा आफैँसँग पनि स्पर्धा गरी औचित्य सिद्ध गर्न सक्नुपर्ने भएको छ । जसका लागि युवाहरू नै कार्यकारी जिम्मवारीमा पुग्नुपर्ने भएको छ । किनकि, सपना देख्ने सोच र सपना पूरा गर्ने सामर्थ्यमा युवाशक्ति नै अब्बल मानिन्छ । संस्थाको लगानीकर्ताको लगानी चाखलाई भन्दा उपभोक्ताको विश्वासलाई प्राथमिकता दिनुपर्ने निष्कर्ष केही वर्षअघि मानिएका १०० बहुराष्ट्रिय कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको डाभोस भेलाले घोषणा गर्न पुग्यो । अब प्रमुख कार्यकारी अधिकृत कर्मचारीको सामान्य भूमिकामा रहेन, इनोभेसन, इथिक्स र इन्स्पाइरेसनको रोलमोडेलमा उसको भूमिकाले स्तरोन्नति पाएको छ । समुदायका मानिसहरू आपसमा एकताबद्ध भएर खोलिएको डेजार्डियन सहकारीले आगामी पुस्ताका लागि हाम्रो प्रतिबद्धताको आदर्श वाक्य स्थापित गरी क्यानडाको निकै ठूलो रोजगारदाता र सेवा प्रदाता बनेको छ, प्रमुख कार्यकारी अधिकृत गाइ कोर्मिएरको युवा नेतृत्वमा । केहीअघि ओपन एआइको प्रमुख कार्यकारीबाट साम अल्टम्यानको पुनर्नियुक्तिले त्यो पनि पुष्टि गऱ्यो कि प्रमुख कार्यकारीले आफ्नो दृष्टिकोणमा काम गर्छ, जागिर खाँदैन । गुगलका सुन्दर पिचाई, फेसबुकका मार्क जुकरबर्ग, माइक्रोसफ्टका सत्य नादेला, ओराकलकी साफ्रा काज, सेल्स फोर्सका मार्क विनिएफ, रिजेनेरनका लियोनार्ड स्लाइपर्ड, नेटफ्लिक्सका रिड ह्यास्टिङ, एन्भेडियाका जेनसेन हुआङ, एप्पलका टिम कूक, टेस्ला-स्पस एक्सका एलोन मस्क उत्कृष्ट सिइओ आफ्ना युवाकालका सपना र त्यसलाई पूरा गर्ने अथक प्रयासका कारण बनेका हुन् । अमेजनका जेफ विजोसको दिमागी नतिजाले उनलाई इ-कमर्सको पायोनियर बनायो, किताब बेच्ने कामबाट सुरु गरेको अभियानलाई उनले किन्डल प्रविधिले भौतिक किताब नै विस्थापन गरिदिए । फायर फोनमा उनको सपना नभत्किएको भए थ्रीडी प्रविधि हातहातमा हुने थियो । तर, असफलताबाट सिक्दै सफलता विस्तार गर्ने अभियानले युवाहरूलाई प्रेरणाको बाटो देखाइरहेको छ । त्यसैले आजका युवाहरू शिक्षालाई सोच, सीप र सामर्थ्य विकासको आधार मानिरहेका छन्, आफूहरूलाई त्यो सामर्थ्यमा पुऱ्याउने शिक्षा मागिरहेका छन् । ठूलो उपाधिको शिक्षाभन्दा सीप र सिर्जनशीलता दिने शिक्षा मागिरहेका छन् । साठीको दशकमा ली क्वान युले यतिखेरै 'टिच लेस लर्न मोर' को शिक्षानीति लिएर सिङ्गापुर निर्माणको इतिहास रचेका थिए । जुन मुलुक युवालाई सपना देख्न प्रेरणा गर्छ, त्यहाँका युवाले त्यो देशको पहिचान र परिभाषा नै बदलिन्छन् ।

## युवा परिचालन कि सिर्जना र सीपको उन्नयन ?

फेरि स्टिभ जब्सको दीक्षान्त भाषणतर्फ फर्कौं । उनको भाषणको सार थियो– विद्यार्थीहरू समय खेर नफाल, आफ्नै सोचमा बाँच, आफ्नै अन्तरात्माको आवाज सुन, त्यसैलाई माया गर र कर्मबाट वृत्तिको फराकिलो मार्ग तयार गर । संयुक्त राज्य अमेरिकाले समुदायको परिवर्तनका लागि युवा परिचालन नीति लिएको थियो । अमेरिकनहरू वैयक्तिक स्वतन्त्रता र निजत्वको आनन्दका पारखी कहलिन्छन् । व्यक्तिगत स्वतन्त्रताको पारखी भएर नै अमेरिकाले आधुनिक लोकतन्त्रका उदाहरण दिन पुग्दै छ भन्ने कुरा १८३२ मा नै फ्रेन्च विचारक आलेक्सी डे टुकेभेलीले बताएका थिए । बीसौँ शताब्दीमा आइपुग्दा अमेरिका विश्वशक्ति बन्नुमा युवाहरूको सिर्जनशीलतालाई उनीहरूले अत्यधिक उपयोग गरेका कारण हो । बहुराष्ट्रिय कम्पनी तिनै युवाहरूको सोचको परिणाम थियो । युवासोचलाई कसरी प्रोत्साहन दिनुपर्छ भन्ने अमेरिकीहरूले बुझेकै कारण अमेरिका अवसरको भूमि बन्न सफल भएको छ । अमेरिकी पद्धतिले युवासोच भित्रको विश्व निर्माण गर्न आधुनिक लोकतन्त्रको उपयोग गरेका छन् । एक्काईसौँ शताब्दीलाई पनि आफैँले नेतृत्व गर्न अमेरिकीहरूले नेक्स्ट जेनेरेशन को एलिसन, स्टेम एजुकेशन, इनोभेटिभ

गभर्नमेन्टजस्ता रणनीतिमार्फत २५ वर्षमुनि उमेर-समूहका युवाहरूलाई प्रोत्साहित गर्ने काम भैरहेको छ। यसका लागि युवाहरूको आवश्यकता पहिचान र प्राथमिकीकरण, अभिरुचि पहिचान, जोखिममा परेकाहरूका लागि विशेष सेवा, राष्ट्रको सांस्कृतिक र ऐतिहासिक पृष्ठभूमिप्रति सचेतना, क्षमता विकास र सशक्तीकरण, सहजीकरण र प्रोत्साहान, भर्चुएल स्पेसको उपयोग, स्वयम् सेवक परिचालन र सञ्जालीकरणका रणनीतिहरू लिइएका छन्।

सन् २००० मा दोस्रो अर्थतन्त्रको सपना देखेका देङले १९७८ मा त्यो सपना पूरा गर्न युवाशक्तिलाई आधार बनाए। १९४९ को साम्यवादी क्रान्ति र १९६६ को सांस्कृतिक क्रान्तिले चीनको आर्थिक विकासमा खासै योगदान गरेन। देङ सियाओ पिङले डेमोक्रेटिक पार्टीको 'गरीबमुखी कार्यक्रम, कम्युनिस्ट युथ लिग (सिवाइएल) को 'होप प्रोजेक्ट', व्यापार सङ्घको 'ग्लोरियस कज', महिला सङ्घको 'एन्जेल प्रोजेक्ट' लाई युवा परिचालनको आधार बनाए, जसका कारण चीनको विकासका क्रान्तिकारी नेता बने। युवाहरूलाई अधिनस्थताले होइन, स्वामित्वका पारखी हुन्छन् भन्ने कुरा देङले बुझेका थिए। सीमित आर्थिक स्वतन्त्रता पाएपछि चिनिया युवाहरू राष्ट्रनिर्माणमा लागेका थिए, परिणामतः एकोनोमिक डबल टायम सात-आठ वर्षमा नै सम्भव भएको छ, लोकतान्त्रिक व्यवस्था पनि भएको भए यसले विकासमा कति छलाङ मारिसक्ने थियो होला ?

कोरिया युद्धपछि विभाजित दक्षिण कोरिया आन्तरिक समस्याबाट आक्रान्त थियो। आन्तरिक उत्पादन र रोजगारी थिएन। राम्रो उत्पादन हुने क्षेत्र उत्तर कोरियाको हातमा परेको थियो। आफ्नो मुलुकमा सामान्य सपना पनि पूरा नभएपछि सामान्य जीवन-निर्वाहका लागि युवाहरू इरानको तेलका कुवा खन्न र पश्चिम जर्मनीको उद्योगमा काम गर्न बाहिरिएका थिए। पार्क चुङ ही सैनिक कू मार्फत सत्तामा पुगेपछि साम्यवादी उत्तर कोरियालाई समृद्धिमार्फत जवाफ दिने रणनीति लिए। पश्चिम जर्मनीमा कामका लागि गएका युवाहरूले राजकीय भ्रमणमा त्यहाँ गएका पार्क चुङ हीलाई 'हाम्रो देश कहिले पश्चिम जर्मनी जस्तै बनाउँछौ ?' भन्ने अश्रुमिश्रित आक्रोश पोखे। भावविह्वल भएका पार्कले आफ्नै कार्यकालमा पश्चिम जर्मनजस्तै दक्षिण कोरिया बनाउने वाचा गरे र युवाहरूलाई सहयोगको आह्वान पनि गरे। उन्नाईस वर्षे शासन-अवधिमा उनले आफ्नो मुलुकलाई जापान र जर्मनीको कोटिमा पुऱ्याइदिए, यसको जगमा कामलाई माया गर्ने युवाहरूको जोश र आक्रोश थियो। उता उत्तर कोरियामा किमको अधिनायकत्वले युवाहरूको सपना थुनिएका छन् र मुलुक कुशासनमा जकडिएको छ। अहिले दक्षिण कोरियन युवाहरू देश-विकासका लागि नेताको मन दुख्नुपर्छ भन्ने गर्दछन्।

नेपालले पनि युवा-शक्तिलाई उपयोग गर्ने राजनीतिक अभिष्ट नराखेको होइन। पञ्चायतका समयमा युवा-शक्ति उपयोग गर्ने परस्पर प्रतिस्पर्धी दुई रणनीति थिए। प्रतिबन्धित लोकतान्त्रिक र वामपन्थी राजनीतिक दलहरूले विद्यालय, विश्वविद्यालय, कारखाना र पेशा-व्यवसाय स्थलहरूका युवाहरूमार्फत राजनीतिक शक्ति गोलबन्द गरी लोकतन्त्र स्थापना गर्ने सोचका साथ सङ्गठन गरेका थिए। नेपाल विद्यार्थी सङ्घ, अनेरास्ववियु, विद्यार्थी फेडेरेशन, ट्रेड युनियन काङ्ग्रेस, तरुण दलहरू प्रतिबन्धित राजनीतिक शक्तिका भूमिगत रूप थिए। उता सत्तासीन शक्तिले पनि युवा सङ्गठन, राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल, युवा पञ्च, युवा क्रियाकलाप समन्वय समितिजस्ता संयन्त्र गठन गरी पञ्चायतलाई संस्थानीकरण गर्ने रणनीति लिएको थियो। समाज कल्याण परिषद्, साझा अभियानहरू पनि कुनै न कुनै रूपमा युवा परिचालनका आशयमा थिए। पञ्चायतको युवा परिचालन नीति चीनको देङको जस्तै थियो, प्रतिबन्धित दलहरूको चाहिँ अमेरिका, युरोप तथा इस्ट इन्डियाकालीन भारतका युवा संयन्त्रजस्तो स्वाधीनताको आन्दोलनमा थियो। पञ्चायत युवा विश्वास जित्न सक्षम भएन, किनकि युवा-शक्ति उपयोग गर्न उनीहरूले राज्य स्रोतको दुरुपयोग गरे, शक्तिको दुरुपयोग गरे। परिणामतः युवा-शक्तिको वास्तविक पहिचान नै भएन।

प्रतिबन्धित दलहरू लोकतन्त्रको स्थापनाको पहिलो लक्ष्य पूरा गर्न सफल भए तर त्यसपछि भने युवा परिचालनभन्दा उपयोग गर्न उद्यत देखिए। अहिले पनि राजनीतिक दलहरूसँग ठूलो युवाशक्ति छ, जुन आन्तरिक सामर्थ्य र प्रतिभा पहिचानमा भन्दा युवा पञ्च र राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल जसरी उपयोग हुन रमाएको छ। प्रतिबन्धित समयका पहिलो पुस्ताको युवा सङ्गठनमा लागेकाहरू नै देशको राजनीतिक नेतृत्व गरिरहेका छन् र त्यसपछि नेतृत्वभन्दा अनुयायीहरू विकास गरिरहेका छन्। राजनीतिमा लागेको ठूलो युवा जमात भविष्य निर्माणको उत्साहमा होइन, गतावधिक नेताका अनुयायी बनेर आफ्नो र राष्ट्रको भविष्य निर्माणमा अलमलिएका छन्। भर्नौं बेरोजगार युवाहरूलाई पुराना नेताले आफ्नो हितका लागि उपयोग गरिरहेका छन्। यसले परम्परा र विकृतिप्रति आक्रामक बन्ने युवाचरित्र नै उल्टो बनाइदिएको छ।

## युवाहरूको चेहरामा देखिएको नेपाल

नेपालको युवाशक्ति त्यत्तिकै रल्लिएको छ। यसलाई नवीन सोच, सीप, संस्कार र सहभागितामा लैजाने काम खासै भएको छैन। २०४२ देखि युवाहरू रोजगारीका लागि पनि विदेश पठाउने नीति लिइयो। तत्कालीन अवस्थामा पञ्चायत व्यवस्थामाथि खतरा थियो, युवाहरू स्वतन्त्रता र स्वाभिमानका लागि आन्दोलन गर्थे। व्यवस्था सुरक्षित बनाउन पनि सोच, सामर्थ्य भएका युवाहरू विदेश गएकै बेस मानिएको थियो। त्यसपछि पनि पटक-पटक राजनीतिक आन्दोलनमा राजनीतिक दलहरूले उपयोग गरेको युवा-शक्तिलाई राष्ट्र-निर्माण र लोकतन्त्रको वितरणमा भने उपयोग नै गरिएन। यसका पछि थुप्रै कारणहरू भए पनि प्रमुख कारण नेतृत्वको मनोविज्ञान हो। युवाहरू आफैंप्रति, आफ्नो परिवेश र प्रणालीप्रति असहमति राख्ने सामर्थ्यमा हुन्छन्। नेतृत्वले यो कुरा बुझेको छ। त्यसैले युवाऊर्जालाई अवरुद्ध गरिएको छ। समाज परम्परागत छ, सङ्गठनहरू शास्त्रीय छन्। परम्परागत समाज र शास्त्रीय सङ्गठनमा रहने तह-सोपानले युवाशक्तिलाई कम आँक्छ र सामाजिक प्रगतिलाई पछिल्तिर धकेल्छ।

नेपालको शिक्षामा तह-सोपान छ, शिक्षा आफैं विभाजक बनेको छ। शिक्षा, श्रम, सीप र समृद्धिको रचनात्मक सम्बन्ध छैन। सामर्थ्य नदिने शिक्षा व्यक्तिका लागि भार बन्ने नै भयो। ठूलो गर्भबाट जन्मेका, प्लेस प्रिमियम, बर्थप्लेस प्रिमियम र वंश प्रिमियम पाएकाहरू शासक र त्यो नपाएका सर्वसाधरणका सन्तान शासित हुने, श्रम गर्ने वर्गमा परेपछि स्वतन्त्रता र लोकतन्त्र देखावटीमात्र बन्दछ। नेपाली समाजमा अहिले पनि जातीय, वर्गीय, लिङ्गीय, भाषिक, साम्पत्तिक र वंशगत तह-सोपान जरा गाडेर रहेको छ, जन्मँदै भूमिकाको सीमाङ्कन देखिन्छ। यस अवस्थामा युवाहरूले आफूभित्रको सपना पूरा गर्न ठूलो सङ्घर्ष गर्नुपर्छ, जुन स्टिभ जब्स, सुन्दर पिचाई, जेफ विजोसको सङ्घर्षभन्दा कैयन् गुना ठूलो हुन्छ। यस अवस्थामा युवा-शक्ति खेर जान्छ, पलायनको बाटो रोज्छ, कुण्ठा र विग्रह जन्माउँछ, अराजक बन्न बेर लगाउदैन। त्यसैले युवाशक्तिको उन्नयनका लागि घर घरदेखि, समुदाय समाजदेखि राष्ट्रिय तहसम्मको निर्माण आवश्यक छ। नेतृत्वले सधैं बुझ्नुपर्ने के हो भने युवाशक्तिलाई धेरै बेर ढाकेर राख्नुहुन्न, आशा र सपनाहरू थुनिनुहुन्न, प्रेरणा र प्रोत्साहन गर्नुपर्छ। नेतृत्वको अर्को नाम नै आशाको निर्माण हो भन्ने बुझ्नुपर्छ।

तर, आशा गर्नुको विकल्प छैन। आशाको झिल्को देखिने केही कामहरूबाट सम्भावना खोज्नुपर्छ। जब्सले भनेझैं प्रत्येक दुःखदायी घटनाभित्र पनि आशाको खोजी गर्न सकिन्छ। स्वयम् युवा र उनीहरूले नेतृत्व गरेको सङ्गठनबाट स्वयम् प्रशिक्षित भएका छन् कि नेतृत्वले आफूहरूको क्षमता उपयोग नगरेमा उनीहरू गतावधिक बन्नेमात्र होइन, आफूहरू पनि अनुचरमा नै रहिरहने छन्। प्रेरणा र उपयोगमा लगेमा भने सिर्जनशील बन्नेछन्। युवाहरूलाई थाहा छ– यो केही गर्ने अवधि हो। परम्परागत समाज र शास्त्रीय सङ्गठनले सीमाङ्कित गर्न खोजे पनि सामर्थ्यले युवाहरूलाई बाहिर ल्याउँछ। आफू हिँड्ने बाटो आफैं निर्माण गर्छ। युवा स्वयम्सेवी सङ्गठनहरू, अनौपचारिक सञ्जालहरू पनि नजानिँदो रूपमा यसका उत्प्रेरक बन्दै छन्।

सरकारी संरचनाका युवा परिचालन प्रक्रिया आग्रह र सामर्थ्यको सीमिततामा छ । तर, यसैबाट पनि आशाको खोजी गर्न सकिन्छ । युवाहरूको सोच, सीप र सामर्थ्यलाई उपयोगमा ल्याउन स्टार्ट अप अवधारणा अघि सारिएको छ। अमेरिका, बेलायत, युरोपीय सङ्घका मुलुकहरूले स्टार्ट अप अवधारणालाई बेस्सरी उपयोग गरेका छन्। नेपालमा युवाहरूले चाहेको केवल रोजगारी हो । सरकारमात्र रोजगारीको एकल प्रदाता होइन भन्ने पनि युवाहरूले बुझेका छन् । तर, घरपरिवार तहदेखि उद्यमशील बन्न प्रोत्साहनको आधार भने राज्यले दिनुपर्छ । स्टार्ट अपलाई पनि यसैको सापेक्षमा हेर्नुपर्छ । नवउदीयमान अर्थतन्त्र भारत तथा चीनले पनि उच्च प्राथमिकता दिँदै आएका छन् । भारतले सुरु गरेको इन्कुबेशन इन्डस्ट्री एकेडेमिया पार्टनरसिपलाई नेपालले आफ्नो सन्दर्भमा उपयोग गर्न सक्छ । नेपाली युवाहरूको अग्रसरतालाई प्रोत्साहन गरेर भौगोलिक अवस्थिति र उदीयमान अर्थतन्त्रले छाडेका अवसर (स्पेस) उपयोग गर्न सकिन्छ। नेपालको छिमेकी बजार २ अर्ब असी करोड जनसङ्ख्यामा छ, जुन भूमिबाट भूमिको सम्बन्धमा छ। सांस्कृतिक स्वादको समानताले पनि छिमेकी बजारको विश्वास जित्न सकिन्छ। हालै केपीएमजी र लगानी बोर्ड नेपालले आयोजना गरेको लगानी सम्भावनाको कार्यक्रमले पनि सम्भावनाको क्षेत्रतर्फ केही सङ्केत दिएको छ।

त्यस्तै, नेपालको बजेट वक्तव्यले स्टार्ट अप अवधारणालाई महत्व दिन थालेको छ । स्टार्ट अप प्रोत्साहनका लागि रकम नै विनियोजन गर्नु यसतर्फको अर्को सम्भावना हो । २०३० सम्म नेपाललाई स्टार्ट अप मुलुक बनाउने अभियानका साथ स्टार्ट अप कन्सोर्टियम पनि बनाइएको छ। यसमा निजी स्तरबाट आइडिया स्टुडियो, इम्प्याउक्ट हब अन्तप्रेरणा, सफलता पार्टनर, ऊर्जा ल्याबजस्ता अभियानले सहयोग पुऱ्याएका छन्। निजी पहलमा आविष्कार केन्द्रको स्थापना भएको छ। गाउँगाउँमा सामुदायिक क्लबहरू स्थापित छन् । तर, स्टार्ट अपलाई अवधारणाबाट अभियानको अभ्यासमा पुऱ्याउन थुप्रै काम गर्न बाँकी छ। मूलतः राजनीतिक प्रणाली र सुशासनको अवस्थाबाट युवाहरू आश्वस्त छैनन् । स्वतन्त्र व्यावसायिक निकायहरूलाई पनि सहकार्यको वातावरण चाहिएको छ । युवा उद्यमशीलता र नवीन सोचसाथ यस्ता अवधारणा विकास गर्न राजनीतिक दलहरूभित्र नै निर्माणको थालनी हुन ढिला भएको छ। एक्काईसौँ शताब्दीको समाजमा बीसौँ शताब्दीको प्रणाली र अठारौँ शताब्दीको नेतृत्वले दिने भनेको आफूले जानेबुझेकै कुरा हो, जुन धेरै अघि नै गतावधि भैसकेको छ।

हुन त राजनीतिक दलहरू युवा परिचालनका लागि आन्तरिक कार्यक्रम र चुनावी प्रतिबद्धतामा नलागेका होइनन् । ठूला राजनीतिक दलहरूको साङ्गठनिक पृष्ठभूमि नै युवाशक्ति हो । वैकल्पिक शक्तिका नाममा स्थापित दलहरू युवाहरूकै बाहुल्यमा छन्। तर, सबै दलहरूको संस्थापित सोच शास्त्रीय छ, तथ्य, सिद्धान्त र सूत्रमा भन्दा कथामा ध्यान दिनु र आरोप संस्कृति विकास गर्नु यसका प्रवृत्ति हुन्। त्यसैले युवाशक्तिलाई प्रोत्साहन र परिचालन गर्न भुलेका छन् । युवाशक्ति परिचालन गरी आर्थिक सामाजिक रूपान्तरणको जग निर्माणमा भन्दा युवालाई राजनीतिक उपयोगका पात्र बनाउन उद्यत छन् । नेपाली काङ्ग्रेसले केहीअघि १८/४० वर्षका युवालक्षित गरी पोलिसी ह्याक्थन आयोजना गरी सानो सुरुवात गरेको थियो । ह्याक्थनमा गीग इकोनोमी र जलवायु दुई विषय समावेश थिए । छोटो अवधिमा स्वतन्त्र रूपमा डिजिटल प्लेट फर्मलाई उपयोग गरेर फाइदा लिन गीग वर्कर युवाहरूलाई के-कस्तो बाधा परेको छ र कसरी ती अवरोध हटाउन सकिन्छ भन्ने पक्ष पहिलो विषयले देखाएको थियो भने जलवायु परिवर्तनसँग जुध्ने क्षमताका लागि स्थानीय, वित्तीय तथा नीति, आधारहरू के-कस्ता छन् र त्यसलाई कसरी उपयोग गर्ने भन्ने दोस्रो विषयले समेटेको थियो । अन्य दलहरूले पनि यस्तै नीतिशालाहरू आयोजना गरेर रोजगारी र उत्पादनका लागि नेपालको सम्भावना क्षेत्रहरू उघार्ने काम हुनुपर्छ। अहिले दलहरूभित्रका युवाशक्तिलाई एकत्रित गर्ने अनौपचारिक प्रयास कि त दबेका छन् वा गुटबन्दीमा पुगेका छन्। युवा भनेको उमेरभन्दा पनि उत्साह र दृष्टिकोण हो भन्ने देखिन बाँकी छ।

## नेपाल पोलिसी इन्स्टिच्युटको सानो प्रयास

युवाहरूको चाख, चाहना र प्राथमिकताले उनीहरू नेपालमा मात्र बसिरहेका छैनन् । कतिपय बाध्यताका कारण र प्रदर्शन प्रभावले पनि नेपाल बाहिर बस्ने नेपालीहरू (विशेषतः युवा) को सङ्ख्या निरन्तर बढ्दै छ। नेपाली मन-मुटु भएका नेपालीहरू नेपाली डायस्पोराका रूपमा १७८ भन्दा बढी मुलुकहरूमा विस्तार भैरहेका छन् । बाध्यता आफ्नो ठाउँमा छ, व्यक्तिको स्वतन्त्रतालाई पनि सम्मान गर्नुपर्छ । नेपाल आमाले जन्माएका, हुर्काएका, सीप शिक्षामाथि लगानी गरेका, अझ कति त नेपालको सार्वजनिक सेवामा रहेर दक्षता कमाएका मानिसहरू नेपाल बाहिर गएका छन् । यो उचित थियो वा थिएन भन्ने बहसभन्दा पनि भएको अवस्थालाई स्विकारेर कसरी फाइदा लिने भन्ने विषयमा ध्यान दिनु आवश्यक छ । यसले भौगोलिक नेपाल र भर्चुएल नेपाल बनाएको छ । भर्चुएल नेपालको सीमा विस्तार भएको छ पनि भन्न सकिन्छ । बाहिरिएको क्षमता र ज्ञान पनि नेपालकै हो, यसलाई नेपालको हितमा प्रयोग गर्न नेपाल पोलिसी इन्स्टिच्युट (एनपिआई) ले विश्वव्यापी ज्ञानसञ्जाल खडा गरेको छ । जहाँ रहे पनि नेपाली मनले नेपालका लागि काम गर्न सक्छ र गर्नुपर्छ भन्ने अभिप्रायले सुशासन, शिक्षा, समावेशिता, विकास र जलवायु परिवर्तनका क्षेत्रमा ज्ञानको सहजीकरण गर्ने कामहरू सुरु गरेको छ । नेपाली डायस्पोरामा यस्ता अभियान सुरुमा साना देखिए पनि राष्ट्र र डायस्पोराबीच सम्बन्ध-सूत्रको महत्वपूर्ण काम गर्न सक्छन् ।

## युवा र लोकतन्त्र

युवाशक्तिले लोकतन्त्रलाई वास्तविक र जनताको तहमा पुऱ्याई कार्यमूलक लोकतन्त्र बनाउने सामर्थ्य राख्दछ । अर्को अर्थमा लोकतन्त्रको परिभाषालाई पनि कार्यमूलक स्वरूप दिन्छ । परम्परागत लोकतन्त्र जनतासम्म नपुग्ने, मतपत्र प्रयोग गर्ने र निष्क्रिय उपभोक्ता बन्नेखालको थियो । लोकतन्त्रमा युवाहरू परिचालन भए पनि देखावटी, आलाङ्कारिक र सुसुप्त थिए । कोअप्सनमा पनि थिए । तर, वास्तविक युवा परिचलनले लोकतन्त्रका अवसरहरू जनताको तहमा पुऱ्याउने, लोकतन्त्रका अतिरिक्त अवसरहरू निर्माण गर्ने सामर्थ्य राख्दछ । युवा उमेरभन्दा पनि अवस्था हो, जुन उसको उत्साहमा देखिन्छ । युवाहरू नै कुनै पनि मुलुकको वास्तविक पूँजी हुन् । मुलुकको समृद्धि र रूपान्तरण सुसूचित, सुविज्ञ, सक्रिय, स्वचालित र स्वनिर्देशित युवामा निर्भर गर्दछ । लोकतन्त्रका लाभ विस्तार का लागि युवाहरू सकारात्मक सोच निर्माण, नागरिक शिक्षा, राष्ट्रिय भावनाको निर्माण, असल राजनीतिक संस्कार, नेतृत्व विकास, लोकतन्त्रका मूल्यहरूको संरक्षण, सिर्जनात्मक तनावको सिर्जना र असल अभ्यासको आदान-प्रदानमा संलग्न रहने दायित्वमा रहन्छ । अन्तर्राष्ट्रिय संसदीय युनियनले लोकतन्त्रले युवाशक्तिलाई चाहन्छ र युवाशक्तिले लोकतन्त्र चाहन्छन् भनी युवा र लोकतन्त्रलाई एकअर्काका पूरक मानेको छ । युवानीति वा विकासका उपभोक्ता नभै त्यसको व्यवस्थापनका सबै चरणमा अहम् भूमिका खेल्दछन् । उनीहरूसँग भएको दृष्टिकोण र दृढ इच्छाशक्तिका कारण नै युवा र लोकतन्त्र परिपूरक मानिएका हुन् । राष्ट्रसङ्घका तत्कालीन महासचिव कोफी अन्नानले त युवाहरू विश्व परिवर्तन र नवप्रवर्तनका अग्रपङ्क्तिका पात्र भनेर युवा भूमिकाको आह्वानसमेत गरेका थिए ।

नेपालजस्तो लोकतन्त्र संस्थागत नभएको समाजमा युवाहरूको भूमिका निर्वाचनपूर्वको समयमा, निर्वाचनको समयमा, निर्वाचनपश्चात्को समयमा समेत देखिने गरेको छ । निर्वाचनपूर्वको चरणमा युवाहरूको भूमिका कानून तथा नीति तर्जुमा र परिमार्जनमा सहयोग, मतदाता नामावलीमा नाम दर्ता गराउन तथा छुटेकालाई नामदर्ता गर्न सघाउन, निर्वाचन आयोगका गतिविधिहरूको बारेमा सचेत रहन, निर्वाचन, लोकतन्त्र, प्रतिनिधित्व प्रणाली, मताधिकारका बारेमा सचेतना फैलाउन, राजनीतिक प्रक्रियाप्रति युवावर्गमा रहेको वितृष्णा हटाई नयाँ जोश र जाँगर ल्याउनका लागि उत्प्रेरणामूलक गतिविधिहरू सञ्चालन गर्न र राजनीतिक दलको आन्तरिक लोकतान्त्रिकीकरणमा दबाब समूहको रूपमा काम गर्नमा रहन्छ । त्यस्तै, निर्वाचनको समयमा स्वच्छ र स्वतन्त्र रूपमा निर्वाचन सम्पन्न गर्नका

लागि सहयोग गर्न, मतदाता शिक्षा दिन, चुनावी घोषणापत्रका बारेमा जानकारी लिने, अरूलाई पनि जानकारी गराउन, मतदानका लागि मतदातालाई उत्प्रेरित गर्न, राजनीतिक प्रक्रियाको जानकारी दिन, निर्वाचन आचारसंहितको परिपालनमा सहयोग गर्न, आचारसंहिता उल्लङ्घन भएमा तत्कालै सम्बन्धित निकायमा खबर गर्न, निर्वाचन प्रचार प्रसारको समयमा हुन सक्ने भड्किलो व्यवहार रोक्न, मतदानको समयमा असहाय मतदाताहरूलाई सहयोग पुऱ्याउन, मतदानस्थल व्यवस्थापनका क्रममा खटिएका कर्मचारीहरूसँग सहयोग गर्न र आफ्ना क्रियाकलापबाट निर्वाचनको स्वच्छता तथा स्वतन्त्रतामा आँच आउन नदिन युवाहरूको भूमिका रहन्छ।

निर्वाचनपश्चात् युवाहरूको भूमिका मतदान केन्द्रको सरसफाइमा स्वयम्सेवकको भूमिका निर्वाह गर्न, निर्वाचन परिणामपश्चात्को जुलुसलाई संयमित बनाउनमा सहयोग गर्न, निर्वाचन व्यवस्थापनका लागि सुझाव तथा योजना निर्माणमा सहयोग गर्न, आगामी दिनमा सुधारका लागि सुझावहरू प्रस्तुत गर्न, विजयी प्रतिनिधिलाई राष्ट्र विकासको क्षेत्रमा अग्रसर हुन उत्प्रेरित गर्दै प्रतिनिधित्व सक्षम बनाउनमा सहयोग गर्न र निरन्तर रूपमा खबरदारी गरिरहन र पारस्पारिक सहयोग, समन्वय र भाईचाराको सम्बन्ध सुनिश्चित गर्नमा रहन्छ। नेपालमा हुर्किंदै गएको मनी पोलिटिक्सलाई हटाई समावेशी लोकतन्त्रको आधार खडा युवा-शक्तिको अत्यन्तै ठूलो भूमिका रहन्छ।

## सामाजिक सदाचार र युवा परिचालन

समाजमा सदाचार, इमानदारिता र नैतिकताको स्तर खस्कँदै गएको छ। मानवीय कमजोरी, स्वार्थन्धता र तत्कालको स्वार्थमा रमाउने बानीले मानिसलाई विवेकशील प्राणीको श्रेणीबाट गिराउने गर्दछ। नेपाली सञ्चार माध्यमले केही उदाहरणलाई लिएर 'युवा आस्थामा भ्रष्टाचार र वृद्धावस्थामा जेल' भन्ने भाष्यसमेत निर्माण गरेका थिए। चाहेर कोही पनि व्यक्ति नराम्रो गर्दैन तर सङ्गत, परिवार र वातावरणले ऊ आदर्शच्यूत हुन सक्छ। आदर्शको स्खलन यहाँसम्म पनि पुग्ने गरेको छ कि जुन कार्य जिम्मेवारीमा विश्वास गरिएको थियो, त्यसको १८० डिग्री विपरीत काम पनि हुन पुगी राज्य नामको नैतिक संस्था र सामाजिक आचारलाई नै गिज्याउन थाल्छ। नेपाल, भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश, अफगानिस्तान लगायतका मुलुकहरूमा सर्वसाधारणलाई न्याय दिने र निगरानी राख्ने राज्यका उच्च पदाधिकारी नै संलग्न भएर कार्य गरेको देखिएको छ। सतहमा आएका कुराहरूभन्दा ठूला घटनाहरू पनि हुन सक्छन्। यस अवस्थामा राज्य संरचनालाई नैतिक बनाउन, सार्वजनिक ओहोदाका पदाधिकारीलाई सदाचारी, इमानदार, निष्पक्ष बनाउन युवाहरू परिचालन भएका कैयन् उदाहरण छन्। यस्ता अभियानहरू सामाजिक रूपमा वा राज्यकै सहयोगमा पनि परिचालित हुन सक्छन्।

नाइजेरियामा कानूनी व्यवस्था कायम गर्न संवैधानिक समीक्षामा युवा परिचालन भएको थियो। भ्रष्टाचार र अनियमितताको सूचकमा निकै तल रहेको बङ्गलादेशमा नेशनल पार्लियामेन्टको नाममा नमुना संसद् सञ्चालन भएको थियो। त्यस्तै, जोर्डनमा युवाका लागि तालिम, लेबनानमा सार्वजनिक नीति सबलीकरण अभियान, लिबियामा नागरिक विवेचना र अनुगमन पद्धति, माल्दोभामा सीमान्त तथा जोखिममा परेकाहरूका लागि कार्यक्रम, कम्बोडियामा नमुना चुनाव, मङ्गोलियामा नागरिक शिक्षा र सशक्तीकरण अभियान र अजरबैजानमा नीतिप्रक्रिया सुधारका कार्यक्रमहरू सञ्चालन गरिएका थिए। नेपालले पनि विद्यार्थी तथा युवा सांसद कार्यक्रम, नमुना मतदान, सहकार्यमूलक नेतृत्व संवादजस्ता अभियानबाट शासकीय सुधारमा युवा परिचालन गरेको थियो। युवाचेतना र परिचालनमा भारत र जापानको उदाहरण निकै प्रभावकारी देखिन्छ। भारतले युवाहरूमा अति नै प्रिय रहेको चलचित्रलाई सुधारको माध्यम बनाएको छ। अन्धा कानून, नायक, बारहवा फेल, एन इनिसिग्निफेकेन्ट म्यान, सत्याग्रहजस्ता चलचित्रले कानून, राजनीति र प्रशासन सुधारका लागि शिक्षा दिएको छ। विशेषतः दक्षिणी भारतीय चलचित्रहरू अपराध नियन्त्रण र सामाजिक सदाचारका शिक्षामा केन्द्रित हुँदै आएका छन्। जापानले बालबालिका लागि कार्टून चित्र प्लानेट एटोन, भ्रष्टाचार नियन्त्रणका लागि ट्याक्सिङ आमेनजस्ता चलचित्र सञ्चालनमा ल्याएको छ।

## युवा परिचालनका चुनौतीहरू

भनिन्छ– युवावस्था सम्भावना र जोखिमको अनन्त सम्भावना बोकेको अवधि हो, युवाहरू छिट्टै आक्रोश, कुण्ठा र निराशामा पुग्छन् । युवाहरूको स्वभाव स्थापित प्रक्रियाप्रति असहमति जनाउने खालको हुन्छ । यो असहमति सधैं सिर्जनात्मक तनाब ल्याउँछ भन्ने छैन । युवावय आफैंमा अवसर खोज्ने, नयाँ जान्ने, उत्सुकता र कौतूहल हुर्काउने र परिवर्तनप्रति दिलचश्पी राख्ने खालको हुन्छ । यो प्रवृत्तिले उनीहरूमा अस्थिरता जन्माउने सम्भावना रहन्छ । साथै, ससाना घटनाबाट प्रभावित हुनु, ससाना सफलताबाट उत्साहित हुनु र ससाना विफलताबाट निराश हुनु यस अवस्थाका स्वभाव हुन् । यो उमेरमा प्रदर्शन प्रभाव पनि धेरै हुन्छ । नक्कल गर्ने, जोखिम लिने, गरी त हालौं भन्ने, झनक्क रिसाउने, प्रतिक्रिया दिइहाल्ने स्वभाव रहन्छ । यी स्वभावजन्य चुनौतीलाई सकारात्मक रूपमा सम्बोधन गरेर नै युवाशक्तिको उपयोग गर्न सकिन्छ । यही समय उसको एटिच्युड सिफ्ट हुने अवस्था पनि हो । उसको प्रतिस्पर्धात्मकजस्तो देखिने विचार भोलिका लागि भरोसा हुने गर्दछ । यसलाई सकारात्मक रूपमा लिएर व्यक्तित्व विकास र उत्साहलाई प्रेरणा दिने कार्य गर्न सकिएमा उसले समाज र राष्ट्रको परिभाषा बदलिदिन्छ ।

## सन्दर्भसामग्रीः

***राष्ट्रिय युवा-नीति,*** *२०७२*

***राष्ट्रिय युवा-नीति,*** *२०७२* ***र युथ भिजन २०७५ को कार्यान्वयन कार्ययोजना,*** *२०७५, युवा तथा खेलकुद मन्त्रालय ।*

***राष्ट्र-निर्माण र युवा,*** *गोपीनाथ मैनाली, युवा २०७८, युवा तथा खेलकुद मन्त्रालय ।*

*नीति विश्लेषण, व्यवस्थापन तथा सुशासनमा सुपरिचित मैनाली नेपाल सरकारका पूर्व सचिव/पूर्व महालेखा नियन्त्रक हुन् ।*

# नेपालको सन्दर्भमा सङ्घीयता तथा विकेन्द्रीकरणको अवधारण



प्रकाश दाहाल

## विषय-प्रवेश

राज्य सञ्चालनको शक्तिको स्रोत जनता हो । लोकतान्त्रिक शासन-प्रणालीमा सार्वभौमसत्ता र राजकीय सत्ता दुबै जनतामा निहित हुन्छन् । निर्वाचनको माध्यमबाट जनतामा निहित त्यस्तो सार्वभौमसत्ता र राजकीय सत्ता जनप्रतिनिधिमूलक संस्थामा प्राप्त भएको हुन्छ र, जनप्रतिनिधिमूलक संस्थाले जनताबाट प्राप्त यस्तो शक्तिको प्रयोग गरी शासन सञ्चालन गर्ने गर्दछन् । शासनलाई नागरिकको सहभागितामा उनीहरूको चाहना र मागबमोजिम जनमुखी तवरले सञ्चालन गर्न केन्द्रमा रहेको यस्तो शक्ति, अधिकारलाई केन्द्रीय, क्षेत्रीय र स्थानीय तहका सरकारहरूबीच बाँडफाँड गरेर अभ्यास गरिनुपर्ने हुन्छ । जनतालाई वास्तविक रूपमै सार्वभौमसत्ता सम्पन्न बनाउन केन्द्रमा रहेको शक्ति र अधिकारलाई जनतासम्मै पुऱ्याउने दुई वटा विधिहरू हुन्छन्– विकेन्द्रीकरण र सङ्घीयता । विकेन्द्रीकरणमा मूलतः एकात्मक शासन-प्रणालीमा क्षेत्रीय तथा स्थानीय स्तरका निकायहरूले केन्द्रले बनाएको कानूनको सीमाभित्र रहेर आफ्नो व्यवस्थापन आफैँले गर्न सक्ने गरी केन्द्रमा रहेको शक्ति र स्रोतलाई उनीहरूमा हस्तान्तरण गरिन्छ । यसमा क्षेत्रीय र स्थानीय तहका निकायहरू कानून बनाउने हैसियत नभएका गैरसार्वभौमिक इकाइ हुन्छन् । सङ्घीयतामा क्षेत्रीय र स्थानीय तहमा निश्चित विषयमा आफ्नो कानून आफैँले बनाउन सक्ने हैसियत भएका सङ्घीय इकाइहरू (प्रदेश र स्थानीय तह) मा संविधानले नै अधिकार हस्तान्तरण गरेको हुन्छ । अर्थात्, सङ्घीयतामा सङ्घीय इकाइहरू आंशिक रूपमा सार्वभौमिक हुन्छन् । सिद्धान्ततः सङ्घीयता पनि विकेन्द्रीकरण नै हो तर लोकतान्त्रिक, जनमुखी एवम् सहभागितामूलक शासन-प्रणालीको सुनिश्चितताका लागि सङ्घीयताभित्र पनि विकेन्द्रीकरण आवश्यक हुन्छ ।

## सङ्घीयता

राज्यशक्तिलाई भौगोलिक रूपमा दुई वा दुईभन्दा बढी तहमा विभाजन गरी प्रयोग गर्ने पद्धतिलाई सङ्घीयता भनिन्छ । यसमा हरेक तहका सरकारहरूले शक्ति र अधिकारको प्राप्ति सिधै जनताबाट गरेका हुन्छन् र तिनले आफ्नो क्षेत्रभित्र अन्य कुनै पनि अधिकारीको अनुमति, आदेश वा नियन्त्रण बेगर आफ्ना नागरिकका लागि प्रत्यक्ष रूपमा स्वायत्त ढङ्गले कार्य गर्छन् । उनीहरूको यसप्रकारको सार्वभौमिकता र स्वायत्ततालाई संविधानले नै संरक्षित गरेको हुन्छ । त्यसैले सार्वभौमसत्ताको संविधानद्वारा नै राष्ट्रिय र उपराष्ट्रिय तहहरूका स्वायत्त सरकारहरूका बीचमा आंशिक रूपले विभाजन गरी अभ्यास गर्ने पद्धति भएको राज्यलाई सङ्घीय राज्य भनिन्छ । संविधानले नै विभाजन गरेको यस्तो शक्तिलाई केन्द्रीय वा प्रादेशिक सरकार एक्लैले परिवर्तन गर्न सक्दैनन् । संविधानले नै सङ्घ, प्रदेश र स्थानीय तहमा दिइएको अधिकारमा फेरबदल गर्न सम्बन्धित सङ्घीय इकाइको स्वीकृतिमा संविधान नै संशोधन गर्नुपर्ने हुन्छ । संविधानले दिएको अधिकारको सूचीका सम्बन्धमा सबै तहका सरकारले आफ्ना नागरिकका लागि

छुट्टै कानून, अधिकारी तथा निकायहरूको व्यवस्था गरेर सोहीमार्फत त्यस्ता अधिकारहरूको प्रयोग गरी नागरिकलाई सेवा प्रदान गर्ने गर्दछन् ।

सङ्घीयतामा संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका अलग-अलग अधिकार (Exclusive Power) र तिनीहरूबीचको सहकारितामा प्रयोग गरिने सहवर्ती अधिकार (Concurrent Power) लाई परिभाषित गरेको हुन्छ । यसरी अलग्गै तोकिएका अधिकारका विषयमा सम्बन्धित तहका सरकारहरू सार्वभौम हुन्छन् भने साझा अधिकारका विषयहरूमा त्यस्ता तहहरूबीच सहकारिता र साझेदारीमा काम गर्ने गरी प्रबन्ध गरिएको हुन्छ । तसर्थ, सङ्घीयता स्वशासन (Self-rule) र साझेदारी शासन (Shared-rule) दुबैको सँगसँगै प्रयोग हुने संयोजित स्वरूप हो ।

सङ्घीय स्वरूपको राज्यमा केन्द्रीय सरकारको माथिल्लो सदनमा सबै प्रदेश वा राज्यबाट समान प्रतिनिधित्व गराएर राष्ट्रिय नीति-निर्माण प्रक्रियामा उनीहरूको संलग्नताको सुनिश्चित गर्ने गरिन्छ । सङ्क्षेपमा बुँदागत रूपमा भन्नुपर्दा सङ्घीयतामाः

- विभिन्न स्वतन्त्र र स्वायत्त प्रदेशहरूको एक छाता सङ्गठनका रूपमा सङ्घ (केन्द्र) रहेको हुन्छ, जसको कार्यक्षेत्र देशव्यापी हुन्छ र जसले अन्तर्राष्ट्रिय क्षेत्रमा समग्र देशको प्रतिनिधित्व गर्छ ।
- स्पष्ट भौगोलिक सिमाना र स्पष्ट परिभाषित कार्यक्षेत्र भएका विभिन्न प्रदेशहरू हुन्छन् ।
- सङ्घीय इकाइहरूमा स्वशासन हुन्छ, जसलाई सङ्घ वा प्रदेशले एकपक्षीय रूपमा परिवर्तन गर्न सक्दैनन् । तथापि, कतिपय मामिलामा साझेदारी र सहकारिताको अपेक्षा गरिएको हुन्छ ।
- सङ्घ र प्रदेशको अधिकार र जिम्मेवारी संविधानमै प्रस्ट रूपमा उल्लेख गरिएको हुन्छ ।

## सङ्घीयतामा अधिकारको विभाजन

अधिकार र जिम्मेवारी बाँडफाडको हिसाबले सङ्घीय सरकार मूलतः प्रतिरक्षा, राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध, अध्यागमन, अन्तर्राष्ट्रिय व्यापार, भन्सार, मुद्रा, राष्ट्रिय स्तरका पूर्वाधार निर्माण तथा व्यवस्थापन, राष्ट्रव्यापी उपयोग हुने प्राकृतिक स्रोतको व्यवस्थापन, संरक्षण र परिचालनजस्ता कार्यहरूमा केन्द्रित हुन्छ ।

प्रादेशिक सरकारहरू आफ्नो क्षेत्रमा शिक्षा, स्वास्थ्य, सरसफाइजस्ता सामाजिक विकासका कार्यहरू, यातायात, ऊर्जा, सिँचाइजस्ता भौतिक पूर्वाधार विकासका कार्यहरू, भाषिक, धार्मिक तथा जातीय पहिचान र रीतिरिवाजजस्ता सांस्कृतिक पक्षहरूको संरक्षण गर्ने कार्यहरू र कानूनको कार्यान्वयनमार्फत शान्तिसुरक्षा र सामाजिक सुव्यवस्था कायम गर्ने कार्यमा केन्द्रित हुन्छन् ।

त्यसैगरी स्थानीय स्तरका विकास निर्माणका कार्य र आधारभूत सार्वजनिक सेवाहरूको उत्पादन, वितरण र व्यवस्थापनको जिम्मा स्थानीय सरकारहरूलाई दिइएको हुन्छ ।

प्रायजसो सङ्घीय राज्यहरूमा वित्तीय सवालमा सङ्घीय सरकारको बढी प्रभाव रहने गरेको पाइन्छ । राजस्व प्रणालीलाई राम्ररी क्रियाशील र प्रभावकारी बनाउन यसलाई केन्द्रीय स्तरमै सङ्गठित गरिनु आवश्यक हुने हुँदा यसलाई स्वाभाविक पनि मानिन्छ । केन्द्रीय सरकार र राज्य तथा स्थानीय सरकारहरूबीचको वित्तीय प्रवाह (Fiscal flow) ले वित्तीय सङ्घीयता (Fiscal Federalism) को आधार खडा गर्दछ ।

## सङ्घीय राज्य निर्माणका तरिका

सङ्घीय राज्य निर्माणका दुई प्रमुख तरिकाहरू छन् । पहिलो, स्वतन्त्र र सार्वभौम राज्यहरू साझा लाभ हाँसिल गर्न एक ठाउँमा आएर सङ्घीय राज्य निर्माण गर्ने तरिका (Coming together) हो भने दोस्रो, एकात्मक राज्यले शासनलाई समावेशी, सन्तुलित र सहभागितामूलक बनाउन केन्द्रमा सीमित रहेको शक्ति तथा अधिकार र कार्य जिम्मेवारीलाई संविधानमार्फत नै मातहतमा निश्चित भौगोलिक सीमा रहेका विभिन्न प्रदेश तथा स्थानीय तहहरूको व्यवस्था गरी हस्तान्तरण गर्ने तरिका (Holding together) हुन् । पहिलो तरिकाबाट बन्ने सङ्घीय राज्यलाई महासङ्घ (Confederation) भनिन्छ । सुरुमा संयुक्त राज्य अमेरिका, क्यानडा, स्विट्जरल्यान्ड लगायतका मुलुकहरू यही तरिकाबाट बनेका भए पनि यस्तो महासङ्घीय राज्यमा केन्द्रले राज्यहरूले दिएको सीमित अधिकारमात्र प्रयोग गर्न पाउने हुँदा केन्द्र ज्यादै कमजोर हुने भएपछि ती मुलुकहरू राज्यतहका केही महत्वपूर्ण अधिकारलाई केन्द्रमा हस्तान्तरण गरी सङ्घीय स्वरूपमा रूपान्तरण भएका हुन् । अहिले स्वतन्त्र र स्वायत्त राज्यहरू आपसमा मिलेर बन्ने महासङ्घीय स्वरूपका मुलुकहरू अस्तित्वमा छैनन् । तर, युरोपियन युनियनलाई महासङ्घीय स्वरूपको आधुनिक उदाहरण मान्ने गरिन्छ ।

पहिलो तरिकाबाट बन्ने सङ्घीय राज्यमा पहिले नै सार्वभौम र स्वतन्त्र मुलुकहरू एक ठाउँमा आएर सङ्घ निर्माण गर्ने हुँदा यसमा राज्यहरूले आवश्यक ठानेमा सङ्घबाट अलग हुने सम्बन्धमा आफैँले निर्णय लिन सक्ने आत्मनिर्णयको अधिकार (Right to self-determination) रहने गरी राज्यहरूले सम्झौता गरेका हुन सक्छन् । अर्थात्, यसमा राज्यहरूमा सँगै रहने वा अलग हुने भन्ने विषयमा आत्मनिर्णयको अधिकार हुन सक्छ । तर, एकात्मक स्वरूपबाट सङ्घीयतामा जाने तरिकामा भने राज्यहरूमाथि सङ्घले निश्चित हदसम्मको नियन्त्रण कायम गरी राष्ट्रिय एकता र अखण्डतालाई मजबुत राख्ने हुँदा राज्यहरूलाई सङ्घबाट अलग हुने सम्बन्धमा आफैँले निर्णय गर्न सक्ने गरी आत्मनिर्णयको अधिकार दिइएको हुँदैन ।

## सङ्घीयताका सबल तथा दुर्बल पक्षहरू

विश्वव्यापी अभ्यासलाई हेर्ने हो भने लोकतन्त्र र सहभागितामूलक शासन-प्रणालीमा विश्वास गर्ने मुलुकहरूको हकमा या त ठूलो मुलुकमा तल्लो तहसम्म जनताको सहभागिता र स्थानीय स्तरकै संस्था तथा अधिकारीद्वारा प्रभावकारी शासन सञ्चालन गर्न वा सानो मुलुक भए पनि सामाजिक, सांस्कृतिक एवम् भौगोलिक विविधताको व्यवस्थापन गर्दै राष्ट्रिय एकता र अखण्डतालाई मजबुत तुल्याउन सङ्घीय प्रणालीको अभ्यास हुँदै आएको पाइन्छ । पछिल्लो समयमा द्वन्द्वग्रस्त मुलुकहरूको द्वन्द्व समाधान र दिगो शान्ति स्थापनाको उपायको रूपमा समेत सङ्घीयतालाई लिने गरिएको छ । यद्यपि, सङ्घीयता यस्ता सबैखाले समस्याको अचुक औषधि भने पक्कै हैन । सङ्घीयता अवलम्बन गरेका कतिपय मुलुक अत्यन्तै सफल पनि छन् भने कतिपय मुलुकहरू झन् समस्याग्रस्त बनेका पनि छन् । त्यसैले, सङ्घीयताका सबल र दुर्बल दुबै पक्षहरू रहेका छन्, जसलाई देहायअनुसार उल्लेख गर्न सकिन्छ :

### सबल पक्षहरू

- सरकार र सार्वजनिक सेवा-प्रवाहलाई नागरिकको नजिकसम्म पुर्‍याउँछ ।
- शासनमा निरङ्कुशताको विकास हुने सम्भावना कम हुन्छ ।
- राज्य-प्रणालीमा विविधताको प्रतिनिधित्व गराउन सम्भव हुन्छ ।

- अन्तर-तह तथा अन्तर-सरकार प्रतिस्पर्धाको विकास गराउँछ।
- सामाजिक तथा राजनीतिक द्वन्द्वको समाधान गर्न सम्भव हुन्छ।
- बहुजातीय तथा बहुराष्ट्रिय मुलुकमा एकता र अखण्डताको मजबुत हुन्छ।
- जातीय तथा सांस्कृतिक पहिचानको संरक्षण र निरन्तरता सम्भव हुन्छ।
- सार्वभौमसत्ता वास्तविक रूपमै जनतामा हस्तान्तरण हुन्छ।
- सहभागितामूलक, पारदर्शी र उत्तरदायी शासनको प्रवर्धन हुन्छ।

## दुर्बल पक्षहरू

- महत्वपूर्ण विषयमा निर्णय गर्न सङ्घ र प्रदेश सरकारका बीचमा सहमति आवश्यक पर्ने हुँदा सङ्घीयताले सरकारको कार्यकुशलता र प्रभावकारिता कमजोर बनाउन सक्छ, निर्णय लिनमा कठिन हुन्छ।
- राजनीतिज्ञहरूको उत्तरदायित्वलाई कमजोर बनाउँछ। उनीहरू आफ्ना नीति तथा निर्णयको असफलतालाई अन्य तहको सरकारलाई जिम्मेवार देखाएर पन्छिने अवस्था रहन्छ।
- समाजका द्वन्द्वका कारणहरू प्रायजसो भौगोलिक नभई सामाजिक हुने हुँदा शक्तिको भौगोलिक आधारमा विभाजन गरेर सामाजिक समस्याको समाधान सम्भव छैन।
- अनुभवले सङ्घीयता जातीय समूहबीच सद्भाव र सहअस्तित्व सुनिश्चित गर्ने सूत्र बन्न नसक्ने देखाउँछ। जस्तै युगोस्लाभिया।
- दोहोरो शासनको सम्भावना रहन्छ। नागरिकले एउटै विषयमा सङ्घ र राज्यको छुट्टाछुट्टै शासनको पालना गर्नुपर्ने हुन सक्छ।
- एउटै मुलुकका नागरिकलाई फरक-फरक राज्यमा सेवा, सुविधा, अवसर र कानूनी हिसाबले फरक-फरक व्यवहार गरिन्छ।
- सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूबीच शक्ति, अधिकार र जिम्मेवारीका सवालमा द्वन्द्व सिर्जना हुन सक्छ।
- शासनमा स्थानीय सम्भ्रान्तहरूको नियन्त्रण (Local elites' capture) को जोखिम हुन्छ।
- कुनै सङ्घीय इकाइको आर्थिक स्थायित्व कायम गरिरहने क्षमताको अभाव भएमा सम्पूर्ण मुलुकमा समष्टिगत आर्थिक अस्थिरता सिर्जना हुन सक्छ।
- राज्यहरूका बीचमा विकासमा असन्तुलन कायम हुने सम्भावना रहन्छ।
- राम्ररी व्यवस्थापन गर्न सकिएन भने सङ्घीयताले राष्ट्रिय एकता र अखण्डतालाई मजबुत नभई झन् कमजोर तुल्याउन सक्छ।
- प्रशासनिक लागायतका हिसाबले सङ्घीयता एक ज्यादै खर्चिलो शासकीय पद्धति हो।

## सङ्घीयताका प्रकार

सङ्घीयताका प्रकारलाई सङ्घ र राज्यबीचमा अधिकारको बाँडफाँड र तिनहरूबीचको कार्य तथा जिम्मेवारीमा आधारित अन्तरसम्बन्धका आधारमा देहायअनुसार उल्लेख गर्न सकिन्छ :

१. **केन्द्रमुखी सङ्घीयता (Centripetal Federalism):** प्रदेश तह तुलनात्मक रूपमा कमजोर रही सङ्घ बढी शक्तिशाली हुने स्वरूपको सङ्घीय प्रणाली केन्द्रमुखी सङ्घीयता भनिन्छ । यसमा प्रदेश र स्थानीय तहहरूले आफ्नो शासनका धेरै विषयमा केन्द्रको मुख ताक्नुपर्ने अवस्था रहन्छ ।

२. **केन्द्रबिमुख सङ्घीयता (Centrifugal Federalism):** सङ्घभन्दा प्रदेशहरू बढी शक्तिशाली हुने व्यवस्था भएको सङ्घीय स्वरूपलाई केन्द्रबिमुख सङ्घीयता भनिन्छ । यसमा प्रदेश र स्थानीय तहहरूले आफ्नो शासन सञ्चालन गर्न आवश्यक पर्ने सबैजसो कार्य गर्न केन्द्रको मुख ताक्नुनपर्ने हुन्छ ।

३. **दोहोरो सङ्घीयता (Dual Federalism):** सङ्घ र प्रदेशका बीचमा शक्ति तथा अधिकार र कार्यको स्पष्ट विभाजन भएको र दुबै तह आआफ्नो क्षेत्राधिकारमा रही कार्य गर्न पूर्ण रूपले स्वायत्त हुने पद्धतिलाई दोहोरो सङ्घीयता भनिन्छ । यसमा दुबै तह सार्वभौम हुन्छन् र एकले अर्कोलाई हस्तक्षेप गर्न सक्दैनन् । यसमा सार्वभौमसत्ताको दोहोरो प्रयोग हुन्छ । यसलाई प्रतिस्पर्धात्मक सङ्घीयता (Competitive Federalism) पनि भनिन्छ किनभने यसमा सङ्घ र प्रदेश उत्तिकै अधिकार सम्पन्न र समान हैसियतमा हुन्छन् ।

४. **सहकारितामूलक सङ्घीयता (Cooperative Federalism):** दोहोरो वा प्रतिस्पर्धात्मक सङ्घीयताभन्दा ठीक उल्टो सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरू पूर्ण रूपले सार्वभौम नभई तिनीहरूले परस्परमा सहकार्य, समन्वय र साझेदारीमा कार्य गर्ने किसिमको व्यवस्था भएको सङ्घीयतालाई सहकारितामूलक सङ्घीयता भनिन्छ ।

५. **अधिकारको समान बाँडफाँड भएको सङ्घीयता (Symmetric Federalism):** सङ्घ मातहतका सबै प्रदेशहरूका बीचमा अधिकार र जिम्मेवारीको समान रूपमा बाँडफाँड गरिएको सङ्घीय स्वरूपलाई अधिकारको समान बाँडफाँड भएको सङ्घीयता भनिन्छ ।

६. **अधिकारको असमान बाडफाँड भएको सङ्घीयता (Asymmetric Federalism):** यदि आकार, क्षमता र अवसरको उपलब्धताको आधारमा सङ्घले मातहतका प्रदेशहरूलाई फरक-फरक अधिकार र जिम्मेवारी दिएको छ भने त्यसलाई अधिकारको असमान बाँडफाँड भएको सङ्घीयता भनिन्छ ।

## सङ्घीयता व्यवस्थाको सफलताका पूर्वशर्तहरू

१. **भौगोलिक सामीप्यता (Geographical Contiguity):** सङ्घीयतामा राज्यहरूको निर्माण गर्दा भौगोलिक हिसाबले निकट वा समिपमा रहेका क्षेत्रहरूलाई एउटै राज्यमा समावेश गर्नुपर्छ ता कि भौगोलिक अविच्छिन्नता कायम रहिरहोस् ।

२. **साझा हितको विकास (Community of interest):** जनताले गुमाउन नचाहने जीवनका विभिन्न जातीय, धार्मिक, सांस्कृतिक स्वरूपका बीचमा एक साझा पहिचानको विकास गरिनु जरुरी हुन्छ ।

३. **सामाजिक तथा राजनीतिक संस्थाहरुमा एकरूपता (Similarity of social and political institutions):** सङ्घ तथा प्रदेश दुबै तहका शासन-प्रणालीका स्वरूपहरू एउटै हुनुपर्छ । र, समाजका सबैखाले सामाजिक तथा राजनीतिक संस्थाहरूमा एकरूपता कायम गरिनुपर्दछ ।

४. **देखिने खालको असमानताको अन्त्य (Absence of marked inequality):** सङ्घ मातहतका प्रत्येक राज्यहरूले सम्भव भएसम्म भूगोल र जनसङ्ख्याका हिसाबले नभए पनि शक्ति र अधिकारका हिसाबले समान हैसियतको उपयोग गर्न पाउनुपर्छ ।

५. **सामाजिक-आर्थिक विकास (Socio-economic development):** सङ्घीयताको सफलताका लागि शिक्षित र सचेत नागरिक हुनु आवश्यक हुन्छ ता कि उनीहरूले विवेकपूर्ण ढङ्गले राजनीतिक प्रक्रियामा संलग्नता जनाउन सकून्। त्यस्तै, यो एक ज्यादै महँगो प्रणाली भएकोले त्यसलाई धान्ने गरी आर्थिक विकास हुनु जरुरी हुन्छ।

६. **राजनीतिक क्षमता (Political ability):** आफ्नो राजनीतिक प्रणालीप्रतिको मूल्य-मान्यताका सम्बन्धमा आफ्नै धारणा, विचार र प्रतिबद्धता भएका नागरिक भएको विकसित राजनीतिक संस्कृति हुनु आवश्यक हुन्छ।

७. **राजनीतिक तथा राष्ट्रिय एकीकरण (Political and national integration):** मुलुकभर बस्ने नागरिक भौगोलिक तथा सामाजिक-सांस्कृतिक विविधताका बावजुद राजनीतिक एवम् राष्ट्रियताका आधारमा एकीकृत हुनु आवश्यक हुन्छ।

८. **राज्य-राज्यबीचको समन्वय (State-state co-ordination):** विभिन्न तहका सरकारहरूबीचमा समन्वय कायम गर्न निश्चित अन्तर-सरकार समन्वय संयन्त्रको व्यवस्था गरिनु आवश्यक हुन्छ।

९. **निश्चित हदसम्मको केन्द्रीकरण (Reasonable trend towards centralization):** प्रदेश सरकारले आवश्यकता अनुसार केन्द्र सरकारको निश्चित हदसम्मको मनासिब कदमलाई स्वीकार गर्नुपर्छ। अर्थात्, सङ्घीयतामा पनि निश्चित विषयहरूमा शक्तिको केन्द्रीकरण हुनु आवश्यक हुन्छ।

## सङ्घीयता कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने कुराहरू:

ठूलो भूगोल भएको मुलुकमा सरकार र सार्वजनिक सेवा-प्रवाहलाई तल्लो तहसम्म पुऱ्याउन र सामाजिक-सांस्कृतिक विविधता भएको मुलुकमा विविधताको पहिचान र सम्मान गर्दै राष्ट्रिय एकता र अखण्डता मजबुत बनाउन तथा सामाजिक एवम् राजनीतिक द्वन्द्वको समाधान गर्न सङ्घीय शासन-प्रणाली उपयुक्त मानिन्छ। नेपाल भूगोलको हिसाबले सानो मुलुक भए पनि यहाँको समाज जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक रूपले विविधतापूर्ण भएको सन्दर्भमा राम्ररी व्यवस्थापन गर्न सकेको खण्डमा नेपालका लागि सङ्घीय शासन-प्रणाली फाइदाजनक हुन सक्छ। तर, यसको उचित व्यवस्थापन गर्न सकिएन भने नेपालजस्तो विविधतायुक्त राजनीतिक एवम् आर्थिक तथा सामाजिक सांस्कृतिक, संस्था तथा प्रणालीको उचित विकास भइनसकेको एक विकासशील मुलुकका लागि सङ्घीय शासन-प्रणाली सन्तुलित विकास, नागरिक अधिकारको प्रवर्धन र राष्ट्रिय एकता र अखण्डताका सन्दर्भमा जोखिमपूर्ण हुन सक्छ। तसर्थ, नेपालले सङ्घीय शासन-प्रणालीको अवलम्बन गर्दा केही महत्वपूर्णकुराहरूमा ध्यान पुऱ्याउनु जरुरी छ। यस्ता प्रमुख कुराहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण्ण राख्ने कुरामा विशेष ध्यान दिइनुपर्छ।
- प्रदेशहरूबीचमा प्राकृतिक तथा अन्य स्रोतहरूको समान वितरण, आपसी अन्तरसम्बन्ध तथा आवागमन (Connectivity) र सामाजिक सांस्कृतिक अविच्छिन्नता कायम राख्न उचित प्रबन्ध गरिनुपर्छ।
- सबै तहमा सामाजिक समावेशीकरण र मूल प्रवाहीकरणको सुनिश्चित गरिनुपर्दछ।
- द्वन्द्वलाई निरुत्साहन र सांस्कृतिक सहिष्णुता र सहअस्तित्वको प्रवर्धन गर्नुपर्छ।
- सङ्घीयताभित्र विकेन्द्रीकरण र स्थानीय स्वायत्तताको सुनिश्चितता गरिनुपर्दछ।
- स्थानीय तह र प्रदेशहरूको स्रोत परिचालन गर्ने तथा खर्च गर्ने क्षमता बढाइनुपर्छ।
- प्रशासनिक खर्च न्यून गर्न चुस्त संरचना र मितव्ययी कार्यविधिको प्रयोग गर्नुपर्छ।

- अन्तरतह द्वन्द्व तथा विवाद समाधानका संयन्त्रहरूको व्यवस्था गरिनुपर्दछ।
- शक्ति र अधिकारमा स्थानीय टाठाबाठाको कब्जा हुन नदिन विशेष ध्यान दिइनुपर्दछ।
- केन्द्रीय सरकारले स्रोतसाधन, अवसर र क्षमताको हिसाबले कमजोर प्रदेश तथा स्थानीय तहहरूलाई विशेष सहयोग प्रदान गर्नुपर्दछ।
- स्थानीय तहको संस्थागत क्षमता विकासमा उचित ध्यान दिइनुपर्छ।
- प्रदेश तथा स्थानीय तहमा हुन सक्ने सम्भावित वित्तीय जोखिम न्यूनीकरणका पर्याप्त उपायहरूको व्यवस्था गरिनुपर्छ।
- सङ्घद्वारा आवश्यक मापदण्डको विकास र त्यसको कार्यान्वयनको अनुगमन गरी प्रदेश र स्थानीय तहको सेवाको उचित गुणस्तर कायम गरिनुपर्छ।

## विकेन्द्रीकरण

सामान्यतया केन्द्रमा रहेको शक्ति, अधिकार, जिम्मेवारी र स्रोत-साधनलाई तल्लो तहमा हस्तान्तरण गर्ने प्रक्रिया नै विकेन्द्रीकरण हो। यो केन्द्रीय सरकारले आफूमा निहित शक्ति, अधिकार र स्रोत क्षेत्रीय एवम् स्थानीय तहका राजनीतिक इकाइ तथा प्रशासनिक कार्यालयहरूलाई सुम्पने कार्य हो। तर, विकेन्द्रीकरण सधैँ सरकारको माथिल्लो निकायबाट तल्लो निकायमा ठाडो रूपमा मात्र हुन्छ भन्ने छैन। शासनका केन्द्रीय, क्षेत्रीय तथा स्थानीय तहले आफ्ना कार्य तथा जिम्मेवारीलाई सरकारभन्दा बाहिरका बजार वा निजी क्षेत्र र गैरसरकारी क्षेत्रमा क्षितीजीय रूपमा हस्तान्तरण गर्नु पनि विकेन्द्रीकरणकै एक आयाम हो।

विकेन्द्रीकरणलाई विभिन्न विद्वान् तथा संस्थाहरूले विभिन्न तरिकाले परिभाषित गरेका छन्। Crook and Manor का अनुसार विकेन्द्रीकरण भनेको राजनीतिक प्रणालीमा अधिकार र स्रोतसाधनलाई उच्चतहबाट तल्ला तहहरूमा हस्तान्तरण गर्ने कार्य हो। Litvac, Ahmad & Bird ले विकेन्द्रीकरणलाई वित्तीय, राजनीतिक र प्रशासनिक जिम्मेवारीहरूको सरकारका विभिन्न तहहरू तथा सार्वजनिक र निजी क्षेत्रहरूका बीचमा बाँडफाँड गर्ने कार्य हो भनेका छन्। विश्व बैङ्कका अनुसार सार्वजनिक कार्यहरूको अधिकार र जिम्मेवारीलाई केन्द्रीय सर कारबाट क्षेत्रीय तथा स्थानीय सकारहरू, अर्धस्वायत्त सरकारी सङ्गठनहरू र निजी क्षेत्रमा हस्तान्तरण गर्ने कार्य नै विकेन्द्रीकरण हो। त्यसैगरी युएनडीपीका अनुसार विकेन्द्रीकरण भनेको अधिकारको यस्तो किसिमले पुनसंरचना वा पुनर्सगठन गर्ने कार्य हो, जसले गर्दा परिपुरणको सिद्धान्तअनुसार केन्द्रीय, क्षेत्रीय तथा स्थानीय तहका शासनका संयन्त्रहरूका बीचमा सह-जिम्मेवारीको प्रणाली कायम हुन्छ। यसले शासन-प्रणालीको समग्र गुणस्तर र प्रभावकारिता बढाउँछ भने उपराष्ट्रिय तहहरूको अधिकार र क्षमता अभिवृद्धि गर्दछ।

यी परिभाषाहरूका आधारमा के भन्न सकिन्छ भने विकेन्द्रीकरण भनेको नागरिकलाई उनीहरूको नजिकको सेवा-प्रदायक संस्था वा इकाइबाट सरल, सुलभ र सहज ढङ्गले सेवा दिन तथा विकास प्रक्रियालाई नागरिक आवश्यकता तथा मागमा आधारित र सहभागितामूलक तुल्याउन केन्द्रमा रहेको राजनीतिक, वित्तीय र प्रशासननिक शक्ति र अधिकारलाई प्रादेशिक तथा स्थानीय सरकारहरू, मातहतका सार्वजनिक निकाय तथा कार्यालय र अर्धस्वायत्त सरकारी संस्था, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रलाई हस्तान्तरण गर्ने प्रक्रिया हो।

## विकेन्द्रीकरणका आधारहरू

विकेन्द्रीकरणको प्रभावकारी अभ्यासका लागि केही निश्चित आधारहरूको जरुरी पर्दछ । अर्को शब्दमा यस्ता आधारहरूलाई विकेन्द्रीकरण कार्यान्वयनका पूर्वशर्त पनि भन्न सकिन्छ । विकेन्द्रीकरणका यस्ता प्रमुख आधार वा पूर्वशर्तहरूलाई देहायअनुसार उल्लेख गर्न सकिन्छः

१. **नीतिगत तथा कानूनी संरचना (Policy and legal framework):** अधिकार र स्रोतको हस्तान्तरण कानूनद्वारा गरिएको हुनुपर्छ र क्षेत्रीय तथा स्थानीय तहको संस्था तथा संरचनाहरू के-के हुने ? तिनको गठन कसरी हुने ? काम, कर्तव्य र अधिकार के हुने र तिनको प्रयोग कसरी गर्ने ? भन्नेजस्ता कुराहरू स्पष्ट रूपमा परिभाषित गर्ने नीति, कानून तथा नियमहरूको व्यवस्था गरिएको हुनुपर्छ ।

२. **कार्यजिम्मेवारी (Function):** यस्ता नीति, कानून तथा नियमहरूले क्षेत्रीय तथा स्थानीय तहहरूलाई कम्तिमा पनि स्थानीय तहका सबै आधारभूत विषयहरूमा आफैँले निर्णय लिई कार्यान्वयन गर्न सक्ने (केन्द्रमा निर्भर हुनुनपर्ने) गरी पर्याप्त कार्य जिम्मेवारी र अधिकार दिएको हुनुपर्छ ।

३. **वित्तीय व्यवस्था (Fund/Finance):** विकेन्द्रीकरणका नाममा स्थानीय तहमा आवश्यक वित्तीय स्रोत बेगरको अधिकार र जिम्मेवारी (Unfunded responsibility) मात्र हस्तान्तरण गरियो भने स्थानीय तहहरूले आफूलाई प्राप्त अधिकारको अभ्यास र जिम्मेवारीको निर्वाह गर्न सक्दैनन् । त्यसैले हस्तान्तरण गरिएका अधिकार र कार्यहरू कार्यान्वयन गर्न आवश्यक पर्ने यथेष्ट वित्तीय स्रोतको व्यवस्था गरिनुपर्छ । यसका लागि स्थानीय तहको आन्तरिक आयबाट नपुग हुने स्रोत केन्द्रीय वित्तीय हस्तान्तरणबाट पूर्ति गरिनुपर्छ ।

४. **कार्यशक्ति/कर्मचारीहरू (Functionaries):** हस्तान्तरित कार्यजिम्मेवारी र अधिकारको प्रभावकारी कार्यान्वयन गर्न क्षेत्रीय तथा स्थानीय तहका निकाय, कार्यालय र संस्थाहरूमा दक्ष, सक्षम र जिम्मेवार कर्मचारी एवम् अन्य अधिकारीहरूको व्यवस्था गरिनुपर्दछ । यस्ता निकायहरूमा कार्यरत कर्मचारीहरू तथा जनप्रतिनिधिहरूको समेत निरन्तर रूपमा क्षमता विकास गर्ने कार्यक्रमहरूको व्यवस्था गरिनुपर्छ ।

५. **अनुगमन तथा मूल्याङ्कन र पृष्ठपोषण (Follow-up):** विकेन्द्रीकरणको प्रभावकारी कार्यान्वयनका लागि कानूनले अधिकार दिएर त्यसको कार्यान्वयन गर्न आवश्यक स्रोत तथा जनशक्तिको व्यवस्था गरेरमात्र पुग्दैन । कानूनले दिएको अधिकारको प्रभावकारी कार्यान्वयन भएको छ छैन ? के-कस्ता समस्याहरू देखापरेका छन् ? त्यस्ता समस्याको समाधान गर्न के गर्नुपर्ने हुन्छ ? भन्नेजस्ता विषयमा केन्द्रीय सरकारले नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र पृष्ठपोषण दिने व्यवस्था गरिनु अति आवश्यक हुन्छ ।

## विकेन्द्रीकरणको तरिका

विकेन्द्रीकरणका अधिकार स्थानान्तरण, अधिकार प्रत्यायोजन, अधिकार निक्षेपण र विनिवेश वा निजीकरण गरी चार वटा प्रमुख तरिकाहरू हुन्छन् । यी प्रत्येक तरिकाबारे यहाँ सङ्क्षेपमा चर्चा गरिन्छ ।

१. **अधिकार स्थानान्तरण (Deconcentration):** केन्द्रीय तहका प्रशासनिक तथा सेवा-प्रदायक निकायहरूले आफूमा निहित अधिकार र कार्यजिम्मेवारीहरू आफूमातहत क्षेत्रीय, जिल्ला तथा स्थानीय स्तरमा शाखा कार्यालयहरू खोली तत्तत् तहबाटै काम गर्नेगरी सार्ने कार्यलाई अधिकार स्थानान्तरण भनिन्छ । यस्ता कार्यालयहरूले नीतिगत, वित्तीय तथा प्रशासनिक मामिलामा निर्णय लिने सम्बन्धमा सीमित मात्रामा मात्र अधिकार र स्वायत्तता प्राप्त गरेका हुन्छन् । यिनीहरूल केन्द्रकै योजना, कार्यक्रम, बजेट र निर्णय तथा निर्देशनका आधारमा केन्द्रबाटै खटिएका कर्मचारीमार्फत कार्यसम्पादन गर्ने गर्दछन् । यस्ता निकायहरू केन्द्रको अधीनस्थ निकायका रूपमा रहेका हुन्छन् र तिनले गर्ने काम-कारवाहीको उत्तरदायित्व भने केन्द्रीय

निकायमै रहने गर्छ । नेपालमा सङ्घीय तथा प्रदेश सरकारका विभिन्न मन्त्रालयहरूअन्तर्गतका जिल्ला, डिभिजन, इलाका र स्थानीय स्तरका स्थलगत कार्यालयहरू यसका उदाहरणहरू हुन् ।

२. **अधिकार प्रत्यायोजन (Delegation):** कानूनद्वारा वा सम्झौतामार्फत सरकारले आफ्ना कार्यहरू सरकारको अप्रत्यक्ष नियन्त्रण रहेका मातहतका निकाय वा अर्धस्वायत्त निकायकाहरूलाई हस्तान्तरण गर्ने कार्यलाई अधिकार प्रत्यायोजन भनिन्छ । यसमा सरकारले प्रष्टसँग परिभाषित गरिएका निश्चित कामहरूको सम्बन्धमा निर्णय लिने र प्रशासन गर्ने अधिकार तथा जिम्मेवारीलाई नियम, कार्यविधि, निर्देशिका, कार्यकारी आदेश वा सम्झौतामार्फत सरकारभन्दा बाहिरका तर सरकारप्रति उत्तरदायी हुने अर्धस्वायत्त निकायहरूलाई दिएको हुन्छ । यस्ता निकायहरूमा सार्वजनिक संस्थानहरू, विकास समितिहरू, बोर्ड तथा प्राधिकरणहरू आदि पर्दछन् ।

कहिलेकाहीँ अधिकार प्रत्यायोजन एउटा सरकारी निकायले अर्को सरकारी कार्यालयलाई गर्न पनि सक्छ । जस्तो अख्तियार दुरुपयोग अनुसन्धान आयोगले केही जिल्लाहरूमा आफ्नो अधिकारको प्रयोग प्रमुख जिल्ला अधिकारीले गर्ने गरी प्रत्यायोजन गरेको पनि पाइन्छ ।

प्रशासनिक संयन्त्रभित्र माथिल्लो तहको निकाय वा अधिकारीले आफू मातहतको निकाय वा अधिकारीलाई आफूमा रहेको अधिकार हस्तान्तरण गर्ने कार्यहरूलाई पनि अधिकार प्रत्यायोजन भनिन्छ । अधिकार स्थानान्तरण र प्रत्यायोजन दुबै स्वरूपको विकेन्द्रीकरणमा केन्द्रमा रहेको प्रशासनिक अधिकार मातहतका प्रशासनिक इकाइमा मात्र हस्तान्तरण गरिन्छ। यसमा राजनीतिक र वित्तीय अधिकारको हस्तान्तरण हुँदैन ।

३. **अधिकारको निक्षेपण (Devolution):** केन्द्रीय सरकारले आफूमा रहेको राजनीतिक, वित्तीय तथा प्रशासनिक अधिकार कानूनद्वारा छुट्टै सरकारी निकायको हैसियत पाएका अर्धस्वायत्त निर्वाचित स्थानीय निकायहरूलाई हस्तान्तरण गर्ने कार्यलाई अधिकार निक्षेपण भनिन्छ । यस्ता निकायहरू केन्द्रीय सरकारको प्रत्यक्ष नियन्त्रणमा नभई सरकारको अलग्गै तहका रूपमा बढी स्वतन्त्र र स्वायत्त रही क्रियाशील हुन्छन् । यिनीहरूले कानूनले दिएको अधिकारका सम्बन्धमा आफ्नो निर्णय, व्यवस्थापन र नियन्त्रण आफैँले गर्ने गरी स्वायत्तता पाएका हुन्छन् । निक्षेपणमा स्थानीय निकायहरूको छुट्टाछुट्टै स्पष्ट निर्धारित भौगोलिक सिमाना हुन्छ, जसभित्र उनीहरूले आफूलाई प्राप्त अधिकारको प्रयोग गरी सार्वजनिक कार्य-सम्पादन गर्छन् । स्थानीय निकायहरूको कर्पोरेट हैसियत हुन्छ र उनीहरूले आफ्नो स्रोत आफैँ जुटाउने र खर्च गर्ने अधिकार प्राप्त गरेका हुन्छन् ।

४. **विनिवेश वा निजीकरण (Divestment or Privatization):** केन्द्रीय, क्षेत्रीय, जिल्ला वा स्थानीय तहका सरकार वा सरकारी निकायहरूले आफ्नो कार्य जिम्मेवारीहरूलाई सरकारभन्दा बाहिरतर्फका निजी तथा गैरसरकारी क्षेत्रमा हस्तान्तरण गरी त्यस्ता क्षेत्रहरूमार्फत सार्वजनिक कामहरू सम्पादन गराउने कार्यलाई विनिवेश वा निजीकरण भन्ने गरिन्छ । यसमा केन्द्रीय, क्षेत्रीय तथा स्थानीय सरकार वा सरकारी निकायहरूले सार्वजनिक क्रियाकलापहरूलाई अनियमन तथा निजीकरण, बाह्य करार तथा सेवा करार, सार्वजनिक-निजी-साझेदारी, फ्रेन्चाइजिङ (सरकारले निर्धारण गरेको नीतिनियमअनुरूप कुनै व्यक्ति, उद्योग वा सङ्गठित संस्थालाई व्यवस्थापन गर्ने वा वस्त तथा सेवा बिक्रीवितरण गर्ने अधिकार दिनु), व्यवसाय अनुमतिपत्र, स्वामित्व सरकारमै राखी ठेक्कामा सञ्चालन गर्ने र गैरसरकारी तथा निजी क्षेत्र एवम् विशेष निकायहरूको परिचालनमार्फत काम गर्ने गरिन्छ ।

## विकेन्द्रीकरणका प्रकार

**विकेन्द्रीकरणका देहायअनुसारका चार वटा प्रमुख प्रकारहरू हुन्छन्:**

१. **राजनीतिक विकेन्द्रीकरण (Political Decentralization):** स्थानीय तहले आफ्नो निर्णय आफैँले गर्न सक्ने गरी केन्द्रबाट शक्ति तथा अधिकारको हस्तान्तरण गरिनुलाई राजनीतिक विकेन्द्रीकरण भनिन्छ। यसमा खासगरी स्थानीय शासन स्थानीय निर्वाचित निकायबाट सञ्चालन हुने, त्यस्ता निकायको निर्वाचनमा सहभागी हुने र मतदान गर्ने अधिकार स्थानीय नागरिकलाई मात्र हुने र यसरी निर्वाचित स्थानीय निकायले स्थानीय राजनीतिक, आर्थिक, प्रशासनिक विषयमा आफैँले निर्णय लिन पाउने गरी कानूनी व्यवस्था गरिएको हुन्छ।

२. **प्रशासनिक विकेन्द्रीकरण (Administrative Decentralization):** केन्द्रीय सरकारले सार्वजनिक सेवा-प्रवाह गर्ने सम्बन्धमा आफूमा रहेको अधिकार, जिम्मेवारी र स्रोत-साधनलाई क्षेत्रीय, जिल्ला तथा स्थानीय तहका सरकारहरूमा हस्तान्तरण गर्नुलाई प्रशासनिक विकेन्द्रीकरण भनिन्छ। यो निश्चित सार्वजनिक कार्यको योजना गर्ने, स्रोत जुटाउने, र व्यवस्थापन गर्ने जिम्मेवारीलाई केन्द्रीय सरकार तथा सरकारी निकायहरूबाट विभिन्न तहका सरकारहरू, सरकारी कार्यालयहरू तथा सार्वजनिक संस्थानहरूलाई सुम्पने कार्य हो।

३. **वित्तीय विकेन्द्रीकरण (Fiscal Decentralization):** क्षेत्रीय तथा स्थानीय सरकारहरू लाई आफ्नो स्रोत आफैँ जुटाउने तथा त्यसको बाँडफाँड र खर्च आफैँले गर्न पाउने गरी अधिकार हस्तान्तरण गर्नु वित्तीय विकेन्द्रीकरण हो । वित्तीय विकेन्द्रीकरणका खर्च जिम्मेवारी (Expenditure Assignment), राजस्व जिम्मेवारी (Revenue Assignment), अन्तरसरकारी हस्तान्तरण वा अनुदान (Inter-governmental Transfer or Grant) र उपराज्यीय ऋण (Sub-national Borrowing) जस्ता चार पक्षहरू पर्दछन्।

   त्यसैले, वित्तीय विकेन्द्रीकरणमा स्थानीय निकायले विभिन्न खाले करहरू, दस्तुर, शुल्क तथा जरिवाना, रोयल्टी, सम्पत्ति बेचबिखन तथा भाडा, लगानीवापत मुनाफा, ऋण, अन्तरसरकारी वित्तीय हस्तान्तरण र केन्द्रीय अनुदानजस्ता स्रोतबाट आफ्नो आय प्राप्त गर्दछन्। र, यसरी प्राप्त आयलाई आफ्नो प्राथमिकताका क्षेत्रमा आफूले चाहेअनुसार विनियोजन गर्ने र खर्च गर्ने स्वतन्त्रता राख्दछन्।

४. **बजार विकेन्द्रीकरण (Market Decentralization):** केन्द्र, क्षेत्र वा स्थानीय सकारले आफ्ना कामहरू बजारमार्फत गर्ने गरी सरकारभन्दा बाहिरतर्फ निजी तथा गैरसरकारी क्षेत्रमा हस्तान्तरण गर्ने कार्य नै बजार विकेन्द्रीकरण हो। यसमा सरकारका कार्य र जिम्मेवारीहरूलाई अनियमन (Deregulation), निजीकरण (Privatization), सार्वजनिक निजी साझेदारी (Public-private-partnership), बाह्य करार (Contracting-out), सेवा करार (Service contract), गैरसरकारी तथा सामुदायिक संस्थाहरूको परिचालन (Mobilization या NGOs & CBOs) जस्ता विधिद्वारा बजारमार्फत गराउने प्रबन्ध मिलाइएको हुन्छ।

## विकेन्द्रीकरणका सिद्धान्त

विकेन्द्रीकरण केही निश्चित सिद्धान्त तथा मान्यताहरूमा आधारित हुन्छ। जनतालाई आफ्नो विषयमा आफैँले निर्णय लिने स्वतन्त्रता प्रदान गर्नु, सहभागितामूलक विकास प्रक्रियाको सुनिश्चित गर्नु र सरकारलाई जनताको

सन्निकट पुऱ्याउनु विकेन्द्रीकरणका मुख्य ध्येयहरू हुन् । यसै पृष्ठभूमिका आधारमा विकेन्द्रीकरणका सिद्धान्तहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

१. **परिपुरणको/सन्निकटताको सिद्धान्त (Principle of Subsidiarity):** नागरिकलाई दिइने सेवा तिनको सबैभन्दा निकटको निकायबाट दिइनुपर्छ ।

२. **समपुरणको सिद्धान्त (Principle of Correspondence):** सार्वजनिक सेवाप्रवाह व्यवस्थापनको जिम्मा त्यो सेवा जुन तहसँग सम्बन्धित हो, त्यही तहलाई दिइनुपर्छ । उदाहरणका लागि एक गाउँपालिका क्षेत्रलाई समेट्ने सेवा-प्रवाह गर्ने जिम्मा सोही गाउँपालिकालाई दिनुपर्छ भने दुई वा दुईभन्दा बढी गाउँपालिकालाई समेट्ने सेवाप्रवाह गर्ने जिम्मा गाउँपालिकाभन्दा माथिल्लो इकाइमा दिइनुपर्छ ।

३. **उपयुक्त सङ्गठनको सिद्धान्त (Principle of most appropriate agencies):** जुन काम गर्न जुन संस्था उपयुक्त र सक्षम छ, त्यो काम उसैलाई दिइनुपर्छ ।

४. **सार्वभौमसत्ता सम्पन्न जनताको सिद्धान्त (Principle of People's Sovereignty):** शक्ति तथा निर्णय निर्माणको अधिकार जनतामा निहित हुनुपर्छ ।

५. **अधिकारसहितको जिम्मेवारीको हस्तान्तरणको सिद्धान्त (Principle of Decentralizing Responsibility with Authority):** जिम्मेवारी हस्तान्तरण गर्ने क्रममा सँगसँगै यथेष्ट अधिकार पनि दिइनुपर्दछ ।

६. **नागरिक सशक्तीकरणको सिद्धान्त (Principle of people empowerment):** शासन-प्रणाली नागरिकलाई सशक्तीकरण र सक्षेमीकरण गरी उनीहरूको अर्थपूर्ण सहभागितामा सञ्चालन गरिनुपर्दछ ।

९. **सहभागिता र स्वामित्वको सिद्धान्त (Principle of Participation and Ownership):** स्थानीय जनताहरूको स्थानीय शासन-पद्धति, विकास निर्माण प्रक्रिया र निर्णय निर्माण प्रक्रियामा सहभागिता सुनिश्चित गर्दै उनीहरूमा शासन, विकास र निर्णयमा स्वामित्वभाव कायम गरिनुपर्छ ।

१०. **कुशलता र प्रभावकारिताको सिद्धान्त (Principle of efficiency and effectiveness):** सार्वजनिक अधिकार र स्रोत-साधनको प्रयोग आमनागरिकको चाहना र आवश्यकता बमोजिम कुशल एवम् प्रभावकारी ढङ्गले प्रयोग गरिनुपर्दछ ।

११. **अपेक्षाको सिद्धान्त (Principle of Expectations):** सरकारले आम नागरिकका इच्छा, आकाङ्क्षा र अपेक्षालाई केन्द्रबिन्दुमा राखेर आफ्ना कार्य सञ्चालन गर्नुपर्छ ।

## विकेन्द्रीकरणका सबल पक्ष

आजको लोकतान्त्रिक विश्वमा विकेन्द्रीकरण शासकीय पद्धतिको एक अनिवार्य आवश्यकता बनेको छ । बहुस्तरीय शासन, नागरिक केन्द्रित प्रशासन, सहभागितामूलक तथा अधिकारमुखी विकास प्रक्रिया र जनमुखी एवम् उत्तरदायी सरकारका मान्यताहरूले विकेन्द्रीकरणलाई शासनको महत्वपूर्ण औजारका रूपमा स्थापित गरिदिएका छन् । यस सन्दर्भमा विकेन्द्रीकरणको सबल पक्षा वा औचित्य वा महत्वलाई देहायअनुसार उल्लेख गर्न सकिन्छः

- सरकारलाई जनताको घरदैलोसम्म पुऱ्याउँछ ।
- शासनमा जनसहभागिता बढाई लोकतन्त्रको प्रवर्धन गर्छ ।
- विकास निर्माण र सेवा-प्रवाहमा नागरिक सहभागिता र स्वामित्व बढाउँछ ।

- सार्वजनिक सेवा-प्रवाहलाई कुशल, मितव्ययी र प्रभावकारी बनाउँछ ।
- स्थानीय उत्तरदायित्व र जवाफदेहिता अभिवृद्धि हुन्छ ।
- स्थानीय स्रोत, साधन, सम्भावना र क्षमताको अधिक उपयोग हुन्छ ।
- भ्रष्टाचार र अनियमितता कम हुन्छ ।
- स्थानीय जातीय, भाषिक, सांस्कृतिक विशिष्टताको संरक्षण सम्भव हुन्छ ।
- समावेशी लोकतन्त्रको प्रवर्धन हुन्छ ।
- नेतृत्व विकासमा मद्दत पुग्छ ।
- सन्तुलित र समावेशी विकास सम्भव हुन्छ ।
- केन्द्रीय सरकारको कार्यबोझ कम भई नीतिगत कार्यमा केन्द्रित हुन सम्भव हुन्छ ।
- निश्चित कार्य गर्न स्थानीय सरकारसँग बढी क्षमता हुन्छ ।
- सामाजिक तथा राजनीतिक द्वन्द्व न्यूनीकरण हुन्छ ।
- स्थानीय सरकारसँग सूचनाको लाभ (Information advantage) हुन्छ ।
- अन्तर स्थानीय निकाय प्रतिस्पर्धाको विकास गर्छ ।

## विकेन्द्रीकरणका दुर्बल पक्ष

विकेन्द्रीकरणका दुर्बल पक्षहरू पनि रहेका छन् । दुर्बल पक्षहरूलाई विकेन्द्रीकरणका कमजोरी, सीमा, जोखिम वा बेफाइदा भनेर पनि बुझिन्छ । यस्ता दुर्बल पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- विकासमा क्षेत्रीय असमानता,
- शक्ति र स्रोतमाथि स्थानीय टाठाबाठाको नियन्त्रण,
- समष्टिगत आर्थिक अस्थिरता,
- उच्चलागत तथा अतिरिक्त आर्थिक बोझ,
- यथेष्ट वित्तीय स्रोतको कमी,
- कमजोर स्थानीय क्षमताले प्रवाहित सेवाको गुणस्तरमा ह्रास,
- सरकारका कामकारवाहीमा दोहोरोपना,
- न्यून मुद्राको मूल्य (Poor value for money)
- केन्द्रीय अधिकारीहरूबाट प्रतिरोध,
- वित्तीय जोखिम र भ्रष्टाचारको सम्भावना
- सरकारका तहहरूबीचमा स्वार्थको द्वन्द्व,
- भूमिका, कार्य, सम्बन्ध, शक्ति र स्रोतको साझेदारीका सवालमा जटिलता,
- समन्वयको समस्या, सक्षम संस्थाको अभावमा सेवा-प्रवाहमा अकुशलता ।

## विकेन्द्रीकरणमा केन्द्रीय सरकारको भूमिका

विकेन्द्रीकरण गर्नुको ध्येय केन्द्रीय सरकारलाई कमजोर बनाउनु होइन । न त यो केन्द्रीय सरकारको सट्टामा स्थानीय सम्भ्रान्त समूहलाई रोज्ने कार्य हो । यो त आधारभूत रूपमा स्थानीय तहमा सरकारलाई बहुसङ्ख्यक जनसङ्ख्याले अनुभूत गरेको आवश्यकताप्रति बढी जिममेवार बनाउनसँग सम्बन्धित कुरा हो । तसर्थ, विकेन्द्रीकरणको अभ्यासलाई सहजीकरण गर्न केन्द्रीय सरकारले देहायअनुसारको भूमिका निर्वाह गर्नुपर्दछः

- स्थानीय शासन र विकास प्रक्रियामा नागरिक परिचालनलाई सबलीकरण गर्नु,
- स्थानीय टाठाबाठाको शक्तिलाई सन्तुलित गर्नु,
- स्थानीय तहहरूबीचको द्वन्द्व समाधान गर्नु,
- स्थानीय स्रोतको सिर्जना र परिचालनमा सहयोग प्रदान गर्नु,
- स्थानीय क्षमता विकासका लागि प्राविधिक, वित्तीय र व्यावसायिक सहयोग उपलब्ध गराउनु,
- सेवाको गुणस्तर र सदाचारिताका लागि नियमन, अनुगमन तथा मूल्याङ्कन र पहरेदारी गर्नु,
- ठूला पूर्वाधारहरूको निर्माणमा लगानी गर्नु,
- स्थानीय तहहरूको काममा समन्वयकारी भूमिका निर्वाह गर्नु ।

## निष्कर्ष

सार्वभौमसत्ताको स्रोत जनता भएकाले शासन जनताका लागि जनताकै आवश्यकता, माग र चाहनाअनुरूप उनीहरूकै संलग्नतमा सञ्चालन गरिनुपर्दछ । यसो गर्न राजनीतिक प्रणालीमा केन्द्रमा रहेको शक्ति र स्रोतलाई जनताका नजिकैको इकाइमा हस्तान्तरण गरेर जनताकै सहभागितामा अभ्यास गरिनुपर्दछ । यो सङ्घीय शासन-प्रणालीबाट वा एकात्मक राज्यमा निक्षेपणको माध्यमबाट मात्र सम्भव छ ।

नेपालमा विगत लामो समयदेखि विकेन्द्रीकारणलाई उच्च महत्व दिँदै यसको अभ्यासका लागि विभिन्न प्रयत्नहरू हुँदै आएकामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ जारी भएपछि मात्र निक्षेपण स्तरको विकेन्द्रीकरण कार्यान्वयन भयो । सो ऐन,ले तत्कालीन स्थानीय निकायहरूलाई थुप्रै विषयका अधिकारहरू प्रदान गरी त्यस्ता अधिकारका विषयहरूमा निर्णय, नियन्त्रण र व्यवस्थापन गर्ने स्वायत्तता प्रदान गरेपछि स्थानीय स्वायत्त शासनको अभ्यास सुरु भएको हो । मौजुदा नेपालको संविधानले राज्यको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गरेर प्रयोग गर्ने व्यवस्था गरेसँगै वि.सं. २०७२ सालबाट नेपालमा सङ्घीय शासन-प्रणालीको कार्यान्वयन भएको छ । र विगतका स्थानीय निकायहरू पुनसंरचनासहित स्थानीय सरकारको हैसियतमा स्थानीय तहमा रूपान्तरण भएका छन् ।

मुलुकले सङ्घीय प्रणाली अवलम्बन गरे पनि विकेन्द्रीकरणको औचित्य कम भएको छैन । सङ्घीयता र विकेन्द्रीकरण एकअर्काका परिपुरक हुन् । स्थानीय स्वायत्ततासहितको विकेन्द्रीकरणमा आधारित सङ्घीय शासन-प्रणालीबाट मात्र सहभागितामूलक, समावेशी र समन्यायिक शासन सम्भव छ । नेपालमा सङ्घीयताको आवश्यकता दिगो शान्ति, स्थायित्व, समृद्धि र सबैको प्रतिनिधित्व, पहिचान तथा पहुँच सहितको लोकतान्त्रिक प्रणालीलाई सुनिश्चित गर्नका लागि हो । यस तथ्यलाई आत्मसात गरी सङ्घीयताको कार्यान्वयनका क्रममा आउने चुनौतीहरूको समयमै पहिचान र सम्बोधन गर्दै अघि बढ्नु जरुरी छ ।

## सन्दर्भ सामग्रीः


- Acharya, MR (2013), Business of Bureaucracy, (3rd ed.), Vidhyarthi Pustak Bhandar, Kathmandu.
- Binder, JK, Slits, P, Stoquart, R, Mullen, J & Schubert, CB (2007), Towards an EU Approach to Democratic Local Governance, Decentralisation and Territorial Development, Background Paper, European Union.
- CCD (2009), Local Self Governance, Nepal Participatory Constitution Building Booklet Series, No. 4, Centre for Constitutional Dialogure, Nepal.
- Daniel J. Elazar (ed.), 2nd edition (1994), Federal Systems of the World: A Handbook of Federal, Confederal and Autonomy Arrangements, Longman, Essex, UK.
- European Charter of Local Self-Government (1985), viewed 12 October 2014 <http://conventions.coe.int/Treaty/EN/Treaties/Html/122.htm>.
- Haokip, SS (2013), 'Local Self Governance in India: A Study of Autonomous District Council in Manipur and Mizoram', Voic of Research, Vol . 2, No . 3, pp . 36-42 .
- Litvack, J, Ahmad, J & Bird, R (1998), Rethingking Decentralization in Developing Countries, The World Bank, Washington, DC.
- Olsen, HB (2007), Decentralisation and Local Governance: Definations and Concepts, Concept Peper on Decentralization and Local Governance, Swiss Confederation.
- Pejanovic, M (2006), 'Local Self-Governance: A Must for Democracy, Civil Society and EU Integration', in Martina Fischer (Ed.), Peacebuilding and Civil Society in Bosnia-Harzegovina, Ten Years after Dayton, Munster: Lit-Verlag, pp. 215-229.
- Persaud, P (Ed.) (2004), Decentralization and Local Governament in the Caribbean, National Democratic Institute for International Affairs (NDI).
- Perston T. King (1982), Federalism and Federations, Johns Hopkins University Press.
- Robson, W.A. (1994), Encyclopedia of Social Sciences, Vol. 9, New York, The Macmillan Company, p. 574.
- Sachiavo-Campo, S & Sundarum, P (2000), To Serve and to Preserve: Improving Public Administration in a Competitive World, Asian Development Bank.
- Shah, S & Shah, A (2006), 'The New Vision of Local Governance and the Evolving Roles of Local Governments', in Shah, A (Ed .), Local Governance in Developing Countries, World Bank, Washington, DC.
- UNDP (1999), Decentralization: A Sampling of Defenitions, Working Paper prepared in connection with the Joint UNDP-Government of Germany evaluation of the UNDP role in decentralization and local governance.

- Standford Encyclopedia of Philosophy (2014), "Federalism", viewed 13 October 2015, < http://plato.stanford.edu/entries/federalism/#Tax>.
- White, S (2011), Government Decentralization in the 21st Century: A Literature Review, Center for Strategic and Internatioal Studies, Washington, DC.
- Wilde, A, Narang, S, Laberge, M & Moretto, L (2009), User's Guide to Measuring Local Governance, UNDP Oslo Governance Centre.
- Work R (2003), 'Decentralizing Governance: Participation and Partnership in Service Delivery to the Poor', in Rondinelli, DA & Cheem, GS (Eds.), Reinventing Governance for the Twenty-First Century: State Capacity in a Globalizing Society, Kumarian Press, pp. 195-218.

*गाविस महासङ्घ नेपाल (२०७१), सङ्घीयता र स्थानीय स्वायत्त शासनः राज्यको पुनसंरचना र सङ्घीयतामा स्थानीय सरकारको संवैधानिक व्यवस्थाको सन्दर्भ ।*

*थपलिया, दिनेश (२०५७), नेपालमा विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन उपलब्धि र चुनौती, काठमाडौं ।*

*दाहाल, प्रकाश (२०६५), विकास प्रशासन, विकेन्द्रीकरण, स्थानीय सरकार र नेपाल सरकारका नीतिहरू, पिनाकल पब्लिकेशन, काठमाडौं ।*

*नेपालको संविधान (२०७२), कानून किताब व्यवस्था समिति, बबरमहल ।*

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कानून किताब व्यवस्था समिति, बबरमहल ।*

*पन्ध्रौं योजना (२०७६र७७–२०८०र८१), राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं ।*


*प्रकाश दाहाल नेपाल सरकारका सहसचिव हुन् ।*

# युवा जागरण र समाज रूपान्तरण



रमा भट्टराई

**सारांश :**

व्यक्तिको व्यक्तित्व निर्धारणमा परिवार, समाज, विद्यालय, विश्वविद्यालय, शासन-प्रणाली आदिको महत्वपूर्ण भूमिका रहन्छ । नैतिकवान सामाजिक मूल्य-मान्यतामा व्यक्तिमा इमानदारिता, संवेदनशीलता, प्रेम, करुणा, सहयोग, सद्भावको विकास हुन्छ भने प्रतिस्पर्धी र भ्रष्ट सामाजिक मूल्य-मान्यतामा काम, क्रोध, लोभ, मोह, ईर्श्या, अहङ्कार, भय, राग, द्वेष हुन्छन्, जसको कारणले भ्रष्टाचार, व्यभिचार, हत्या, हिंसा, बलात्कार, लुटपाट, चोरी, तस्करीजस्ता अपराध बढी हुन्छन् । श्रमशीलता, उद्यमशीलता, लगनशीलता, धैर्यता, दक्षता, स्विकार्यता, आफूमाथि विश्वासजस्ता गुणहरू आन्तरिक जागरणसँगै उपलब्ध हुन्छन् । खासगरी युवावर्गलाई नैतिक मूल्य-मान्यतामा आधारित शिक्षा र पूर्वीय दर्शनको चिन्तन र अभ्यासमा प्रेरणा दिन सकियो भने वर्तमान सामाजिक विकृति न्यूनीकरण गर्न सकिन्छ । त्यसका लागि बाल्यकाल, किशोरकालदेखि नै संस्कारयुक्त शिक्षा र आचरण सुधारमा लगानी गरी अन्तस्करण खुलेको युवा निर्माणमा परिवार, समाज र सरकारको ध्यान आकर्षण हुनुपर्छ । सिर्जना, साहस, सहयोग, प्रेम र करुणाले मानव-जीवनको उत्थान र समाज रूपान्तरण गर्न आध्यात्मिक जागरणयुक्त समाज नै चाहिन्छ ।

## व्यक्तित्व निर्माण :

बाल्यकालीन जीवनशैलीको निर्धारक अभिभावक हुन्छन् । जब बाल्यकालपछि किशोरवय-हुँदै जीवन हुर्किंदै अगाडि बढ्छ, व्यक्तिले बल्ल आफ्नो बारेमा आफैँ सोच्न थाल्छ । निर्माण पूरा नभएको जैविक शरीर लिएर नाङ्गै जन्मिएको एउटा बालक निश्चित मूल्य-मान्यतासहितको मानसिक र जैविक रूपले परिपक्व र समाजको जिम्मेवार नागरिक बन्न परिवार, समाज, विद्यालय, विश्वविद्यालय, शासन-प्रणाली आदिको महत्वपूर्ण भूमिका रहन्छ ।

व्यक्ति हुर्कदो क्रममा अभिभावकत्व कस्तो थियो ? आर्थिक र सामाजिक रूपमा कस्तो परिवारमा जन्म भयो ? प्रारम्भिक शिक्षा प्रदान गर्ने गुरुहरू कुन मूल्य-मान्यताका थिए ? कस्तो सामाजिक मेलमिलाप, सहयोग र सहकार्यको संस्कृति देखेर हुर्किईयो जस्ता कारणले व्यक्तिको व्यक्तित्व निर्धारण हुन्छ । आमाबाबुको मानसिक र शारीरिक स्वास्थ्यले व्यक्तिको स्वभाव र आत्मविश्वासको अवस्थालाई प्रभाव पारेको हुन्छ । भनिन्छ, व्यक्तिको जीवनस्तरको सत्तरी प्रतिशत उसको पूर्वार्ध, परिवारको आर्थिक-सामाजिक पृष्ठभूमि र देशको समृद्धिको अवस्थाले निर्धारण गर्दछ भने उसले आफ्नो आचरण र कर्मद्वारा निर्माण गर्ने अंश भनेको तीस प्रतिशतमात्र हो । र, यही तीस प्रतिशतले नै उसको आफ्नो पहिचान स्थापित हुने हो । तर, पनि कतिपय अवस्थामा गरीब देश, पिछडिएको समाज र कमजोर आर्थिक अवस्थामा जन्मिएर पनि विशिष्ट प्रतिभा, अद्भूत भौतिक प्रगति, अतुलनीय चरित्र देखिन्छ, त्यसलाई सञ्चित कर्मको फल, पूर्व जन्मको संस्कार अथवा अन्तष्करणको जागरणको प्रतिफलको रूपमा पूर्वीय दर्शनले व्याख्या गरेको पाइन्छ ।

## नेपाली युवाको मनोसामाजिक अवस्था :

नेपालमा अहिले युवा जनशक्तिको बाहुल्यता रहेको छ । २०७८ को जनगणना अनुसार १६ देखि ४० वर्षको उमेरको जनसङ्ख्या ४२.५६ प्रतिशत रहेको छ । सक्रिय र उत्पादनशील उमेरको जनशक्तिको यस्तो प्रचुरता कुनै पनि देशको जीवनकालमा एकपटक आउँछ भनिन्छ र त्यहि नै समयलाई देशको आर्थिक र सामाजिक रूपान्तरणको कोशेढुङ्गो मानिन्छ। यसको तात्पर्य नेपाल अहिले समृद्धिको अपार सम्भावना बोकेर उभिएको छ। यो सम्भावनालाई उपयोग गरी देशको सामाजिक र आर्थिक अवस्थामा आमूल परिवर्तन गर्ने समय वर्तमानमा नेपाललाई उपलब्ध छ । यो समयको सदुपयोगका लागि उच्च चेतनायुक्त नेतृत्वको दूरगामी दृष्टिकोणका साथै श्रमशील, उद्यमशील, अनुशासित, नैतिकवान र चेतनशिल नागरिक र सो द्वारा निर्मित विवेकशिल समाज अपरिहार्य हुन्छ। यसका लागि राज्यले नागरिकलाई बाल्यावस्था देखि नै नैतिकमूल्य र मान्यतामा आधारित तथा आध्यात्मिक चेतनायुक्त शिक्षा र जीवनशैली निर्माणमा लगानी गर्नुपर्छ ।

हाम्रो देशको सन्दर्भमा वर्तमानमा देखिएका आर्थिक, सामाजिक, पारिवारिक र मानसिक विचलनको कारण नै व्यक्ति भित्रको काम, क्रोध, लोभ, मोह, इर्ष्या, अहङ्कार, भय, राग, द्वेश हुन् । र यीनको निराकरणको एकमात्र उपाय भनेको व्यक्तिको अन्तष्करणको जागरण नै हो । अधिकाशं हत्या, हिसां, बलात्कार, लुटपाट, चोरी, तस्करी जस्ता अपराध र अवैध क्रियाकलापमा युवाको संलग्नता देखिन्छ । यस्तो अपराधिक मनोवृत्तिको युवा निर्माण हुन सम्बन्धित परिवार र सामाजिक मनोवृत्तीले बाल्यकालमा भूमिका खेलेको हुन्छ भने त्यस्तो अपराधिक मनोवृत्तियुक्त युवा नै वृद्धवृद्धाको रूपमा रहने हुनाले त्यो अपराधको शिकार समाजले लामो समयसम्म भैरहनुपर्दछ।

हाम्रो समाजमा पछिल्लो समयमा देखिएका अपराधका घटना, शासन-व्यवस्थामा विचौलियाको प्रभाव, भ्रष्टाचार, डिप्रेसन/आत्महत्या, यौन विचलन, नेपालमा सम्भावनाको खोजी नै नगरी अन्धाधुन्द विदेशिने, अवैधानिक तरिकाले लाखौँ रुपैयाँ दलाललाई बुझाएर बिचल्लीमा पर्ने, गालीगलौज, नकारात्मकता फैलाउने, आफ्नो काम र जिम्मेवारीप्रति लगनशील नहुने, आफ्ना सम्भावनामा नघोत्लिने, अरूको देखासिखी गर्ने, असफलतामा हतास भैहाल्ने, नतिजा पर्खने धैर्यता नराख्ने, कुनै विषयवस्तप्रति तत्काल प्रतिक्रिया दिने, अरूबाट अपेक्षा धेरै राख्ने, अपेक्षा पूरा नभए आक्रोश, द्वेश, प्रतिशोध साँध्ने, प्रगति गर्नेले अहङ्कार राख्ने र नगर्नेले ईर्ष्या गर्ने, मेहनत नगरी छिट्टै धनी हुने आकाङ्क्षा राख्नेजस्ता असम्यक व्यवहारहरू अन्तस्करणको जागरणको अभावमा काम, क्रोध, लोभ मोह, ईर्ष्या, अहङ्कार, भय, राग, द्वेषद्वारा बसीभूत भएर गरिन्छन् ।

मानसिक अस्थिरताले युवाहरूको निर्णय क्षमता र जीवनशैलीमा देखिने अस्थिरता, असन्तोष र गलत प्रवृत्तिको विश्लेषण गर्न केही दृष्टान्तहरू हेरौँ । विगत दुई दशकदेखि युवाको विदेश पलायनको प्रवृत्ति हेर्दा पछिल्लो समय जो पनि, जसरी पनि विदेश नै जाने मनसायमा रहेका देखिन्छन् । नेपालमा गरिरहेको श्रम र आफ्नो सीपको उच्चतम मूल्य पाउने अवस्था भएमा वा यहाँभन्दा प्रतिष्ठित काम पाएको अवस्थामा विदेश जाने स्वाभाविक विषय हो । विश्वव्यापीकरणले संसारभरि नै आप्रवासन बढाएकै छ । तर, नेपालमा केही उद्यमशील प्रयासै नगरी यहाँको सम्पत्ति, सम्पदा तथा सम्भावनाको खोजी नै नगरी अनिश्चित भविष्य बोकेर लाखौँ, करोडौ रुपैया अनधिकृत व्यक्तिलाई दिएर, ढाँटेर, लुकेर, गलत प्रकृयाले अवैधानिक बाटोबाट भए पनि विदेश गएको देखिन्छ । नेपालमा राम्रै काम धन्दा व्यवसाय गरेर बसेको, आर्थिक रूपमा सम्पन्न व्यक्तिहरू पनि अनिश्चित भविष्य बोकेर विदेशिएका छन् । नेपालको राम्रो बन्दोवस्ती र पेशा छोडेर विदेशिएका कति मान्छे विदेशका सुरुवाती सङ्घर्ष पार लगाउन नसकेर आत्महत्या गरेका कति घटना सुनिन्छन् भने नेपाल फर्किदा अहङ्कार र गलत निर्णयले प्रतिष्ठामा आँच आउने ठानी उतै विषादयुक्त जीवन बाँचिरहेको पनि पाइन्छ । कतिपय लामो सङ्घर्षपछि सामान्य जीवनयापन

गर्न सक्ने भए पनि उमेर घर्किसकेको हुने, सामाजिक पहिचान नहुने कारणले नेपाल फर्किऊँ कि उतै बसौँ भन्ने दोधारमा हुने गरेका छन् ।

आमनेपाली युवालाई जसरी पनि विदेश जानु छ र विदेश पुगेपछि पनि अपेक्षा पूरा नहुँदैमा तत्काल आत्तिइहाल्ने, एकातिर सरकारको अनुमति नलिई अथवा नजानू भनेको ठाउँमा समेत सरकारलाई छलेर जाने, अर्कोतिर भने जस्तो काम पाइएन, दुःख पाइयो भनेर सरकारलाई गाली गर्ने, दोषारोपण गर्ने ! तत्काल नेपाल फर्काउन, उद्दार गर्न अव्यावहारिक दबाब दिने, दुबै देशका ऐन, नियम प्रकृया पूरा गर्नुपर्ने बाध्यात्मक व्यवस्थासमेत पूरा गर्ने धैर्यता नराख्ने, निर्णय पनि हतारमा गर्ने र नतिजाका लागि धैर्यता नराख्ने प्रवृत्ति आमयुवामा देखिन्छ । यसको पछिल्लो र ज्वलन्त उदाहरणमा रसियन सेनामा नेपालीहरूको भर्तीको विषयलाई लिन सकिन्छ । अन्य देशको श्रमस्वीकृति लिएर बैदेशिक रोजगारीमा गएको वा पर्यटक भिसामा विदेश घुम्न गएको युवा युक्रेन रसिया युद्धमा मारिएपछि परिवारले लास झिकाउन सरकारको ढोका ढकढक्याउँदा सरकारको अनुमति नलिई हजारौँ युवा रसियन सेनामा भर्ना भएको रहस्योद्घाटन भएको थियो र उनीहरूको उद्धारका लागि परिवारले नेपालमा आन्दोलन गरिरहे । एकातिर पैसाका लागि नरसंहारको नरकीय पेशा अपनाउने, अर्कोतिर ढाँटेर, छलेर, लुकेर लाखौँ खर्चेर विदेशी दुई मुलुकको युद्धमा ज्यानको बाँजी थापेर भए पनि पैसा कमाउनु पर्ने र तेस्रो पाटो विश्वको आर्थिक सामाजिक भौतिक विकासमा नेपालजस्तो पिछडिएको मुलुकका नागरिक त्यसमाथि पनि आफ्नो परिचय नामेट पारेर कुनै शक्तिशाली देशको तर्फबाट अर्को देशको विरुद्धमा युद्ध लड्दा मृत्युवरण गरेका नागरिकको लास नेपाल झिकाउन गरिएका आन्दोलन, हड्ताल, प्रदर्शनी र अनसन देख्दा नेपालमा नागरिकको चेतनास्तर र वैचारिक दिगोपनामा स्खलन भएको पाइन्छ । यी तीनै पाटामा व्यक्तिले आफूलाई केन्द्रमा राखेर अधिकतम भोगभन्दा माथिको विषय सोच्न नसकेको देखिन्छ ।

अहिलेको विश्व परिवेशमै डिप्रेसन मानव स्वास्थ्यमा प्रमुख चुनौतीको रूपमा देखिँदै आएको छ । सन् २०१९ को विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनअनुसार १५ देखि २९ वर्ष उमेर-समूहको मृत्युको चौथो प्रमुख कारणको रूपमा आत्महत्या रहेको छ। आफूले सोचेअनुसार काम बनेन भने वा भैरहेको सम्पत्ति, पद, प्रतिष्ठा, सम्बन्ध टुट्यो भने जीवन नै सकिएको ठान्ने, निराश हुने, अवसादमा जाने र निरन्तर यस्तै सोचाइको कारण आत्महत्यासम्म गर्ने गरेको पाइन्छ । कर्म र फलका अन्तरसम्बन्ध थाहा नपाएर र फलप्रतिको मात्र एकाग्र आकाङ्क्षाले एकातिर कर्ममा लगन नहुने र अर्कोतिर अपेक्षाअनुसार फल प्राप्त नहुने र अपेक्षित फल प्राप्त नहुँदा हतास भैहाल्ने भौतिक संसारको प्रवृत्ति र आफ्ना रुचि, सम्भावना र क्षमता नहेरी अरूसँग प्रतिस्पर्धा गर्ने, देखासिखी गर्ने सामाजिक संस्कारले खासगरी युवावर्गमा मानसिक दबाब बढी छ ।

म के बन्ने वा के काम गर्ने ? निर्णय व्यक्ति स्वयम्ले नभई अभिभावक वा पारिवारिक विरासतले निर्धारण गर्ने, के राम्रो, के नराम्रो, प्रगति र सफलता समाजले परिभाषित गर्ने, अरूका लागि गरिदिनुपर्ने, बनिदिनुपर्ने, देखाइदिनुपर्ने कारणले व्यक्तिले आफूलाई प्रश्न गर्ने र आफ्नो बारेमा सोच्नसमेत नसक्ने बनाएर हामीले बालबालिका हुर्काउँछौ अनि तिनै बालबालिका हुर्किएर युवा बन्दा आफैँ निर्णय गर्न नसक्ने, जोखिम नलिने, अरूको नक्कल गर्ने र थोरै मेहनत, लगानी, श्रम र समयमा धेरै प्रतिफल खोज्ने स्वभावका हुन्छन् । भौतिकतालाई प्रधानता दिँदादिँदै भौतिक संसारमा जड हुने, यहाँ पाइने पैसा, पद, सुविधालाई नै सत्य मान्ने व्यक्तिगत तथा सामाजिक मान्यताले गर्दा ती कुराहरू प्राप्त नहुँदा हतास, निरास हुने, कमजोर मनस्थिति, न्यून आध्यात्मिक चिन्तन र अन्धकारमय अन्तष्करणको परिणति नै हो । व्यक्तिलाई बाल्यकालदेखि नै आदर्श र आनन्दित जीवनका मूल्य-मान्यता, जीवनको अन्तिम उद्देश्य, संसारको क्षणभङ्गुरता, पूर्वार्ध र कर्मफलको नियम, सफलता वा सुख के हो ? आफ्नो आत्माको आवाज सुन्ने, आफ्नो व्यक्तित्व पहिचान गर्ने र सोही अनुरूपको जीवनशैली वा पेशा अवलम्बन गर्नेजस्ता आनन्ददायी

जीवन बाँच्न प्रेरणा गर्ने, व्यक्तिलाई आत्मिक सुख नै सुखको मूल हो भन्ने जागरणको अभावमा आजको युवापुस्ता बाह्य साधनले भरिएको तर आन्तरिक रूपमा रित्तो र विषादले ग्रस्त छ।

अहिले समाजका हरेक तह, हरेक क्षेत्र, हरेक संस्थामा भ्रष्टाचार, बेथिति, विसङ्गति तस्करी र बिचौलिया संस्कार जड बनेको छ। जेसुकै कर्ममा पनि ठूलो व्यक्तिगत लाभको आकाङ्क्षा पाल्ने, जसले जहाँ र जे भेट्यो, सार्वजनिक वा सामूहिक सम्पत्तिमा अधिकार स्थापित गर्ने र आफ्ना लागि प्रयोग गर्ने गरेको पाइन्छ। पुरानो पुस्ताबाट सुशासन कायम नभएको गुनासो आइरहेको सन्दर्भमा ठूलाठूला भ्रष्टाचार र अपचलनका घटनामा युवापुस्ता नै मुछिएका, उद्यम नगरी वस्त तथा सेवा उत्पादक र उपभोक्ताको बीचमा रहेर नाफाखोर व्यवसायमा युवावर्गको रुचि र संलग्नताले उत्पादन रोजगारी अर्थतन्त्रको उत्थानमा युवाको कुनै रुचि नभएको, निष्काम कर्मयोगको पालना नभएको, मेहनत गरेर फल प्रतीक्षा गर्ने धैर्यताको कुनै सामाजिक मूल्य नभएको, नैतिकता र इमानदारिताको थोरै कमाइबाट हुने सन्तुष्टि अनुभूति गर्ने र त्यसमा अडिग रहने स्थिर मनोदशा नदेखिएको, भोग र मोजमस्तीलाई जीवनको अभिष्ट ठानेर शरीरको ऊर्जा आर्जन र त्यसको भोगमा मात्र केन्द्रित गर्दा मानव-जीवनको परम लक्ष्यबाट मानव-चोला विमुख हुँदै गइरहेको पाइन्छ। यसले मानव-जगत् सिर्जना, साहस, प्रेम, करुणा, इमान, ज्ञान र अन्तरबोधको विराट् सम्भावनाबाट खुम्चिरहेको छ। आर्जन, भोग, सन्तान उत्पादनजस्ता पशुवत् चरित्रमा मात्र मानव-जीवन केन्द्रित हुँदा परम चैतन्यताका लागि प्राप्त मनुष्य जीवनका कयौँ जुनी यसै मूढ जीवन बाँच्न बाध्य छन्। यस्तो न्यून चेतनायुक्त मानव समुदाय भएको कारणले नै समाजमा प्रतिस्पर्धा, ईर्ष्या, अहङ्कार, भ्रष्टाचार, अपराध, भय र लोभ हाबी हुन्छ। नैतिक संस्कारयुक्त शिक्षाको अभावमा व्यक्ति आन्तरिक र बाह्य उल्झनमै अलमलिइरहेको हुन्छ।

## जागृत समाज निर्माणका उपायहरु :

सिर्जना, साहस, सहयोग, प्रेम र करुणाले मानव-जीवनको उत्थान र समाज रूपान्तरण गर्न आध्यात्मिक जागरणयुक्त समाज नै चाहिन्छ र त्यसका लागि बाल्यकाल, किशोरकालदेखि नै संस्कारयुक्त शिक्षा र आचरण सुधारमा लगानी गरी अन्तष्करण खुलेको युवा निर्माणमा परिवार, समाज र सरकारको ध्यान आकर्षण हुनुपर्छ। श्रमशीलता, उद्यमशीलता, लगनशीलता, धैर्यता, दक्षता, स्विकार्यता, आफूमाथि विश्वासजस्ता गुणहरू आन्तरिक जागरणसँगै उपलब्ध हुन्छन्। भ्रष्टाचार, कमिसन, कालाबजारी, दलाली गरेर कमाएको पैसाले सुख किन्न सकिएला, खुशी किन्न सकिन्न, राजस्व/देवश्व अपचलनको कर्म बन्धनबाट जन्मजन्मान्तर मुक्ति मिल्दैन भन्ने बोध भएको दिनदेखि मान्छेले आर्थिक अपचलन र अनैतिक कर्महरू गर्न हिचकिचाउँछ। आन्तरिक दृष्टि उघ्रिएपछि सुकर्म र कुकर्मको भेद छुट्ट्याउने विवेक आफैँ प्रकट हुन्छ।

मनको स्वभाव अत्यन्तै चञ्चल हुन्छ। यसको प्रकृति नबुझी यसैको लहैलहैमा लागेर कामबासना अपेक्षा, महत्वाकाङ्क्षाबाट वशीभूत भै मनका सीमाविहीन आकाङ्क्षाहरू पूरा गर्न लोभ, भय, मोह, क्रोध र ईर्ष्यामा चुर्लुम्म डुबेको छ मान्छे। मनको बहकाउमा सँगसँगै बग्दा आउने उतारचढावमा उन्माद, विषाद, निराशा, प्रतिशोध र गुनासो बोकेर हिँड्छ। जसले व्यक्तिलाई अहङ्कारी, कामबासनाले खिँचिएको, भोगको मोहमा लोभ र डरले तप्त जीवन बाँच्न विवश बनाएको छ। अधिकांश मान्छेहरू खाना र यौनतृप्तिको जोहोमा आफ्नो पूरै जीवन व्यतित गर्छन्। सम्पत्ति आर्जन गर्ने, त्यसको सङ्ग्रह गर्ने र बढीभन्दा बढी भोग गर्ने, सत्ता र शक्तिमा आफ्नो नियन्त्रण कायम राख्ने चक्रव्यूहमा अहिले देखिएका आत्महत्या, हत्या, पारिवारिक हत्या, सामूहिक हत्या र यौन विचलनका घटनाहरू केन्द्रित रहेका छन्। केही समयअगाडि आफ्नो शरीरमा आगो लगाई आत्मदाह गर्ने प्रेमप्रसाद आचार्यको घटनालाई हेर्ने हो भने अधिक महत्वाकाङ्क्षा, अधैर्यता र व्यावसायिक कौशलतामा कमी र त्यसले निम्त्याएको मानसिक दबाबलाई कारण मान्न सकिन्छ। भगवान् गौतम बुद्धले प्रवर्तन गर्नुभएको सम्यक कर्म, सम्यक स्वीकार, सम्यक

जागृति, सम्यक सङ्कल्प, सम्यक दृष्टिलगायतका अष्टव्रतको शिक्षा पाएको भए प्रेमप्रसाद वा त्यस्ता कुनै पनि युवाले व्यावसायिक असफलतामा जीवन नै समाप्त पार्नेसम्मको चेष्टा गर्दैनथे। आफ्नो क्षमताले भ्याउने र सम्यक जीवनयापन गर्न सक्ने भएपछि महत्वाकाङ्क्षा, छटपटी र प्रतिस्पर्धाको जीवन छाडेर रुचिमय आनन्दित जीवनको बाटो रोज्थे। पछिल्लो समय सुनिएका लोग्नेस्वास्नीका हत्या, परिवारकै हत्या गरी आत्महत्या, आमाले बच्चासहित नदीमा हाम फालेको घटना, होटलमा युवायुवती मृत फेला परेकाजस्ता घटनाका कारण खोतल्दै जाँदा विवाहइतर का सम्बन्ध, एकअर्कालाई धोका, लेनदेनजस्ता आर्थिक तथा यौन विचलन नै प्रमुख कारणको रूपमा रहेको पाइन्छ। यस्तो अधीर मनस्थिति हुनुमा व्यक्तिको जन्मको पृष्ठभूमि, हुर्काइ, सिकाइ, शिक्षा-प्रणाली र सामाजिक मूल्य-मान्यता नै प्रमुख कारकमा देखिन्छन्। यस्ता विचलित व्यवहार देखिनुमा व्यक्तिको अन्तरचेतना पूर्ण रूपमा जागृत नभएको मानिन्छ।

शरीरमा रहेका सात ऊर्जा केन्द्रमध्ये पिँधमा रहेका मूलाधार र स्वाधिष्ठान चक्रमात्र सक्रिय भएका व्यक्तिको जीवनऊर्जा प्रजनन् र भोगमा मात्र केन्द्रित हुँदा त्यसका लागि मान्छे जुनसुकै नरकीय कर्म गर्नसमेत पछि पर्दैन। असीमित इच्छाहरूमा नबहकिई यथार्थता बोधमात्र गर्न सके आवश्यकताको बोध हुन्छ। जीवन चलाउने र जोगाउने भौतिक जोहोमात्र गर्न सके जीवन सार्थक हुन्छ भन्ने जागृति हृदयमा भए डिप्रेसन/आत्महत्या, भ्रष्टाचार, दूराचार, अस्थिरता, छटपटीजस्ता विचलनहरू आउन पाउँदैनन्। यस्तो जागृत चेतनायुक्त युवा निर्माण गर्न सके सुसंस्कृत, सभ्य समाज तथा सुशासन कायम गर्न सकिन्छ। शरीरका सात चक्र र तिनको स्वभावको बारेमा छलफल गर्ने सिकाउने र जीवन ऊर्जाको व्यवस्थापन गरी सिर्जना, साहस, प्रेम र करुणाले भरिएको आनन्दित जीवनका सूत्र जनजनमा फैलाउन सके अहङ्कार, ईर्ष्या, घृणा, लोभ र डरको बदलामा प्रेम, सहयोग, इमान, नैतिकताले भरिएको समाजमा रूपान्तरण गर्न सकिन्छ। मनको चञ्चलतामाथि विजय प्राप्त गरेर स्थिर मनमा उपलब्ध हुँदा प्राप्त हुने आनन्दले मानव-जीवनको परम् कल्याणको बाटो खोल्छ भन्ने रहस्य जानेको दिन सुखका लागि मान्छे भौँतारिँदैनन्। आफ्नो वरिपरि उपलब्ध मौका छोपेर आनन्द लिइरहन्छन्। गन्तव्यमा पुग्न हतारिँदैनन्, बाटोको मजा लिँदै हिँडिरहन्छन्। शरीरको ऊर्जालाई स्वाधिष्ठान र मूलाधार चक्रबाट माथि उठाएर मणिपुर, अनहादहुँदै विशुद्धि, आज्ञा र सहश्रार चक्रतिर लैजान सके सुख गौण हुन्छ, खुशी प्रधान हुन्छ। यौन गौण हुन्छ, प्रेम प्रधान हुन्छ। प्रतिस्पर्धा र ईर्ष्या गौण हुन्छ, सहयोग र सद्भाव प्रधान हुन्छ। हृदयमा यस्तो स्थितप्रज्ञता अङ्कुरण हुन सामाजिक मूल्य-मान्यता पारिवारिक संस्कार तथा नैतिक मूल्यमा आधारित शिक्षा-प्रणालीको योगदान रहन्छ। तब मानव-जीवनले परम्चेतनाको मार्ग प्रशस्त गरी भगवत् सत्ताका लागि हकदार हुन्छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार हरेक मानिसले आफ्नो सही उद्देश्यको पहिचान स्वयम् आफैँले गर्नुपर्छ र उपयुक्त कदम उठाउन सक्ने क्षमता र समस्या पर्दा सहने क्षमताको विकास हुनुपर्दछ। आध्यात्मिक स्वास्थ्य बलियो भएका व्यक्तिले मात्र यस्तो दृढता देखाउन सक्छन्, जसले व्यक्ति स्वयम्लाई मात्र नभएर पूरै समाजको प्रगतिमा टेवा दिन सक्छन्। अतः यस सन्दर्भमा युवाको मानसिक तथा शारीरिक सुरक्षा र विकास गरी देश-विकासमा जनसाङ्ख्यिक लाभको उपयोग गर्दै समुन्नत समाज र राष्ट्र-निर्माणमा आन्तरिक रूपमा जागृत युवाको नै महत्वपूर्ण भूमिका रहन्छ।

## सन्दर्भ सामग्री :


जनगणना २०७८ को प्रतिवेदन

विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदन, २०१९

भागवत् गीता


*रमा भट्टराई युवा तथा खेलकुद मन्त्रालयका उपसचिव हुन्।*

# युवा स्वरोजगार कोषको लगानीमा महिलाको सहभागिता र उपयोगिता



सुनिता सुवेदी


## सारांश

मुलुकमा उपलब्ध युवाशक्तिलाई आर्थिक रूपमा सक्षम, सामाजिक रूपमा जिम्मेवार र सांस्कृतिक रूपमा जागरुक एवम् सिर्जनशील बनाई स्वरोजगार कार्यक्रममा सहज पहुँच, प्रयोग र परिचालन गर्न सक्ने अवस्था सिर्जना गरी अपनत्व र स्वामित्वको अनुभूति गराई कार्यक्रमलाई प्रभावकारी बनाउने उद्देश्य सहित नेपाल सरकारले युवा स्वरोजगार कोषको स्थापना गरेको छ। नेपालको जनसङ्ख्याको ५१.०२% महिला भएको तथ्याङ्क २०७८ को जनगणनाले उल्लेख गरेको छ। जनसाङ्ख्यिक लाभको दृष्टिकोणले उर्वर भूमि नेपालमा १६ देखि ४० वर्ष उमेर-समूहका युवा जनशक्ति ४२.५६% रहेका छन्, जसमा पुरुष २०% र महिला २२.५% रहेका छन्।

वर्तमान अवस्थामा लाखौँको सङ्ख्यामा युवा कुनै न कुनै बहानामा पलायन भइरहेका, त्यसमा पनि महिलाहरू अझ जोखिम मोलेर न्यून ज्यालामा समेत बैदेशिक रोजगारीका लागि विदेशिनुपरेको स्थितिमा बैदेशिक रोजगारबाट प्राप्त भएका उन्नत सीप, कार्यशैली र आचरणसँगै प्राप्त पूँजीलाई स्वदेशमा लगानी, उत्पादन र रोजगारी सिर्जना गर्दै स्वदेशमै रोजगारको वातावरण सिर्जनाका लागि लगानी योजनासहितको कार्ययोजनाले राष्ट्रको विकासमा महत्वपूर्ण योगदान पुग्दछ। युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सक्रियता र लगानीको प्रभावकारिता एवम् छरिएर रहेका कोष र कार्यक्रमहरूलाई एकीकृत गरी एकद्वार प्रणालीमार्फत आवश्यकतामा आधारित लगानी एवम् उपयोगिता, स्वरोजगारको निरन्तरताको अवस्थामा आधारित लगानी योजना निर्माण गरी कार्यान्वयन गर्न सकिएमा बाध्यताले विदेशिनुपर्ने अवस्थालाई कम गर्न महत्वपूर्ण योगदान पुग्दछ।

यसर्थ महिलाको आर्थिक जीवनमा सुधार र स्वरोजगारको अवस्थालाई टेवा पुऱ्याउन कोषको भूमिका र प्रभावकारितामा थप अध्ययन र सुधार अहिलेको आवश्यक्ता हो।


## परिचयः

नेपालमा ग्रामीण कृषिमा आधारित अर्थतन्त्रबाट महिला कृषकहरू पलायन हुने क्रम बढेसँगै कूल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदान घट्दै गएको एवम् कृषिमा प्रविधि र मेसिन-औजारको प्रयोग, उत्पादन, उत्पादकत्व र महिला कृषकको आय बढ्न नसकेको अवस्था छ। जबसम्म महिलाको परिवारमा आर्थिक पहुँच स्थापित हुन सक्दैन, तबसम्म महिला सशक्तीकरणको नीतिले मूर्त रूप लिन सक्दैन।

स्रोत-साधनको समुचित प्रयोग हुने गरी मुलुकमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगारमूलक व्यावसायिक परियोजना सञ्चालन गर्नका लागि स्थानीय-स्तरमा सुलभ र सुरक्षित व्यावसायिक कर्जा उपलब्ध गराई

उद्यमशीलताको विकासमार्फत मुलुकभित्र स्वरोजगारका अवसर सिर्जना गर्न नेपाल सरकारले २०६५ सालमा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरी स्वरोजगार कार्यक्रम सञ्चालनमा ल्याएको हो ।

आर्थिक रूपले पिछडिएका विपन्न वर्ग, महिला, दलित, आदिवासी, जनजाति, द्वन्द्वपीडित, अपाङ्ग, घाइते परिवार तथा शहीद परिवार एवम् युवाहरू तथा परम्परागत सीप भएका जातजातिहरूलाई व्यावसायिक खेती, कृषिजन्य उद्योग वा सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सहुलियत ब्याजदरमा प्रतिव्यक्ति बेरोजगार युवाहरूलाई रु. पाँच लाखसम्म आवधिक कर्जा र निःशुल्क व्यावसायिक तालिम उपलब्ध गराई तिनीहरूको आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउनु मुख्य उद्देश्य रहेको छ ।

## कोषको अन्य उद्देश्यहरू :

- बेरोजगार युवाहरूलाई स्वरोजगार बनाउन र सहुलियत ब्याजदरमा वित्तीय संस्था तथा सहकारी संस्थामार्फत बिनाधितो कर्जा प्रवाह गर्ने ।
- युवा स्वरोजगार कर्जामार्फत युवाहरू विदेश पलायन हुनबाट रोक्न मद्दत गर्ने ।
- परम्परागत सीप भएका कामी, सार्की, दमाई, धिमाल, राजवंशी, द्वन्द्वपीडित व्यक्ति, उत्पीडित जाति, जनजाति र क्षेत्र तथा महिलालाई कर्जा लगानी गर्दा प्राथमिकता दिने ।
- व्यावसायिक खेती, पशुपक्षीपालन, कृषि तथा वनजन्य उद्योग, पर्यटन, घरबास तथा रत्न-पत्थर ढुङ्गासम्बन्धी तालिम प्रदान गर्ने ।
- शहर तथा बजार क्षेत्रमा रिक्सा, ठेलागाडा सेवा सञ्चालनलगायतका सेवामूलक स्वरोजगार कार्यक्रमका लागि कर्जा उपलब्ध गराउने ।
- स्थानीय कच्चा पदार्थ र सीपमूलक परियोजना र जुन क्षेत्रमा उत्पादन हुने हो सोही क्षेत्रमा खपत हुने परियोजनालाई विशेष प्राथमिकता दिइने ।
- 'एक गाउँ : एक उत्पादन' एवम् 'एक सहकारी : एक मुख्य चिनारी' सम्बन्धी परियोजनामा लगानी गर्न प्रोत्साहन गर्ने ।

## युवा स्वरोजगार कार्यक्रमका विशेषताहरू :

- कोषले बैङ्क तथा वित्तीय संस्थाहरूमार्फत प्राप्त गरेको विपन्न वर्ग कर्जा स्वरोजगार कार्यक्रममा प्रतिवर्ष ४ प्रतिशत ब्याजदरमा लगानी गर्ने ।
- कोषबाट प्राप्त रकम सम्बन्धित वित्तीय संस्था तथा सहकारी संस्थाहरूले बढीमा ८ प्रतिशत ब्याजदरमा युवालाई लगानी गर्ने ।
- वित्तीय संस्था तथा सहकारी संस्थाहरूको भुक्तानी तालिकाअनुसार साँवा र ब्याज समयमै तिर्ने र ऋणीहरूले बुझाएको ब्याजको ६० प्रतिशतले हुने रकम सम्बन्धित कर्जाग्राहीलाई नै ब्याज अनुदानस्वरूप फिर्ता दिने ।
- कोषको कर्जा लिई व्यवसाय सञ्चालन गर्ने व्यवसायी र व्यवसायको बीमा हुने र बीमा गर्दा बुझाउनुपर्ने प्रिमियम कोषले प्रदान गर्ने ।
- कर्जाग्राहीको आवश्यकताअनुसार निःशुल्क व्यावसायिक तथा सीपमूलक तालिम उपलब्ध गराउने ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उद्देश्य र यसमा अन्तरनिहित विशेषताअनुसार कार्यान्वयन हुन सकेको छ कि छैन भन्न आजको यक्ष प्रश्न हो । मुलुकको विद्यमान अवस्था आकलन गर्दा एकातर्फ औद्योगिक क्षेत्रको विकास र विस्तार हुन नसक्दा कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सकेको छैन भने अर्कोतर्फ कृषिबाट विस्थापित जनशक्तिलाई औद्योगिक क्षेत्रले उपयोग गर्न नसक्दा नेपालको ठूलो ऊर्जाशील श्रमशक्ति बैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढेको छ । फलस्वरूप सन् १९८० को दशकसम्म खाद्यान्नमा खुद निर्यातकर्ता रहेको नेपालले ठूलो परिमाणमा अर्बौंको खाद्यान्न आयात गरिरहेको छ । नेपाल श्रमशक्ति सर्वेक्षणअनुसार आ.व. २०६८/६९ मा कूल जनसङ्ख्याको ७३.९ प्रतिशत कृषिमा आश्रित रहेकामा सो घटेर हाल ६०.३ प्रतिशतको हारहारीमा सीमित हुन पुगेको छ। आ.व.२०५७/५८ मा कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनमा योगदान ३७.९ प्रतिशत रहेकोमा सोबाट घटेर २३.९५ प्रतिशतमा झरेको छ । ठूलो सङ्ख्यामा श्रमशील युवा बैदेशिक रोजगारीमा जाने गरेको वर्तमान परिवेशमा उद्यमी कृषक उत्पादनमा लगानी योजना निर्माण गर्न सकिएको छैन । नेपाल सरकारले रोजगारी र स्वरोजगारका अवसर दिने उद्देश्यले युवा स्वरोजगार कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम र प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमजस्ता रोजगारलक्षित कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ यद्यपि कार्यक्रमले लक्षित युवालाई सम्बोधन गर्न कार्यक्रमहरूलाई एकीकृत गरी थप प्रभावकारी बनाउन आवश्यक छ। युवालाई स्वरोजगार बनाउने सुन्दर उद्देश्यले युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरेको भए तापनि लाभ लागत एवम् प्रभावकारिताको दृष्टिकोणले सार्थक बन्न सकेको छैन। भाका नाघेको ऋण असुलीमा समस्या, सहकारी छनोट तथा लक्षित समूह छनोटमा तहगत सरकारबीच समन्वयको अभाव, प्रभावकारी अनुगमनको अभावजस्ता कारण पनि कोषको लगानीमा प्रभावकारिता आउन नसकेको हो ।

## अन्तर्राष्ट्रिय अभ्यास :

स्वरोजगारका लागि सरकारी लगानी गर्ने अन्तर्राष्ट्रिय अभ्यासहरूसमेत देखिन्छन् ।

### दक्षिण एसियाली केही मुलुकहरुका उदाहरण :

### भारत

भारतले स्वरोजगार कार्यक्रमको यात्रा (Integrated rural Development Program-IRDP) हुँदै (National Rural Livelihood Mission-NRLM) कार्यान्वयनमा ल्याएको छ । स्वरोजगार कोषको अवधारणाअनुसार सन् १९९३ देखि उमेर-समूह १८ देखि ३५ वर्ष महिला तथा युवालक्षित प्रधानमन्त्री रोजगार योजना कार्यक्रममार्फत ऋण उपलब्ध गराउने व्यवस्था रहेको छ । भारतको सेन्ट्रल गभरमेन्टले नयाँ व्यवसाय सञ्चालन गर्न व्यापार, सेवा, कृषिलगायतमा ३ देखि ७ वर्षसम्मका लागि बढीमा ५ लाखसम्म व्यवसाय हेरेर लगानी गर्दछ।

### बङ्गलादेश :

बङ्गलादेशमा युवा स्वरोजगार कार्यक्रम (YSEP) ले कम आय भएका युवाहरूलाई सीप प्रशिक्षण प्रदान गर्दछ भने युवा तथा खेलकुद मन्त्रालयअन्तर्गतको युवा विकास विभागद्वारा सञ्चालित स्वरोजगार कार्यक्रमले स्वरोजगार परियोजनाहरू स्थापना गर्न व्यक्तिगत ऋण प्रदान गर्दछ भने साना व्यवसाय उद्यमहरूका लागि समेत सामूहिक ऋण प्रदान गर्दछ। यस्ता कार्यक्रमहरूले बङ्गलादेशमा युवा बेरोजगारी चुनौतीहरूलाई सम्बोधन गर्न योगदान पुर्‍याउँछन् भने युवाहरूलाई आर्थिक स्वतन्त्रता र आत्मनिर्भरताको बाटो सुनिश्चित गर्न सहयोग पुग्दछ।

यसरी हेर्दा छिमेकी मूलकहरूले स्वरोजगारको अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याएको छ ।

भारतले विपन्न महिलालक्षित लगानी योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। छिमेकी मुलुकहरूका असल अभ्यासलाई समेत सिकाइको रूपमा लिन सकिन्छ।

मुलुक सङ्घीय शासन-प्रणालीमा अभ्यासरत रहेको वर्तमान परिवेशमा सरकारले तीनै तहमा जनसाङ्खिक लाभको उपयोग गर्ने वातावरण निर्माण गर्दै सीपयुक्त र क्षमतावान् श्रमशक्तिको उत्पादन गरी स्वदेशमै आन्तरिक रोजगारीको अवसर सिर्जना गरी लगानी बढाउन आवश्यक छ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन नियमावली, २०७७ को परिभाषाले 'युवा' भन्नाले सोह्र वर्षदेखि चालीस वर्षसम्मका व्यक्तिलाई समेटेको छ। त्यसैगरी 'साना व्यवसायी' भन्नाले मुनाफा आर्जन गर्ने उद्देश्यले स्वरोजगारजन्य आर्थिक क्रियाकलाप गर्ने व्यक्ति वा समूह सम्झनुपर्दछ भनी परिभाषित गरेको छ। 'स्वरोजगार' भन्ने शब्दले आफ्नो श्रम, सीप, ज्ञान र पूँजीको परिचालन गरी कुनै वस्त वा सेवाको उत्पादन, त्यस्तो वस्त वा सेवाको व्यापार, लघुउद्यम, साना वा घरेलु उद्योग सञ्चालन वा साना व्यापार, व्यवसाय वा त्यस्तै अन्य कुनै उद्यम गरी आयआर्जन गर्ने क्रियाकलापलाई समेटेको छ।

आर्थिक रूपले बिपन्न महिला, दलित, आदिवासी जनजाति, मधेशी थारू सीमान्तकृत लोपोन्मुख अल्पसङ्ख्यक मुस्लिम अपाङ्गता भएका व्यक्ति वा समुदाय गरीब किसान, मजदुर, सुकुमबासी साना व्यवसायी कोष परिचालन कार्यक्रमको लक्षित समुदायमा पर्ने कानूनी प्रावधान रहे तापनि लक्षित कार्यक्रम प्रभावकारी बनाउन रहेका नीतिगत कानूनी र संरचनागत व्यवधानहरू हटाउन जरुरी छ।

| आ. ब. | लगानी |
|---|---|
| २०७६/७७ | ७२४८६०००० |
| २०७७/७८ | ३८७७५०००० |
| २०७८/७९ | २०३१६५०००० |
| २०७९/८० | १४३८४५०००० |
| २०८०/८१ | ३९३३००००० |

स्रोतः युवा तथा साना व्यवसायी स्वरोजगार कोष




स्रोतः युवा तथा साना व्यवसायी स्वरोजगार कोष

यसरी अर्बौंको आयतन बोकेको युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लगानीको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी लगानी भएको देखिन्छ। आर्थिक वर्ष २०८०/२०८१ को माघ महिनासम्मको मात्र लगानीको अवस्था प्रस्तुत भएको हुँदा भने लगानीको यथार्थ चित्रण हुन सकेको छैन।

युवा स्वरोजगारकोषको आर्थिक वर्ष २०७६/२०७७ देखि २०८०/०८१ सम्मको महिला र पुरुषको सहभागिताको अवस्था एवम् युवा तथा साना व्यवसायी स्वरोजगार कोषले विगत पाँच वर्षदेखि गरेको लगानीको प्रवृत्तिलाई निम्नानुसार चित्रित गर्न सकिन्छ :

| क्र.सं. | आ.व | स्वरोजगार सङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | २०७६/७७ | २९०९ | २२९३ | ५२०२ | |
| २ | २०७७/७८ | २५८६ | ३१८० | ५७६६ | |
| ३ | २०७८/७९ | ६५५३ | ५५८६ | १२१३९ | |
| ४ | २०७९/८० | ७१३८ | ४८९८ | १२०३६ | |
| ६ | २०८०/८१ | २११५ | १५६८ | ३६९७ | |

स्रोतः युवा तथा साना व्यवसायी स्वरोजगार कोष

यसलाई भेन डायग्राममा यसरी देखाइएको छ :




स्रोतः युवा तथा साना व्यवसायी स्वरोजगार कोष

युवा स्वरोजगार कोषको विगत ५ वर्षको आर्थिक वर्षअनुसार प्रस्तुत तालिकामा महिला र पुरुषको विवरण उपलब्ध भएअनुसार आ.व. २०७६/२०७७ मा जम्मा ५२०२ जनामध्ये २९०९ जना महिला देखिन्छ। त्यसैगरी

२०७७/०७८ मा ५७६६ जनामध्ये २५८६ जना महिला सहभागी देखिन्छ। त्यसैगरी २०७८/२०७९ मा जम्मा १२१३९ जनामध्ये ६५५६ जना महिला सहभागी देखिन्छ। २०७९/२०८० मा जम्मा १२०३६ मध्ये ७१३८ जना महिला र चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा ३६९७ जनामध्ये २११५ जना महिलालाई लगानी भएको देखिन्छ। माथि तालिकाले देखाएअनुसार लगानी भएकामध्ये महिलामा औसतमा ५०% लगानी भएको देखिन्छ। यसरी हेर्दा प्रतिनिधिमूलक महिलामा लगानीको अवस्था सन्तोषजनक नै देखिए पनि लगानीको उपलब्धि र स्वरोजगारको निरन्तरताको स्थितिको तथ्याङ्कीय अभिलेखीकरण युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग छैन। महिलाको राजनीतिक, आर्थिक, समाजिक सशक्तीकरणका लागि कोषले गरेको लगानीसँगै महिला उद्यमी उत्पादन एवम् विकास गरी नेपालमै टिक्ने र रमाउने वातावरण निर्माण गर्न तीनै तहका सरकारको लगानी, अनुगमन र प्रोत्साहनका लागि समन्वय र सहभागिता आवश्यक छ। परम्परागत रूपमै महिलाहरू कृषि पेशामा रुचि राख्ने भए पनि पछिल्लो समय ग्रामीण महिलाहरू कृषिउद्यमबाट पलायन हुने क्रम बढ्दो छ। युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लगानीमा कृषि प्राथमिकतामा परे पनि लगानीको प्रभावकारिता देखिन सकिएको छैन।

नेपालको जनसङ्ख्याको ५१.०२% महिला भएको तथ्याङ्क २०७८ को जनगणनाले उल्लेख गरेको छ। १५ देखि ३९ वर्ष उमेर-समूहका युवा जनशक्ति ४२.५% रहेका छन्, जसमा पुरुष २०% र महिला २२.५% रहेको अवस्थामा सोबमोजिम युवा तथा साना व्यवसायी स्वरोजगार कोषमार्फत कर्जा लगानी गर्दा महिलाको सहभागितासँगै स्वरोजगारले निरन्तरता पाएको छ वा छैन भन्ने विषयमा सरोकारवालाहरूको ध्यान आकृष्ट हुन जरुरी छ। नेपालमा महिलाहरू विभिन्न कारणले उद्यमी वातावरणमा घुलमिल हुन नसकेको पाइन्छ। जस्तैः स्वरोजगार बन्न महिलाहरू जागरुक नहुनु, कार्यक्रमहरू महिलालक्षित बन्न नसक्नु, लगानीका लागि स्रोतको अभाव हुनु, शिक्षा र सूचनाको पहुँचमा सबै महिलाहरू पुग्न नसक्नु, स्वरोजगारले निरन्तरता पाउन नसक्नु, श्रमको सम्मानको अभाव, सीपयुक्त महिलाहरूको विकास हुन नसक्नु, महिला गरीबी घटाउन कोष सहयोगि बन्न नसक्नु आदि रहेका छन्।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लगानी एवम् कार्यक्रमले महिलाको आर्थिक जीवनमा गुणात्मक परिवर्तनका लागि युवा तथा साना व्यवसायी स्वरोजगार कोषले युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सञ्चालन नियमावली, २०७७ को प्रभावकारी कार्यान्वयनमा जोड दिन आवश्यक छ। कर्जाग्राहीको आवश्यकताअनुसार निःशुल्क व्यावसायिक तथा सीपमूलक तालिम उपलब्ध गराउने, स्वरोजगार बन्न चाहने लक्षित समुदायका युवा तथा साना व्यवसायीलाई श्रम, सीप र उत्पादनमूलक कार्यमा लगाई स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्दै रोजगारीका अवसर सिर्जना गरी सामाजिक, सांस्कृतिक, आर्थिक रूपान्तरण र विकास कार्यमा परिचालन गर्नु जरुरी छ। लक्षित समुदायमा परम्परागत पेशा र सीपविकास तथा व्यवसाय प्रवर्धन लागि सहुलियत दरमा ऋण लगानी गर्ने, स्थानीय सीप र कच्चा पदार्थमा आधारित तथा स्थानीय स्तरमा उत्पादन हुने वस्तुको व्यावसायिकरणमा योगदान पुग्ने कार्यक्रम सञ्चालन गर्ने, नेपाल सरकारले पहिचान गरेको गरीब परिवार लाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक छ।

रोजगार प्रवर्धन गर्ने व्यवसाय, सामूहिक कृषि तथा पशुपालनलगायतका निर्यातमूलक वा आयात प्रतिस्थापन गर्ने उत्पादनशील व्यवसायमा लगानी गर्ने, बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले सञ्चालन गर्ने साना व्यवसायका लागि ऋण लगानी गर्नेजस्ता विषयमा सम्बन्धित सरोकारवालाहरूको अनुगमन प्रभावकारी बनाई कार्यक्रमको गुणस्तर अभिवृद्धिमा जोड दिनुपर्दछ।

## निष्कर्ष:

नेपालमा पहिलो पटक युवा विकासका लागि युवा-नीति २०६६ जारी भएको र वि.सं. २०७२ मा परिमार्जित युवा-नीति जारी भएको देखिन्छ। त्यसैगरी युथ भिजन २०२५ कार्यान्वयनमा छ। युगको माग संगै युवा नीतिलाई समय सामयिक बनाउन युवा तथा खेलकुद मन्त्रालयले नयाँ युवा नीतिको मस्यौदा तयार परेको छ। प्रस्तुत नीतिले युवालाई स्वदेशमै रम्न, कर्म गर्नु र यागदान गर्ने वातावरण विकास हुने अपेक्षा समेत गरेको छ। युवा तथा खेलकुद मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय राष्ट्रिय युवा परिषद् युवा तथा साना व्यवसायी स्वरोजगार कोषलगायत दर्जनौं संस्थाहरू क्रियाशील देखिन्छन् यद्यपि नेपालमा युवाहरू टिक्ने, रमाउने र योगदान दिने विषयमा उदासिनतासहित पलायन किन हुँदै छन् भन्ने आजको यक्ष प्रश्नलाई युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लगानीले कत्तिको सम्बोधन गर्न सकेको छ ? युवा तथा साना व्यवसायी स्वरोजगार कोषले अङ्कमा त महिलाको सहभागिता सन्तोषजनक नै देखायो तर आवश्यकतामा आधारित लगानी भयो कि भएन ? स्वरोजगारले निरन्तरता पायो कि पाएन ? नेपालमा उद्यमशीलताको वातावरणले सीमान्तकृत महिलालाई सम्बोधन गर्न सक्यो कि सकेन ? महिलाको आर्थिक जीवनमा गुणात्मक परिवर्तन ल्यायो कि ल्याएन ? एवम्, सरकारको लगानीको लाभ लागत विश्लेषण भयो कि भएन ? जस्ता अनुत्तरित प्रश्नहरूप्रति सरकार गम्भीर हुँदै नीतिगत, संस्थागत एवम् संरचनागत सुधार गर्न अब ढिला गर्नुहुँदैन।

## सन्दर्भ सामग्री :


- नेपालको संविधान।
- रोजगारीको हकसम्बन्धी ऐन, २०७५
- रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ (दोस्रो संशोधन, २०७७)
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन नियमावली, २०७७
- युवा-२०७८, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार काठमाडौं
- Website – https://moys.gov.np
- National Youth Council (nyc.gov.np)
- bajajfinserv.in/Pradhan-mantri-rozgar-yojana
- www.ysef.gov.np



*सुनिता सुवेदी, युवा तथा खेलकुद मन्त्रालयका उपसचिव हुन्।*

# युवासम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था



सरिता रायमाझी

**लेखको सारांश:**

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्न राजनीतिक, आर्थिक, कानूनी, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गरी नेपालका युवा समूहलाई समाजको मूलधारमा समावेश गर्नका लागि सहज वातावरण निर्माण गर्ने, आवश्यक सेवासुविधा उपलब्ध गराउने, सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने, रोजगारीको अवसर सिर्जना गर्ने र देशको विकासमा बढीभन्दा बढी युवाको सहभागिता सुनिश्चित गर्नका लागि नेपालको संविधान, प्रचलित कानून, नीति, तीन तहका सरकारका कार्यविस्तृतिकरणमा उल्लेख भएका विषयहरू, संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम, युवाको क्षेत्रमा कार्यरत सङ्घसंस्था समेतलाई परिचालन गरी समग्र युवाको आर्थिक सामाजिक र सांस्कृतिक जागरण अभियान सञ्चालन गर्ने र नेपालका युवाको हकअधिकार सुनिश्चतताका लागि नेपालको संवैधानिक तथा प्रचलित कानूनी प्रबन्धको पृष्ठभूमि सहित नेपालको संविधान, ऐन, तथा नियमावली र योजनामा रहेको व्यवस्था तथा युवा-नीतिमा भएको व्यवस्थाको विषयमा चर्चा गर्ने प्रयास गरिएको छ।

## १. पृष्ठभूमि:

नेपालमा कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत युवा रहेका छन्। नेपालमा १६ देखि ४० वर्षको उमेर-समूहलाई युवा मानिएको छ। युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत, परिवर्तनका संवाहकका साथै राष्ट्रको अमूल्य सम्पत्ति हुन् भनिन्छ। साहस, सिर्जनशीलता, उत्सुकता एवम् उच्च आत्मविश्वासका कारण युवा समूहलाई राष्ट्र-निर्माणको प्रमुख स्रोत मानिन्छ। तसर्थ, राष्ट्रको समग्र विकास र परिवर्तनमा युवाको महत्वपूर्णभूमिका रहेको हुन्छ। गुणात्मक र सङ्ख्यात्मक दृष्टिले युवा राष्ट्र-निर्माणको मेरुदण्ड भएकाले युवाको सर्वाङ्गीण विकास गरी उनीहरूलाई राष्ट्र-निर्माणको मूलधारमा ल्याउन अत्यन्त जरुरी रहेको छ।

युवाका विषय सम्बोधन गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले सन् १९९९ देखि प्रत्येक वर्ष अगस्त १२ लाई अन्तर्राष्ट्रिय युवा दिवस मनाउने घोषणा गरेको थियो। सोही घोषणासँगै युवासम्बन्धी विभिन्न चेतनामूलक तथा मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजना गरी सन् २००० देखि नियमित रूपमा विश्वभर अन्तर्राष्ट्रिय युवा दिवस मनाउन थालिएको हो। नेपालमा सन् २००४ देखि युवाका क्षेत्रमा काम गर्ने विभिन्न गैरसरकारी संस्थाको आयोजनामा कार्यक्रम मनाउन थालिएको छ। राष्ट्रिय युवा परिषद्ले सन् २०१६ देखि अन्तर्राष्ट्रिय युवा दिवस मनाउन सुरु गरेको छ। हाल सात प्रदेश र सबै स्थानीय तहले पनि अन्तर्राष्ट्रिय युवा दिवस मनाउँदै आएका छन्। यस्ता दिवस तथा समारोहबाट नेपालका समग्र युवाको हक, हित र अधिकारलाई संरक्षण गर्नका लागि नेपालको संविधान, प्रचलित कानून र नीतिमा समेत व्यवस्था गरी युवाहरूका लागि निश्चित सेवासुविधा, सहुलियत तथा अवसर, रोजगारी, सहभागिता, क्षमता अभिवृद्धि र सशक्तीकरण सम्भव भएको छ।

देशका युवा समूहलाई समाजको मूलधारमा समावेश गर्नका लागि सहज वातावरण सिर्जना गर्ने, निश्चित सेवासुविधा उपलब्ध गराउने, सहुलियत प्रदान गरी रोजगारी सिर्जना गर्ने र देशको विकासमा बढीभन्दा बढी युवाको सहभागिता सुनिश्चित गर्नका लागि नेपालको संविधान, प्रचलित कानून र नीति एक महत्वपूर्ण आधार हो । समग्र युवाको विकासका लागि आर्थिक, सामाजिक, राजनीतिक र कानूनी क्षेत्रमा हस्तक्षेप गरी युवा-युवाबीच हुने असमानता हटाउन, युवाहरूको क्षमता अभिवृद्धि कार्यक्रममा प्राथमिकता दिने, सहुलियतपूर्ण कर्जा लगानी गर्ने, ब्याजदरमा छुट दिने लगायत युवामैत्री उपयुक्त वातावरण निर्माण गर्ने जस्ता युवाका अधिकार सुनिश्चित गर्न विद्यमान कानून तथा नीतिगत व्यवस्थामा सुधार गर्ने तथा नयाँ नीति-निर्माण एवम् कार्ययोजना बनाई लक्षित युवावर्गको हक-अधिकार संरक्षण गर्नुपर्ने आजको आवश्यकता रहेकाले नेपालका समग्र युवाको हक-अधिकारसम्बन्धी नेपालको संवैधानिक तथा प्रचलित कानूनी प्रबन्धको पृष्ठभूमि सहित नेपालको संविधान, ऐन, तथा नियमावली र योजनामा रहेको व्यवस्था तथा युवा-नीतिसम्बन्धी व्यवस्थाको विषयमा चर्चा गरिएको छ ।

## २. राष्ट्रिय कानूनी व्यवस्था :

### (क) संवैधानिक व्यवस्था

**नेपालको संविधान :-**

**धारा ५१ राज्यका नीतिहरू :-** नेपालको संविधानको धारा ५१ को खण्ड (ञ) मा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, प्रतिनिधित्व, खेलकुद र मनोरञ्जन लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने व्यवस्था भएकोले सोको कार्यान्वयन गर्न आवश्यक रहेको छ ।

### (ख) राष्ट्रिय युवा परिषद् ऐन, २०७२

**प्रस्तावना:-**

युवाको हक, हितको संरक्षण र संवर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवालाई सशक्तीकरण गरी युवासम्बन्धी विषयको नीति-निर्माणदेखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरूलाई संलग्न गराई राष्ट्रिय विकासको मूल प्रवाहमा समावेश गर्ने ।

**ऐनको विभिन्न दफाहरूमा:-**

युवा विकाससम्बन्धी विभिन्न कार्यक्रमहरू मार्फत युवा परिचालन गर्ने कानूनी व्यवस्था रहेको छ, जसमा निम्न कार्यहरूसमेत रहेका छन् :

- युवालाई राष्ट्र-निर्माणमा सहभागी हुन तथा मुलुक निर्माणमा केन्द्रित भई अघि बढ्न उत्प्रेरित गर्ने ।
- युवालाई राष्ट्रिय विकासमा समाहित गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- युवालाई नीति-निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराउन पहल गर्ने ।

### (ग) राष्ट्रिय युवा परिषद् नियमावली, २०७३

राष्ट्रिय युवा परिषद् नियमावलीमा युवासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न सरकारी वा गैरसरकारी सङ्घ, संस्थासँग आवश्यक समन्वय गर्ने तथा युवासम्बन्धी सङ्घ, संस्थाको आबद्धता तथा नवीकरणसम्बन्धी व्यवस्था गरिएको छ ।

### (घ) संरचनागत तथा नीतिगत व्यवस्थाः-

परापूर्वकालदेखि युवाले साहसी, योद्धा, वीरताको प्रतीक तथा विकासको संवाहकको रूपमा भूमिका निर्वाह गर्दै आएका छन् । औपचारिक रूपमा युवाको सरोकार सम्बोधन गर्नका लागि वि.सं.२०५२ असोजमा पहिलो पटक युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको स्थापना भयो । वि.सं.२०५२ मा युवा-शक्ति परिचालन तथा समन्वय र निर्देशनका लागि उपयुक्त कार्यक्रम तयार गर्न गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदनमा १५ देखि २९ वर्ष उमेर-समूहलाई युवाको रूपमा परिभाषित गर्न सुझाव दिएको भए तापनि वि.सं. २०६६ सालमा युवा तथा खेलकुद मन्त्रालयले गठन गरेको सर्वदलीय राजनीतिक युवा कार्यदलले १६ देखि ४० वर्ष उमेर-समूहलाई युवाको रूपमा परिभाषित गऱ्यो । यसैका आधारमा नवौं पञ्चवर्षीय योजनामा पहिलो पटक युवासम्बन्धी छुट्टै परिच्छेदको व्यवस्था गरेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ को राज्यको नीति खण्डमा देश-विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नियम अवलम्बन गर्ने व्यवस्था गऱ्यो। सोही अनुरूप सरकारको तीन वर्षे अन्तरिम योजनामा पनि युवा लक्षित छुट्टै परिच्छेदको व्यवस्था भयो । वि.सं. २०६५ मा नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालय गठन गऱ्यो। मन्त्रालय गठन भएपछि गठित कार्यदलले निर्माण गरेको राष्ट्रिय युवा-नीतिको मस्यौदा वि.सं.२०६६ माघ १४ गतेको मन्त्रिपरिषद्को बैठकले स्वीकृत गऱ्यो । उक्त नीतिको समय सान्दर्भिक परिमार्जन गरी राष्ट्रिय युवा-नीति, २०७२ जारी गरियो। राष्ट्रिय युवा-नीतिले परिकल्पना गरेअनुसार राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा परिषद् नियमावली, २०७३ जारी भयो र सोही कानून बमोजिम राष्ट्रिय युवा परिषद्को स्थापना भयो । यी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि युथ भिजन, २०१५ (२०१५-२०२५) तथा युवासम्बन्धी १० वर्षे रणनीतिक योजना कार्यान्वयनमा रहेको छ।

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक आर्थिक सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा युवाको योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने नीतिअनुरूप युवा तथा खेलकुद मन्त्रालयले युवासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ।

योजनाबद्ध विकास प्रक्रियाको प्रारम्भसँगै वि.सं. २०१३ सालमा पहिलो पञ्चवर्षीय योजना सुरु गरियो। यसबाट नेपालको योजनाबद्ध विकास प्रयास सुरु भएको हाल छ (६) दशक पुगिसकेको छ । पछिल्लो राजनीतिक परिवर्तनले स्थापित गरेको नागरिक अधिकारसँगै सामाजिक न्यायसहितको आर्थिक विकास र समृद्ध समाजको निर्माण गर्ने कार्य राज्यको प्राथमिकतामा परेको छ। नेपालले विश्वव्यापीकरणको प्रभावलाई व्यवस्थापन गर्दै युवाको विकासको आकाङ्क्षालाई सम्बोधन गर्न र समानुपातिक तथा सन्तुलित विकासको सुनिश्चताका लागि त्यसका प्राथमिकताहरूको पहिचानसहित योजनाहरूको निर्माण र कार्यान्वयन हुँदै आएको पाइन्छ । प्रत्येक आवधिक योजनाले त्यस समयको समाजको माग र आवश्यकतालाई प्राथमिकता दिई योजनाको निर्माण र कार्यान्वयन गर्दै आएको पाइन्छ।

### (ङ) पन्ध्रौं योजनाः-

युवाको सर्वाङ्गीण विकास राष्ट्र-निर्माणको प्रमुख आधारलाई सोच लिएको छ भने, स्वस्थ, सकारात्मक, सोचयुक्त, उद्यमशील, सिर्जनशील, अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिबद्ध युवा-शक्तिको विकास र परिचालन गर्ने, लक्ष्य लिएको छ।

**१. पन्ध्रौं योजनाको उद्देश्यमा युवासम्बन्धी विषय निम्नानुसार रहेको छ ।**

- युवाको दक्षता र क्षमताको विकास गर्नु ।
- युवालाई उद्यमशील रोजगारमूलक र स्वरोजगार बनाउनु ।
- शासकीय प्रक्रिया एवम् सामाजिक सांस्कृतिक र आर्थिक रूपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्नु ।
- युवालाई आत्मनिर्भर, स्वाबलम्बी र चरित्रवान् बनाउनु ।

**२. पन्ध्रौं योजनाको रणनीतिमा युवासम्बन्धी विषय निम्नानुसार रहेको छ ।**

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसर विस्तार गर्ने ।
- युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने ।
- युवाद्वारा सञ्चालित उद्यम व्यवसाय तथा उद्योगको प्रवर्धन गर्ने ।
- वित्तीय स्रोत-साधनमा युवाको पहुँच विस्तार गर्ने ।
- तीन तहको नीति-निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने ।
- युवामा स्वयम्सेवी संस्कृतिको विकास गर्ने ।
- स्काउटको संरचनालाई विकास र विस्तार गर्ने ।

**(च) नेपाल सरकारको कार्य विस्तृतिकरणमाः-**

- युवासम्बन्धी राष्ट्रिय नीति कानून योजना तथा नियमन ।
- युवासम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ, संस्थासँगको सम्पर्क र समन्वय ।
- स्काउटसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन अनुगमन ।
- स्काउटसम्बन्धी विषयको अध्ययन र अनुसन्धान ।
- स्काउटसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय ।

**(छ) प्रदेश सरकारको कार्यविस्तृतिकरणमाः-**

- युवा वैज्ञानिक प्रोत्साहन ।
- युवासम्बन्धी प्रदेश नीति कानून योजना कार्यान्वयन तथा नियमन ।
- विज्ञान सङ्ग्रहालय, प्लानेटोरियम ।

**(ज) स्थानीय सरकारको कार्यविस्तृतिकरणमाः-**

- स्थानीयस्तरमा युवा जागरण सशक्तीकरण र परिचालन ।
- स्थानीयस्तरमा युवा सीप उद्यमशीलता तथा नेतृत्व विकास ।

**(ञ) संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमः-**

- युवाहरूलाई सामाजिक जीवनका सबै क्षेत्रमा महत्वपूर्ण साझेदार र संवाहकका रूपमा अगाडि बढाउँदै उनीहरूको सर्वत्रोमुखी विकासका लागि वातावरण निर्माण गर्ने ।
- यसका लागि युवालाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणको अभियानकर्ता र संवाहकका रूपमा विकास गर्ने ।
- युवापङ्क्तिलाई राष्ट्रिय जीवनका सबै आयाममा परिचालन गर्ने ।
- युवाको अधिकार शिक्षा र रोजगारको अवधारणालाई व्यावहारिक रूप दिने ।
- ऊर्जाशील युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न कार्यक्रम ल्याउने ।

## ३. नीतिगत व्यवस्थाः-

**राष्ट्रिय युवा-नीति, २०७२** - युवालाई राष्ट्र र राष्ट्रियताप्रति समर्पित गर्न, युवाको शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका आवश्यकताको परिपूर्ति गर्दै समानता एवम् समतामूलक वितरणको सिद्धान्त, वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवअधिकारको सिद्धान्त, लोकतान्त्रिक मूल्य-मान्यता, विश्वशान्ति, सह-अस्तित्व, जात, जाति, भाषा, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संवर्द्धनजस्ता आधारभूत मूल्य-मान्यताहरूको प्रवर्धन गर्न राष्ट्रिय युवा-नीति, २०७२ जारी गरिएको थियो । अतः संविधानको मर्म र भावना, बदलिँदो विश्व-परिवेश एवम् राष्ट्रिय युवा-नीतिले निर्देश गरेबमोजिम पुनरावलोकन गरी सङ्घीय संरचनाअनुरूप युवाक्षेत्रको मार्गदर्शक नीतिको रूपमा राष्ट्रिय युवा-नीति, २०७२ कार्यान्वयनमा ल्याइएको छ ।

राष्ट्रिय युवा-नीति, २०७२ ले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न राष्ट्रिय युवा परिषद्को स्थापना भएको छ । युवा तथा साना व्यवसायी स्वरोजगार कोषलगायत विभिन्न विषयगत मन्त्रालय, निकायहरूमार्फत विभिन्न कार्यक्रम सञ्चालन गरिँदै आएको छ । राष्ट्रिय युवा परिषद्ले युवाको विकासका कार्यक्रम जस्तै– युवा सञ्जाल गठन, नवप्रवर्तन, उद्यमशीलता विकास, सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि वित्तीय साक्षरता कार्यक्रम, एक शिक्षण संस्था एक उद्यम, नमुना युवा संसद् अभ्यास, युवा क्लब गठन, युवा स्वयम्सेवक विकास र परिचालनलगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । युवा तथा साना व्यवसायी स्वरोजगार कोषमार्फत विनाधितो सहुलियतपूर्ण कर्जा प्रदान गर्दै आएको छ । उक्त कोषबाट हालसम्म ८४ हजार २ सय ३७ जना स्वरोजगार भएका छन् । नेपाल स्काउटले विपद् व्यवस्थापन, मानवीय सेवा तथा मेलापर्व व्यवस्थापनमा स्वयम्सेवक परिचालनको कार्यहरू गरिरहेको छ । विषयगत मन्त्रालयहरूले युवालक्षित विभिन्न कार्यक्रम सञ्चालन गरेका छन् । साथै, युवा तथा खेलकुद मन्त्रालयले अन्तरमन्त्रालय समन्वय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्था, नेपाल स्काउट, राजनीतिक दलका युवासम्बद्ध सङ्घसंस्था एवम् विकासका साझेदारसँग समन्वय गर्दै आएको छ ।

राष्ट्रिय युवा-नीति, २०७२ र युथ भिजन, २०१५ (२०१५-२०२५) तथा युवासम्बन्धी १० वर्षे रणनीतिक योजनाअनुसार नेपालभित्र विभिन्न क्षेत्रमा रहेका युवावर्गमा उद्यमशीलता सिर्जनशीलता तथा सीपको विकास गरी स्वरोजगार र उत्पादनको माध्यमबाट समृद्ध नेपाल निर्माण गर्न सक्रिय युवा समूहलाई सङ्घ, प्रदेश र स्थानीय तह वित्तीय सेवा-प्रदायक संस्थामार्फत विनाधितो विनाब्याज कर्जा लगानी तथा असुली गर्ने कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी समग्र युवालाई उद्यमी बनाउन राष्ट्रिय युवा परिषद्ले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यस्ता कार्यक्रमहरूबाट युवाहरूले जीविकोपार्जन रोजगार आयआर्जनका लागि सिर्जनात्मक

आर्थिक क्रियाकलाप व्यवसाय गरी आर्थिक रूपमा आत्मनिर्भर भई राष्ट्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छन् ।

चालु आर्थिक वर्ष २०८० सुरु भएयता असोज महिनामा मात्रै ५६ हजार दुई सय ३५ जना युवाहरू रोजगारीकै खोजीमा विदेश गएका छन् । जसमध्ये ४९ हजार तीन सय ९८ पुरुष र ६ हजार आठ सय ३७ जना महिला रहेको बैदेशिक रोजगार विभागको तथ्याङ्कबाट देखिन्छ। यो सङ्ख्या उदाहरणका लागिमात्र रहे पनि यो वर्ष अन्य वर्षहरूभन्दा बैदेशिक रोजगारीमा जानेको सङ्ख्या उच्च रहेको पाइएको छ। तसर्थ, विदेशिएका नेपालीलाई समेटेर देश निर्माण र विकासमा लगाउन पहल गर्नु जरुरी छ। सरकारले तुरुन्त दक्ष युवा जनशक्ति स्वदेश फर्काउने नीति ल्याई देशको युवा जनशक्तिलाई सुरक्षित सम्मानित र व्यवस्थित बनाउनु पर्ने आजको आवश्यकता हो। सरकारले युवालाई Piller को रूपमा स्थापित गर्न सक्ने वातावरण निर्माण गर्नु, प्रयोगात्मक शिक्षाको अवधारणा ल्याउनु, देश सञ्चालन गर्ने युवाहरूको क्षमता विकास, सहुलियतपूर्ण कर्जा, रोजगारीजस्ता विषयहरूलाई महत्व दिएर कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

नेपालका बालबालिका तथा युवावर्गलाई विश्व स्काउटको सिद्धान्त र मान्यता अनुरूपको अभियानमा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित स्वावलम्बी र चरित्रवान तुल्याई सेवा भावनाको अभिवृद्धि गर्दै देश-विकास कार्यमा सहभागी गराउन नेपाल स्काउटलाई अक्ष सक्षम र सङ्गठित बनाई नेपाल स्काउटको माध्यमबाट विद्यालय तहदेखि नै बालबालिका तथा युवामा शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, सांस्कृतिक, आध्यात्मिक र संवेगात्मक विकासका स्वयम्सेवाको भावना विकास हुने गरी सो अनुसारका कार्यक्रमहरू सञ्चालन गर्ने तथा सोही अनुसार विपद् व्यवस्थापन तथा अन्य अवस्थामा समेत स्वयम्सेवाका लागि आवश्यक सङ्ख्यामा स्वयम्सेवक तयार गरी त्यस्ता क्रियाकलापमा सहभागी गराई । सामुदायिक सेवा तथा विकास र जनहित सम्बन्धी कार्य गर्ने, गराउने । शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण, भू-संरक्षण तथा प्राकृतिक स्रोतको उपयोगसम्बन्धी विभिन्न जनउपयोगी कार्यक्रम सञ्चालन गर्न युवा जनशक्ति परिचालन गर्ने गराउने, अन्धविश्वास, कुरीति, कु-संस्कार, सामाजिक विभेद, छुवाछुत, लैङ्गिक हिंसा तथा अमानवीय कार्यहरूको अन्त्य गर्न तथा सामाजिक, सांस्कृतिक र आर्थिक रूपान्तरणका लागि युवा-शक्तिलाई परिचालन गर्ने, गराउने जस्ता कार्यहरु गर्नु गराउनु पर्ने देखिन्छ।

## ४. बजेट वक्तव्य २०८०/०८१ युवा तथा खेलकुदतर्फः-

**२६८.** युवा जनशक्तिलाई मुलुकको आर्थिक तथा सामाजिक विकासमा परिचालन गरिनेछ । युवाको क्षमता विकास गरी रोजगार योग्य बनाइनेछ। उद्यमशीलता विकास एवम् राष्ट्रिय स्रोत-साधनमा पहुँच अनुभव प्राप्त युवालाई राष्ट्रिय उत्पादन प्रणालीमा आबद्ध गरिनेछ। खेलकुदको माध्यमबाट स्वस्थ सक्षम र अनुशासित जनशक्ति तयार गरिनेछ।

**२६९.** आर्थिक वर्ष २०८०/०८१ लाई युवा उद्यमशीलता प्रवर्धन वर्षको रूपमा मनाइनेछ। युवावर्गलाई उद्यमशीलता विकास र व्यवसाय सञ्चालनमा आवश्यक सीप, पूँजी र स्रोत-साधनमा पहुँच वृद्धि गरिनेछ। युवा तथा साना स्वरोजगार कोषको लगानी मोडालिटी परिवर्तन गरी युवालाई व्यवसाय गर्न सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ। खेलाडीलाई स्वरोजगार हुन चाहेमा युवा स्वरोजगार कोषमार्फत सहुलियतपूर्ण कर्जा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

**२७०.** राष्ट्रिय युवा परिषद्मार्फत विकास निर्माण तथा समाजसेवामा युवा स्वयम्सेवक परिचालन गरिनेछ। युवाको क्षेत्रमा कार्यरत सङ्घसंस्था परिचालन गरी आर्थिक, सामाजिक र सांस्कृतिक जागरण अभियान सञ्चालन गरिनेछ।

## ५. समस्या तथा चुनौती :

सङ्घ, प्रदेश तथा स्थानीय सरकारको तर्फबाट विश्व परिवेश, विज्ञान प्रविधिमा आएको नवीनतम विकासको सन्दर्भमा युवासम्बद्ध समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्न आवश्यक छ । सङ्घीय संरचना अनुरूपको साङ्गठनिक विकेन्द्रीकरण, कानूनको अपर्याप्तता, प्रदेश तथा स्थानीय तहमा कर्मचारीको कमी, कार्यविधिगत अस्पष्टता, विषयगत मन्त्रालयको कार्यक्रमसँग तादाम्यताको अभाव, विगतमा सञ्चालित कार्यक्रमहरूको अप्रभावकारिता, स्रोत-साधनको अपर्याप्तता तथा अवसरको समानुपातिक वितरण नहुँदा लक्षित उपलब्धि हासिल गर्न सकिएको छैन । त्यसैगरी, भए गरेका कार्यको तथ्याङ्क नहुँदा प्राप्त उपलब्धी मापन गर्न सकिएको छैन । उल्लिखित सन्दर्भमा गुणस्तरीय, समय सापेक्ष, रोजगारमूलक शिक्षाको सीमितता, व्यावसायिक सीप र प्रविधिमा न्यून पहुँच, बेरोजगारी र अर्धबेरोजगारी, युवा जनशक्ति पलायन, कमजोर स्वास्थ्य, पोषण र मनोबल, युवामैत्री लगानी र उद्यमशील वातावरणको सीमितता रहेको छ । यसैगरी सामाजिक समूहबीचको असमानता तथा विश्वव्यापीकरण र उदारीकरणले ल्याएका नकारात्मक प्रभाव युवाका समस्याका रूपमा रहेका छन् । शिक्षित एवम् स्वस्थ युवा तयार गर्नु, व्यावसायिक सीप र प्रविधिमा पहुँच पुर्‍याउनु, बेरोजगारी र अर्धबेरोजगारीमा कमी ल्याउन स्वरोजगारको सृजना गर्नु, युवा पलायन रोक्नु, युवामैत्री लगानी र उद्यमशील वातावरणको निर्माण गर्नु, नेतृत्व विकास एवम् सामाजिक आर्थिक असमानता हटाउनुलगायतका चुनौतीहरू रहेका छन् ।

## ६. सुझाव :

अन्तरमन्त्रालयसँग समन्वय गरी युवालक्षित कार्यक्रमका लागि आवश्यक बजेटको प्रबन्ध गर्नुपर्दछ । युवासम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न अन्तरमन्त्रालय तथा निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्नुपर्दछ । सङ्घ, प्रदेश र स्थानीय सरकारको तर्फबाट रोजगारीमा संलग्न नभएका शिक्षित युवाहरूको तथ्याङ्कक सङ्कलन गरी आवश्यक तालिम प्रदान गरेर उनीहरूको ज्ञान, सीप र क्षमता विकास गरी रोजगारीको वातावरण सृजना गर्नुपर्दछ । दुर्गम ग्रामीण भेगमा रहेको जनशक्ति अभावको समस्यालाई सम्बोधन गर्ने लक्ष्यका साथ युवासम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । देशका युवाको श्रमको मर्यादा र सम्मानको संस्कार विकास गर्न युवाहरूको अभिलेख व्यवस्थापन गर्नुपर्दछ । इच्छुक युवावर्गलाई लक्षित स्वयम्सेवाका कार्यक्रममा सहभागी गराउनुपर्दछ । सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूले दीर्घकालीन एवम् वार्षिक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्दा रोजगार तथा स्वयमूसेवा कार्यक्रमसमेतलाई प्रवर्धन, प्रोत्साहन र परिचालन गर्नेसम्बन्धी नीति, योजना तथा कार्यक्रममा समेत समावेश गराउने व्यवस्था मिलाउनुपर्दछ । कुनै विषय वा विधागत, क्षेत्रगत, वा पेशा, सीप, ज्ञान तथा अनुभवका आधारमा स्वयमूसेवा गर्न युवाहरूलाई प्रेरित तथा परिचालन गर्नुपर्दछ । सरकारी, गैरसरकारी संस्थाहरू स्थापना र सञ्चालन गर्न प्रोत्साहित गर्नुपर्दछ । युवा स्वरोजगारसम्बन्धी, देशमा उपलब्ध युवाको हक, अधिकार, संरक्षण गर्ने र स्वयम्सेवासम्बन्धी ऐन, नियम, कार्यविधि र मार्गदर्शक निर्देशिकाहरू बनाई वा प्रचलित कानूनहरूबीच तालमेल मिलाई विभिन्न सङ्घसंस्थामा आबद्ध हुन पाउन, भेदभावरहित व्यवहार, पहिचानको अधिकार, स्वास्थ्य तथा सुरक्षित कार्य वातावरणको अधिकार, प्रशिक्षणको अधिकारलगायत युवाका आधारभूत हक-अधिकारहरूको प्रत्याभूति गरी आवश्यक र योग्य जनशक्ति उपलब्ध नभएको क्षेत्रमा वा योग्य जनशक्ति नहुने अवस्था आएमा वा तोकिएको क्षेत्रमै खटेर गर्नुपर्ने कामबाहेक स्थायी प्रकारको काम वा सेवा-प्रवाहमा दक्ष युवा जनशक्ति परिचालन गर्नुपर्दछ ।

शासकीय प्रणाली र विकासमा सार्थक सहभागिताको अवसर, कृषि, पर्यटन, जलस्रोतलगायतका प्राकृतिक स्रोत-साधनको प्रचुरता, वित्तीय संस्थाहरूको बढ्दो सञ्जालबाट आर्थिक स्रोत-साधनमा बढ्दो पहुँच, औपचारिक, व्यावसायिक शिक्षाप्रतिको आकर्षण, सबैका लागि शिक्षा, जनसाङ्ख्यिक लाभ, क्षमता विकासका लागि स्वदेश

तथा विदेशमा उपलब्ध अवसर, लक्षित समूह एवम् भौगोलिक क्षेत्र केन्द्रित विभिन्न कार्यक्रमको विस्तार, बैदेशिक रोजगारीबाट प्राप्त सीप, अनुभव र स्रोत-साधनको उत्पादनशील क्षेत्रमा प्रयोग गर्दै आन्तरिक रोजगारी सिर्जना गर्ने लगायतका अवसरहरू प्रदान गर्नुपर्दछ।

## ७. निष्कर्ष :

नेपालको संविधानले निर्दिष्ट गरेअनुसार युवाको सर्वाङ्गीण विकासका लागि राष्ट्रिय युवा-नीतिको माध्यमबाट युवा रोजगार, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकता पूरा गर्नुपर्छ। युवा राष्ट्रको महत्वपूर्ण मानव-स्रोत भएकाले हरेक क्षेत्रमा युवामा निहित क्षमताको विकास गरी राष्ट्र-निर्माणमा युवा परिचालन गराउन जोड दिनुपर्छ। समग्र युवावर्गमा रहेको सिर्जनशीलता, वैज्ञानिकता, उद्यमशीलताको भावना बोध गराई राष्ट्रिय उत्पादनसँग जोड्नु आजको प्रमुख आवश्यकता हो। यसैगरी युवावर्गमा देखिएको विचलनलाई हटाई असल नागरिक, समालोचनात्मक सोच, जिम्मेवारी र जवाफदेहिताको विकास गर्न तथा न्याय र नैतिकतामा आधारित स्वच्छ, सामाजिक जीवनको विकास गर्न युवाका मुद्दाहरूलाई यथोचित रूपमा सम्बोधन गर्नुपर्ने आजको महत्वपूर्ण आवश्यकता तथा अत्यन्त जरुरीसमेत रहेको छ। युवावर्ग देशको समग्र विकासका संवाहक भएकाले राष्ट्र-निर्माणमा युवाको महत्वपूर्णभूमिका रहन्छ। समावेशी, समानुपातिक र समविकासको सिद्धान्तअनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, राष्ट्रिय स्वाधीनता तथा नेपालको सार्वभौमसत्तालाई अक्षुण्ण राख्न, राजनीतिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक रूपान्तरणमा युवा नेतृत्वको सम्भावनालाई मूर्त रूप दिन, राज्य सञ्चालनका हरेक क्षेत्रमा युवाको सार्थक सहभागिता गराउन, सक्रिय प्रतिनिधित्व गर्न र नेतृत्वदायी भूमिका सुनिश्चित गर्न राज्यले ल्याउने नीति तथा कार्यक्रममा दे शका समग्र युवाको हकहित सुनिश्चित गर्ने गरी कार्यक्रम ल्याउनु आवश्यक रहेको छ। युवा प्रतिभाको पहिचान गरी विश्वव्यापी रूपमा सिर्जना हुने अवसरहरूमा नेपाली युवाको पहुँच सुनिश्चित गर्ने थप सम्भावनाको विकास गर्न आवश्यक छ।

## सन्दर्भ सामग्री :


१. नेपालको संविधान।

२. नेपाल सरकारले प्रक्षेपण गरेको आर्थिक वर्ष २०८०/०८१ को बजेट।

३. रोजगारीको हकसम्बन्धी ऐन, २०७५।

४. सामाजिक सुरक्षा ऐन, २०७५।

५. राष्ट्रिय युवा परिषद् ऐन, २०७२।

६. राष्ट्रिय युवा परिषद् नियमावली, २०७३।

७. पन्ध्रौं योजना, राष्ट्रिय योजना आयोग।

८. राष्ट्रिय युवा-नीति, २०७२।

९. नेपाल सरकारको कार्य विस्तृतिकरण।



*सरिता रायमाझी युवा तथा खेलकुद मन्त्रालयका उपसचिव हुन्।*

# सार्वजनिक सेवाप्रवाहमा युवा जनशक्तिको महत्व



हुमकला पाण्डे

## १. पृष्ठभूमि:

अन्तर्राष्ट्रिय रूपमा १८ वर्षसम्मको उमेरलाई बालबालिका भनिन्छ भने नेपालमा १६ वर्षदेखि ४० वर्षसम्मका व्यक्तिहरूलाई युवाका रूपमा चिनिन्छ । युवा भन्नासाथ शारीरिक, मानसिक तथा मनोसामाजिक रूपमा सक्षम र दक्ष जनशक्ति मानिन्छ । जुनसुकै देशमा पनि युवालाई राष्ट्र-निर्माणका आधार, भविष्यका कर्णधार, प्रेरणा, आशा र उन्नतिका परिचायक स्रोतका रूपमा लिइन्छ । युवा राष्ट्रका अमूल्य निधि, परिवर्तनका संवाहक र विकासका महत्वपूर्णस्रोत तथा आधार हुन् । युवाहरूको मिहिनेत, परिश्रम, सोच, क्षमता, क्रियाशील, लगनशील लगाव र क्षमताले नै उत्पादन र उत्पादकत्व बढ्न सक्छ । विश्वका विकसित राष्ट्रहरूको शक्तिको स्रोत युवा जनशक्ति हो । संयुक्त राष्ट्रसङ्घको आह्वानमा हरेक वर्ष अगस्ट १२ का दिनलाई नेपालले पनि अन्तर्राष्ट्रिय युवा दिवस युवाहरूलाई सम्मान, हौसला प्रदान जस्ता कार्यक्रम गरी मनाएको छ । विश्वमा नै युवा भन्नाले कुनै पनि देशको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत क्षेत्रमा समृद्धि र सुशासन ल्याउन युगान्तकारी परिवर्तन गर्ने सवालमा युवाको भूमिका सदैव अग्रणी रहँदै आएको विगतका इतिहासले पुष्टि गर्छ ।

## २. नेपालमा युवाको अवस्था

जनगणना २०७८ अनुसार नेपालमा आर्थिक रूपमा सक्रिय जनसङ्ख्या ५७ प्रतिशत रहेको छ । तर पनि १६ देखि ४० वर्षसम्मका युवाको जनसङ्ख्या ४२.५६ प्रतिशत रहेको मानिन्छ । स्वास्थ्य अवस्थामा आएको सुधार, जीवनशैलीमा आएको परिवर्तन र विश्वव्यापी रूपमा सक्रिय जनशक्तिको उमेर क्रमशः बढी देखिएकाले देशगत, कानूनी र अर्थशास्त्रीय दृष्टिकोणले समेत फरक मान्दै आएको अवस्था रहेको छ । युवावस्थालाई उमेरभन्दा पनि सक्रिय अवस्था, जोश र सिर्जनशील कार्यका आधारमा परिभाषित गर्नुपर्ने सोच बढ्दै गइरहेको छ । विद्यमान राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक संरचनामा युवाको प्रतिनिधित्व जनसङ्ख्याका आधारमा हुनुपर्ने देखिन्छ । युवा-नीतिले युवालाई विकासका बहुआयामिक विकासका कार्यक्रममा सहभागी बनाउनु अनिवार्य रहन्छ । राज्य रूपान्तरणका सबै आयाम, जस्तो कि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय र शासकीय आयामलाई गतिशील बनाउन युवावर्गको सार्थक सक्रियता जरुरी छ । युवाको सही उपयोग, सदुपयोग गरी देशको निर्माण र विनिर्माणमा परिचालित गर्नु अनिवार्य रहन्छ । नेपालको इतिहासमै ठूलो युवा जनसङ्ख्या रहेको र संयुक्त राष्ट्र सङ्घले समेत युवाको विकासलाई विशेष महत्व दिई घोषणा गरेको छ । युवालाई आधुनिक समाजको विकास गर्दै सूचना प्रविधिको क्षेत्रमा विकास गर्नका साथै नवीन सिर्जना, कलालगायत सकारात्मक चासो नीतिनिर्मातामा रहनुपर्दछ । युवाका अपेक्षा र युवा उपयोगबीच सन्तुलन ल्याएर नै युवालाई उनीहरूको भविष्यप्रति आश्वस्त पार्न सक्नुपर्छ ।

## ३. युवाहरूको विकासका लागि नेपालमा भएका व्यवस्थाहरू :

### ३.१ नीतिगत व्यवस्था

#### ३.१.१ नेपालको संविधान

नेपालको संविधानको धारा ५१ को नीति तथा कार्यक्रमअन्तर्गत सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिअन्तर्गत राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने व्यवस्था छ।

पन्ध्रौँ योजना (२०७६/७७–२०८०/८१) दीर्घकालीन सोचसहितको 'समृद्ध नेपाल, सुखी नेपाली' मा आधारित योजना हो।

यो राष्ट्रिय लक्ष्य हासिल गर्न वि.सं. २०७५ मा दीर्घकालीन सोच २१०० तय गरेको छ। वि.सं. २०८३ (सन् २०२६) मा नेपाललाई अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य तय गर्ने योजना छ।

#### ३.१.२ कानूनहरू

राष्ट्रिय युवा-नीति, २०६६ को संशोधित युवा-नीति २०७२, जसले युवाको परिभाषासहित नेपालमा युवाको विकास र संरक्षणका लागि गर्नुपर्ने संस्थागत र कार्यगत काम, कर्तव्य र अधिकारहरूको बारेमा व्याख्या गरेको छ, जसअन्तर्गत राष्ट्रिय युवा परिषद् गठन पर्दछ। युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने नीति निर्देशन राष्ट्रिय युवा-नीतिले गरेको छ।

**राष्ट्रिय युवा-नीति तथा युथ भिजनले अङ्गीकार गरेका छ खम्बे रणनीतिहरू :**

- गुणस्तरीय र व्यावसायिक शिक्षा
- रोजगारी, उद्यमशीलता र सीप विकास
- स्वास्थ्य र सामाजिक सुरक्षा
- परिचालन, सहभागिता र नेतृत्व विकास
- खेलकुद र मनोरञ्जन

**राष्ट्रिय युवा-नीति, २०७२ र युथ भिजन २०२५ को कार्यान्वयन कार्ययोजनाले जोड दिएका रणनीतिक कार्यक्रमहरू :**

- युवा उद्यम कार्यक्रम (सीप, पूँजी, प्रविधि र बजार व्यवस्थापन गरी रोजगारी र स्वरोजगारी सृजना गर्ने)।
- युथ क्लब गठन र युवा स्वयम्सेवक परिचालन कार्यक्रम (युवाहरूलाई सामाजिक परिवर्तन र सांस्कृतिको संरक्षणमा जोड्ने)।
- एक स्थानीय तह, एक नमुना उद्यम कार्यक्रम।

- खेलकुद विकास कार्यक्रम (एक स्थानीय तह एक खेल मैदान र हरेक प्रदेशमा केन्द्रीय स्तरको रङ्गशाला निर्माण)।
- एक स्थानीय, तह एक प्राविधिक शिक्षालय सञ्चालन।
- युवा प्रतिभा सम्मान (सङ्घ, प्रदेश र स्थानीय तह)।
- राष्ट्रपति युवा नेतृत्व विकास केन्द्र स्थापना।
- युवा बचाऊ कार्यक्रम र युवा पुनर्स्थापना केन्द्र स्थापना।
- शैक्षिक प्रमाणपत्र तथा तालिम प्रमाणपत्रका आधारमा ऋण वा विप्रेषण लगानी र सामाजिक सुरक्षा कोष निर्माण आदि।

### ३.२. संस्थागत व्यवस्थाहरू

नेपाल सरकारले २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना गरी संस्थागत तवरले स्थानीय तहदेखि युवालक्षित कार्यक्रमहरू सञ्चालन गर्ने गरी राष्ट्रिय युवा-नीति २०६७ सँगै युवालक्षित कार्यक्रमहरू ल्यायो। यो नीतिलाई समयसापेक्ष संशोधन गरी ल्याइएको राष्ट्रिय युवा-नीति, २०७२ हाल कार्यान्वयनमा छ। युवाहरूलाई विद्यालय तहदेखि उच्चशिक्षासम्म अवसर प्रदान गर्न साथै रोजगारी स्वरोजगारीका क्षेत्रमा परिचालन गर्न एवम् विदेशी पूँजी, प्रविधि र सीपको उपयोग र विकास गर्दै राष्ट्रनिर्माणमा उनीहरूलाई परिचालन गर्न र युवाका विषयहरूमा पैरवी गर्न राष्ट्रिय युवा परिषद्, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, राष्ट्रिय खेलकुद परिषद् र नेपाल स्काउटले नीतिगत, संस्थागत र व्यावहारिक रूपमा कार्य गर्दै आएको अवस्था छ।

## ४. समृद्धिका लागि सार्वजनिक सेवा-प्रवाहमा युवाको जिम्मेवारी :

नेपालमा प्रत्येक वर्ष पाँच लाखभन्दा बढी सक्षम जनशक्ति बजारमा आउने गर्दछन्। तर, ती सबै आन्तरिक रूपमा रोजगारी, स्वरोजगारीमा खपत हुने वातावरणको अभाव रहेको छ। तथापि, नेपालले युवाहरूको विकास गरी राष्ट्रनिर्माणमा उनीहरूको सार्थक सहभागिता बढाउने प्रयास गरिरहेको छ। राज्यको दीर्घकालीन समृद्धिको लक्ष्यप्राप्तिका रणनीतिक योजनासहित उत्पादित जनशक्तिलाई मानव संसाधन योजनाका आधारमा राष्ट्र-निर्माणमा सहभागी बनाउन युवाहरूको वैज्ञानिक रूपमा उत्पादन र वितरण गर्नुपर्ने हुन्छ।

### ४.१ सार्वजनिक सेवा-प्रवाह र त्यसको अवधारणा

राज्यको विकाससँगै सन् १९८० को दशकबाट सुरु भएको सार्वजनिक सेवा को अवधारणा हाल नागरिक बडापत्र, नयाँ सार्वजनिक व्यवस्थापनजस्ता अवधारणामा विकसित भएको पाइन्छ। सरकार वा सरकार मातहतका निकायबाट प्रदान गरिने वा उपलब्ध गराइने शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी, शान्तिसुरक्षा, सञ्चार, यातायात, रोजगारी नै सार्वजनिक सेवा हुन्। वास्तवमा सार्वजनिक निकायहरूद्वारा जनतालाई एकरूपता (Uniformity), विभेदरहित (Non Discrimination), समता (Equity), पहुँच (Accessibility) को सिद्धान्तलाई अवलम्बन गर्दै मुनाफा आर्जन नगरीकन प्रत्यक्ष तथा परोक्ष, सःशुल्क वा निःशुल्क रूपमा प्रदान गरिने सामाजिक, आर्थिक, कानूनी, मानवीयलगायतका सेवाहरू नै सार्वजनिक सेवा हुन्। यी सेवालाई सहज, सरल, मितव्ययी, विभेदरहित तवरले नागरिकमाझ प्रदान गर्ने पद्दति एवम् प्रक्रिया नै सार्वजनिक सेवा-प्रवाह हो।

- राज्य र सरकारअन्तर्गतका सार्वजनिक निकायहरूबाट प्रदान गरिने सबै सेवाहरू नै सार्वजनिक सेवा हुन् ।
- जनता वा नागरिकको हितलाई सर्वोपरि ठानी राज्यले निःशुल्क वा सःशुल्क प्रदान गर्ने सेवाहरू नै सार्वजनिक सेवा हुन् ।
- सार्वजनिक सेवा राज्यको दायित्व, आधारभूत कार्य र नागरिकको अधिकारको रूपमा रहेको पाइन्छ ।
- जनतालाई प्रभावकारी सेवा-प्रवाह गर्नु नै सरकारको कार्य हो । सार्वजनिक सेवा नागरिक र सरकार जोड्ने एउटा पुल वा माध्यम हो ।
- सार्वजनिक सेवालाई प्रभावकारी, जनमुखी, नागरिककेन्द्रित बनाउने उद्देश्यका साथ सार्वजनिक सेवाको अवधारणा विकास भएको मानिन्छ ।

नेपालको सन्दर्भमा वि.सं. २०५६ मा नागरिक बडापत्रको सुरुवात भएको हो । सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ र नियमावली, २०६५ ले सार्वजनिक सेवाप्रवाहमा व्यापक सुधारको अपेक्षा गरी कार्यान्वयनमा ल्याइएको थियो । सार्वजनिक सेवालाई नेपालको संविधानले समावेशी तथा समतामूलक बनाउँदै पारदर्शी, पहुँचयोग्य बनाउने भनी उल्लेख गरेको छ । नेपाल सरकारले सार्वजनिक सेवाहरूलाई विभिन्न प्रकारहरू रूपमा वर्गीकरण गरेको छ ।

- आधारभूत सेवाहरू- गाँस, बास, कपाससँग सम्बन्धित सेवा ।
- मानव विकाससम्बन्धी सेवाहरू- शिक्षा ।
- स्वास्थ्यलगायतका सेवाहरू ।
- मनोरञ्जनात्मक सेवाहरू- सिनेमा, पार्क, सङ्गीतलगायत ।
- परम्परागत सेवाहरू- राजस्व सङ्कलन, सुरक्षा र प्रतिरक्षा ।
- नियमनकारी सेवाहरू- कानूनको पालना गराउने, शान्तिसुरक्षालगायत ।
- कल्याणकारी सेवाहरू- सामाजिक न्याय, सामाजिक सुरक्षा ।
- पूर्वाधार निर्माणसम्बन्धी सेवाहरू- विद्युत्, भवन, सडकलगायत ।

## ४.२ सार्वजनिक सेवाका सिद्धान्त र विशेषताहरू

सार्वजनिक सेवा-प्रवाहभित्र, सेवाको पद्धति, लक्षित सेवाग्राही सेवा प्रदान गर्ने निकाय, सेवा प्राप्त गर्ने स्थान, लागत मूल्य, सेवाप्रक्रिया वा तरिका सार्वजनिक सेवा-प्रवाहका शर्तहरू, सेवाको वितरण र वितरणका शर्तहरू, सेवा वितरण गर्ने स्थान र समय, सेवा प्राप्त गर्दाको लागत र वित्तीय पक्ष, सेवा वितरण प्रक्रिया, सेवाको अभिलेख व्यवस्थापन, सेवा वितरणको अनुगमन र मूल्याङ्कन, सेवा वितरणउपरको गुनासो सुनुवाइ र सोको प्रतिवेदनसम्मका सम्पूर्ण चक्रको वैज्ञानिक व्यवस्थापन हुनुपर्छ ।

सार्वजनिक सेवाप्रवाहका सिद्धान्तले सेवा-प्रदायकबीच प्रतिष्पर्धा गराउने, प्रक्रियामा हैन नतिजामा जोड दिने, स्रोत-साधनको पूर्वानुमान गर्ने, नागरिकलाई सशक्तीकरण गर्ने, सेवाग्राहीलाई ग्राहक होइन, नागरिकको व्यवहार गर्ने, समस्याहरूलाई आउन नदिई बजार संयन्त्रको उपयोग गर्ने, सबै क्षेत्रलाई सेवाप्रवाहमा सञ्चालन गरी सरलीकरण गर्नेलगायतका विषयलाई जोड दिन्छ ।

सार्वजनिक सेवा सरकार वा सरकारका अन्य निकायबाट प्रदान गरिन्छ। सिद्धान्ततः सार्वजनिक सेवा निष्पक्ष हुन्छन्, नाफामूलक कार्य नभएकोले मूल्य लिए पनि सस्तो हुन्छ। सेवा प्रदान गर्नु राज्यको दायित्व हो जसमा जनताको स्वामित्व र नियन्त्रण रहन्छ। यी सेवाहरू नागरिकको जीवनसँग सम्बन्धित रहने हुनाले कुनै पनि पूर्वाग्रहका आधारमा सेवाप्रवाह हुँदैनन् र वितरणमा सेवाग्राही वा सेवाको उपभोक्ताको पनि सहभागिता हुन सक्दछ। यी सेवाहरू कानूनद्वारा व्यवस्थित तथा राजनीतिद्वारा निर्देशित हुन्छन्।

## ४.३. नेपालमा सार्वजनिक सेवाप्रवाहसम्बन्धी भएका व्यवस्थाहरु

### ४.३.१. नीतिगत तथा कानूनी व्यवस्थाहरु

नेपालको संविधानको धारा ५१ (ख) ले सार्वजनिक प्रशासनलाई सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा राज्यको नीतिमार्फत जोड दिइएको छ।

कानूनी व्यवस्थाहरूमा निजामती सेवा ऐन, २०४९ र नियमावली २०५० सेवा अभियान सञ्चालन निर्देशिका २०६५, सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका २०६५, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली २०६५, भ्रष्टाचार निवारण ऐन, २०५९, स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली २०५६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नागरिकता, यातायात, मालपोतलगायतका विषयगत कानूनहरू, प्रदेशस्तरीय सुशासन ऐन, र नियमावलीहरू रहेका छन्।

### ४.३.२ संस्थागत व्यवस्थाहरूः

नेपालमा सङ्घीय लोकतान्त्रिक शासन-व्यवस्थाको अवलम्बन गरेसँगै सात प्रदेश सरकार र अन्तर्गतका निकाय, ७५३ वटा स्थानीय सरकार साथै वडातहसम्मका कार्यालयहरू, सार्वजनिक सेवाप्रवाह गर्ने सङ्घीय सरकारका मन्त्रालय, विभाग तथा जिल्लास्थित कार्यालयहरू, सार्वजनिक संस्थानहरू, गैरसरकारी संस्थाहरू आदिले सार्वजनिक सेवा दिइरहेका छन् भने शासकीय सुधारका लागि सरकारी कार्यालय, निजी क्षेत्र, नागरिक समाजसमेतको सहकार्यमा काम भइरहेको छ।

### ४.२.४ कार्यगत व्यवस्थाहरूः

जनता नै शासन-व्यवस्थाका आधार र हिमायती भएकाले जनताको हकहित र संरक्षण अभिवृद्धि गरी आर्थिक एवम् सामाजिक जीवनस्तर उच्च बनाउन, सरकारी सेवालाई प्रभावकारी बनाउन सेवा-प्रदायकको निम्नलिखित भूमिका हुन आवश्यक छ। सार्वजनिक निकायले यी व्यवस्था अनिवार्य गरिएको छ। जस्तैः नागरिक बडापत्र, जनगुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाइ, घुम्ती सेवा, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, उजुरी पेटिका, एकीकृत सेवा केन्द्रलगायतका व्यवस्था सेवाप्रदायक निकायमा गरिएको छ। साथै, सूचना अधिकारी, लैङ्गिक सम्पर्क व्यक्ति, गुनासो सुनुवाइको व्यवस्था, सामाजिक परीक्षण, कार्यसम्पादन सम्झौता, नियमित अनुगमन, डिजिटल बोर्ड तथा नागरिक बडापत्रको व्यवस्था गरिएको छ।

### ४.३.५ सार्वजनिक सेवाप्रवाहमा सेवा-प्रदायकको भूमिका

नेपालका सार्वजनिक सेवा-प्रवाह गर्ने निकायले यसको पूर्ण पालना गरेका छैनन्। जनता नै शासन-व्यवस्थाका आधार र हिमायती भएकाले जनताको हकहित र संरक्षण अभिवृद्धि गरी आर्थिक एवम् सामाजिक जीवनस्तर उच्च बनाउन, सरकारी सेवालाई प्रभावकारी बनाउन सेवा-प्रदायकहरूले विद्युतीय शासन-प्रणालीमा गई निम्न कार्य गर्नुपर्ने देखिन्छः-

- सेवाग्राहीको आवश्यकताको पहिचान गर्ने ।
- सेवा-प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने ।
- सेवा-प्रवाहमा पारदर्शिता र निष्पक्षता कायम गर्ने ।
- स्रोत-साधनको प्रभावकारी परिचालन गर्ने ।
- ऐननियमको परिपालना गर्ने ।
- गुनासो सुनुवाइ, हेल्पडेस्कको व्यवस्था, क्षतिपूर्तिसहितको नागरिक सेवा-प्रवाहको व्यवस्था अनिवार्य गर्ने ।

### ४.३.६ नेपालको सार्वजनिक सेवा-प्रवाहमा नागरिकको भूमिका

राज्यका प्रत्येक नागरिकको आफ्नो कर्तव्य, जिम्मेवारी र दायित्व रहन्छ । राज्यद्वारा बनाइएका ऐन नियम कानूनद्वारा प्रदत्त व्यवस्थाहरूको पालना गरी सार्वजनिक सेवा-प्रवाह, विकास व्यवस्थापन तथा समृद्धिमा सहयोग पुऱ्याउनुपर्ने हुन्छ ।

- नागरिक बडापत्रको परिपालना गर्ने ।
- राज्यका नीति तथा प्रक्रियाको बारेमा जानकारी हासिल गर्ने ।
- तोकिएका कागजातहरू पेश गर्ने ।
- आफ्ना अधिकार र सीमाको जानकारी हासिल गर्ने ।
- शान्त र शालीन व्यवहार प्रदर्शन गर्ने ।
- राजनीतिक तथा अवाञ्छनीय प्रभाव पार्न नखोज्ने ।
- निर्दिष्ट तोकिएका प्रक्रिया तथा नियमहरूको अवलम्बन गर्ने ।
- सेवा प्राप्त हुन नसकेमा वा केही गुनासो भएमा तोकिएको पदाधिकारी वा निकायमा उजुरी गर्ने ।
- निर्धारित समयको पालना गर्ने र तोकिएको समयमा उपस्थित हुनेलगायत ।

## ५. सार्वजनिक सेवाप्रवाहमा युवाहरूको भूमिका

सेवाप्रवाहको नीतिगत, संस्थागत र कार्यप्रणालीमा भएको सुधारले नागरिकको अपेक्षा पूरा गर्न सकिने र सोका लागि vision, mission, goal, objectives तय गर्न युवाहरूको क्षमता, दक्षता, विज्ञता र नयाँ सोचले महत्व राख्दछ । त्यसैले सेवाप्रवाहमा रहेको भूमिकालाई यसरी उल्लेख गर्न सकिन्छः-

- सार्वजनिक सेवा प्राप्तकर्ताहरूको भूमिकामा रही जनताका इच्छा, चाहना आवश्यकता पूरा गर्न ।
- सरकार वा राज्यका प्रतिबद्धता जनता वा नागरिक माझ पुऱ्याउन ।
- राज्यको पहुँचबाट टाढा रहेका जनतासम्म सेवाको विस्तार गर्न ।
- सामाजिक न्याय र सामाजिक सुरक्षा प्रदान तथा प्रत्याभूति गर्न ।
- राज्य र नागरिकबीच सम्पर्क-सेतुको कार्य गर्न ।
- सरकारलाई नागरिक र नागरिकलाई सरकारप्रति जवाफदेही र जिम्मेवार बनाउन ।

- समाजका भाषाभाषी, जातजाति, महिला, बालबालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक सेवाप्रवाहमा पहुँच, पहिचान, सहभागिताको माध्यमबाट सन्तुलित र समावेशी विकास गर्न ।

## ६. विकास र समृद्धिमा युवाको सहभागिता

नेपालमा कूल जनसङ्ख्याको ४० प्रतिशतभन्दा बढी युवाको जनसङ्ख्या रहेको छ। जनसांख्यिक लाभ सिर्जना गर्ने जनशक्तिको उमेर-समूह १५-५९ वर्ष मानिन्छ। कुनै पनि मुलुकको वास्तविक पूँजी भनेका त्यहाँका युवा मानिस नै हुन्। तिनीहरूमा आशा, उम्मिद, उमङ्ग हुन्छ। विचारमा उत्साह र काममा जागरण साथै ऊर्जाका स्रोतका रूपमा रहन्छन् र परिश्रम, समर्पण र सिर्जना गर्न सक्ने हुन्छन् । यी कुण्ठा, निराशाले आक्रोश, विध्वंश र विद्रोह गर्ने परिवर्तनका संवाहकसमेत हुन्। सिर्जना र सकारात्मक सोचसहित देशको अपेक्षाबमोजिम युवाहरूको अन्तर्निहित क्षमतालाई सन्तुलित रूपमा उपयोग गरी मुलुकमा अहिले सबैभन्दा धेरै देखिएको जनसाङ्ख्यिक लाभांशबाट राष्ट्रले फाइदा लिनु आवश्यक छ। अहिले जनसाङ्ख्यिक लाभांश राज्यका लागि अवसर र चुनौती दुबै बनेको अवस्था रहेको छ। विश्वमा यस्तो सुअवसर धेरै समयपश्चात् आउने गर्दछ। यसको सही उपयोग गर्न सकेमा राष्ट्रको विकास र समृद्धिको मेरुदण्ड हुन सक्छ भने व्यवस्थापन गर्न नसकेमा पूँजी पलायन, नैराश्यता बढ्ने, अपराध, विकृति र विसङ्गति बढ्दै जाने हुन्छ।

जनसाङ्खिक लाभांश उच्च भएका विश्वका कतिपय राष्ट्रहरूको विकास, समृद्धि तथा सुशासनका सूचकाङ्कहरूमा उच्चसुधार भएको छ। तथापि, उचित समयमा दीर्घकालीन नीतिअनुरूप युवाहरूको बहुआयामिक प्रयोग नहुँदा राष्ट्र असफल हुँदै विनास हुने अवस्था देखिएको छ। यसको दीर्घकालीन योजनासहित रोजगारी, समाज विकासमा, विवेकपूर्ण उपयोग गर्न सके हाम्रोजस्तो मुलुकका लागि समृद्धि प्राप्तिको स्रोत बन्न सक्छ। यस्तो लाभांश राज्यले विकास र समृद्धिको यात्रामा सुरक्षित गरी राख्न नमिल्ने सम्पत्ति भएकाले यसको दुरुपयोग हुन नदिई बहुआयामिक विकासमा सदुपयोग गर्ने अवसरका ढोका राष्ट्र-निर्माणका लागि खोल्नुपर्ने हुन्छ।

सार्वजनिक सेवा-प्रवाह सरकारले वा राज्यले आफ्ना नागरिकलाई प्रदान गर्ने सेवाहरूलाई छिटो-छरितो, प्रभावकारी, मितव्ययी ढङ्गले जनतामाझ उपलब्ध गराउने प्रक्रिया नै सार्वजनिक सेवा-प्रवाह हो । समग्रतामा, सार्वजनिक सेवाहरू जनताले प्राप्त गर्न सक्ने अनुभूति भएको अवस्था सार्वजनिक सेवा-प्रवाह हो । सार्वजनिक सेवा-प्रवाहले आमनागरिकको Touching the Hearts and winning the Minds गर्न सक्नुपर्दछ। सार्वजनिक सेवा-प्रवाहमा सेवाग्राहीको Choice, Voice and Rights को सम्मान गरिनुपर्दछ।

नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र संस्थागत विकास गर्ने युवावर्गको भूमिकालाई बोध गर्दै राज्यले सम्बोधन गर्नुपर्ने वर्ग, लिङ्ग, जाति, भाषा र धर्मजस्ता विषयहरू स्थापनाका लागि युवाले गरेका उल्लेखनीय योगदानको कदरको आवश्यकता छ भने अर्कोतिर अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका र कर्णालीलगायत पिछडिएको क्षेत्रमा रहेका युवालाई विशेष रूपमा सम्बोधन गर्नसमेत युवाको सहभागिता, प्रतिनिधित्व, समर्थन र सहकार्य आवश्यक रहेको छ। नीति-निर्माणलाई प्रभावकारी बनाई भावी पुस्ताले समेत प्रकृति र दिगो विकासको उपयोग गर्न निर्णयका प्रत्येक चरणमा सार्थक सहभागी हुने अवसर दिनु अति आवश्यक रहेको छ। त्यसकारण, सार्वजनिक सेवा-प्रवाहमा युवा सहभागितालाई यसरी उल्लेख गर्न सकिन्छः-

- नेपालले संविधानमा मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको दायरालाई फराकिलो बनाउँदै आर्थिक समृद्धिसहितको सामाजिक न्याय र समानता सुनिश्चित गर्न ।

- राज्यले संवैधानिकरूपमा नै विकासका प्रत्येक चरणमा सामानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त अवलम्बन गर्ने व्यवस्था गरेबमोजिम समावेशी, समानुपातिक र समविकासको सिद्धान्तअनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न ।
- राष्ट्रिय स्वाधीनता तथा नेपालको सार्वभौमसत्तालाई अक्षुण्ण राख्न, राजनीतिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक रूपान्तरणमा युवा नेतृत्वको सम्भावनालाई मूर्त रूप दिन ।
- राज्य सञ्चालनका हरेक प्रक्रियामा युवाको सक्रिय सहभागिता र नेतृत्वदायी भूमिका सुनिश्चित गर्न ।
- नेपालको संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने ।
- आधुनिक र सूचना प्रविधिमैत्री शिक्षा आर्जनका क्रममा रहेका नीतिगत, संस्थागत र व्यावहारिक मुद्दाहरू साथै रोजगारी तथा वृत्तिविकासको अवस्थामा रहेका युवाका सवालहरूलाई समाधान गर्न ।
- युवाको संवेदनशीलतालाई दृष्टिगत गरी जीवनयापनका विविध पक्षबारे मार्गदर्शन गर्न राज्यलाई घच्घच्याउन ।
- आधुनिकतासँगसँगै शिक्षाका प्राथमिकताहरू, समस्याहरू स्वभावतः फरक हुने भएकाले त्यस्ता युवालाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्न ।
- युवा राष्ट्रको महत्वपूर्ण मानव-स्रोत भएकाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत जनजीवनका हरेक क्षेत्रमा उनीहरूमा निहीत क्षमताको विकास गरी राष्ट्र-निर्माणमा अग्रसर गराउन राष्ट्रिय युवा-नीतिको आवश्यकता अझ उजागर भएको छ । युवामा सिर्जनशील, वैज्ञानिकता, जिम्मेवारीपूर्ण व्यवहार, उद्यमशील, नागरिक सोच र जवाफदेहिताको विकास गरी न्याय र नैतिकतामा आधारित स्वच्छ सामाजिक जीवनको विकास गर्न उनीहरूभित्र अन्तर्निहित क्षमताको विकास गर्न ।
- विश्वव्यापी रूपमै सिर्जना हुने अवसरहरूमा नेपाली युवाको पहुँच सुनिश्चित गर्दै स्वरोजगारी तथा रोजगारीका सुअवसर र लगानीको वातावरणका माध्यमबाट युवा प्रतिभा पलायनलाई रोक्न ।
- विदेशी भूमिमा रहेर आधुनिक शिक्षा हासिल गरेका, ज्ञान विज्ञानको क्षेत्रमा प्राप्त गरेको जोस, जाँगर र उत्साहले भरिएका हाम्रा युवाका हक-अधिकारहरू सुनिश्चित गरी देश विदेशमा रहेका नेपाली युवाहरूलाई मातृभूमिप्रति त्यागको भावना जगाउन । साथै, घरपरिवार र समाजप्रतिको दायित्व, जिम्मेवारीपन र उत्तर दायित्वबोध गराउन र ऐन, नियम, कानूनको पालना गर्ने र गराउने नागरिकको कर्तव्य र जिम्मेवार नागरिक बन्न अभिप्रेरित गर्न ।
- उत्साही युवाको जोस र जाँगरलाई सदुपयोग गर्ने गरी रोजगारी सिर्जना, गरीबी निवारण र मुलुकको अग्रगामी रूपान्तरण सम्भव हुने भएकाले समृद्धिका लागि युवाको ज्ञान, सीप, शक्ति र श्रमलाई उपयोग गर्न सरकारी तथा गैरसरकारी निकायहरू सबैको भूमिका स्पष्ट गर्न ।
- Sharing information, capacity development, seeking information, acting as a good role model तथा सुरक्षित समाजका लागि Cooperate with local authority का रूपमा युवाहरूको छुट्टै जिम्मेवारी र दायित्व रहन्छ आदि ।
- समाजमा रहेका सीमान्तकृत वर्गका लागि समानतामा आधारित सेवासुविधा र पहुँचका लागि सबैको धारणालाई एकीकृत गर्न, सीपको विकास गराउन, साथै, क्रमैसँग समुदायलाई सुखी र सम्पन्न (Well-being Community) बनाउन, सुशासन कायम गर्न, स्थानीय सरकारलाई जिम्मेवार र सफल बनाउन ।

## ७. नेपालको सार्वजनिक सेवा-प्रवाहमा रहेका विद्यमान समस्याहरू

नेपालको सबै प्रकारका सार्वजनिक सेवा-प्रवाहमा देखिएका समस्याहरू देहायअनुसार प्रस्तुत गरिएको छः-

### क. नीतिगत अस्पष्टता रहनु

- निर्णयको तह बढी, निर्णय प्रकृया जटिल ।
- सेवा परिणाममुखीभन्दा प्रक्रियामुखी रहेको ।
- युवाका सवाल र प्राथमिकतालाई समेट्न नसकिएको ।

### ख. कार्यप्रक्रियागत तथा प्रणालीगत समस्या

- कर्मचारीमा जनसेवाको भाव कम हुनु ।
- सबै कार्यालयमा सूचना प्रविधि प्रयोगमा नल्याइनु ।
- सबै स्थानमा पूर्वाधारको कमी हुँदा जनताले प्रभावकारी सेवा प्राप्त गर्न नसक्नु ।
- जटिल फाराम, परिपत्रको प्रभुत्व, अनावश्यक सिफारिश र प्रक्रियामूलक कार्यशैली ।
- Front Line Service Provider मा स्रोत-साधनको अभाव (भवनविनाको कार्यालय, पाठ्यपुस्तकविनाको कक्षाकोठा र औषधि, औजारविनाको अस्पताल) ।
- सेवा-प्रवाह गर्ने संयन्त्रहरू जवाफदेही, उत्तरदायी र उत्साहित हुन नसकेको, अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र कमजोर रहेको ।
- सेवा वितरण प्रणालीमा लाभ लागत विश्लेषण नहुने ।
- स्थानीय आवश्यकताअनुसार हुन नसक्ने (Contradict to local needs) ।
- सेवा-प्रदायकको कामबाट सेवाग्राहीको स्वतन्त्रता सङ्कुचन जस्तैः छनोटको सीमितता, गुणस्तरको प्रत्याभूति, साधनस्रोतको कमी ।
- अन्य पक्षबाट हुने अप्ठ्यारोपन (Contractual risk or third party risk) जस्तै- विविधतायुक्त समाज, कार्य दोहोरोपन, भौगोलिक कठिनाइ, हावापानी र मौसम, कार्यकुशल विहीनता तथा अप्रभावकारी सेवा (Inefficient and ineffective service), र नागरिक अनपेक्षित सेवा ।
- सेवागत असङ्गतिहरूको बोलवाला (Presence of bureau pathology) जस्तैः ढिलासुस्ती, भ्रष्टाचार, नातावाद, कृपावाद आदि ।

### ग. कार्यशैली तथा संस्कृतिगत समस्या

- कला, ज्ञान र चातुर्य, साझा विश्वास र अभ्यासमा फरकपन रहेको ।
- एउटै संस्कृति मान्ने व्यक्ति, सामूहिक धारणा आदिमा समेत भिन्नता साथै Administrative culture र Organizational culture का कारणसमेत युवा र विश्वपरिवेशअनुसारको स्थानीय मागमा सेवाको अभाव ।

- सेवामा पारदर्शिताको अभाव र गोप्य संस्कृति हावी ।
- शासकीय मनोवृत्ति हावी हुँदा अग्रपङ्क्तिमा रहेर सेवा प्रदान गर्ने कर्मचारीले सेवाग्राहीसँग राम्रो आचरण र व्यवहार प्रदर्शन नगर्ने ।
- मनशायमूलक दृष्टिबाट प्रशासन संयन्त्र सञ्चालित ।
- व्यावहारिकता भन्दै कानून मिच्ने प्रवृत्ति व्याप्त रहेको, सेवामा नातावाद, कृपावाद हाबी रहेको ।

## ८. सार्वजनिक सेवा-प्रवाहलाई प्रभावकारी बनाउने उपायहरू

नेपालमा सेवाहरू लक्षित वर्गसम्म पुग्न नसक्नु, सेवाहरू जनताको आवश्यकताअनुसारको नहुनु, सेवाको गुणस्तर कमजोर हुनु, सेवाप्रवाह प्रक्रियामुखी वा केन्द्रमुखी हुनु, सेवाग्राहीको सहभागिता न्यून हुनु, सेवा वितरण कार्यमा भ्रष्टाचारल दूषित तुल्याउनु, सेवाग्राही मूल्याङ्कन व्यवस्था नहुनु, पारदर्शिता, जवाफदेहिता, प्रतिष्पर्धाको कमी हुनु, नातावाद कृपावाद हाबी हुनु, कर्मचारीमा जनसेवाको भाव कम हुनु, सबै कार्यालयमा सूचना प्रविधि प्रयोगमा नल्याइनु, सबै स्थानमा पूर्वाधारको कमी हुँदा जनताले प्रभावकारी सेवा प्राप्त गर्न नसक्नुलगायतका कारणले नेपालमा विशेषगरी युवावर्गहरू विदेशिने, निराशा व्याप्त रहेको हुनाले सार्वजनिक सेवाको प्रभावकारितामा वृद्धि, सेवाको गुणस्तर निर्धारण, निष्पक्ष व्यवहार गर्ने, पूर्ण र खुला सूचनाको प्रवाह गर्ने, छलफल र संग्लग्नता, पहुँच विस्तार, गल्ती-कमजोरीको सुधार, स्रोत-साधनको उच्चतम उपयोग, नीतिगत स्पष्टता तथा पारदर्शिता कायम राख्ने, संस्थागत सुदृढीकरण र पुनसंरचना गर्ने, नयाँ सार्वजनिक व्यवस्थापनको अवलम्बन गर्ने, मुस्कानसहितको सेवा सबै कार्यालयमा हुनुपर्दछ, जसका लागि नेपालको सार्वजनिक सेवा-प्रवाहलाई प्रभावकारी बनाउने उपायहरू देहायअनुसार रहेका छन् :

- नीतिगत स्पष्टतासहित पारदर्शी सेवा-प्रवाहमा जोड दिने ।
- संस्थागत सुदृढीकरण र पुनसंरचना गर्ने ।
- नयाँ सार्वजनिक व्यवस्थापनको अवलम्बन गर्ने ।
- के गरेमा सार्वजनिक सेवाको प्रभावकारितामा वृद्धि हुन्छ भनी अध्ययन, अनुसन्धान गरी सेवाको गुणस्तर निर्धारण गर्ने ।
- निष्पक्ष व्यवहार गर्ने, पूर्ण र खुला सूचनाको प्रवाह गर्ने, छलफल र संग्लग्नता, पहुँच विस्तार, क्षतिपूर्तिसहितको नागरिक बडापत्रलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने र दण्ड र पुरस्कारको व्यवस्थालाई प्रभावकारी बनाउने ।
- सेवाको गुणस्तर कायम राख्न गुणस्तरमा Indicator तोकी मापन गर्ने परिपाटीको विकास गर्ने ।
- सेवाप्रवाहमा लाग्ने लागत, समय, प्रकृया, दूरी र सम्पर्क बिन्दु घटाउने ।
- सेवा वितरण कार्यलाई प्रभावकारी बनाउन प्रक्रियामा पारदर्शिता कायम राख्ने ।
- Street Administration मा जोड दिने, Paperless Government र E-Governance मा जोड दिने ।
- मुस्कानसहितको सेवा प्रदान गर्ने संस्कृति (Smiling Movement) को विकास गर्ने ।
- निजी क्षेत्रबाट सेवा-प्रवाह गर्दा प्रभावकारी हुने कामको जिम्मा निजी क्षेत्रलाई दिने ।

- निजी र सरकारी क्षेत्र दुबैको सहयोगमा सम्पादन गर्नुपर्ने काम सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने ।
- कार्यविधि प्रक्रियामा सरलीकरण र सुधार गर्ने ।
- अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने ।
- Single Gateway / Integrated Service प्रणालीको विकास गर्ने वा सेवा-प्रवाह गर्दा एकीकृत पद्धतिलाई विशेष महत्व दिने ।
- सेवा प्रणाली तयार गर्दा सेवा-प्रदायकलाई होइन कि नागरिकलाई Focus मा राख्ने ।

अन्त्यमा, नेपालको सार्वजनिक प्रशासनप्रति सेवाग्राही र राजनीतिक कार्यकारिणी खुशी छैनन् । जसबाट माया र संरक्षण पाउनुपर्ने, उसैबाट आलोचित हुनु सार्वजनिक प्रशासनका लागि प्रश्नचिह्न हो । यसको अर्थ सार्वजनिक प्रशासनमाथि सुधारको व्यापक माग र दबाब छ भन्ने हो । सुशासन, सेवा प्रभावकारिता, सदाचार, भ्रष्टाचार नियन्त्रण जे भनौं, यसको केन्द्रबिन्दुमा प्रशासन सुधार नै रहने गर्दछ । सार्वजनिक सेवाले नै राज्यको औचित्यता पुष्टि गर्ने भएको तथा जनताको सेवामा समर्पित सरकार नै आजको लोकतान्त्रिक मूल्यमान्यताको सरकार भएकोले युवावर्गलाई केन्द्रबिन्दुमा राखी परिवर्तन र निरन्तर सुधार गरे सेवाप्रवाहमा गुणस्तर कायम भई नेपाली जनताले चाहेको सुखी नेपाली र समृद्ध नेपालको परिकल्पना साकार भई सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी बनाउन सकिन्छ । सुशासन, सेवा प्रभावकारिता, सदाचार, भ्रष्टाचार नियन्त्रण जे भनौं, यसको केन्द्रबिन्दुमा प्रशासन सुधार नै रहने गर्दछ । राज्यको जनताप्रतिको आधारभूत दायित्व नै सार्वजनिक सेवा-प्रवाह हो । नेपालको प्रशासनमा रहेको नीतिगत, सङ्गठनात्मक, कार्यप्रणालीगत, मनोवृत्तिगत समस्याका कारण सेवाप्रवाह सरल, सहज र जनमैत्री बन्न सकेको छैन । एक्काईसौं शताब्दीको चुनौती बहन गर्न उन्नाईसौं शताब्दीको प्रवृत्ति र बीसौं शताब्दीको संयन्त्रलाई एक्काईसौं शताब्दीको संयन्त्र, प्रविधि र प्रवृत्तिले विस्थापन गर्नुपर्दछ । लोकतान्त्रिक मूल्य-मान्यता, पारदर्शी कार्यशैली र प्रणालीको अवलम्बन गर्दै जनतालाई केन्द्रबिन्दुमा राखी सेवाप्रवाह सञ्चालन गरिनु आजको अपरिहार्यता हो ।

## सन्दर्भ सामग्रीहरू


- नेपालको संविधान, कानून किताब व्यवस्था समिति, काठमाडौं, नेपाल ।
- पन्ध्रौं पञ्चवर्षीय योजना (आ.व. २०७५/७६-२०७९/८०), राष्ट्रिय योजना आयोग, काठमाडौं, नेपाल ।
- आ.व. २०८०/८१ को नेपाल सरकारको नीति तथा कार्यक्रम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं नेपाल ।
- आ.व. २०८०/८१ को बजेट वक्तव्य, अर्थ मन्त्रालय, काठमाडौं, नेपाल ।
- निजामती सेवा ऐन, २०४९, कानून किताब व्यवस्था समिति, काठमाडौं, नेपाल ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ।

- राष्ट्रिय सुरक्षा नीति, २०७३, कानून किताब व्यवस्था समिति, काठमाडौँ, नेपाल ।
- सार्वजनिक सुरक्षा ऐन, २०४६, कानून किताब व्यवस्था समिति, काठमाडौँ, नेपाल ।
- स्थानीय प्रशासन ऐन, २०२८, कानून किताब व्यवस्था समिति, काठमाडौँ, नेपाल ।
- सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४, नियमावली, २०६५ ।
- प्रदेश सुशासन ऐन, तथा नियमावली ।
- गृह प्रशासन सुधार योजना, २०७८ ।
- दिगो विकासका लक्ष्यहरू ।
- मानव अधिकारसम्बन्धी प्रतिवेदनहरू ।


हुमकला पाण्डे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बाग्मती प्रदेशका सचिव हुन् ।

# नेपालमा युवा श्रमशक्ति र मानव-पूँजी व्यवस्थापन



रामबन्धु सुवेदी

## १) पृष्ठभूमि

उत्पादनशील उमेर-समूहका युवा जनशक्तिलाई कुनै पनि देशको विकास, अर्थतन्त्र र समृद्धिको मुख्य संवाहकका रूपमा मानिन्छ । अर्थतन्त्रलाई उत्पादन, उपभोग तथा लगानीका माध्यमबाट तीव्र रूपमा चलायमान बनाउने समूह पनि युवा उमेरको जनशक्ति हो भन्ने तथ्य स्थापित भइसकेको अवस्था छ। नेपालको विकास र समृद्धिको राष्ट्रिय अभियान पनि उत्पादनशील जनशक्तिको पहिचान, उपयोग र उत्प्रेरणाबीचको अकर्मण्य घनचक्करमा रहेको अवस्था अवगत हुन्छ। राष्ट्रिय युवा-नीति २०७२ अनुसार नेपालमा १६-४० उमेर समूहलाई युवा मानिन्छ भने राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवाको जनसङ्ख्या ४२.५६% रहेको छ। जुन वि.सं २०६८ को जनगणनाअनुसार युवाको जनसङ्ख्या ४०.३५% रहेकोमा दश वर्षको अन्तरालमा करिब दुई प्रतिशत वृद्धि भएको छ। विकास र समृद्धिको अन्तर्राष्ट्रिय अनुभवलाई नियाल्दा यो समय नेपालका लागि जनसाङ्ख्यिक लाभ लिने समय हो । तर, हाम्रा नीति र कार्यक्रमहरूले यो संवेदनशीलतालाई अनुभूत गरेको अवस्था छैन । युवा विकास र मानव-पूँजी निर्माणको विषय राज्य र गैरराज्य दुबैको प्राथमिकतामा पर्न सकेको देखिँदैन। यस अवस्थामा देशको समृद्धिका लागि युवा तथा सक्रिय उमेरको हरेक व्यक्तिलाई पूँजीकरण गर्ने योजना, नीति र कार्यक्रमहरू आवश्यक देखिएका छन्।

## २) युवा जनशक्ति र मानव-पूँजी व्यवस्थापन

राज्यका विभिन्न तत्त्वहरूमध्ये जनसङ्ख्या सबैभन्दा प्राथमिक तत्त्व हो। राज्यको निर्माण गर्ने र राष्ट्रको अनुभूति गर्ने दुबै विषयको मूल कर्ता र लक्ष्य पनि जनसङ्ख्या नै हो । राज्यका तिनै नागरिकको सामूहिक लक्ष्य, साझा सङ्कल्प र निष्ठा, सिर्जनात्मक क्षमता र श्रम, उपलब्ध प्रविधिको सही ढङ्ग एवं संयोजनबाट प्राप्त हुने सामूहिक मूल्य वा नतिजा नै समृद्धि हो । राज्यले उत्पादन गरेर वितरण गर्ने समृद्धिको भाष्यलाई विस्थापित गरेर नागरिक केन्द्रित समृद्धिको अवधारणाको बलियो जग निर्माण नै विकसित देशहरूको समृद्धिको मूलमन्त्र हो भन्ने तथ्य विकास अर्थशास्त्रका अनुसन्धानहरूले पुष्टि गरिसकेका छन् । यस सन्दर्भमा राष्ट्र-निर्माणका लागि आवश्यक पर्ने दक्ष, नैतिकवान र उत्पादनशील जनशक्ति तयार गर्ने योजना गर्ने, विकास गर्ने, उपयोग गर्ने र निरन्तर मूल्यबोधी गराइरहने समग्र पद्धति नै मानव-पूँजी व्यवस्थापन हो।

मानव-स्रोत सम्भावनामात्र हो भने उक्त स्रोतलाई उत्पादन, विनिमय तथा सङ्ग्रह गर्न सकिने गरी आर्थिक, सामाजिक र मानवीय मूल्य सिर्जना गर्नु मानव-पूँजी निर्माण हो । देशभित्र बसोबास गर्ने हरेक नागरिकका अन्तरनिहित सम्भावनाहरूलाई उत्पादनमा रूपान्तरण गर्ने काम मानव-पूँजी निर्माण हो । मानव-पूँजी निर्माणको अवधारणा सर्वप्रथम विश्वमा सन् १८९७ मा Irving Fisher नामक विद्वान्ले अर्थशास्त्रीय दृष्टिकोणले प्रतिपादन गरेको पाइन्छ, जसमा उनले मानवको सीप र उत्पादन क्षमतालाई मानव-पूँजीको आधारका रूपमा प्रस्तुत गरेका छन् । मानव-पूँजी निर्माणको अवधारणा यसका अनुसार श्रम गर्न सक्षम जनशक्तिको गुणात्मकता अभिवृद्धिका लागि

शिक्षा, अनुभव तथा क्षमतालाई आर्थिक उपार्जनका साथै मुलुक र समाजको समृद्धिमा योगदान गर्न सक्ने बनाउनु जरुरी हुन्छ र यसका लागि योजनाबद्ध रूपमा लगानीको आवश्यकता पर्दछ ।

मानव अर्थशास्त्रका विश्वविख्यात विद्वान् Amartya Sen ले मानव-पूँजीको क्षेत्रमा क्षमताको दृष्टिकोण (Capability Approach) को प्रतिपादन गरेका छन् । यसका मुख्य तत्त्वहरूमा जनशक्तिको सीप र दक्षताका आधारमा व्यक्तिको आर्थिक क्रियाशीलताको सुनिश्चित गर्ने, उपयोगका आधारमा नतिजा र लाभ हासिल गर्ने क्षमता तथा मानवको व्यक्तिगत र सामूहिक लक्ष्य हासिल गर्ने मूल्य र सामर्थ्य समाहित रहेका छन् । उनको अवधारणाका अनुसार मानव-पूँजीलाई साधनका रूपमा मात्र नलिई क्षमताको उपयोग गरी मानव-पूँजीको परिणाम र लाभलाई आत्मसात् गर्नुपर्ने कुरामा जोड दिएको छ ।

विश्व पछिल्लो समयमा चौथो औद्योगिक क्रान्तिको चरणमा रहेको छ भने निकट भविष्यमा पाँचौँ क्रान्तिको प्रारम्भ हुन गइरहेको छ । पाँचौँ औद्योगिक क्रान्तिको मुख्य ड्राइभर नै ज्ञान र सीपमा आधारित डिजिटल अर्थतन्त्र भएको सन्दर्भमा मानवीय पूँजी निर्माणलाई मुख्य आर्थिक प्राथमिकताका रूपमा विकसित र उदीयमान देशहरूले पहिचान गरेका छन् । दक्ष जनशक्तिको ज्ञान, सीप, दक्षता र सृजनात्मक क्षमताबाट विकसित प्रविधि र ज्ञानका उत्पादनहरूले तीव्र रूपमा समृद्धिका आधारहरू निर्माण गरेका छन् । यस्तो अवस्थामा श्रमशक्तिमध्ये पनि युवा उमेरको जनशक्ति अझै महत्वपूर्ण पूँजीका रूपमा रहेको अवस्था छ । देशभित्रका प्रत्येक नागरिकलाई पूँजीका रूपमा रूपान्तरित हुने गरी क्षमता विकास हुन सकेमा मात्र समृद्धिको दिगो आधार तयार गर्न सकिन्छ । राज्यले गर्ने लगानीहरू, वितरण तथा पूर्वाधारहरूले प्रत्येक नागरिकलाई आफ्ना सम्भावनालाई पूँजीमा रूपान्तरण गर्ने सहयोग गर्न सक्ने बनाउनुपर्ने हुन्छ ।

## ३) नेपालमा युवा र मानव-पूँजी विकासका वर्तमान अवस्था र संरचनागत समस्याहरू

कुनै पनि देशमा मानव-स्रोतलाई मानव-पूँजीमा रूपान्तरण गर्ने नीति-निर्माणमा विश्लेषण गर्नुपर्ने पक्षहरूमा वर्तमान मानव-स्रोत र पूँजीको क्षमता मापन अर्थात् मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरणमा मानव-पूँजीको योगदानको स्तर, उद्यमशीलता विकासको वर्तमान अवस्था, मानव-पूँजीको उपयोगद्वारा आयमूलक रोजगारी सृजना र अर्थपूर्ण उपयोगको अवस्था, उत्पादनशीलता र व्यवसाय वृद्धिमा मानव-पूँजीको उपयोगिता र योगदानजस्ता विषयहरूलाई तथ्यगत रूपमा विश्लेषण गरिनुपर्ने हुन्छ ।

नेपालमा युवा विकास र मानव-पूँजी व्यवस्थापनका लागि राष्ट्रिय, प्रादेशिक र स्थानीय योजनाहरू, शिक्षा, स्वास्थ्यलगायतका विषयगत क्षेत्रहरू, युवा विकासका लागि युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्, युवा स्वरोजगार कोषसम्मका संरचनाहरू निर्माण गरिएका छन् । राष्ट्रिय युवा-नीति, युवा स्वरोजगार, उद्यमशीलता प्रवर्धनका कार्यक्रमहरू तथा सीप विकासका कार्यक्रमहरू पनि वर्षेनि सञ्चालन भइरहेका छन् । तर, उपरोक्त नीति र कार्यक्रमहरू आआफ्नै ढङ्गमा सञ्चालित रहेका छन् । राजनीतिक दलहरूका घोषणापत्रमा युवा विकास, उद्यमशीलता प्रवर्धन र रोजगारी सिर्जना गर्ने सपनाहरू व्यक्त गरिएको भए तापनि ती मूर्त रूपमा अगाडि आउन सकेका छैनन् ।

नेपालमा राष्ट्र-निर्माणको प्रक्रियामा युवा पुस्ताको आवश्यकता र भूमिकाको विषयमा राज्यका नीतिहरू त्यति स्पष्ट देखिँदैनन् । युवा विकास र मानव-पूँजीलाई एकांकी रूपमा हेरिने सङ्कुचित दृष्टिकोण रहेको छ, यो पहिलो संरचनागत समस्या हो । युवा तथा खेलकुद मन्त्रालयको संरचना स्थापित गरेपश्चात् स्वतः युवा पूँजी निर्माण हुन्छ भन्ने सोचबाट नीतिनिर्माताहरू प्रभावित भएका पाइन्छन् । मानव-पूँजी अर्थतन्त्रको सबैभन्दा पहिलो प्राथमिकता हो साथै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, श्रमलगायतका क्षेत्रहरू यससँग अन्तरसम्बन्धित रहेका छन् भन्ने बृहत्

दृष्टिकोणबाट हेरिएको देखिँदैन । राष्ट्रिय युवा परिषद्को संरचना छ, जसले युवालक्षित केही प्रोत्साहनका कार्यक्रमहरूमा मात्र सीमित रहेको छ ।

आर्थिक दृष्टिकोणबाट सम्बोधन नगरी सामाजिक र राजनीतिक एप्रोचमा युवा र मानव-पूँजीको विषयलाई हेरिनु दोस्रो समस्या हो । राजनीतिक र सामाजिक दृष्टिकोणमा मानव-पूँजीलाई व्यवस्थापन गरिँदा श्रमशक्तिको उत्पादक क्षमता विकास नगरी वितरणमुखी कार्यक्रमहरू सञ्चालन गरिएको पाइन्छ । पुरस्कार वितरण, अनुदान वितरण, सामान्य तालिमहरू र अन्तर्क्रिया सञ्चालनमा मात्र युवा विकासका कार्यक्रमहरू सीमित भइरहेका छन् । यसबाट श्रमशक्तिले श्रम गर्नुभन्दा पनि पहुँच र भनसुनमा विश्वास गर्ने, लगानीविना शीघ्र समृद्धिको अपेक्षा गर्ने परनिर्भरमुखी संस्कृति ग्रहण गर्दछ । नेपालमा विगत तीन दशकमा मानव-पूँजीलाई राजनीतिक र सामाजिक रूपमा मात्र व्यवस्थापन गरिएकाले अधिकारको चेतना विकास भयो तर कर्तव्य, श्रम र मेहनत छायाँमा पऱ्यो । यसबाट उत्पादकत्वमा तीव्र ह्रास आउँदै गएको अवस्था हो । राज्यको प्राथमिकतामा नपरेको कारणले गर्दा राज्यसँग राष्ट्रिय मानव संसाधन विकास योजनाको अभाव छ भने यस प्रकारको विकास योजना नहुने देश विश्वमा समृद्ध भएको इतिहास भेटिँदैन ।

नेपालमा जागिर केन्द्रित श्रमनीति र सामाजिक कार्यसंस्कृति विगतदेखि नै विद्यमान छ, यो तेस्रो संरचनागत समस्या हो । युवाहरूलाई सानैदेखि सकेसम्म जागिर नै खाने र कम्फर्ट जोनमा रहनु उचित भन्ने सामाजिक र पारिवारिक सोचमा राज्यपक्षले पनि प्रोत्साहन नै गरेको देखिन्छ । उद्यमशील हुने, उद्योग व्यापार गर्ने भन्ने उत्पादनमुखी कार्यसंस्कृति हालसम्म पनि निर्माण हुन सकेको छैन । यसै कारण स्वदेशमा स्वव्यवसायमा हुनेभन्दा कम आम्दानीमा पनि विदेश गएर जागिर खान युवा र श्रमशक्ति लालायित छन् ।

युवा र मानव-पूँजीलाई अर्थतन्त्रको मूल आधार मान्ने विषयमा राजनीतिक दलहरूबीच राजनीतिक मतैक्यता र रणनीतिक दृष्टिकोण देखिँदैन । यसैकारण शिक्षा र युवासम्बन्धी मन्त्रालयहरू र कार्यक्रमहरू राजनीतिक दलहरूको न्यून प्राथमिकतामा देखिएका छन् । श्रम र सीपसम्बन्धी राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना हुन सकेको छैन । स्वदेशमा रहेका र विदेशमा रहेका युवा जनशक्तिको सीप र क्षमता र सम्भावनाको अभिलेखीकरणको समेत अभाव देखिन्छ । विकसित देशहरूले आगामी दश वर्षको दक्ष जनशक्तिको अनुमान गरेर हाम्रा दक्ष जनशक्ति लैजाने योजना निर्माण गर्दा हाम्रो राज्यले नै खुशी मनाउनुपर्ने अवस्था सिर्जना गरिएको अवस्था छ ।

चौथो संरचनागत समस्यामा शिक्षा-प्रणालीमा विद्यमान कमजोर दक्षता र नैतिकताको अवस्था देखिएको छ । राजनीतिक एकाइका रूपमा शैक्षिक संस्थाहरूलाई विकसित गरिँदा विद्यालयदेखि विश्वविद्यालयहरू प्राज्ञिक रूपमा टाट पल्टिसकेका छन् । बजारको मागभन्दा धेरै पछाडि हाम्रा कक्षाकोठाहरूका शिक्षण सिकाइ भएका कारण युवा विश्वास सङ्कटमा परेको छ भने शैक्षिक संस्थाहरूमा हुने गैरनैतिक क्रियाकलापहरूका कारण राष्ट्रिय रूपमा नै नैतिक सङ्कटसमेत उत्पन्न भइसकेको अवस्था देखिन्छ ।

उद्यमशीलता प्रवर्धनका लागि व्यवस्था गरिएका सरकारी नीति र स्रोतहरूमा समाजका सम्भ्रान्तहरूकै कब्जा हुनु अर्को संरचनागत समस्याका रूपमा देखिएको छ । वास्तविक आवश्यकता भएका युवाहरूसम्म उद्यमशीलताको पूँजी र कार्यक्रमले सम्बोधन गर्न सकेको देखिन्न । सहकारी ठगी, मिटरब्याजी र अनुचित लेनदेन, कृषि अनुदानको दुरुपयोगलगायतका प्रवृत्ति हेर्ने हो भने वित्तीय र उत्पादनका साधनहरूमा वास्तविक उद्यमशीलहरूको पहुँच स्थापित भएको छैन । यो दुश्चक्रलाई तथ्य र विवेकपूर्ण नीति हस्तक्षेपमार्फत तोड्नु जरुरी देखिएको छ ।

नीति र कार्यक्रमहरूबीचको समन्वयको अभाव अर्को संरचनागत समस्याका रूपमा देखिन्छ । युवा विकास र मानव-पूँजीको विषय कुनै एउटा मन्त्रालयसँग मात्र सम्बन्धित नभएकाले हरेक निकायहरूबीच समन्वय र सहकार्य

जरुरी हुन्छ । तीनै तहका सरकारहरू, विश्वविद्यालयहरू तथा निजी क्षेत्रहरूबीच मानव-पूँजी निर्माणका लागि समन्वय र साझेदारी हुन सकेको छैन ।

युवा र मानव-पूँजीको विकास सम्बन्धमा अनुसन्धान तथा ज्ञान निर्माणका क्रियाकलापहरू पनि निकै कम र भएका पनि कमजोर रहेका छन् । युवा विकास र मानव-पूँजीको वर्तमान अवस्थाका सम्बन्धमा विश्वसनीय बेसलाइन तथ्याङ्कीय आधारको समेत अभाव छ । यसरी कमजोर तथ्यका आधारमा युवा-नीति र कार्यक्रमहरू सञ्चालन भइरहँदा नतिजा प्राप्त नभइरहेको वर्तमान अवस्था देखिएको छ ।

## ४) नेपालमा युवा र मानव-पूँजी व्यवस्थापनका सम्भावना र सोको उपयोग

एक्काईसौँ शताब्दीको सबैभन्दा शक्तिशाली स्रोत नै मानव-स्रोत हो । यो स्रोतमात्र नभएर स्रोतको विकासकर्ता, उपभोगकर्ता र मालिक पनि हो । मात्र सम्भावनाका रूपमा रहेको मानव-स्रोतलाई पूँजीमा रूपान्तरण गर्नका लागि राज्यका स्पष्ट र नतिजामूलक नीति र कार्यक्रमहरू आवश्यक पर्दछन् ।

मानव-स्रोतलाई पूँजीमा रूपान्तरण गर्ने मुख्य माध्यमहरूमा गुणस्तरीय र सीपमूलक शिक्षा र स्वास्थ्यमाथिको पहुँच, आर्थिक स्रोत र उत्पादनको अवसर, उद्यमशील कार्यसंस्कृति, सम्भावनाहरूको उपयोग, सामाजिक न्यायको प्रत्याभूति, सुशासन, स्थिरता, सामाजिक उद्यमशीलता र नैतिक कार्य-संस्कृतिको निर्माण पर्दछन् ।

युवा विकास र मानव-पूँजी निर्माणमा राज्यले रणनीतिक प्राथमिकताको दृष्टिकोण, मानवकेन्द्रित लगानीको दृष्टिकोण, परिचालन र उपयोगको दृष्टिकोण, प्रतिभा प्रोत्साहनसहित कार्यउत्प्रेरणा र मनोबलको विकासको दृष्टिकोण, रोजगारमूलक शिक्षा र उद्यमशील कार्यसंस्कृतिको विकासको दृष्टिकोण, प्रभावकारी अनुगमन र मूल्याङ्कनसहित निरन्तर सुधार पद्धतिको दृष्टिकोण र सहकार्य र साझेदारी प्रवर्धनको दृष्टिकोण निर्माणलाई एकीकृत रूपमा राष्ट्रिय योजनामा समावेश गरेर लैजानुपर्ने हुन्छ ।

नेपाल सरकारले एकीकृत राष्ट्रिय मानव संसाधन प्रक्षेपण तथा विकास योजना तयार गरी हरेक वर्ष अध्यावधिक गर्नुपर्ने हुन्छ त्यसैगरी राष्ट्रिय रूपमा वर्तमान श्रमशक्तिको उपलब्धता र उत्पादकत्व तथा आगामी दश वर्षका लागि आवश्यक पर्ने जनशक्ति अनुमान र प्रक्षेपण गर्न सक्ने विश्वसनीय तथ्याङ्कीय प्रणालीको विकास गर्नुपर्ने हुन्छ । यसका आधारमा क्षेत्रगत मन्त्रालयहरूले तथा प्रदेश र स्थानीय तहहरूले आफ्ना नीति र कार्यक्रमहरू अध्यावधिक गर्ने गर्दछन् भने यसैका आधारमा प्रदेश र स्थानीय तहहरू तथा सार्वजनिक निकायहरू, शैक्षिक प्रतिष्ठानहरू, निजी संस्थाहरू सबैले आआफ्ना मानव संसाधान विकास योजनाहरू तय गरी कार्यान्वयन गर्दछन् । यसबाट बजार र उत्पादनबीचको तादाम्यता कायम भई आर्थिक विकासको बलियो जग निर्माण हुन जान्छ ।

नीतिगत रूपमा गुणस्तरीय मानव-पूँजी निर्माण र परिचालनलाई राष्ट्रिय प्राथमिकताका रूपमा समावेश गरी सोसम्बन्धी दीर्घकालीन योजना, क्षेत्रगत नीति तथा रणनीति-निर्माण गरी कार्यान्वयन गर्ने तथा गुणस्तरीय मानव-पूँजीको विषयलाई समष्टीगत आर्थिक नीति, प्रदेशको आर्थिक नीति तथा स्थानीय तहको आर्थिक नीतिका सबै क्षेत्रगत कार्यनीति र योजनामा मूल प्रवाहीकरण गर्दा योजना र स्रोतहरूबीच एकीकरण हुँदा नतिजाको सुनिश्चितता हुन्छ ।

सुधारको अर्को महत्वपूर्णपक्ष वर्तमानमा सङ्ज्ञानात्मक ज्ञानमात्र प्रवर्धन गर्ने शिक्षा-प्रणालीलाई रोजगारमूलक, व्यावसायिक, प्राविधिक र उत्पादनमूलक शिक्षा-प्रणालीमा रूपान्तरण गरी उद्यमशीलता विकाससँग त्यसलाई सामञ्जस्ययुक्त बनाउनुपर्ने हुन्छ । त्यसैगरी, सबै नागरिकको गुणस्तरीय आधारभूत स्वास्थ्यमा पहुँच स्थापित गरी गुणस्तरीय मानव-पूँजीको स्तर हासिल गर्न स्वास्थ्य-संस्थाहरूको पूर्वाधार, जनशक्ति, सेवासुविधा, वित्तीय साधनको व्यवस्थापन, अनुगमन र मूल्याङ्कन क्षमतामा मापदण्ड बमोजिम हुनेगरी सुधार गर्नुपर्ने हुन्छ ।

उद्यमशील कार्यसंस्कृतिको निर्माणबाट मात्र युवा र श्रमशक्तिमा रूपान्तरण गर्न सकिन्छ। उद्यमशील कार्यसंस्कृति निर्माणको पहिलो शर्त सकारात्मक सोच, कार्यप्रतिको उत्प्रेरणा र उच्च मनोबल अत्यावश्यक हुन्छ भने उद्यमका लागि आवश्यक पर्ने सीप र दक्षताको अधिकतम उपयोग गर्ने क्षमता, श्रमप्रतिको सम्मानको राष्ट्रिय संस्कृतिको निर्माण, नवीन अभ्यास र नवप्रवर्तन गर्ने क्षमता, सहकार्य र साझेदारी गर्न सक्ने क्षमता र जोखिम लिन सक्ने क्षमताको विकासजस्ता विषयहरू रहेका हुन्छन्।

उत्पादनशील संस्कृतिसहितको समाज निर्माण गर्न नागरिक तहमा उद्यमशीलता विकास गर्नका लागि अभियानमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। विद्यालय तहबाटै उद्यमशीलता विकासका सीप र बहसहरू सञ्चालन गर्नुपर्ने हुन्छ। उद्यमशील कार्यसंस्कृतिको विकासका लागि आवश्यक पर्ने नैतिक शिक्षालाई विद्यालय स्तरदेखि नै समावेश गरी नैतिकतामा आधारित कार्यसंस्कृतिको विकास गर्न नैतिकताका पूर्वाधारहरू निर्माण गर्दै जानुपर्ने हुन्छ। त्यसैगरी, प्रमाणपत्र वितरणमा सङ्केन्द्रित मुलुकको शिक्षा-प्रणालीलाई उद्यमशीलतामैत्री तुल्याउनका लागि विश्वविद्यालयहरू, शैक्षिक प्रतिष्ठान र उद्योग व्यवसायबीच तादात्म्यता कायम गर्ने गरी अध्यावधिक पाठ्यक्रम, अध्यापक जनशक्ति तथा प्रविधिको सुनिश्चितताका लागि समन्वय, सामञ्जस्य र सहकार्य गर्ने वातावरण निर्माण गर्नुपर्ने हुन्छ। यसैगरी समष्टीगत तथा क्षेत्रगत तहमा गुणस्तरीय युवा तथा मानव-पूँजीको योजना, विकास, परिचालन र सुधारको कार्यमा नेतृत्व दिने र व्यवस्थापन गर्ने गरी राष्ट्रिय योजना आयोगमा मानव-पूँजीसम्बन्धी विशेष संयन्त्र स्थापना गर्ने र सोको समन्वयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र श्रम मन्त्रालयमा जिम्मेवार संरचनाको निर्माण गर्न उपयुक्त देखिन्छ। यससँगै सार्वजनिक क्षेत्रमा गुणस्तरीय मानव-पूँजीको नीतिगत तथा योजनागत व्यवस्थापनका लागि सङ्घीय मामिलासमेत हेर्ने गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई मानव संसाधन विकास मन्त्रालयका रूपमा विकास गर्नु आवश्यक हुन्छ।

त्यसैगरी सार्वजनिक क्षेत्रमा कार्यसम्पादन व्यवस्थापन प्रणालीलाई अनिवार्य रूपमा कार्यान्वयनमा ल्याउँदा पनि सार्वजनिक क्षेत्रमा सक्षम जनशक्ति पहिचान गर्न सकिन्छ। समग्र रूपमा गुणस्तरीय मानव-पूँजीको विकास, परिचालन र निरन्तर सुधारका लागि तीनै तहहरू तथा सबै सरोकारवालासँग व्यापक रूपमा सहकार्य र साझेदारी निर्माण गर्ने संस्थागत सञ्चारको प्रणाली स्थापना गर्नुपर्ने आवश्यकता देखिएको छ।

युवा तथा मानव-पूँजीको विकासको प्रणाली एकात्मक प्रकृतिको हुँदैन। यो सरकारी र गैरसरकारी सबै पक्षहरू र सरोकारवालाहरूको साझा समन्वय प्रयासमा मात्र सम्भव हुन्छ। यसरी मानव-पूँजी निर्माण खासगरी तीन तहमा गरिन्छ।

पहिलोमा, सरकारले सकारात्मक नीति वातावरण निर्माण गर्ने, सहकार्य र साझेदारी प्रवर्धन गर्ने, उपयुक्त संस्थागत व्यवस्था गर्ने, रणनीतिक योजना निर्माण, मानव-पूँजी निर्माणका लागि पर्याप्त लगानीको व्यवस्था र प्रवर्धन गरिदिने, सक्षम र जवाफदेही र नतिजामूखी संयन्त्रको व्यवस्था गर्नुपर्ने हुन्छ, जसबाट मुलुकमा उत्पादकत्व, रोजगारी र समृद्धिबीच अर्थपूर्ण सम्बन्ध कायम गर्न सकिन्छ। यसका लागि सरकारले हालको साधारण सामान्यज्ञान दिने शिक्षामुखी शिक्षा-पद्धतिलाई उत्पादनमा केन्द्रित हुने प्राविधिक र व्यावसायिक शिक्षा-पद्धतिमा रूपान्तरण गर्नु आवश्यक हुन्छ भने राष्ट्रिय रूपमा नैतिकवान् नागरिकको तयारीका लागि नैतिक पूर्वाधारहरूको निर्माण गर्नुपर्छ।

दोस्रो पक्ष, निजी क्षेत्र अर्थात् व्यावसायिक समाजले उत्पादनशील रोजगारीमा आधारित शिक्षा, तालिम र उद्यमशीलता प्रवर्धन गर्नका लागि प्राविधिक तथा वित्तीय सेवा प्रदान गर्नुका साथै सरकारी क्षेत्रसँगको सहकार्यमा मानव-पूँजी निर्माणका लागि लगानी गर्ने क्षमता विस्तार गर्नु आवश्यक हुन्छ। यसका लागि सरकारी नीति र कार्यक्रमले निजी क्षेत्रलाई नेतृत्व प्रदान गर्ने सक्षमता राख्नुपर्ने हुन्छ।

तेस्रो पक्ष, नागरिक समाज हो, जसले रोजगारमूलक तथा प्राविधिक शिक्षा लिन सबैलाई प्रोत्साहन दिने, लगानी गर्ने र उद्यमशीलता प्रवर्धनका लागि अभियानमूलक कार्यक्रम सञ्चालन गरी सचेतना विकास र नैतिक सोच र संस्था निर्माणमा योगदान गर्नुपर्ने हुन्छ ।

## ५) निष्कर्ष

युवा श्रमशक्ति देशको आर्थिक विकासको मूल पूँजी र संवाहक दुबै हो भने यसमा वित्तीय पूँजीको पनि स्वामित्व रहने हुँदा वर्तमानमा हामीसँग भएका सबै स्रोत र सम्भावनाहरूलाई पूँजीमा रूपान्तरणमार्फत समृद्धिको आधार निर्माण गर्ने पनि यही श्रमशक्ति हो भन्ने तथ्य स्थापित भइसकेको छ । युवा विकासलाई श्रम, शिक्षा र स्वास्थ्यबाट अलग गरेर व्यवहार गरिनु नै नेपालमा विगतदेखि हालसम्म गरिएको गम्भीर नीतिगत विचलन भएकाले अब उप्रान्त यसको कोर्स करेक्सन गरिनुपर्ने हुन्छ । हरेक नागरिकका व्यक्तिगत आवश्यकता, दक्षता र क्षमताको मापन गरी उनीहरूको आवश्यकताबमोजिम ज्ञान, सीप र उद्यमशीलताका लागि उत्प्रेरित गर्ने, सहजीकरण गर्ने र अवसरहरूको सिर्जना गरिदिने कार्य नै मानव-पूँजी निर्माणको पहिलो खुट्किलो हो भने यसरी बजारमा उत्पादनका माध्यमबाट जोडिन सक्ने जनशक्तिलाई देश, समाज र कानूनप्रतिको उच्च निष्ठावान् बनाउनु दोस्रो खुट्किलो हो । सीपमूलक उत्पादकत्व भएको दक्षता र नैतिक गुणले भरिपूर्ण युवा श्रमशक्ति नै देशको समृद्धिको बाहक हो । यस दिशामा सम्बन्धित निकायहरूले गम्भीर विमर्श गर्नु जरुरी छ ।

## सन्दर्भ सामग्रीहरू


- नेपालको संविधान, कानून किताब व्यवस्था समिति ।
- दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०, नेपाल सरकार राष्ट्रिय योजना आयोग
- आर्थिक सर्वेक्षण, २०७९/८०, नेपाल सरकार अर्थ मन्त्रालय
- राष्ट्रिय जनगणना २०७८, नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालय ।
- युथ भिजन २०२५, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय ।
- राष्ट्रिय युवा-नीति २०७२, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय ।
- Deming, David J. (2022). 'Four Facts about Human Capital'. Journal of Economic Perspectives.
- Claudia Goldin, Department of Economics Harvard University and National Bureau of Economic Research. 'Human Capital'
- Amartya Sen capability approach: Retrieved from https://commonweb.unifr.ch/artsdean/pub/gestens/f/as/files/4760/24995_105422.pdf
- Poor Economics: retrieved from https://cdgi.edu.in/pdf/Poor%20Economics%20-%20Dr.%20Abhijit%20Banerjee.pdf



*रामबन्धु सुवेदी दाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी हुन् ।*

# दिगो विकास लक्ष्यप्राप्तिमा युवाको भूमिका



डा. दामोदर रेग्मी

## सारांश

अन्तरनिर्भरता वर्तमान विश्वको अपिरहार्य आवश्यकता हो । यो अपरिहार्य आवश्यकताका बीच विश्व समुदायहरूमा आपसी अन्तरसम्बन्ध र सहकार्य विकसित हुँदै गैरहेको छ । भावी पिँढीका आवश्यकताहरूको उपलब्धतामा प्रतिकूल प्रभाव पर्न नदिने गरी वर्तमान पिँढीका आवश्यकताहरू परिपूर्ति गर्ने विकासको रणनीति नै दिगो विकास हो । दिगो विकासको अवधारणाले सामाजिक आर्थिक र वातावरणीय पक्षबीच सन्तुलन सहकार्य र अन्तरघुलनको माग गर्दछ । यसअन्तर्गत विश्वव्यापी रूपमा १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य २४४ वटा सूचकहरू तय भएका छन् । सङ्घीय शासन-व्यवस्थामा कार्यान्वयनका मुख्य संयन्त्रका रूपमा प्रदेश र स्थानीय तह रहेका छन् । प्रदेश र स्थानीय तहका तत्परतामा नै सङ्घले तय गरेको उद्देश्य हासिल हुन जान्छ । संविधानको सफल कार्यान्वयनको अतिरिक्त दिगो विकासका लक्ष्यहरूलाई कार्यान्वयनमा लैजान प्रदेश र स्थानीय तहको संवेदनशीलताले यो अभियानले थप ऊर्जा हासिल गर्न सहयोग गर्दछ ।

## दिगो विकास लक्ष्य

अन्तरनिर्भरता वर्तमान विश्वको अपिरहार्य आवश्यकता हो । यो अपरिहार्य आवश्यकताका बीच विश्व समुदायहरूमा आपसी अन्तरसम्बन्ध र सहकार्य विकसित हुँदै गैरहेको छ । वर्तमान विश्व विकासका साझा आवश्यकतालाई साझा प्रयास र सहकार्यको माध्यमवाट सम्बोधन गर्ने मान्यताबाट अगाडि बढिरहेको छ । विकासका आयाम, आर्थिक अन्तरसम्बन्धका प्रयासहरू, व्यापारमा उदारीकरण, सामाजिक तथा आर्थिक मुद्दाहरूमा सहकार्य, सहस्राब्दी विकास लक्ष्य, दिगो विकास लक्ष्यका केही उदाहरणहरू हुन् । अहिले विश्व दिगो विकास लक्ष्यको साझा विकास लक्ष्यको साथ अगाडि बढिरहेको छ । भावी पिँढीका आवश्यकताहरूको उपलब्धतामा प्रतिकूल प्रभाव पर्न नदिने गरी वर्तमान पिँढीका आवश्यकताहरू परिपूर्ति गर्ने विकासको रणनीति नै दिगो विकास हो । दिगो विकासको अवधारणाले सामाजिक, आर्थिक र वातावरणीय पक्षबीच सन्तुलन सहकार्य र अन्तरघुलनको माग गर्दछ । दिगो विकास शब्दको प्रयोग सन् १९८३ मा संयुक्त राष्ट्र सङ्घद्वारा गठित वातावरण र विकाससम्बन्धी विश्व आयोग ब्रुन्टल्यान्ड कमिसनद्वारा सन् १९८७ मा 'हाम्रो साझा भविष्य' नामक अवधारणामा समावेश गरिएको थियो । यस अवधारणाका अनुसार प्राकृतिक स्रोत, साधन, वातावरण, जनसङ्ख्या र विकास गतिविधिहरूबीचको उचित एवम् सन्तुलित तालमेललाई नै दिगो विकास भनिन्छ । यसमा पनि सामाजिक र वातावरणीय विकास बहन गर्न सक्ने, वातावरणीय र आर्थिक विकास सम्भावनायुक्त तथा सामाजिक र आर्थिक विकास समतामूलक हुनुपर्ने कुरामा जोड दिन्छ । आधारभूत आवश्यकताको परिपूर्ति र विद्यमान स्रोतको उचित प्रयोग दिगो विकासका मुख्यतया दुई आधारभूत सिद्धान्तहरू हुन् ।

यसै पृष्ठभूमिमा विश्वको विकासको साझा एजेन्डाको रूपमा दिगो विकास लक्ष्यहरूको अवधारणा ल्याइएको हो । यो सन् २०१५ को सेप्टेम्बरमा संसारका १९३ वटा राष्ट्रहरूले संयुक्त रूपमा अङ्गिकार गरेका आवधिक विकासका

साझा मार्गचित्रहरू हुन् । दिगो विकास लक्ष्यहरू संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूको सहमतिमा १७ वटा लक्ष्यहरू सन् २०१६ को जनवरी १ बाट कार्यान्वयनमा ल्याइएको हो ।

यसअन्तर्गत विश्वव्यापी रूपमा १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य २४४ वटा सूचकहरू तय भएका छन् ।

## १७ वटा लक्ष्यहरूमा :

१) हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरीबीको अन्त्य गर्ने ।

२) भोकमरी अन्त्य गर्ने, खाद्यसुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्धन गर्ने ।

३) सबै उमेर-समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्धन गर्ने ।

४) समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिकाइका अवसर प्रवर्धन गर्ने ।

५) लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालिकाहरूलाई सशक्त बनाउने ।

६) सबैको निम्ति पानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

७) व्यहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।

८) सबैका लागि, स्थिर, समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्धन गर्ने ।

९) उत्थानशील पूर्वाधारको निर्माण, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्धन र नवप्रवर्तनलाई प्रेरित गर्ने ।

१०) देशभित्र तथा देशहरूबीचको असमानता घटाउने ।

११) शहरहरू एवम् मानव वस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने ।

१२) दिगो उपभोग तथा उत्पादन प्रणाली र ढाँचाहरू सुनिश्चित गर्ने ।

१३) जलवायु परिवर्तन र यसका प्रभावसँग जुध्न तत्काल कार्य अघि बढाउने ।

१४) दिगो विकासको निम्ति महासागर, समुन्द्र र सामुन्द्रिक स्रोत संरक्षण गर्ने ।

१५) भूसतही/भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने ।

१६) दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने ।

१७) दिगो विकासका लागि कार्यान्वयनका उपाय साधनलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने लक्ष्यहरू पर्दछन् ।

दिगो विकास लक्ष्यले प्राथमिक महत्वका पाँच वटा क्षेत्र निर्धारण गरेको छ, जसलाई 'फाइभ पी' पनि भनिन्छ। यसमाः

- जनता (पिपुल)
- पृथ्वी (प्लानेट)
- समृद्धि (प्रस्परिटी)
- शान्ति (पिस)
- साझेदारी (पार्टनरसिप)

पर्दछन्। दिगो विकास लक्ष्यका प्राथमिक महत्वका यी पाँच वटा क्षेत्रले विकास प्रक्रियामा कोही पनि पछाडि नपरून् भन्ने मूल ध्येय राखेको छ।

संयुक्त राष्ट्र सङ्घका १९३ वटा मुलुकहरूले दिगो विकास लक्ष्यको अवधारणामा सहमति जनाएका छन्। यसकारण यो विश्वको विकासको साझा अवधारणा पनि हो। साझा अवधारणाको सफल कार्यान्वयनका लागि दिगो विकास लक्ष्यहरूको राष्ट्रिय रूपमा अपनत्व ग्रहण र तदनुरूप कार्यान्वयन सबै राष्ट्रहरूको साझा दायित्वको विषय हो। साथै, राष्ट्रिय रूपमा अपनत्व ग्रहण र तदनुरूपको कार्यान्वयन संयन्त्र निर्माण गर्न यसको आन्तरकीकरण र स्थानीयकरण अर्को अपरिहार्य आवश्यकता हो। दिगो विकास लक्ष्यको आन्तरिकीकरणमा राष्ट्रिय रूपमा अपनत्व ग्रहण तथा अन्तरतह, अन्तरनिकाय कार्यान्वयन र समन्वय संयन्त्रको विकासजस्ता विषयहरू पर्दछन्। तीन तहको सङ्घीय संरचना रहेको नेपालमा तीनै तहमा यस्तो संयन्त्रको आवश्यकता रहन्छ।

## दिगो विकास लक्ष्य प्राप्तिमा स्थानीयकरण अति नै अपरिहार्य पक्ष हो ।

दिगो विकास लक्ष्यको स्थानीयकरण भनेको दिगो विकास लक्ष्य प्राप्तिका लागि निर्धारित परिमाणात्मक सूचकहरूलाई स्थानीय स्रोत र साधनअनुसार स्थानीय आवश्यकताअनुरूप परिमार्जन गर्दै स्थानीय योजना बनाउँदा तिनीहरूको आन्तरिकीकरण तथा अन्तरघुलन कायम गराई कार्यान्वयनमा ल्याउनु हो।

नेपालले पनि दिगो विकास लक्ष्यको अवधारणामा सहमति जनाई तदनुरूप कार्यान्वयन संयन्त्र अगाडि बढाइसकेको छ। परिवर्तित राजनीतिक परिवेशमा देश सङ्घीय संरचनामा प्रवेश गरेको र तीन तहमा नेपालको राजनीतिक तथा प्रशासनिक संरचना स्थापित भई कार्यान्वयनमा आइसकेको अवस्था छ। देशका यी तीन संरचना अन्तर्गत आर्थिक, सामाजिक, वातावरणीय पक्षहरूबीच सन्तुलन कायम गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न शासकीय इकाइहरूको तल्लो तहसम्म अपनत्व ग्रहण र कार्यान्वयन संयन्त्रको विकास र आन्तरिक प्रयासहरूमा अन्तर आबद्धता नै दिगो विकास लक्ष्यको स्थानीयकरण हो।

जनताको जीवनस्तर माथि उकास्न सङ्घीय संरचनाका तीनै तहका सरकारको बीचमा अन्तर-सरकार सामूहिक अग्रसरता र साझेदारिताको आवश्यकता छ। यसका लागि दिगो विकास लक्ष्यलाई प्रत्येक तहका सरकारले आन्तरिकीकरण गर्ने सन्दर्भमा व्यवहारोपयोगी कार्यनीति तर्जुमा गर्नु आवश्यक हुन्छ।

दिगो विकास लक्ष्यको स्थानीयकरण वा आन्तरिकीकरणमा ध्यान दिनुपर्ने अर्को पक्ष भनेको तीन तहका सरकारका योजनाहरूमा अन्तरआबद्धता र सामञ्जस्यता हो। नेपाल सरकारले समग्र देशको आर्थिक सामाजिक विकासका लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ। राष्ट्रिय स्तरमा आर्थिक सामाजिक नीति, बृहत्तर प्रभाव पार्ने

आयोजना, अन्तर प्रदेशलाई जोड्ने आयोजना इत्यादि विषय समेटेर नेपाल सरकारले राष्ट्रिय आवधिक विकास योजना तर्जुमा गर्दछ । यस योजनाको आधारमा प्रदेश सरकार र स्थानीय तहले आ-आफ्नो आवधिक विकास योजना गर्नुपर्दछ । प्रदेश सरकारले आ-आफ्नो प्रदेशको आर्थिक सामाजिक विकासका लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । प्रदेशस्तरका आर्थिक सामाजिक नीति, प्रदेशस्तरका आयोजना, आफ्नो प्रदेश भित्रका दुई वा सोभन्दा बढी स्थानीय तहलाई समेट्ने विकास आयोजना इत्यादि विषय समेटेर प्रदेश सरकारले प्रादेशिक आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । प्रादेशिक योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजनासँग तादात्म्यता कायम गर्नुपर्दछ । स्थानीय तहले स्थानीय तहको आर्थिक सामाजिक विकासका लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । स्थानीय तहका आर्थिक सामाजिक नीति र स्थानीय स्तरका आयोजनालगायतका विषय समेटेर स्थानीय सरकारले स्थानीय तहको आवधिक विकास योजना तर्जुमा गर्दछ । यो योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजना र आ-आफ्नो प्रदेश सरकारको आवधिक योजनासँग तादात्म्यता कायम गर्नुपर्दछ ।

सङ्घीय शासन-व्यवस्थामा कार्यान्वयनका मुख्य संयन्त्रका रूपमा प्रदेश र स्थानीय तह रहेका छन् । प्रदेश र स्थानीय तहका तत्परतामा नै सङ्घले तय गरेको उद्देश्य हासिल हुन जान्छ । संविधानको सफल कार्यान्वयनको अतिरिक्त दिगो विकासका लक्ष्यहरूलाई कार्यान्वयनमा लग्न प्रदेश र स्थानीय तहको संवेदनशीलताले यो अभियानले थप ऊर्जा हासिल गर्न सहयोग गर्दछ । नीति तथा योजनाहरू तयार गर्दा आर्थिक, सामाजिक, भौगोलिक र प्रशासनिक विशेषता र क्षेत्राधिकारजस्ता तत्त्वहरूलाई ध्यान दिने र यिनै आवश्यकता तथा प्राथमिकताहरूसँग तादम्यता हुने गरी र दिगो विकासका राष्ट्रिय लक्ष्यहरू हासिल हुने गरी राष्ट्रिय प्रादेशिक र स्थानीय योजनाहरू निर्माण गर्नुपर्ने हुन्छ । दिगो विकास १७ वटै लक्ष्यहरू सबै प्रदेश र स्थानीय सरकारहरूका लागि बराबर महत्वका विषय नरहन सक्छन् । यसैले दिगो विकास लक्ष्यहरूलाई आफ्नो यथार्थ वस्तुगत स्वरूपमा ढाल्नका लागिसमेत स्थानीय स्तरबाट दिगो विकास लक्ष्य सम्बन्धमा कार्य गर्नुपर्ने हुन्छ ।

राज्यको पुनरसंरचनापश्चात् स्थानीय तह र प्रदेश तहका निर्वाचन सम्पन्न भई स्थानीय र प्रदेश सरकारहरू गठन भई विकास निर्माणले गति लिन थालेको सन्दर्भमा राज्यका सबै तहका योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण र स्थानीयकरण गर्दै लानुपर्ने आवश्यकता छ । प्रदेश तथा स्थानीय तहहरूबीच प्रशस्त भौगोलिक विविधता छ । साथै, प्राकृतिक स्रोत सम्भाव्यता, आर्थिक, सामाजिक विकास र पूर्वाधारको उपस्थितिको अवस्थामा पनि प्रशस्त भिन्नता रहेको छ । यी विविधता र भिन्नताबीच स्थानीय तहले आ-आफ्ना क्षेत्रको समष्टिगत विकासका लागि दिगो विकास लक्ष्य कार्यान्वयनको सङ्घीय प्रारूपलाई आत्मसात गर्दै आवश्यक आवधिक, वार्षिक र रणनीतिगत विषय-क्षेत्रका विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।

दिगो विकास लक्ष्यलाई अन्तरिकीकरण गर्ने सन्दर्भमा विकास प्रक्रियामा सरोकारवालाहरूको सहभागिता तथा योगदान सुनिश्चित गर्ने, स्थानीय स्रोत र साधनको सदुपयोग गर्दै थप सम्भाव्यताको खोजी गर्ने तथा स्थानीय सीप र जनशक्तिको सदुपयोग गर्ने कार्यहरूले प्राथमिकता पाउनुपर्दछ । यसैगरी स्थानीय सरकारको आर्थिक तथा प्रशासनिक रणनीति, बजेट तथा कार्यक्रममा दिगो विकासका आयामहरू स्पष्ट ढङ्गले समेट्ने, दिगो विकासका लागि एकीकृत कार्यगत रणनीतिक योजना र आन्तरिकीकरण गर्ने, स्थानीय स्रोत, साधन र आवश्यकता सुहाउँदो परिमाणात्मक लक्ष्य र सूचकहरू तय गर्दै दिगो विकास लक्ष्य हासिल गर्न प्रयत्नशील रहनुपर्ने पक्षहरू अन्य सामयिक विषयहरू हुन् ।

कसैलाई पनि पछाडि नछोड्ने रणनीतिको सदुपयोग गर्ने क्रममा राज्यका सबै तहहरूबीच आपसी समझदारी र पारस्परिकतामा वृद्धि गर्ने, नागरिकको तहमा अपनत्वको भावना विकास गर्ने, सामाजिक संस्थाहरूको रचनात्मक

र सहयोगी भूमिका प्रवर्धन गर्ने, सामुदायिक सहभागिता तथा साझेदारीता प्रवर्धन गर्ने, स्थानीयस्तरमा सम्भावना बोकेका उत्पादनमा जोड दिने विषयहरूमा समेत जोड दिनु आवश्यक हुन्छ।

सङ्घीय संरचनाका तीनै तहहरूमा दिगो विकास लक्ष्यप्रतिको स्वामित्व ग्रहण, अन्तर र आन्तरिक कार्यान्वयन तथा समन्वय संयन्त्र लक्ष्यप्राप्तिका लागि तिनै तहका नीति, योजना र बजेटका बीच अन्तर- आबद्धता आवश्यक विषयहरू हुन्।

## दिगो विकास लक्ष्यमा युवाको भूमिका

शारीरिक र मानसिक विकासका दृष्टिले युवा भन्नाले किशोर अवस्था र वयस्क अवस्थाबीचको उमेर-समूह भएका व्यक्तिलाई जनाउँछ। यो जनसङ्ख्याको सर्वाधिक सक्रिय, ऊर्जावान् र गतिशील समूह हो। युवावस्थालाई परिभाषित गर्ने विषयमा एकरूपता देखिँदैन। विभिन्न देशहरूले आ-आफ्नै तरिकाले परिभाषित गरेको पाइन्छ। बङ्गलादेश र फिलिपिन्सले १५ देखि ३० वर्ष, भारतले १६ देखि २९ वर्ष, चीनले १८ देखि ३५ वर्ष, जर्मनीले १४ देखि २६ वर्ष तथा दक्षिण अफ्रिकाले १५ देखि २९ वर्ष उमेर-समूहकालाई युवा भनी परिभाषित गरेको छ।

यसरी अधिकांश देशमा युवाको उमेर १५ देखि ३५ वर्षका बीचमा कायम गरिएको देखिन्छ। संयुक्त राष्ट्रसङ्घ र विश्व बैङ्कजस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ वर्षको उमेर-समूहलाई युवा मानेको देखिन्छ।

नेपालको सन्दर्भमा समेत युवा उमेर-समूहबारे एकरूपता कायम हुन सकिरहेको देखिँदैन। नेपाल सरकारका विभिन्न निकाय, गैरसरकारी सङ्घसंस्था, राजनीतिक सङ्घसङ्गठनहरूले फरक-फरक तरिकाले युवाको उमेर-समूहलाई परिभाषित गरेको पाइन्छ। राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा-नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर-समूह निर्धारण गरेको छ। युथ भिजन-२०२५ ले युवाको उमेर-समूहलाई १६ देखि २४ वर्ष र २५ देखि ४० वर्ष गरी दुई उमेर-समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरेको छ।

राष्ट्रिय जनगणना २०६८ वमोजिम हुने गरी नेपालको कूल जनसङ्ख्याको ४०.३५ प्रतिशत युवा जनशक्ति अर्थात् १६ देखि ४० वर्ष उमेर-समूहको जनसङ्ख्या रहेको छ। यसैअनुसार युवासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, श्रम तथा रोजगार, खेलकुदलगायतका क्षेत्रमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरूले क्षेत्रगत नीति तर्जुमा गरी कार्यक्रमहरू कार्यान्वयन गर्दै आएका छन्।

## युवा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका निकायहरूको भूमिका

### राष्ट्रिय युवा परिषद्को भूमिका

- युवा सीप विकास
- युवा नेतृत्व विकास
- एक विद्यालय एक उद्यमशीलता कार्यक्रम
- युवा जागरण तथा विकास
- युवा नवप्रवर्तन कार्यक्रम

## युवा तथा साना व्यवसायी स्वरोजगार कोषको भूमिका :

देशमै पूँजीको व्यवस्था गरी देशको उत्पादनशील र सीपयुक्त युवा जनशक्तिलाई पूँजी र कामको अभावमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्न नेपाल सरकारबाट वि.सं. २०६५ सालमा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरिएको हो । कोषले उत्पादनशील श्रमको अधिकतम उपयोग तथा उद्यमशीलताको विकासमार्फत परम्परागत उत्पादन प्रणालीमा सकारात्मक परिवर्तन ल्याउने तथा सीपयुक्त बेरोजगार युवाहरूलाई स्वरोजगारको अवसर प्रदान गर्ने लक्ष्य लिएको छ । स्थानीय स्रोत साधनको समुचित प्रयोग हुने गरी मुलुकमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगारमूलक व्यावसायिक परियोजना सञ्चालन गर्नका लागि स्थानीयस्तरमा सुलभ र सुरक्षित व्यावसायिक कर्जा उपलब्ध गराई उद्यमशीलताको विकासमार्फत मुलुकभित्र स्वरोजगारका अवसर सिर्जना गर्न विभिन्न कार्यक्रम घोषणा गरी सञ्चालनमा ल्याएको छ । मुलुकमा उपलब्ध जनशक्तिलाई आर्थिक रूपमा सक्षम, सामाजिक रूपमा जिम्मेवार, सांस्कृतिक रूपमा जागरुक एवम् सिर्जनशील बनाई स्वरोजगार कार्यक्रमहरूमा उनीहरूको सहज पहुँच, प्रयोग र स्रोत परिचालन गर्न सक्ने अवस्था सिर्जना गरी अपनत्व र स्वामित्वको अनुभूति गराई स्वरोजगार/रोजगार सिर्जनाका कार्यक्रमलाई प्रभावकारी बनाउन युवा स्वरोजगार कोषका नियमित तथा थप कार्यक्रम र क्रियाकलापहरू सञ्चालित भइरहेका छन् ।

आर्थिक रूपले विपन्न महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित तथा पिछडिएको क्षेत्रका व्यक्ति वा समुदाय, गरीब किसान, मजदुर, सुकुमबासी वा साना व्यवसायी एवम् युवाहरू तथा परम्परागत सीप भएका जातजातिहरूलाई व्यावसायिक खेती, पशुपक्षीपालन, कृषिजन्य उद्योग वा सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सहुलियत ब्याजदरमा प्रतिव्यक्ति रु. दुई लाखसम्म आवधिक ऋण उपलब्ध गराई तिनीहरूको आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउनु मुख्य उद्देश्य रहेको छ ।

## कोषका अन्य उद्देश्यहरू :

- रिक्सा, अटोरिक्सा, ठेलागाडा व्यवसाय, दूधजन्य व्यवसाय, प्लम्बिङ, इलोक्ट्रोनिक्स तथा इक्ट्रिकल, साना तथा घरेलु व्यवसाय, सिकर्मी तथा डकर्मी, रङ्गरोगन, शिल्पकार, खुद्रा तथा किराना पसल सञ्चालनजस्ता स्वदेशी श्रम, सीप, ज्ञान एवम् सानो पूँजीबाट सञ्चालन गर्न सकिने स्वरोजगार कार्यमा ऋण उपलब्ध गराउने ।
- स्थानीय सीप र कच्चा पदार्थमा आधारित तथा स्थानीय स्तरमा उत्पादन हुने वस्तुको व्यावसायिकरणमा योगदान पुग्ने कार्यक्रम सञ्चालन गर्ने ।
- 'एक गाउँ, एक उत्पादन' र 'एक परिवार, एक रोजगार'जस्ता परियोजनामा लगानी गर्ने ।
- मूल्य शृङ्खला भएका व्यवसायहरूलाई प्राथमिकता दिने ।
- व्यावसायिक कृषि, पशुपक्षीपालन, माछापालन, वन, खानी तथा कृषिजन्य उद्योग र बहुमूल्य पत्थर उद्योग लगायतका उच्च प्राथमिकतामा राख्ने ।
- युवा व्यवसायीलाई स्वदेशमा नै साना तथा घरेलु व्यवसाय सञ्चालन गर्न अभिप्रेरित गर्दै स्वरोजगारका अवसरहरू स्वदेशमा नै सिर्जना गर्दै आयआर्जनका लागि क्षमता अभिवृद्धि गर्ने एवम् गरीबी निवारण गर्ने, राष्ट्रिय लक्ष्यमा योगदान पुर्‍याउने ।

## नेपाल स्काउटको भूमिका

- अनुशासित नागरिक निर्माण
- स्वयम्सेवा
- विपद व्यवस्थापन
- असल नागरिक सम्बन्ध निर्माण
- मानवता प्रवर्धन

## राष्ट्रिय खेलकुद परिषद्को भूमिका

- खेलकुदको माध्यमबाट स्वस्थ सक्षम मर्यादित अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्ने ।
- राष्ट्रिय एकता प्रवर्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्ने ।

## दिगो विकास लक्ष्यमा युवाहरूको संलग्नता हुनुपर्ने क्षेत्र

| दिगो विकास लक्ष्य नं. | दिगो विकास लक्ष्य | युवा संलग्नताको क्षेत्र |
|---|---|---|
| १ | गरीबीको अन्त्य | विकास एवम् गरीबी न्यूनीकरणको अनुगमन कार्यमा स्थानीय युवाहरूलाई सहभागी गराउने । |
| २ | भोकमरीको अन्त्य | कृषिसम्बन्धी नवीन र स्मार्टबारे ज्ञान भएका युवाहरूको कृषि व्यवसायमा र सहभागिता बढाउने । |
| ३ | सुस्वास्थ्य तथा समृद्ध जीवन | युवावर्गमा स्वास्थ्य अधिकार सुनिश्चित गर्ने, विशेषतः किशोर-किशोरीहरूको यौन र प्रजनन स्वास्थ्य तथा अधिकार सुनिश्चित गर्ने । |
| ४ | गुणस्तरीय शिक्षा | रोजगारी, मर्यादित काम र उद्यमशीलता लागि प्राविधिक तथा व्यावसायिक सीप युवाको सङ्ख्यामा वृद्धि गराउने । |
| ५ | लैङ्गिक समानता | बालविवाह र जबरजस्ती विवाह र छाउपडीजस्ता सामाजिक कुरीतिहरूलाई अन्त्य गरी युवाहरूलाई सशक्त बनाउने । |
| ६ | स्वच्छ पिउने पानी तथा सरसफाइ | समुदायमा स्वच्छ पानी तथा सरसफाइको पहुँच सुनिश्चित गर्न स्थानीय युवा सञ्जाललाई परिचालन एवम् संलग्न गराउने । |
| ७ | किफायती र स्वच्छ ऊर्जा | स्वच्छ किफायती र दिगो ऊर्जामा युवाको नवीन खोज प्रवर्धन गर्ने । |
| ८ | मर्यादित काम र आर्थिक वृद्धि | रोजगार, शिक्षा र तालिम पाएका युवाहरूको अनुपात बढाउने । |
| ९ | उद्योग नवीन खोज र पूर्वाधार | सूचना तथा सञ्चार प्रविधिमा युवाको पहुँच बढाउने र विश्वव्यापी किफायती इन्टरनेटमा पहुँच पुऱ्याउन प्रयास गर्ने । |
| १० | असमानता न्यूनीकरण | सामाजिक, आर्थिक र राजनीतिक समावेशीकरणमा सबै युवाहरूलाई सशक्त बनाउने । |

| | | |
|---|---|---|
| ११ | दिगो शहर र समुदाय | विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र सुरक्षा गर्न युवाको संलग्नतालाई सुदृढीकरण गर्ने । |
| १२ | दिगो उपभोग तथा उत्पादन | फोहोर न्यूनीकरण, पुनःप्रयोग र पुनःप्रशोधनबाट फोहोर व्यवस्थापन गर्न युवा स्वयम्सेवक र नवीनतालाई प्रोत्साहन गर्ने । |
| १३ | जलवायुमा पहल | महिला युवा, स्थानीय र सीमान्तकृत समुदायमा केन्द्रित भएर जलवायु परिवर्तनसँग सम्बन्धित प्रभावकारी योजना तर्जुमा तथा व्यवस्थापन गर्न क्षमता सुदृढीकरण गर्न संयन्त्रलाई प्रवर्धन गर्ने । |
| १४ | जलमुनिको जीवन | नदी, तालतलैयाहरूको दिगो व्यवस्थापन गर्न युवाको सहभागिता बढाउने । |
| १५ | जमिनमाथिको जीवन | स्थलीय र जमिनमाथिको जलीय पर्यावरण, विशेष गरी वनजङ्गल सीमसार क्षेत्र, सुख्खा भूमिको संरक्षण पुनर्स्थापना र दिगो उपयोग सुनिश्चित गर्न युवाको संलग्न बढाउने । |
| १६ | शान्ति, न्याय र सशक्त निकायहरू | निर्णय लिने सबै तहहरूमा युवा प्रतिनिधित्व सुनिश्चित गर्न प्रभावकारी, जवाफदेही र पारदर्शी निकाय निर्माण गर्ने कार्यमा युवाहरूलाई संलग्न गराउने । |
| १७ | लक्ष्यप्राप्तिका लागि साझेदारी | युवावर्ग लक्षित समान धारणा भएका सङ्घसस्थाहरूलाई कुनै साझा एजेन्डा लिएर एकीकृत पद्दति अपनाई लक्ष्य हासिल गर्न उत्प्रेरित गर्ने । |

## उपसंहार

युवाहरू राष्ट्रका अमूल्य निधि हुन् । युवाहरू ऊर्जा र सिर्जनशीलताका पर्याय हुन् । उनीहरू परिवर्तनका संवाहक पनि हुन् । कुनै पनि विकासात्मक गतिविधि वा सामाजिक मुद्दाहरूमा युवाहरूको भूमिका सदैव सकारात्मक र प्रभावकारी हुने गर्दछ । युवाहरूको यो भूमिका दिगो विकास लक्ष्य साझा विश्वव्यापी एजेन्डा भएको र यो अन्तरक्षेत्र, अन्तरनिकाय अन्तर-सम्बन्धित विषय भएकाले युवाहरूको सार्थक सहभागिता र परिचालन आवश्यकमात्र होइन अपरिहार्य नै हुने गर्दछ ।

## सन्दर्भ सामग्री


*१) रेग्मी, दामोदर (२०७५), सङ्घीय शासन-प्रणाली, सुशासन र विकास, काठमाडौँः ऐश्वर्य प्रकाशन*

*२) रेग्मी, दामोदर (२०७५), नेपालमा सङ्घीयताका अवसर र चुनौतीहरू, काठमाडौँः ऐश्वर्य प्रकाशन*

*३) रेग्मी, दामोदर (२०७७), प्रशासनमा व्यावसायिकता र सदाचारिता, काठमाडौँः ज्ञानज्योति बुक्स एन्ड पब्लिकेशन*

*४) रेग्मी, दामोदर (२०७७), शासकीय प्रबन्ध प्रशासन र व्यवस्थापन, काठमाडौँः अक्षराङ्क प्रकाशन*

*५) रेग्मी, दामोदर (२०७७), शासन-प्रणाली र सार्वजनिक मामिलाको व्यवस्थापन, काठमाडौँः अक्षराङ्क प्रकाशन*

६) *युथ भिजन २०२५ राष्ट्रिय युवा परिषद्*

७) *रेग्मी, दामोदर दिगो विकास लक्ष्यको आन्तरिकीकरण तथा स्थानीयकरण, https://chhalphalweekly.com/archives/20586?fbclid.IwAR2qTbBWM3d4WeiDKBn5Ej_bbaF1-DhxYw321DwrEiYTE9h-MTVy1OaPOeA*

८) *Youth and the SDGs, https://www.un.org/sustainabledevelopment/youth/*

९) *Exploring Youth Entrepreneurship, report prepared by Professor Diane Holt, consultant, for the United Nations*

१०) *Department of Economic and Social Affairs Division for Sustainable Development Goals.*



*दामोदर रेग्मी नेपाल सरकारका पूर्वसचिव हुन् ।*

# बैदेशिक रोजगारीमा युवाको आकर्षण र कृषिमा जनशक्तिको अभाव



मुनका न्यौपाने


## सारांश

नेपालको संविधानमा कृषि र भूमिसुधारसम्बन्धी अलगै नीतिको व्यवस्था रहनु भनेको मुलुकको प्राथमिकतामा कृषिक्षेत्र रहनु हो । सक्रिय जनसङ्ख्याको ठूलो हिस्सा विदेशिएका कारण कतिपय जमिन बाँझै छन् भने कृषिमा लागतअनुसारको प्रतिफल प्राप्त नभएका कारण कृषि पेशा जोखिममा परेको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार नेपालमा १९.२ प्रतिशत बेरोजगारी १५ देखि २९ वर्षका युवामा रहेको छ । एकातिर शिक्षा, स्वास्थ्यजस्ता आधारभूत विषय निकै महँगो हुँदै गएको र अर्कोतर्फ युवाहरूमा सौखिन महत्वाकाङ्क्षा बढ्दै गएका कारणसमेत जनसाङ्ख्यिक लाभबाट मुलुकले अपेक्षित नतिजा प्राप्त गर्न सकेको छैन । २०६८ को जनगणनामा कृषिमा आश्रित जनसङ्ख्या ६५.५ प्रतिशत रहेकामा २०७८ को जनगणनामा सो जनसङ्ख्या ५०.१ प्रतिशत रहेको भनिएको छ । त्यस्तै कूल गार्हस्थ उत्पादनमा पनि कृषिको योगदान उल्लेख्य देखिँदैन । उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा हाम्रो प्रयास सार्थक हुन नसकेको विश्लेषण सुनिन्छ । कृषिक्षेत्र रुग्ण हुँदै जानुमा बैङ्क तथा वित्तीय संस्थाको कर्जालगानी नीति, ग्रामीण अर्थतन्त्र उकास्न राजनीतिक उदासीनता, अव्यवस्थित बसोबास, विश्व व्यापारीकरणको सामाजिक तथा आर्थिक प्रभाव, कृषिबजारको उचित व्यवस्थापन हुन नसक्नु र प्राकृतिक प्रकोपको कहरजस्ता पक्ष जिम्मेवार देखिन्छन् । विविधतायुक्त भू-बनोट भएका कारण बाली विविधीकरण र सोको प्रचुर सम्भावना हाम्रा युवाका लागि मुलुकभित्रै केही गर्ने अवसर हो । विदेशमा अध्ययन-अनुसन्धानका लागि तथा सीप सिक्न जानु तथा अध्ययनको दायरा फराकिलो बनाउनु विकासका लागि अपरिहार्य हुन सक्दछ । त्यस्ता मानव संशाधनको मुलुकमा उपयोगको रणनीति र उद्यमशीलताको उपयोगको वातावरण भने राज्यले उपलब्ध गराउन सक्नुपर्दछ । यसका साथै प्रमुख कृषि उपजमा न्यूनतम समर्थन मूल्यको दायरा बढाउँदै लैजानु पनि सकारात्मक उत्प्रेरणाको उपाय बन्न सक्दछ ।


## आर्थिक विकासको मुख्य आधार

कृषिक्षेत्र आर्थिक विकासको मुख्य आधार तथा जनजीविकाको प्रमुख स्रोतका रूपमा रहेको छ । कुल गार्हस्थ उत्पादनमा जम्मा २७ प्रतिशतमात्र योगदान रहेको पृष्ठभूमिमा औपचारिक रोजगारीमा युवाको आकर्षण बढाउनु आजको आवश्यकता हो । आवधिक योजनाले निरपेक्ष गरीबीलाई घटाउँदै लैजाने लक्ष्य लिएको छ, जसका लागि कृषि अनुसन्धान र विकासमा लगानी बढाउनु उत्तिकै जरुरी हुन्छ । उत्पादन प्रशोधन र बजारीकरणमा निजी क्षेत्र तथा सहकारीको आकर्षण यस क्षेत्रका लागि लाभदायक हुनेछ ।

हालको उत्पादन तथा उत्पादकत्वको आँकडामा छिमेकी देशहरूको तुलनामा हाम्रो मुलुकमा नगण्य प्रगति हुनु र जनसङ्ख्याको अनुपातसँग सुविधाको असमानता हुनु भनेको युवाहरू विदेश पलायनका लागि उत्प्रेरित गर्ने तत्त्व मान्न सकिन्छ ।

जनसाङ्ख्यिक लाभको उपयोग गर्दै सक्रिय जनसङ्ख्या र रोजगारीका अवसरका बीचमा तालमेल मिलाउन विद्यालयतहदेखि नै कृषिपेशाको जानकारी र उपलब्ध अवसरका लागि विशेष व्यवस्था गर्नुपर्ने देखिन्छ। युवाहरू किन बैदेशिक रोजगारीमा आकर्षित छन् र कृषि पेशाप्रति किन सम्मानभाव राख्न सकेका छैनन् भन्ने विषयमा प्रवेश गर्नका लागि कृषिक्षेत्रमा देखिएका केही समस्याहरू केलाउने प्रयास यस आलेखमा गरिएको छः

- कृषि पेशा सम्मानित पेशाको रूपमा स्थापित हुन नसकेका कारण युवाहरू अन्य क्षेत्रतर्फ आकर्षित हुने गरेको।
- बैदेशिक रोजगारीका लागि pull factor सक्रिय हुने गरेको र बैदेशिक रोजगार व्यवसायीहरूले युवाहरूलाई वास्तविक सूचना प्रवाह नगरेको गुनासो रहेको।
- माटोअनुसार बाली पहिचान गरी कृषिमा व्यावसायिकरण हुन नसकेको।
- बिउबिजनमा स्तरीकरण गरी बढीभन्दा बढी फलाउने प्रविधि अपुग भएको।
- कृषिमा व्यावसायिकरणको अभावका साथै व्यवस्थित बजारको सुनिश्चितता नहुँदा उत्पादनले कम मूल्य पाउने गरेको।
- कृषिजन्य वस्तुको बजार अर्थतन्त्रमा विचौलियाका कारण वास्तविक कृषकले उचित मूल्य प्राप्त गर्न नसकेको।
- परम्परागत तथा निर्वाहमुखी कृषि प्रणाली रहेको साथै रूपान्तरणमा नेतृत्व तहबाट समेत उच्च प्राथमिकता देखाउन नसकेको।
- कृषि अनुसन्धान र विकासमा संरचनागत सुधारको पक्ष सन्तोषप्रद नरहेको।
- अग्रसम्बन्ध Forward linkages र backward linkages पृष्ठ सम्बन्ध निर्माण दुबैमा कमजोर रहेको।
- प्राविधिक शिक्षाको तालिम लिएका युवाहरूको परीक्षा लामो समयसम्म सञ्चालन नहुँदा नैराश्यता बढ्दै गएको साथै निजहरूको क्षमता अभिवृद्धिका लागि निकायगत पक्ष अग्रसर नदेखिएको भन्ने युवाहरुको गुनासे रहेको।
- आर्थिक रूपान्तरणका साथै रोजगारीको अवसर सिर्जना गर्न स्टार्ट-अप विजनेशका लागि स्पष्ट नीति तथा कोष परिचालन हुन नसकेको।
- भारतमा कृषिमा दिइने अनुदान नेपालको कृषि उत्पादनको प्रतिस्पर्धी क्षमतालाई सीमित गर्ने प्रमुख तत्त्वको रूपमा रहेको।
- नेपालको कृषि अर्थतन्त्र परिवारले सञ्चालन गर्ने र घरेलु तहमा सिमित रहेको। श्रम जनशक्तिको अभावका कारण कृषि पेशा अधिकांश महिलाहरूले धान्नुपरेको। महिलाहरूको दोहोरो-तेहोरो जिम्मेवारीले गर्दा पर्याप्त समय दिन सकेको।
- नेपालको माटो सुहाउँदो तुलनात्मक लाभका बालीभन्दा अन्य देशले उत्पादन गर्ने कृषि उपजमा केन्द्रित भएको हुदाँ उत्पादकत्व प्रभावित हुन गएको।
- कृषिमा जोखिम र क्षति न्यूनीकरण व्यवस्थापनमा नीतिगत मतैक्यता तथा समन्वयात्मक पक्ष कमजोर देखिएको।

**राज्यका तर्फबाट भएका केही महत्वपूर्ण प्रयासः** परम्परादेखि नै कृषि-क्षेत्रको गणना आय, रोजगारी तथा जीवननिर्वाहको हिसाबले राष्ट्रिय अर्थतन्त्रका रूपमा हुने गरेको छ। राज्यका तर्फबाट भएका केही महत्वपूर्ण प्रयास यहाँ उल्लेख गर्न सान्दर्भिक हुन्छ।

## १. नेपालको संविधानले गरेको व्यवस्था:

क. नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिमा कृषि-क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यताअनुरूप जलवायु र माटो अनकुलनको खाद्य उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन आपूर्ति, सञ्चय सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने,

ख. सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिमा युवाको सशक्तीकरण र विकासका लागि विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,

ग. कृषि र भूमिसुधार सम्बन्धी नीतिमा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहन गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, भूमिको उत्पादनशीलता प्रकृति वा सन्तुलनसमेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने र कृषकका लागि कृषि सामग्री तथा कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको विकास गर्ने ।

संविधानमा भएका माथिका प्रावधानहरू कृषिको विकास तथा युवा आकर्षणका लागि महत्वपूर्ण व्यवस्था हो । यसै बमोजिम अन्य नीतिहरू निर्देशित हुन सकेमा कृषिमा जनशक्ति पलायन केही हदसम्म रोक्न सकिन्छ ।

## २. भूमि बैङ्कको अवधारणा:

नेपालमा भूमि बैङ्कको अवधारणा सन् २००५ मै सुरु गरिएको भनिए तापनि कोरोनापछि पाठ सिक्दै भविष्यमा हुन सक्ने महामारी र सङ्कटबाट बच्न यस अवधारणाको थप चर्चा हुन गएको देखिन्छ । फिलिपिन्स तथा साउथ अफ्रिकाले यस अवधारणाको सञ्चालनमार्फत फाइदा लिएको भनी विभिन्न लेखहरूमा उल्लेख भएको पाइन्छ । कृषि र भूमि क्षेत्रका बीचमा प्रगाढ सम्बन्ध रहने विषय अकाट्य छ । स्थानीय तहका लागि उपयोगी सफल भूमि बैङ्क कार्यक्रमले आप्नो समुदायको दीर्घकालीन महत्वका लागि रणनीति तय गर्ने विषय हृदयङ्गम गर्दै तथा कृषियोग्य जमिन बाँझो रहेको हाम्रो सन्दर्भमा यो अवधारणा सहायक सिद्ध हुने भएकै कारण बजेटमा समेत सम्बोधन भएको पाइन्छ ।

क. बजेट २०८०/८१ मा ३०० वटा स्थानीय तहमा भूमिबैङ्कको स्थापना गर्ने विषय समेटिएको २०८१/२०८२ को बजेटमा पाँच रुपान्तरणकारी क्षेत्रमा कृषि क्षेत्रको रुपान्तरणलाई महत्व प्रदान गर्दै, वि.स. २०८१/२०९१ लाई कृषिमा लगानी दशक पोषण हुन सकरात्मक कदम मान्न सकिन्छ । त्यस्तै भुमिहिन, दलित, सुकुम्बासी तथा अव्यवस्थित वसोवासीको व्यवस्थापन गर्न भुमि सम्बन्धि व्यवस्था समाधान उत्तरदायगि मार्फत ५ लाख परिवारलाई जग्गा धनी प्रमाण दर्जा उपलब्ध गराउने विषय सम्सोधन हुन भुमि व्यबस्थाका लागि महत्वपूर्ण पक्ष हो ।

ख. भूमिनीति २०७५ ले भूमिबैङ्कको विस्तृत अवधारणासहित रणनीतिहरू तय गरेको ।

३. पन्ध्रौं योजनाले बृहत् परिमाणमा व्यावसायिक रूपमा कृषि उत्पादन गर्न सहकारी संस्थालाई समेत परिचालन गरी अवधारणाको कार्यान्वयनमा जोड दिएको छ । दिगो प्रतिस्पर्धी एवम् समृद्ध कृषि अर्थतन्त्र बनाउन देहायको रणनीति यस योजनाले लिएको छः

- सङ्घ प्रदेश र स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरूको समन्वय तथा सहकार्यमा कृषिसम्बन्धी नीति, कानून तथा योजना निर्माण गरी कृषिको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने ।
- कृषि-क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत गर्दै प्रभावकारी बनाउने र गुणस्तरीय उत्पादन सामग्री तथा सेवाको उपलब्धताको सुनिश्चतता गर्ने ।
- कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न नीति तथा संरचनागत सुधार र कार्यक्रमगत सहयोग तथा सहजीकरण गर्ने ।
- कृषि पूर्वाधारको विकास, बजार सूचना प्रणालीको स्थापना साना तथा मझौला कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने ।
- स्थानीय सम्भाव्यताको आधारमा उत्पादनशील कृषकहरूको प्राविधिक व्यावसायिक तथा संस्थागत क्षमता अभिवृद्धिका साथै उनीहरूको अधिकार सुनिश्चित गर्दै उत्पादन र बजारीकरणलाई नाफामूलक बनाउने ।
- जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै जलवायु अनुकूलन तथा उत्थानशील प्राङ्गारिकलगायतका कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
- तुलनात्मक लाभ एवम् उच्चमूल्य बाली तथा वस्तुको बजारीकरण गरी निर्यात प्रवर्धन गर्ने ।

४. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, जसलाई कृषि विकास रणनीतिअन्तर्गत रूपान्तरणकारी परियोजनाका रूपमा लिइएको छ । यो परियोजनालाई मुलुकभरका सबै जिल्लामा सञ्चालन गर्ने लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश र स्थानीयतहबाट नै यो कार्यक्रम सञ्चालन गरिएको देखिन्छ । जसका लागि देहायका रणनीति तय गरेको पाइन्छः

- भूमिको वैज्ञानिक उपयोग गर्ने,
- आधुनिक कृषि प्रविधिको अवलम्बन गर्ने,
- कृषिमा यान्त्रिकीकरण गर्ने,
- कृषि उपजहरूको बजारीकरण तथा पूर्वाधारको विकास गर्ने,
- कृषि अनुसन्धान शिक्षा प्रसार प्रणालीको सुदृढ समन्वय एवम् आधुनिकीकरण गर्ने,
- प्रतिफलमा आधारित प्रोत्साहन प्रणाली,
- गुणस्तर नियन्त्रण तथा स्वच्छता अभिवृद्धि गर्ने,
- वातावरण अनुकुलित कृषि प्रणाली अवलम्बन गर्ने ।

५. **कृषि विकास रणनीतिः** ADS रणनीति कृषि-क्षेत्रमा रूपान्तरण गर्ने अवधारणामा आधारित रहँदै कृषि-क्षेत्रको विगत तथा वर्तमानका कामहरूको समीक्षामा आधारित रही युवा पलायन तथा जलवायु परिवर्तनसम्मको पक्ष समेटेको छ। नेपाली समाजको आकाङ्क्षा तथा समस्याहरूबीच सही तालमेल मिलाउने तर्फ यो रणनीतिको सोच रहेको पाइन्छ। ADS मा उल्लेख भएबमोजिम जग्गा-जमिनसँग सम्बन्धित गम्भीर सवालहरू मोहियानी हकलगायतका विषयमा एडिएसको कार्यावधिमै सम्बोधन गर्न जरुरी छ र जमिनको उत्पादकत्व बढाउन सहकारितामूलक सिद्धान्तसमेत उपयोगी हुन सक्छ । जसको सकारात्मक पक्ष भनेको सन्तुलित र दक्षतापूर्ण संयन्त्र एकिन हुनु हो ।

## ६. नेपाल व्यापार एकीकृत रणनीति र कृषि उत्पादनको हिस्सा

प्रत्येक प्रदेशमा कृषि तथा वनजन्य उत्पादनको थोक बजारस्थल निर्माण र सञ्चालन गर्ने लगायत श्रम उत्प्रेरणा र उत्पादकत्वमा अभिवृद्धि रणनीतिअन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणालीलाई पूर्ण रूपमा विकास गर्ने र रोजगारीसम्बन्धी सूचना आदान-प्रदानको सशक्त माध्यम बनाउने । बजारको आवश्यकता अनुरूपको सीपयुक्त श्रमिकको माग र आपूर्तिसम्बन्धी तथ्याङ्कलाई निरन्तर अध्यावधिक गर्ने ।

## ७. कृषि-क्षेत्रसँग सम्बन्धित दिगो विकास लक्ष्यका सङ्केतहरू

क. दिगो विकास लक्ष्य ८ मा सबैका लागि, भरपर्दो समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण र फलदायी रोजगारी र सभ्य काम प्रवर्धन गर्ने देहायका विषय समेटिएका छन्ः

८.१. प्रतिवर्ष कम्तिमा ७ प्रतिशत जिडिपी प्रतिव्यक्ति आर्थिक वृद्धि कायम गर्ने ।

८.३. उत्पादक गतिविधिहरू समर्थन गर्ने विकास उन्मुख नीति, सभ्य काम सिर्जना, उद्यमशीलता, रचनात्मक र नवीनता, प्रचार र औपचारिक र साना तथा मध्यम आकारको उद्यमको विकास प्रोत्साहन गर्ने र साथै वित्तीय सेवामा पहुँच पु¥याउने ।

८.५. बराबर मूल्यको कामका लागि पूर्ण र फलदायी रोजगारी र सबै महिला र पुरुष, युवा मान्छे र अशक्त व्यक्तिहरूका लागिसहित सभ्य काम र बराबर तलब प्राप्त गर्ने वातावरण सृजना गर्ने ।

८.१०. सबैका लागि बैङ्किङ, बीमा र वित्तीय सेवामा पहुँच प्रोत्साहन र विस्तार गर्न घरेलु वित्तीय संस्थाहरूको क्षमता बलियो गर्ने ।

ख. दिगो विकास लक्ष्य नं. १२ मा दिगो खपत र उत्पादन ढाँचाको सुनिश्चित गर्नेअन्तर्गत प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन र कुशल उपयोग गर्ने विषय समेटिएको छ ।

८. भू-उपयोग क्षेत्र वर्गीकरणका आधार मापदण्ड तथा क्षेत्रफलअन्तर्गत कृषि-क्षेत्रको विभिन्न आधार लिई वर्गीकरण गरिएको छ भू-उपयोग नियमावलीमा । त्यस्तै गरी आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र र औद्योगिक क्षेत्र तथा खनिजजन्य क्षेत्रमा वर्गीकरण हुनुले कुन क्षेत्रमा कसरी रोजगारीका अवसर बढोत्तरी गर्न सकिन्छ भनी क्षेत्रगत व्यवस्थापनका लागि सहजता मान्न सकिन्छ । भू-वर्गीकरण प्रणालीको व्यवस्थित कार्यान्वयन नहुँदा उपलब्ध कृषियोग्य भूमिको न्यूनीकरण हुने तथा अव्यवस्थित शहरीकरण बढ्दै गएको देखिन्छ ।

## ९. अन्य व्यवस्था:

- नवप्रवर्तनमा आधारित उद्योग तथा युवा उद्यमी प्रोत्साहन ।
- उद्यमशीलता उन्मुख स्वरोजगारीका लागि व्यावसायिक तालिमको उपलब्धतासँगै सुरुवाती पूँजी लगानीमा सहयोग ।
- कृषि उपजको प्रमाणिकरण र प्रयोगशाला परिमाण तथा सहजीकरण ।
- सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबास तथा अतिक्रमणको अन्त्य ।
- समुदायमा आधारित सामूहिक उत्पादन प्रणालीको प्रोत्साहन ।
- कृषिमा अनुदान प्रणालीको व्यवस्था । कृषिबीमाको प्रावधान सकारात्मक पक्ष हो ।

## १०. संस्थागत तथा संरचनागत व्यवस्था:

कार्य-सम्पादन ऐनले व्यवस्था गरेबमोजिम संस्थागत जिम्मेवारीसहित संरचनागत व्यवस्था गरिएको छ। लगानी तथा रोजगारीका अवसरमा निजी क्षेत्र तथा सामुदायिक संस्थाहरूको सक्रियता पनि क्षेत्रअनुसार रहेको छ। अनुसन्धानमूलक संस्थाहरू स्थापनामा तथा विश्वविद्यालयलाई अनुसन्धानमूलक संस्था बनाउनेतर्फ पनि निकै बहस हुन थालेको छ। आन्तरिक रोजगारीको प्रवर्द्धन बाध्यात्मक बैदेशिक रोजगारीको अन्त्य तथा उत्पादकत्व अभिवृद्धि गर्ने रणनीति प्राप्तिका लागि समन्वयात्मक रूपमा विभिन्न कार्यक्रमहरूसमेत सञ्चालनमा आएका छन्। राष्ट्रिय आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षाप्रदायक निकायहरू तथा तालिम र सीप विकास केन्द्रको स्थापनामा सरकारी तथा निजी क्षेत्र दुबै पक्षबाट तदारुकता देखाइएको छ। यसका साथै ADS ले विभिन्न क्षेत्रहरू समेटी अगुवा सरोकारवालाहरूको अधिकार संस्थागत गरेको छ। संस्थागत व्यवस्था प्रबल बनाउन यो पक्ष महत्वपूर्णमान्नुपर्दछ जसले ADS को तर्जुमा, योजना कार्यान्वयन र अनुगमन गर्न देहायका निकायहरूमा देहायका सदस्यहरू रहने व्यवस्था गरेको छ।

१. राष्ट्रिय ADS समन्वय समिति र केन्द्रीय कृषि विकास कार्यान्वयन समिति।
२. ADS सँग सम्बन्धित राष्ट्रिय एडिएस समन्वय समितिका उपसमितिहरू।
३. ADS कार्यान्वयन सहयोग इकाइको सञ्चालक समिति।
४. जिल्ला कृषि विकास समिति र क्षेत्रीय कृषि विकास समिति।
५. नेपाल कृषि अनुसन्धान परिषद् बोर्ड।
६. सामुदायिक कृषि प्रसार सेवा केन्द्रको सुशासन निकाय।
७. कृ.वि.म. स्थित नीति तथा अन्तर्राष्ट्रिय सहयोग समन्वय महाशाखा अन्तर्गतका नयाँ नीतिहरूको पुनरावलोकन गर्न गठित प्यानेलहरू।
८. ADS को ५ वर्षे आवधिक पुनरावलोकन, मूल्याङ्कन र अद्यावधिक समितिका सञ्चालक समिति।
९. नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली जिल्ला खाद्य सुरक्षा सञ्जाल।

अघिल्ला परिच्छेदहरूमा नीतिगत, संस्थागत र केही कार्यक्रमगत व्यवस्थाहरू उल्लेख गरिएको छ। यी व्यवस्थाका वावजुद कृषि-क्षेत्रमा आबद्ध जनसङ्ख्या घट्दै जानु, बैदेशिक रोजगारीमा जाने कामदारको सङ्ख्या पछिल्लो ६ महिनाको तथ्याङ्कले तीन लाखभन्दा बढी देखाउनु र यसरी रोजगारीमा गएका युवा जनशक्ति पलायन हुनु, कृषि जमिन बाँझो रहनु (हिमाल र पहाडमा बढी), कृषि उपजमा आत्मनिर्भर भन्दा पैठारीको सङ्ख्या बढ्दै जानु र आन्तरिक रोजगारीमा अवसरको बढोत्तरी हुन नसक्नु, विप्रेषण आप्रवाहलाई उत्पादनमूलक क्षेत्रमा लगाउन नसक्नुजस्ता विषय प्रमुख सवालका रूपमा रहेका छन् र तिनको व्यवस्थापन गर्नु चुनौतीको विषय बनेको छ। पन्ध्रौँ योजनाले रोजगारीका क्षेत्रमा देहायका चुनौती उल्लेख गरेको छः

- श्रम तथा रोजगारीको हकको कार्यान्वयन गर्नु,
- उत्पादनशील क्षेत्रमा रोजगारीको अवसर पहिचान र सिर्जना गर्नु,
- श्रम निरीक्षण र नियमनलाई प्रभावकारी बनाउनु,
- श्रमबजारको मागअनुरूप सीपयुक्त श्रमशक्तिको विकास गर्नु,

- अमल श्रम-सम्बन्धको विकास गर्नु र आर्थिक विकासका सम्भावनाहरू प्रभावकारी रूपमा फराकिलो बनाउनु,
- प्रमुख गन्तव्य मुलुकसँग द्वीपक्षीय तथा बहुपक्षीय श्रम सम्झौता गर्नु,
- गन्तव्य मुलुकमा कामदारको सुरक्षा गर्नु,
- बैदेशिक रोजगारीबाट सिर्जित संरचनागत जोखिमहरू कम गर्दै यसबाट प्राप्त पूँजी प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा आन्तरिक उपयोग गर्नु ।

रोजगारी सिर्जना गर्न एवम् विभिन्न निकायसँग समन्वय तथा रोजगारीसम्बन्धी कार्यको नियमन गर्न अधिकारसम्पन्न उच्चस्तरीय राष्ट्रिय रोजगार प्राधिकरण गठन गर्ने र बैदेशिक रोजगारका चरणलाई सुरक्षित शोषणमुक्त मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने रणनीति पन्ध्रौं योजनामा समाविष्ट हुनुले मागअनुरूप बजारमा जनशक्ति रोजगारीका लागि मानव संशाधन योजनासहितको आपूर्तिको महत्वपूर्णसंस्थागत प्रबन्धको उपाय हो । तीन तहका सरकारका बीचमा रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा प्रभावकारी समन्वयको रणनीति प्रक्रियागत सबलीकरणमा सबैलाई उत्तरदायी बनाउने उपायका रूपमा लिन सकिन्छ ।

योजना अवधिमा वार्षिक पाँच लाख जनशक्तिले व्यावसायिक सीपमूलक र प्राविधिक तालिम प्राप्त गरेको तथा श्रमको औसत उत्पादकत्व वार्षिक रु २ लाख ७६ हजार पुगेको हुनेछ भन्ने अपेक्षित उपलब्धिको लेखाजोखा अबको योजनाले समीक्षा गर्न जरुरी छ ।

## श्रम उदारीकरणको सम्बन्धमा बैदेशिक रोजगार

विश्वव्यापीकरण तथा उदारीकरणको प्रभावसँगै श्रम उदारीकरणले समेत स्थान बनाउँदै गएको छ । भारतसँगको खुला सिमानाका कारण तथा नेटवर्किङ माइग्रेसनका कारण तथ्याङ्कीय विश्लेषणमा बैदेशिक रोजगारीको वास्तविक तथ्याङ्क सही रूपमा प्राप्त गर्नु सहज छैन । कमजोर श्रम-बजार तथा रोजगारीको न्यून अवसरका कारण श्रम उदारीकरण सही मानेमा हामीकहाँ प्रयोग हुन नसकेको अवस्था छ । असहज श्रम-सम्बन्ध तथा प्रतिभा पलायनको विषयलाई गम्भीरतापूर्वक हेरिनुपर्दछ ।

विश्वबजारमा करिब ५६ लाख युवाहरू विदेशी श्रममा रहेको आकलन गरिन्छ । नेपालीहरूका लागि १११ मुलुकमा श्रमस्वीकृति खुला गरिएको भनिए तापनि धेरैजसो युवा कामदार खाडी मुलुक तथा मलेसिया जानेमा अग्रपङ्क्तिमा रहेको तथ्याङ्कले अवस्था चित्रण गर्दछ । अर्काको देशमा गएर १५ देखि ४५ वर्षका युवाले बगाएको पसिनाले ती देशहरू विकासको गतिमा छन् तर मुलुक विकास र समृद्धिको क्षेत्रमा पछि परिरहेको छ । श्रम प्रतिबन्ध लगाएका मुलुकमा समेत भारतको बाटो गरी गैरकानूनी रूपमा युवाहरू त्यस्ता देशमा जानसमेत लालायित हुनु भनेको मुलुकभित्र उपलब्ध अवसरप्रति अनुत्प्रेरित हुनु हो ।

बैदेशिक रोजगारीमा जानका लागि सीप र दक्षतासहितको मानसिक तयारीको आवश्यकता पर्दछ । प्रलोभन तथा विना-पूर्वतयारी बैदेशिक रोजगारीमा होमिनु भनेको समस्या निम्त्याउनु हो । यस्ता विषयले आर्थिकका साथसाथै सामाजिक विखण्डन र नकारात्मक मूल्य चुकाउनका लागिसमेत कारक तत्त्व बनेको उदाहरण छन् । स्वास्थ र सुरक्षाका जोखिम न्यूनीकरण गर्दै श्रम-शोषण हुन नदिन बैदेशिक रोजगार व्यवस्थापन गर्ने र नियमन गर्ने सरकारी निकायहरूको सक्रियताले धेरै हदसम्म यी विषय सम्बोधन गर्न सक्दछ । बैदेशिक रोजगारीमा जाने युवा स्वयमूको सचेतना र जिम्मेवारी त्यत्तिकै महत्वको विषय रहन्छ । बैदेशिक रोजगारी श्रम उदारीकरणको मर्ममा अवसर कि चुनौती ? बहसको विषय बनेको छ ।

विभिन्न पृष्ठभूमिमा गरिएको चर्चाले बैदेशिक रोजगारमात्र युवाहरूका लागि अन्तिम विकल्प होइन । मुलुकभित्रै समेत केही गर्ने अवसर छन् खोजी गरिनुपर्दछ भन्ने धारमा कृषि-क्षेत्रको अवस्था तथा अन्य केही तथ्याङ्क यस आलेखका लागि सान्दर्भिक देखिएकाले तथ्याङ्कगत रूपमा देहायको अवस्था प्रस्तुत गरिएको छः

- पछिल्लो १० वर्षमा कृषि-क्षेत्रको औषत वृद्धिदर २.९ प्रतिशत रहेको छ।
- सन् २०२१ मा कृषि-क्षेत्रमा आबद्ध जनसङ्ख्या ५०.४ प्रतिशत रहेको छ। (श्रमशक्ति सर्भेक्षण)
- २०७९ फाल्गुणसम्ममा कृषि उपजको कारोबार रु १७ अर्ब ३२ करोड रहेको थियो। (आर्थिक सर्भेक्षण)
- युवा तथा स्वरोजगार व्यवसायी कोषले गरेको लगानीबाट १२ हजार १ सय ३९ युवा स्वरोजगार भएका छन् (आर्थिक सर्भेक्षण)
- बैदेशिक रोजगारीमा जान नयाँ श्रमस्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ५५ लाख २६ हजार ७ सय रहेको छ। इपिएस प्रणालीमार्फत करिब ८६ हजार दक्षिण कोरिया गएको तथ्याङ्कमा देखिन्छ।
- बैदेशिक रोजगारीको सिलसिलामा ७६१ पुरुष र २८ महिलाको मृत्यु भएको देखिन्छ (२०७९ फाल्गुणसम्ममा)
- आर्थिक वर्ष २०७९/८० मा स्वदेशमा रोजगारीको अवसर न्यून हुँदा बैदेशिक रोजगारीमा गएका व्यक्तिहरूबाट रु. १२२० अर्ब ५६ करोड विप्रेषण आय प्राप्त भएको छ। कुल गार्हस्थ उत्पादनको अनुपातमा २२.६७ प्रतिशत देखिन्छ। (कर्मचारी पत्रिका पेज नं. २७४)
- श्रमशक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा संलग्न रहेको र बेरोजगारी दर ११.४ प्रतिशत रहेको आँकडा पन्ध्रौं योजनामा रहेको छ।
- आ.व. २०७७/७८ मा अपेक्षित आयुदर ७१.१७ वर्ष पुगेको भनिएको छ।
- नवप्रवर्तन केन्द्रहरू लक्ष्यअनुरूप स्थापना भएको भनी समीक्षा गरिएको छ।
- आ.व. २०७९/८० मा कृषिबीमा शुल्कमा ८० प्रतिशत अनुदान पुऱ्याइएको छ (आर्थिक सर्भेक्षण)
- ओ.एच.पी.आई.(२०१६) का अनुसार २००६-२०१६ को अवधिमा नेपालको सीमान्त गरीबीको सूचकाङ्क (MPI) ६४.७% बाट घटेर २८.६% मा पुगेको देखिन्थ्यो। सोह्रौं योजनाको अवधारणा पत्रले बहुआयामिक गरीबी २८.६% बाट १७.४% मा पुगेको देखिन्छ।

प्रथम पञ्चवर्षीय योजनादेखि नै कृषिमा सुधार तथा भैतिक पूर्वाधार निर्माणको उद्देश्य तथा प्राथमिकता लिइएको थियो । बाह्रौं त्रिवर्षीय योजनाले रोजगारी र फराकिलो आर्थिक वृद्धिका लागि प्राथमिकता तय गरेको थियो । र हालसम्मका योजनाहरूमा कृषि विकासको प्राथमिकता तथा अन्य क्षेत्रसँगको सम्बन्धका बारेमा उल्लेख भएको पाइन्छ। अपेक्षित उपलब्धि तथा लक्ष्यप्राप्तिको समीक्षाले विकासपथलाई सुनिश्चित गर्दछ। प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली र संरचनागत सबलीकरणको कसीमा मात्र आवधिक योजना सार्थक बन्न सक्दछ।

पन्ध्रौं योजनाको मध्यावधि समीक्षाका अनुसार अधिकांश लक्ष्यमा प्रगति नदेखिएको कृषि-क्षेत्रका साथै अन्य क्षेत्रमा पनि अपेक्षित उपलब्धि प्राप्त नहुनुले विकासशीलको कोटिमा मुलुक उक्लन दीर्घकालीन असर पर्ने देखिएको छ । सुशासन सामाजिक न्याय र समृद्धिको मुख्य सोचसहित १६ औं योजना निर्माण भएको छ । दिगो विकासका १६९ परिमाणात्मक लक्ष्य पनि यी परिवेशमा बिर्सन नहुने पक्षका रूपमा रहन्छ। युवाहरूको हौसला हिम्मत र धैर्यताले मुलुकको समृद्धिलगायत विविध विषयमा अवश्यम्भावी योगदान पुऱ्याउनेछ । युवा विकास सूचकाङ्कमा प्रगति हुनु भनेको समृद्धिको दिशामा अग्रसर हुनु हो ।

## युवा विकास सूचकाङ्क र अवस्था:

सूचकाङ्कका लागि विभिन्न १८ वटा सूचकलाई एकीकृत रूपमा मापन गरिन्छ। पछिल्लो सूचकाङ्कमा १ सय ८३ मुलुक समेटिएका छन् । यसका लागि शिक्षा, स्वास्थ्य र समृद्धि, रोजगारी र अवसर, राजनीतिक सहभागिता तथा युवाको सार्वजनिक एवम् नागरिक सहभागितालाई मुख्य आधार मानिएको छ। विश्व युवा विकास सूचकाङ्कमा सार्क मुलुकमा नेपालको उपस्थिति मध्यम देखिए तापनि विकसित मुलुकको स्थानमा कमजोर रहेको छ। मानव विकास सूचकाङ्कलाई नै आधार मानी युवा विकास सूचकाङ्क निकाल्ने गरिएको र ती सूचकाङ्कका आधारमा मुलुकको वर्गीकरण गरिन्छ।

निर्माणाधीन युवा-नीतिमा यी सूचकाङ्कको मूल्याङ्कन पथप्रदर्शक बन्न सक्दछ भन्ने विषय नीतिनिर्माताले अङ्गिकार गर्न सकेमा तुलनात्मक अध्ययनसहितको रणनीति-निर्माणमा सहयोग नै हुनेछ। कृषि विकास रणनीतिको सबल कार्यान्वयन र सबै क्षेत्रको अपनत्वबोधको अनूभूतिको सन्दर्भमा चुनौतिहरू सम्बोधन गर्न केही सुझावहरू प्रस्तुत गरिएका छन्ः

- जिडिपीमा कृषि-क्षेत्रको योगदान सम्बन्धमा स्पष्ट नीतिगत मार्गदर्शन रहनुपर्ने ।
- भू-उपयोगको नीति तथा भूमिबैङ्कको अवधारणा सार्थक बनाउन संस्थागत तथा तथ्याङ्कीय सबलता निर्माण गर्ने ।
- जग्गाको खण्डीकरण निरुत्साहन गर्न सङ्घ, प्रदेश र स्थानीय तहका बीचमा समन्वय सबल बनाउने ।
- प्रमुख बालीमा न्यूनतम समर्थन मूल्य तथा नगदे बालीमा प्रोत्साहन अनुदान र कृषिबीमाको दायरा बढाउँदै कृषि पेशा रोजगारी तथा जीवनयापनको प्रमुख पेशा बनाउन सहजीकरण गर्ने ।
- सुपरजोन, जोन, ब्लक र पकेट क्षेत्रमा भएको सफलता अन्य सम्भाव्य क्षेत्रको वातावरण सुहाउँदो हुनेगरी उत्पादकत्व वृद्धि गर्नमा समेत उपयोग बढाउने ।
- भण्डारण, प्रशोधन, प्याकेजिङ, बजारीकरण तथा ब्रान्डिङमा व्यावसायिकता विकासको रणनीति लिई आत्मनिर्भरतातर्फ अग्रसर हुने ।
- युवानीति मस्यौदाको चरणमा रहेकाले युवालक्षित रोजगारमूलक कार्यक्रमको निर्माण तथा निजी क्षेत्र तथा रोजगारमूलक संस्थाहरूसँगको समन्वय गरिनुपर्ने। कृषिमा सम्भाव्य क्षेत्रको खोजी गरी अन्तरसम्बन्ध विकास गर्ने कार्यक्रम प्रवर्धन गर्ने ।
- सीपयुक्त र क्षमतावान् जनशक्तिको उत्पादन, प्रतिभाको पहिचान गरी आन्तरिक रोजगारीको सिर्जना तथा कार्यसम्पादनको वातावरण बनाउने ।
- सोह्रौ योजनामा उल्लेख भएबमोजिम बैदेशिक रोजगारीसँगै प्राप्त विप्रेषण ज्ञान, सीप, कुशलता, कार्यसंस्कृति, प्रविधि, उद्यमशीलता र आत्मविश्वासलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी अधिकतम फाइदा लिने ।
- अनौपचारिक क्षेत्रमा रहेको कृषि अर्थतन्त्रलाई क्रमशः औपचारिक क्षेत्रमा ल्याउने र कृषि-क्षेत्रलाई विकास र समुन्नतितर्फ अग्रसर बनाउने ।
- भर्खरै पारित भएको स्टार्ट अप उद्यम कर्जा सञ्चालन कार्यविधि बमोजिम कृषि तथा पशुपक्षीसँग सम्बन्धित अनुसन्धान र विकासबाट फाइदा लिने ।
- डिजिटल नेपाल फ्रेमवर्कले राखेको प्रावधानबमोजिम कृषि उत्पादन सामग्रीको पहुँचलाई समेत मद्दत हुने गरी अटोमेशन तथा विभिन्न एप्सहरूको प्रयोगमा सहज वातावरण निर्माण गर्दै उपयोग बढाउने ।

## निष्कर्ष:

खाद्य सम्प्रभुतामा समेत कमजोर अवस्थामा रहेको हाम्रोजस्तो मुलुकका लागि कोभिडपश्चात् कृषिमा आत्मनिर्भर हुन पाठ पढाएको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, जारी हुनु र फूड एन्ड न्युट्रिसिनल प्लान अफ एक्सन जारी हुनु सकारात्मक मान्नुपर्दछ। कृषिमा श्रमिकको अभावका कारण उपलब्ध जमिनको सही उपयोग हुन सकेको छैन, यो यथार्थ हो । युवाहरू विदेशिएका कारण रेमिट्यान्स अर्थतन्त्रमाथिको गौरव मुलुकको दीर्घकालीन हितमा नरहने विश्लेषण विज्ञहरूको छ। श्रम कूटनीति र आर्थिक कूटनीतिको पक्षमा कमजोर भएकै कारण मुलुकले फाइदा लिन चुक्नुपरेको छ । कृषि, उद्योग र सेवा क्षेत्रका बीचमा अन्तरसम्बन्ध स्थापित गर्न सकेमा मुलुकको स्तरोन्नति अवश्यम्भावी हुनेछ । कृषि-क्षेत्रलाई औपचारिक क्षेत्रमा ल्याउन जति जरुरी हुन्छ, त्यति नै स्थानीय तहको सुदृढीकरण आवश्यक हुन्छ। उद्यमशील युवाको हातमा जग्गाको स्वामित्व नहुनु पनि युवा विदेशिनुको एक कारण हो। यसका लागि भूमि बैङ्कको कार्यान्वयनले निकै हदसम्म सघाउ पुऱ्याउनेछ। कृषि उत्पादनमा रहेको यथेष्ट सम्भावनालाई प्रस्फुटन गर्न कृषि विकास रणनीतिले निकायगत समन्वयमा पर्याप्त आधार सहित महत्वपूर्णभूमिका खेल्न सक्नुपर्दछ, जसका लागि निजी क्षेत्रलगायत सबै निकायको सहभागिता र राजनीतिक स्वामित्व अपरिहार्य पक्ष हो ।

कृषि-क्षेत्रबाट मात्र समृद्धि हासिल हुने विषय होइन तर अन्य क्षेत्रका लागि यस क्षेत्रको विकासले आधार खडा गर्दछ। आर्थिक अस्थिरता र परनिर्भरतालाई चुनौतीका रूपमा लिँदै नीतिगत स्थिरता सहित रोजगारीको अवसर मुलुकभित्रै प्राप्ति हुने वातावरण बनाउन सकेमा युवा जनशक्तिको योगदान बढाउँदै भविष्यको पुस्ताका लागि सहज सरल मार्गचित्र कृषि-क्षेत्रमा कोर्न सकिने पक्षपोषण गर्न सकिन्छ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान, कानून किताब व्यवस्था समिति
- १५औं योजना (२०८०/८१-२०८०/८६), राष्ट्रिय योजना आयोग, सिंहदरबार
- वजेट वक्तव्य २०८१/८२ mof.gov.np
- आर्थिक सर्भेक्षण, २०७९-८०, अर्थ मन्त्रालय, सिंहदरबार
- बैदेशिक रोजगारी नीति, २०६८
- कृषि विकास रणनीति, सन् २०१५-२०३५ कृषि विकास मन्त्रालय
- भू-उपयोग नियमावली, २०७९
- अर्थतन्त्रका विविध पक्ष चुनौती र सम्भावना, शारदाप्रसाद त्रिताल (२०७५), सोपान मासिक
- प्रशासन, वर्ष ५१, पूर्णाङ्क-१३३, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, २०७५
- विकास वर्ष ३७, अङ्क- १, राष्ट्रिय योजना आयोग, २०७७
- सोह्रो योजनाको अवधारणापत्र (२०८०/८१-२०८५/८६), राष्ट्रिय योजना आयोग
- Statistical book, CBS, 2078
- https://dofe.gov.np/yearly.aspx
- https://nagariknews.nagariknetwork.com/socialaffairs/121077–1493348460.html
- गोरखापत्र लगायतका विभिन्न दैनिक प्रकाशनहरू



*मुनका न्यौपाने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका उपसचिव हुन् ।*

# नेपालमा खेलकुदको वर्तमान अवस्था र भावी कार्यदिशा



शान्तिबहादुर बस्नेत

**सारांश**

खेलकुद मानव जीवनको अभिन्न अङ्ग हो । हरेक उमेर, व्यक्ति र क्षेत्रसँग खेलकुद जोडिएको हुन्छ । खेलकुद व्यक्तिको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने, राष्ट्रलाई सामाजिक एकतामा बाँध्ने र अन्तर्राष्ट्रिय जगत्मा देशलाई पहिचान गराउने दर्विलो माध्यम पनि हो । यस्तो महत्वपूर्णक्षेत्रको विकास र विस्तारका लागि विभिन्न अवसर र सम्भावनाहरू छन् । उत्तिकै समस्या र चुनौतीहरू पनि छन् । विद्यमान नीतिगत, कानूनी र कार्यक्रमगत प्रावधानहरू अपर्याप्त भएर वा तिनको फितलो कार्यान्वयनका कारण खेलकुद क्षेत्रको अपेक्षित विकास र विस्तार हुन सकेको देखिँदैन । यस परिवेशमा सङ्घीय तहबाटै उपयुक्त नीति तथा कार्यक्रम तर्जुमा गरी सङ्घ, प्रदेश र स्थानीय तीनै तहको सहकार्यमा समन्वयात्मक ढङ्गबाट अघि बढेमा मात्र देशमा खेलकुद क्षेत्रको विकासमा सहयोग पुग्ने देखिन्छ ।

## १. पृष्ठभूमि :

खेलकुदलाई मानव-जीवनको अभिन्न अङ्ग मानिन्छ । व्यक्तिको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक पक्षको सन्तुलित विकासका लागि खेलकुद अत्यावश्यक छ । खेलकुदले विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, भाषा, संस्कृति एवम् समुदायबीच सामाजिक सद्भाव अभिवृद्धि गरी राष्ट्रिय एकतालाई सुदृढ गर्न सहयोग पुऱ्याउँछ । खेलकुदले अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रको पहिचान बढाउनुका साथै कूटनीतिक सम्बन्धको विकास र विस्तार गर्न अहम् भूमिका खेलेको हुन्छ । खेलकुद क्षेत्र रोजगारीका अवसर सृजना गरी देशको अर्थतन्त्रलाई सुदृढ बनाउने महत्वपूर्णआधार शिला हो । राष्ट्रको प्रतिष्ठा वृद्धि गर्न र राष्ट्रिय विकासको अभियानलाई सार्थक बनाउन खेलकुदको योगदान महत्वपूर्णरहेको हुन्छ ।

नेपालको वर्तमान संविधानअनुसार सङ्घीयताको कार्यान्वयनसँगै खेलकुदका गतिविधि सञ्चालन तथा व्यवस्थापन गर्ने संयन्त्रहरूको विविधीकरण भएको छ । सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारमा खेलकुदसँग सम्बन्धित संस्थागत संरचना निर्माण भएका छन् र सोहीअनुसार नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । विश्व खेलकुदमा विविधीकरण, विशिष्टीकरणका साथै नवीनतम प्रविधिहरू अवलम्बन गरिएका छन् । खेलकुद क्षेत्रमा थप लगानीको माग भएअनुसार निजी क्षेत्र र विभिन्न निकायसमेतको साझेदारी आवश्यक देखिएको छ । यस पृष्ठभूमिमा खेलकुद क्षेत्रको विकास र विस्तारका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच एकअर्कामा समन्वय, सहकार्य र सह-अस्तित्व कायम गर्दै खेलकुदका गतिविधिहरूलाई प्रभावकारी, व्यवस्थित र समन्वयात्मक ढङ्गले अघि बढाउनु आजको आवश्यकता हो ।

## २ वर्तमान अवस्था:

### २.१ नीतिगत प्रावधान

#### २.१.१ संवैधानिक प्रावधान

नेपालको संविधानले खेलकुद र मनोरञ्जनलाई बालबालिकाको मौलिक हकको रूपमा समेटेको छ भने खेलकुदलाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा सूचीमा समेटी स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने कुरा राज्यको नीतिमा उल्लेख गरेको छ।

#### २.१.२ आवधिक योजना

पन्ध्रौँ योजना (आर्थिक वर्ष २०७/६७७ देखि २०८०/८१) ले खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्ने, खेलकुद क्षेत्रलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउने तथा सबै क्षेत्रमा खेलकुदलाई मूलप्रवाहीकरण गर्ने उद्देश्यहरू पूरा गर्न सबै तहसँगको समन्वय र सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण संरक्षण र स्तरोन्नति गर्ने, खेलकुद पूर्वाधारको विकास व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, खेलकुद विकासमा आबद्ध निकाय, सङ्घ-संस्थाहरूको क्षमता विकास तथा संस्थाहरूमा सुशासन प्रवर्धन गर्ने रणनीतिहरू अख्तियार गरेको छ।

यसका साथै प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने, समाजका प्रत्येक तह र क्षेत्रमा खेलकुदको महत्व स्थापित गर्दै सबै उमेर-समूहका नागरिक सहभागी हुने अवसर सिर्जना गर्ने तथा आर्थिक तथा सामाजिक विकासका लागि खेलकुद गतिविधिलाई प्राथमिकता दिने जस्ता रणनीतिहरू समेत यस योजनामा समेटिएका छन्।

#### २.१.३ राष्ट्रिय खेलकुद नीति २०६७

राष्ट्रिय खेलकुद नीति २०६७ ले खेलकुद क्षेत्रलाई अनुशासित, मर्यादित एवम् सुव्यवस्थित बनाउँदै राष्ट्रिय विकासको महत्वपूर्णपक्षको रूपमा स्थापित गर्ने, मुलुकमा भैरहेको खेलकुदका भौतिक पूर्वाधारको संरक्षण, संवर्द्धन तथा विकास गरी नयाँ पूर्वाधारको निर्माण एवम् ग्रामीण भौतिक पूर्वाधारको विकास र विस्तारमा दातृ निकाय तथा स्थानीय निकायका स्रोत परिचालन गर्ने, खेलकुदका भौतिक संरचना तथा पूर्वाधारहरूलाई अन्तर्राष्ट्रिय मूल्य, मान्यता तथा विधिबमोजिम परिमार्जन गर्ने, प्रतिभाशाली खेलाडीहरूको खोजी गर्नुका साथै खेलाडीहरूको विकासका लागि स्थानीय र राष्ट्रिय स्तरमा खेलकुद प्रशिक्षण तथा प्रतियोगिताहरू आयोजना गर्ने र खेल-क्षेत्रमा महिलाहरूको सहभागितालाई सुनिश्चित र मर्यादित बनाउन महिलाहरूको सहभागिता रहने खेलहरूलाई व्यवस्थित तथा व्यावहारिक बनाउनेजस्ता नीति लिएको छ।

यसका साथै खेलकुद क्षेत्रलाई जनजीवनको अभिन्न अङ्गको रूपमा विकास र विस्तार गर्न सबै क्षेत्र र स्तरमा खेलकुदका कार्यक्रम तथा प्रतियोगिताहरू सञ्चालन गर्न प्रेरित गर्ने, राष्ट्रको खेलक्षेत्रको विकास र विस्तारमा योगदान पुऱ्याउने राष्ट्रिय खेलाडी, प्रशिक्षक, खेलकर्मी तथा खेलकुदसँग सम्बन्धित व्यक्तित्वहरूलाई निश्चित मापदण्डका आधारमा सम्मान तथा पुरस्कारको व्यवस्था मिलाउने, विशेष तथा पारा खेलकुदहरूको विकास र विस्तार गर्न अशक्त तथा अपाङ्गता भएकाहरूको आवश्यकता र रुचिअनुसारका खेलकुदहरूमा उनीहरूको सहभागितालाई प्रोत्साहित गर्ने, व्यावसायिक सीप र दक्षता हासिल गर्न सक्ने गरी खेलाडी

तथा प्रशिक्षकहरूका लागि रोजगारीको सुनिश्चितता दिने कार्यक्रमहरू सञ्चालन गर्ने, खेलकुदको क्षेत्रमा प्रतिबन्धित औषधि सेवनविरुद्धको चेतना अभिवृद्धि गराई स्वच्छ खेल वातावरणको निर्माण गर्ने, खेलहरूको वर्गीकरण र प्राथमिकीकरण गरी उपलब्ध स्रोत र साधनको परिचालन प्रतिफलमूलक बनाउने कुरा उल्लेख गरेको छ।

साथै, बाह्रै महिना खेलकुदका लागि मौसम अनुकूल रहने भौगोलिक अवस्थाको लाभ लिन सकिने गरी नेपाललाई खेलकुदको थलोको रूपमा विकास गर्ने, खेलकुदको विकास र विस्तारका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरूको एकीकृत समन्वय र सहकार्य गर्ने, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको आयोजना तथा सहभागिताको उपयुक्त मापदण्ड तयार गरी निश्चित कार्यविधिका आधारमा आयोजना तथा सहभागिताको व्यवस्था मिलाउने, खेलकुदमा प्राप्त हुने राष्ट्रिय, अन्तर्राष्ट्रिय सहयोग तथा त्यसको उपयोगसम्बन्धी सबै काम-कारवाहीलाई पारदर्शी बनाउने र खेलकुदसँग सम्बद्ध विभिन्न निकायहरूका बीच समन्वय कायम गरी तत्तत् निकायहरूको काम-कारवाहीलाई परिभाषित गर्नेजस्ता नीतिहरूसमेत अख्तियार गरेको छ।

### २.१.४ वार्षिक नीति तथा कार्यक्रम, २०८०/८१

आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा हरेक विद्यालयमा खेल शिक्षकको व्यवस्था गर्ने, वार्षिक खेलकुद क्यालेन्डर तयार गरी अन्तरपालिका तथा प्रदेशस्तरीय प्रतियोगिताहरूको आयोजना गर्ने र 'एक वडा, एक खेल मैदान', 'एक पालिका एक कभर्ड हल'को निर्माण गर्ने, खेलकुदलाई राष्ट्रको पहिचान गौरव र प्रतिष्ठा बढाउने माध्यमको रूपमा विकास गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय-स्तरका खेलकुद प्रतियोगिता आयोजना गर्न जोड दिने र अन्तर्राष्ट्रिय-स्तरका खेलकुद प्रतियोगितामा पदक हासिल गर्ने खेलाडीहरूलाई प्रोत्साहन एवम् पुरस्कृत गर्ने, खेलकुद पूर्वाधारहरूको दिगो व्यवस्थापनका लागि स्थानीय तथा प्रदेश सरकारको सहभागिता बढाउँदै लाने र खेलकुद पर्यटनको विकास र विस्तार हुने किसिमका खेलकुद पूर्वाधारहरू सार्वजानिक निजी साझेदारीमा निर्माण गर्न प्रोत्साहन गर्ने र आगामी दुई वर्षभित्र काठमाडौँको कीर्तिपुर र मूलपानी क्रिकेट रङ्गशालाको स्तरोन्नति सम्पन्न गरी अन्तर्राष्ट्रिय-स्तरको प्रतियो गिता सञ्चालन हुने व्यवस्था गर्ने र चितवनको भरतपुर, कैलालीको फाप्ला, बैतडीको दशरथचन्द र मोरङको विराटनगर क्रिकेट रङ्गशालाको पूर्वाधार निर्माण कार्य अघि बढाउनेजस्ता कार्यक्रमहरू प्रस्ताव गरिएका छन्।

## २.२ कानूनी प्रावधान

खेलकुदका नीतिगत प्रावधानलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न, खेलकुदको विकास विस्तार र प्रवर्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्न राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ र राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ ले राष्ट्रिय खेलकुद परिषद् र कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार, खेल सङ्घको स्थापना, मापदण्ड तथा सङ्घले पालना गर्नुपर्ने शर्तहरू, नेपाल ओलम्पिक कमिटी र राष्ट्रिय एन्टिडोपिङ एजेन्सीको गठन तथा काम, कर्तव्य र अधिकारहरूका साथै खेलाडी कल्याणकारी कोष र खेलाडी पुरस्कार तथा प्रोत्साहनलगायतका प्रावधानहरूको व्यवस्था गरेको छ। यसका साथै प्रदेश र स्थानीय तहले पनि खेलकुदसँग सम्बन्धित ऐन, तथा नियमावली जारी गरी कार्यान्वयनमा ल्याएका छन्।

## २.३ संस्थागत प्रावधान

संस्थागत संरचनाका रूपमा केन्द्रमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटी, राष्ट्रिय एन्टिडोपिङ एजेन्सी, विभिन्न खेलसङ्घ र महासङ्घहरू तथा विभिन्न विभागीय (सुरक्षा निकाय) तथा निजी खेलसंस्थाहरू रहेका छन् । प्रदेशमा युवा तथा खेलकुदसँग सम्बन्धित मन्त्रालय, प्रदेश खेलकुद विकास परिषद्, प्रदेश र जिल्लास्तरीय खेल सङ्घ र प्रदेशअन्तर्गतका जिल्ला खेलकुद विकास समिति रहेका छन् । त्यसैगरी स्थानीय तहमा युवा तथा खेलकुद हेर्ने शाखा र स्थानीय खेलकुद विकास समितिहरू तथा खेलकुदसँग सम्बन्धित क्लबहरू रहेका छन् । शारीरिक शिक्षा, खेल विज्ञान र खेलकुद क्रियाकलापहरू सञ्चालन गर्ने विभिन्न तहका शिक्षण संस्थाहरूसमेत सञ्चालनमा रहेका छन् ।

## २.४ मुख्य कार्यक्रमगत प्रावधान

### २.४.१ खेल-पूर्वाधार

हरेक स्थानीय तहमा एक खेलग्राम बनाउने नेपाल सरकारको नीतिअनुसार हाल २६५ स्थानीय तहका खेलग्रामहरू निर्माणाधीन अवस्थामा रहेका छन् । राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेश र जिल्लास्तरीय खेल-पूर्वाधारहरू रहेका छन् । सुरक्षा निकायसम्बद्ध पनि खेल संरचनाहरू रहेका छन् । त्यस्तै, निजी क्षेत्रबाट पनि जिमखाना, पौडी पोखरी र फूटसल सञ्चालनमा छन् भने बन्जी जम्प, प्याराग्लाइडिङ, र्‍याफ्टिङ, क्यानोइङजस्ता साहसिक र पर्यटकीय खेलहरू व्यावसायिकरणतर्फ उन्मुख रहेका छन् । स्थानीय तह र विद्यालयहरूमा पनि स्थानीय स्तरका खेल-पूर्वाधारहरू रहेका छन् ।

### २.४.२ प्रशिक्षण

केन्द्रमा राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत तालिम तथा प्रशिक्षण विभाग रहेको छ, जसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि खेलाडीलाई तालिम तथा प्रशिक्षण दिने गर्दछ। विभिन्न खेलकुद सङ्घहरूले खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय-स्तरको प्रशिक्षण उपलब्ध गराउने गरेका छन् । विश्वविद्यालय, विद्यालय तथा शिक्षा तालिम केन्द्रहरूले पनि प्रशिक्षणसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने गरेका छन् ।

### २.४.३ प्रतियोगिता

अन्तर्राष्ट्रिय प्रतियोगितामा ओलम्पिक, एसियाली, दक्षिण एसियाली, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ/महासङ्घबाट आयोजना गर्ने अन्तर्राष्ट्रिय च्याम्पियनसिप तथा अन्य प्रतियोगिताहरू सञ्चालन हुने गरेका छन् । हरेक खेलसङ्घले प्रत्येक वर्ष एउटा राष्ट्रिय स्तरको प्रतियोगिता सञ्चालन गर्ने कानूनी प्रावधान छ। प्रत्येक २ वर्षमा राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन हुन्छ। प्रत्येक वर्ष विद्यालयका विद्यार्थी खेलाडी सहभागी हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनमा छ । यसका अतिरिक्त राष्ट्रिय खेलकुद परिषद् तथा अन्य खेलसंस्थाहरूले पनि राष्ट्रिय स्तरका विभिन्न प्रतियोगिताहरू सञ्चालन गर्ने गरेका छन् । प्रदेश र स्थानीय तहमा पनि विभिन्न खेल विधाका प्रतियोगिता सञ्चालन हुने गर्दछन् ।

### २.४.४ प्रोत्साहन र पुरस्कार

केन्द्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा विजेता खेलाडीका लागि पदक/स्थानअनुसारको पुरस्कार को कानूनी व्यवस्था गरिएको छ भने प्रदेश तथा स्थानीय तहहरूले पनि प्रदेश र स्थानीय तहमा सञ्चालन हुने खेलकुद प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्ने गरेका छन् । मन्त्रालय, परिषद् र विभिन्न सङ्घसंस्था/निजी क्षेत्रबाट उत्कृष्ट र प्रतिभावान् खेलाडीलाई सम्मान, पुरस्कार तथा प्रोत्साहनको समेत व्यवस्था गरिएको छ।

**२.४.५ सङ्घीय बजेट तथा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश र स्थानीय सरकारबाट कार्यान्वयन हुने कार्यक्रमहरु**

**(क) आ.व. २०८०/८१ मा मन्त्रालयसँग सम्बन्धित खेलकुदसम्बन्धी कार्यक्रम र बजेट:**

| क्र.सं. | कार्यक्रमहरु | बजेट (लाखमा) |
|---|---|---|
| १ | खेलकुद शिक्षक तालिम | ७२ |
| २ | राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी, सहजीकरण तथा अनुगमन | ८ |
| ३ | खेलकुदको राष्ट्रिय प्रतिभा सम्मान | १३ |
| ४ | खेलकुद सङ्घहरूको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | ३ |
| ५ | अन्तर्राष्ट्रिय पदक विजेता र राष्ट्रिय टिमका खेलाडीबीच अन्तरक्रिया | ८ |
| ६ | खेलकुद पत्रकार प्रोत्साहन पुरस्कार | ५ |
| ७ | खेलकुदमा प्रतिबन्धित औषधीविरुद्धको सचेतना कार्यक्रम | १३ |
| ८ | राष्ट्रिय खेलकुद नीति परिमार्जन | १६ |
| ९ | खेलकुदसम्बन्धी कार्यविधि/निर्देशिका/मापदण्ड निर्माण तथा परिमार्जन | ६ |
| १० | खेलकुदमा लैङ्गिक सचेतना कार्यक्रम | ८ |
| ११ | खेलाडी दुर्घटनाविरुद्ध सचेतना कार्यक्रम | ६ |
| १२ | खेलकुद पूर्वाधारको अभिलेखीकरण | ५ |
| १३ | खेलकुदसम्बन्धी कार्यक्रमको अनुगमन | ६ |
| | **जम्मा** | **१६९** |

(स्रोतः वार्षिक कार्यक्रम तथा बजेट २०८०/८१, युवा तथा खेलकुद मन्त्रालय)

**(ख) आ.व. २०८०/८१ मा राष्ट्रिय खेलकुद परिषद् सम्बन्ध कार्यक्रम र बजेट:**

| क्र.सं. | कार्यक्रमहरु | बजेट (लाखमा) |
|---|---|---|
| १ | खेलकुद प्रशिक्षणतर्फ | २१५ |
| २ | अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रशिक्षण र सहभागिता | ७६० |
| ३ | अन्तर्राष्ट्रिय-स्तरको खेलकुद प्रतियोगिता आयोजना | १३५ |
| ४ | राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता आयोजना | ८३० |
| ५ | खेलाडी र प्रशिक्षक प्रोत्साहन तथा पुरस्कारतर्फ | २५२ |
| ६ | खेलकुद विकास तथा प्रवर्धनसम्बन्धी कार्यक्रम | ४९६ |
| ७ | रङ्गशाला निर्माण र स्तरोन्नति | १५९२ |
| ८ | कभर्ड हल निर्माण र स्तरोन्नति | ६३० |
| ९ | क्रिकेट मैदान निर्माण र स्तरोन्नति | ४४११ |
| १० | खेलकुद आवासगृह तथा ट्रेनिङ सेन्टर | २ |
| ११ | खेलमैदान निर्माण | २१० |
| १२ | अन्य खेल-पूर्वाधार निर्माण | ४०५ |
| | **जम्मा** | **९९३८** |

(स्रोतः वार्षिक कार्यक्रम तथा बजेट २०८०/८१, युवा तथा खेलकुद मन्त्रालय)

**(ग) आ.व. २०८०/८१ मा प्रदेशबाट कार्यान्वयन हुने खेलकुदसम्बन्धी कार्यक्रम र बजेट:**

| क्र. सं. | कार्यक्रमहरू | बजेट (लाखमा) |
|---|---|---|
| १ | जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ३२४ |
| २ | प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | १५४ |
| ३ | खेलकुद पूर्वाधार निर्माण | ८५५ |
| | **जम्मा** | **१३३३** |

(स्रोतः वार्षिक कार्यक्रम तथा बजेट २०८०/८१, युवा तथा खेलकुद मन्त्रालय)

**(घ) आ.व. २०८०/८१ मा स्थानीयबाट कार्यान्वयन हुने खेलकुदसम्बन्धी कार्यक्रम र बजेट:**

| क्र.सं. | कार्यक्रमहरू | बजेट (लाखमा) |
|---|---|---|
| १ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ७५३ |
| २ | एक स्थानीय तह एक खेलग्राम | २५० |
| | **जम्मा** | **३२५३** |

(स्रोतः वार्षिक कार्यक्रम तथा बजेट २०८०/८१, युवा तथा खेलकुद मन्त्रालय)

यसरी हेर्दा आ.व. २०८०/८१ का लागि खेलकुद गतिविधिहरू सञ्चालन गर्ने सङ्घले युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, ७ वटा प्रदेश र ७५३ स्थानीय तहहरूले कार्यान्वयन गर्ने गरी एक अर्ब ४६ करोड ९३ लाख लगानी गरेको छ। यसका अतिरिक्त खेलकुद क्षेत्रमा प्रदेश र स्थानीय सरकारले पनि तत् तत् तहको आवश्यकता र मागअनुसारको बजेट र कार्यक्रम तय गरी कार्यान्वयन गरिरहेका छन्। व्यक्ति, संस्था, कर्पोरेट हाउस तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा विदेशी राष्ट्रबाट पनि प्रत्यक्ष/अप्रत्यक्ष रूपमा खेलकुद क्षेत्रको विकास र विस्तारमा लगानी भइरहेको अवस्था छ।

## ३. समस्या, चुनौती र अवसर

### ३.१ समस्याहरू:

खेलकुद क्षेत्रको अध्ययन, अनुसन्धान, विकास, विस्तार र व्यावसायिकरणसम्बन्धी दीर्घकालीन योजनाको नहुनु, नीति र योजनाबमोजिम कार्यक्रम तथा बजेटको व्यवस्था नहुनु, खेलकुदका गतिविधि सञ्चालन र व्यवस्थापनमा स्थानीय, प्रदेश र सङ्घीय सरकारका बीचमा समन्वयको कमी हुनु, खेलगत सङ्घहरूको वर्गीकरण नहुनु, खेलकुद सङ्घहरूको व्यावसायिक क्षमता विकास र संस्थागत सुशासनको कमी हुनुजस्ता समस्याहरू रहेका छन्।

विद्यालय र विश्वविद्यालयमा खेलकुदलाई संस्थागत रूपमा व्यवस्थित गर्न नसक्नु, विद्यमान खेल-पूर्वाधार पर्याप्त र गुणस्तरीय नहुनु, खेलाडी र प्रशिक्षकहरूलाई नियमित र योजनाबद्ध प्रशिक्षणको अभाव हुनु, तीनै तहको खेलकुद क्षेत्रको व्यवस्थित कार्यतालिका नहुनु, खेलाडीहरूको पहिचान र स्तर निर्धारण नहुनु, खेलविधा अनुसारका प्रशिक्षक र प्राविधिक जनशक्ति पर्याप्त नहुनु, संस्थागत पुनरसंरचनाअनुसार खेलकुदसम्बद्ध जनशक्तिलाई प्रदेश र स्थानीय तहमा समायोजन गर्न नसक्नु, खेलकुद क्षेत्रमा पर्याप्त बजेट विनियोजन र व्यवस्थापन नहुनु, परम्परागत खेलहरूलाई व्यवस्थित गर्न नसक्नु, खेल-क्षेत्रमा नवीनतम प्रविधिको प्रयोग हुन नसक्नु, खेलाडीहरूको भविश्यको सुनिश्चितताको व्यवस्था गर्न नसक्नुजस्ता समस्याहरू पनि उत्तिकै जल्दाबल्दा छन्।

### ३.२ चुनौतीहरू:

खेलकुद क्षेत्रमा खेलकुदसम्बन्धी अनुसन्धानमूलक योजनाहरूको निर्माण र कार्यान्वयन गर्नु, विद्यालय र महाविद्यालयमा खेलकुद शिक्षकको व्यवस्था गर्नु, सङ्घ, प्रदेश र स्थानीय तहका खेलकुदसँग सम्बन्धित संरचनामा आवश्यक प्राविधिक जनशक्तिको उचित व्यवस्थापन गर्नु, विभिन्न खेल विधामा प्रतिभावान् खेलाडीलाई स्वदेशमा जीविकोपार्जनको आधार सुनिश्चित गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसारका सुविधासम्पन्न खेल-पूर्वाधारको निर्माण गर्नु, खेलकुदलाई व्यावसायिक र रोजगारमूलक क्षेत्रको रूपमा विकास गर्नु, खेल-क्षेत्रका नवीनम् प्रविधि अवलम्बन गर्नु, खेलकुदको सङ्घीय कार्यकारी निकायको साङ्गठानिक पुनःसंरचना र कर्मचारी समायोजन गर्नुलगायतका चुनौती रहेका छन् ।

### ३.३ अवसरहरू:

सङ्घ, प्रदेश र स्थानीय तहलाई खेलकुद क्षेत्रको विकासका लागि जिम्मेवार बनाउनु, सङ्घीयताको मर्म र भावनाअनुसार साझा अधिकारको सूचीमा रहेको खेलकुद क्षेत्रमा सबै तहमा सरकारहरूबाट खेलकुदका पूर्वाधार र खेलकुदका अन्य गतिविधि सञ्चालनका लागि स्रोत र साधन परिचालन गर्ने वातावरण सहज हुनु, विद्यालय तथा महाविद्यालयका विद्यार्थी र युवा तथा जनमासको खेलकुद क्षेत्रमा आकर्षण बढ्दै जानु, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलका लागि उपयुक्त हावापानी र भू-धरातल हुनु, खेल-क्षेत्रको विकासका लागि निजी क्षेत्रको सहभागिता बढ्दै जानु, खेल पर्यटनको प्रचूर सम्भावना हुनु आदि अवसरहरू खेलकुद क्षेत्रमा रहेका छन् ।

## ४. भावी कार्यदिशा

खेलकुद क्षेत्रका विद्यमान अवसरहरूलाई उपयोग गर्दै यस क्षेत्रमा देखिएका समस्या र चुनौतीहरूलाई सम्बोधन गरी खेलकुद क्षेत्रमा सुधार विकास र विस्तार गरी नागरिकको स्वास्थ्य, देशको समृद्धि र राष्ट्रको गौरव बढाउन देहायअनुसार गर्नुपर्ने देखिन्छः-

१. वर्तमान सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गर्न तहअनुसार देहायअनुसारका कार्य-सम्पादन गर्नेः

   क. खेलकुद सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन, खेलकुदसम्बन्धी विषयको अध्ययन र अनुसन्धान, खेलकुद प्रशासन र राष्ट्रिय सङ्घसंस्थाको नियमन र समन्वय, राष्ट्रिय अन्तर्राष्ट्रिय-स्तरका खेल-पूर्वाधारहरूको निर्माण र खेलकुद प्रतियोगिता आयोजना र सहभागिता, खेलकुदसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय गर्ने कार्य सङ्घले सम्पादन गर्ने गरी आवश्यक नीति, ऐन, तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

   ख. खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन, प्रदेश खेलकुद प्रशासन र सङ्घसंस्थाको नियमन र समन्वय, प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र राष्ट्रिय प्रतियोगितामा सहभागिता, प्रादेशस्तरीय पूर्वाधारको निर्माण र सञ्चालन गर्ने कार्य प्रदेशले सम्पादन गर्ने गरी आवश्यक नीति, ऐन, तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

   ग. स्थानीय स्तरमा खेलकुदको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास, खेलकुद प्रशासन र स्थानीय स्तरका खेल सङ्घसंस्थाको नियमन र समन्वय, स्थानीयस्तरमा अन्तर विद्यालय अन्य खेलकुद प्रतियोगिताको आयोजना र राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगितामा सहभागितासम्बन्धी कार्य स्थानीय तहले सम्पादन गर्ने गरी आवश्यक नीति, ऐन, तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

२. विद्यालयलाई खेलकुद विकासको प्रारम्भिक थलोको विकास गरी खेलकुद र शारीरिक शिक्षालाई विद्यालयको पाठ्यक्रममा समावेश गर्ने र विश्वविद्यालय तहमा खेलकुद विज्ञानको विस्तार गर्ने ।

३. खेलकुद क्षेत्रका सबै तहका व्यवस्थापक, प्रशिक्षक, खेलाडी तथा पदाधिकारीहरूका लागि आचारसंहिता बनाई कार्यान्वयन गर्ने ।

४. विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता र रुचिअनुसारका खेलकुदहरूमा उनीहरूको सहभागितालाई प्रोत्साहित र सहजीकरण गर्ने ।

५. खेल-क्षेत्रमा महिलाहरूको सहभागितालाई सुनिश्चित र मर्यादित बनाउन महिलाहरूको सहभागिता रहने खेलहरूलाई व्यवस्थित बनाउने ।

६. खेलकुद क्षेत्रलाई जनजीवनको अभिन्न अङ्गको रूपमा लिई विद्यालय तथा विश्वविद्यालय, सार्वजनिक संस्था, सरकारी तथा विभागीय निकाय तथा खेलकुदसँग सम्बन्धित अन्य क्षेत्रमा खेलकुद कार्यक्रमको विकास र विस्तार गर्ने ।

७. खेलाडी र प्रशिक्षकहरूका लागि शिक्षा तथा प्रशिक्षणका साथै खेलकुदसँग सम्बन्धित निकायका पदाधिकारी र कर्मचारीलाई क्षमता अभिवृद्धिका कार्यक्रममा आबद्ध गर्ने ।

८. सङ्घीय संरचनाका तीनै तहबीचको सम्बन्धलाई उद्देश्यमूलक बनाउन 'सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७' अनुसारको विषयगत समितिलाई क्रियाशील बनाई खेलकुदका गतिविधिहरूलाई सघन बनाउने ।

९. केन्द्र-मातहतमा रहेका खेलकुदका भौतिक पूर्वाधारहरूको वर्गीकरण गरी तोकिएका मापदण्डको आधारमा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरी तिनीहरूको संरक्षण, संवर्धन तथा विकास गर्ने ।

१०. सबै तहमा नयाँ बन्ने खेल संरचनाहरूको अन्तर्राष्ट्रिय मापदण्डअनुसार निर्माण गर्नुका साथै विद्यमान संरचनाहरूलाई सो बमोजिम परिमार्जन गर्ने ।

११. खेलको प्रकृति, संभाव्यता र सफलताका सम्भावनाहरूका आधारमा खेलहरूको वर्गीकरण र प्राथमिकीकरण गरी उपलब्ध स्रोत र साधनको प्रभावकारी परिचालन गर्ने ।

१२. खेलकुद क्षेत्रमा क्रियाशील निकायहरूमा आर्थिक सुशासन कायम गर्न नियमित रूपमा सहजीकरण, अनुगमन र नियमन आधार तय गरी कार्यान्वय गर्ने ।

१३. विभिन्न सम्प्रदायको सांस्कृतिक सम्पदाको रूपमा रहेका मनोरञ्जनात्मक र परम्परागत खेलको संरक्षण र संवर्द्धन गरी सामाजिक एकता र आयमूलक स्रोतको माध्यमको रूपमा विकास गर्ने ।

१४. निजी क्षेत्रका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालनमार्फत साहसिक तथा पर्वतीय खेलको विकास र विस्तार गरी आर्थिक विकासमा सहयोग पुऱ्याउने माध्यमको रूपमा विकास गर्ने ।

१५. खेलकुदमा गरिने निजी तथा गैह्रसरकारी क्षेत्रको लगानीलाई व्यवस्थित गर्ने लगानीका निश्चित आधार र मापदण्ड बनाई खेलकुद क्षेत्रको विकासमा प्रभावकारी ढङ्गले परिचालन गर्ने ।

१६. निजीतवरबाट सञ्चालन हुने पौडीपोखरी, जिमखाना तथा बन्जी जम्प, पाराग्लाइडिङ, रक क्लाइम्बिङजस्ता साहसिक खेल तथा पर्वतीय खेलहरू सञ्चालन र व्यवस्थापनका लागि निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने ।

१७. खेल-पूर्वाधार निर्माण, प्रशिक्षण र प्रतियोगिता लगायतका क्षेत्रमा विश्व खेलकुदमा देखापरेका नवीनतम् प्रविधिहरूको अवलम्बन गर्ने वातावरण बनाउने ।

१८. खेलकुद सूचना व्यवस्थापन प्रणाली (SMIS) लागू गरी खेलकुदसम्बन्धी तथ्याङ्कको व्यवस्थापन गर्ने र सोअनुसार योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

१९. अन्तर्राष्ट्रिय खेल सङ्घ, संस्थासँगको समन्वय र सहकार्यलाई सुदृढ बनाई खेल-क्षेत्रमा वस्तगत र प्राविधिक सहयोगमा वृद्धि गरी अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली खेलाडीको सहभागितामा वृद्धि र विस्तार गर्ने ।

२०. राष्ट्रको खेलक्षेत्रको विकास र विस्तारमा योगदान पुऱ्याउने खेलाडी, प्रशिक्षक तथा खेलकुदसँग सम्बन्धित निकायका व्यक्तित्वहरूलाई उत्प्रेरणामूलक र प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

२१. विद्यालयहरूमा खेलकुद शिक्षक तथा खेलसँग सम्बन्धित सङ्घहरूमा आवश्यक प्राविधिक र प्रशिक्षकको व्यवस्था गरी उनीहरूलाई उचित तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाउने ।

२२. खेलकुद क्षेत्रको विकास र विस्तारका लागि देहायअनुसार वित्तीय स्रोत व्यवस्थापन गर्नेः

क. खेलकुदका संस्थागत संरचनाअनुसार खेलकुद गतिविधि सञ्चालन गर्न सरकारी दायित्व सिर्जना हुनेगरी आवधिक योजनाका आधारमा सङ्घ, प्रदेश र स्थानीय तहमा स्वीकृत वार्षिक कार्यक्रममा आवश्यक बजेट विनियोजन हुने व्यवस्था मिलाउने ।

ख. कुनै व्यक्ति वा सङ्घसंस्थाबाट प्राप्त सहयोग रकम, नेपाल सरकारबाट प्राप्त रकम र अर्थ मन्त्रालयको स्वीकृतिमा विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ संस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम जम्मा हुने गरी सङ्घ प्रदेश र स्थानीय तीनै तहमा राष्ट्रिय खेलकुद कोषको व्यवस्था गर्ने ।

## ५. निष्कर्ष

खेलकुद मानव-जीवनको स्वास्थ्य, समृद्दि तथा देशको पहिचान र गौरवको आधार हो । खेलकुदको माध्यमबाट नै देशमा सामाजिक सद्भावना मार्फत राष्ट्रिय एकतामा अभिवृद्धि ल्याउन सकिन्छ । खेलकुद क्षेत्रको व्यावसायिकरण मार्फत देशको आर्थिक समृद्दिमा टेवा पुऱ्याउन सकिन्छ भने अन्तर्राष्ट्रिय जगतमा पहिचान कायम गर्न सकिन्छ । यस्तो महत्वपूर्णक्षेत्रबाट आशातित उपलव्धि हासिल गर्न सकिएको छैन । राज्यको ध्यान कम पुगेको देखिन्छ । देशमा सङ्घीयताको कार्यान्वयनसँगै खेलकुदका संरचनाहरू तहगत रूपमा विस्तार भएका छन् । सोही अनुसार नीतिगत र कानूनी र कार्यक्रमगत प्रावधानहरू रहेका छन् । यस परिवेशमा विद्यमान अवसर र सम्भावनाहरूको उपयोग गर्दै सङ्घ, प्रदेश र स्थानीय तीनै तहको सहकार्य र समन्वयबाट विद्यमान नीतिगत, कानूनी र कार्यक्रमगत प्रावधानहरूमा आवश्यक परिमार्जन र उपयुक्त रणनीति अख्तियार गरी अघि बढेमा देशमा खेलकुद क्षेत्रको विकास र विस्तारमा सहयोग पुग्ने देखिन्छ ।

## सन्दर्भ सामग्री

१. नेपालको संविधान, नेपाल कानून आयोग, काठमाडौं

२. राष्ट्रिय योजना आयोग (२०७६), पन्ध्रौं योजना (आ.व. २०७/६७७ देखि २०८०/८१), काठमाडौं

३. राष्ट्रिय खेलकुद नीति, २०६७

४. राष्ट्रिय खेलकुद विकास ऐन, २०७७

५. राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९

६. वार्षिक कार्यक्रम तथा बजेट २०८०/८१, युवा तथा खेलकुद मन्त्रालय

७. नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण

*शान्तिबहादुर बस्नेत युवा तथा खेलकुद मन्त्रालयका उपसचिव हुन् ।*

# नेपालमा नागरिकता र युवा सरोकारको विषय



मेघराज शङ्कर

नागरिकता व्यक्तिको कानूनी पहिचानको महत्वपूर्ण प्रमाण हो । राज्यबाट नागरिकलाई प्रदान गरिने सेवासुविधा तथा अधिकारको हकदार बन्न तथा नागरिकले राज्यप्रति निश्चित कर्तव्य निर्वाह गर्न नागरिकताको आवश्यकता हुन्छ । नेपालमा विभिन्न कारणले कयौँ व्यक्तिहरू नागरिकताविहीन अवस्थामा छन् । सेवासुविधाहरूको अधिकतम उपभोग गर्न सक्ने तथा अधिकारको उपयोग गर्न सक्ने युवावस्था भएकाले नागरिकताविहीनताको अवस्थाले युवाहरूलाई झनै प्रताडित बनाएको छ । आधारभूत मानवअधिकारबाट कुनै पनि व्यक्ति वञ्चित हुनुहुँदैन भन्ने दृष्टिकोण र नेपालको संविधानले गरेको कुनै पनि व्यक्ति नागरिकताबाट वञ्चित हुनेछैन भन्ने सङ्कल्पलाई आधार मान्ने हो भने यो गम्भीर विमर्श गर्नुपर्ने विषय हो ।

## नेपालमा नागरिकता सम्बन्धी व्यवस्था :

नेपालमा वि.सं. २००९/०१/२६ बाट लागू भएको नेपाल नागरिकता ऐन, २००९ बाट नागरिकताको नीतिगत व्यवस्था प्रारम्भ भएको पाइन्छ । नागरिकता सम्बन्धी व्यवस्था २०१९ सालको संविधानमा पहिलो पटक समावेश भएपश्चात् नेपाल नागरिकता ऐन, २०२० लागु भएको हो । नागरिकता नियमावली २०२५ जारी भएपश्चात् नागरिकताको ढाँचालगायत अन्य प्रक्रियागत स्पष्टता तथा सरलीकरणको व्यवस्था भएको पाइन्छ । वि.सं. २०४६ सालको जनआन्दोलनपश्चात् जारी भएको नागरिकता ऐन, २०४८ र नेपाल नागरिकता नियमावली २०४९ अनुसार नागरिकता सम्बन्धी व्यवस्थालाई व्यवस्थित गरेको देखिन्छ । वि.सं. २०६२/६३ सालको जनआन्दोलनपछिको अन्तरिम संविधानमा उल्लिखित नागरिकता सम्बन्धी व्यवस्थामा २०४६ साल चैत्र मसान्तलाई आधार वर्ष मानी जन्मको आधारमा नागरिकता प्रदान गर्ने उल्लेख भएको र नेपाल नागरिकता ऐन, २०६३ र नियमावली २०६४ बमोजिम नागरिकता सम्बन्धी संवैधानिक अधिकारलाई व्यवस्थित गरिएको थियो । तत्पश्चात् संविधानसभाको माध्यमबाट २०७२ सालमा नेपालको संविधान जारी भएपछि संविधानले प्रदत्त नागरिकता सम्बन्धी अधिकारलाई नागरिकता ऐन, तथा नियमावलीमा संशोधन भएको छ ।

नेपालमा औपचारिक नागरिकता वितरणको झण्डै एकहत्तर वर्षको इतिहासमा नागरिकताका आधारभूत सिद्धान्त, कार्यप्रणाली तथा बुझाइमा व्यापक परिवर्तन हुँदै आएको छ । नागरिकता ऐन, २०२० ले वंशज र अङ्गीकृत नागरिकता दिने व्यवस्था गरेको र निश्चित अपराध गरेको खण्डमा नेपाली नागरिकबाट हटाउन सक्ने व्यवस्थासमेत गरेको थियो । त्यसपछि जारी भएका नागरिकताबारे ऐन तथा नियमावलीमा नागरिकताको किसिम थपिएको र अपराध गरेवापत नागरिकबाट हटाउने व्यवस्था खारेज गरेको देखिन्छ । यससँगै २०७२ सालमा जारी भएको संविधानले जन्मको आधारको नागरिकता खारेज गरेको र गैरआवासीय नागरिकताको व्यवस्था गरेकाले नागरिकता ऐनमा समेत सो प्रावधानसहित संशोधन भएको छ । यसरी हेर्दा समयसमयमा भएका राजनीतिक परिवर्तन तथा अन्तर्राष्ट्रिय-स्तरमा देखिएको अभ्यास तथा दायित्वको आधारमा नागरिकता सम्बन्धी व्यवस्थामा

परिवर्तन हुँदै आएको छ । तर, अझै पनि धेरै व्यक्तिहरू नागरिकताबाट वञ्चित हुनुपर्ने अवस्था छ । यसको वास्तविक अन्तरवस्तलाई हेर्न नागरिकताबारे संवैधानिक व्यवस्था, ऐन, तथा नियमावलीमा उल्लिखित प्रावधान र कार्यक्षेत्रमा देखिएको अभ्यासलाई खुट्ट्याउनु आवश्यक छ ।

नेपालको संविधानले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने अधिकार सुनिश्चित गर्दै नागरिकताबारे देहायको व्यवस्था गरेको छ :

- नेपालको संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका व्यक्तिहरू नेपालको नागरिक हुने ।
- संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने ।
- कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछन् भने त्यस्तो व्यक्ति नेपालको नागरिक ठहर्ने ।
- संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुबै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने ।
- नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्ने ।
- नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिने । तर, बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता सङ्घीय कानूनबमोजिम अङ्गीकृत नागरिकतामा परिणत हुने ।
- नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्ने ।
- विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले सङ्घीय कानूनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने । तर, नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुबै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने ।
- नेपाल सरकारले सङ्घीय कानूनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सक्ने ।
- संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने ।
- विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई सङ्घीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने ।

संविधानको उल्लिखित व्यवस्थाअनुसार नेपालमा बसेका विदेशी नागरिक र शरणार्थीबाहेक सबैले कुनै न कुनै प्रकारको नेपाली नागरिकता प्राप्त गर्न सक्ने अवस्था छ । यद्यपि, कार्यकारी निकायको कतिपय नियन्त्रणमुखी मनशाय तथा प्रक्रियागत दुविधाका कारण कयौँ व्यक्तिहरू नागरिकता र जन्म दर्ता प्रमाणपत्रबाट वञ्चित हुनुपरेको छ। केही गरौँ भन्ने जोश, जाँगर भएका तर नागरिकता प्राप्त गर्न नसकेका युवाहरूलाई यसले गम्भीर असर पारेको छ। नेपाल नागरिकता ऐन, र नियमावली तथा कार्यविधिमा भएका प्रावधानहरूको तुलनात्मक समीक्षाबाट यसको चित्रण गर्न सकिन्छ।

नेपालको अन्तरिम संविधान २०६३ को भावनाअनुरूप जारी भएको नेपाल नागरिकता ऐन, २०६३ को पहिलो संशोधनले २०७२ सालमा जारी भएको नेपालको संविधानको मर्मलाई आत्मसाथ गर्ने प्रयास गरेको छ। वंशजको नागरिकता प्राप्त गर्नका लागि निश्चित कागजात तथा प्रमाण पेश गर्नुपर्नेछ। त्यस्तो प्रमाण तथा कागजात पेश गर्न नसक्नेको हकमा नेपाली नागरिकता प्राप्त गरेका दुई जना व्यक्ति र एक जना जनप्रतिनिधिले गरेको स्थलगत सनाखतको आधारमा समेत वंशजको नागरिकता दिने व्यवस्था छ। तर, धेरै नेपाली नागरिक यो प्रावधानअनुसार नागरिकता पाउन नसकेर हैरानी व्यहोर्न बाध्य छन्। यसबारेमा केही प्रसङ्गहरूको चर्चा गर्नु सान्दर्भिक हुनेछ।

सिन्धुलीका एक चौवालीस वर्षीय व्यक्तिसँग नेपाली नागरिकता नभएकाले उनकी चौबीस वर्षीया छोरीले पनि नागरिकताविहीन हुनुपऱ्यो । हाल उनीसँग एस.एल.सी.सम्मको शैक्षिक प्रमाणपत्र र माओवादी जनसेनाको परिचयपत्र छ । उनी युद्धकालमा माओवादी सेनाका सेक्सन कमान्डर रहिछन् । उनी सानै छँदादेखि आमासँग मामाघरमा बसिछन् । आमाले कताबाट लिएर आइन् ? उनलाई थाहा छैन । केही समयपछि आमाले अर्कैसँग बिहे गरेर गइन् र उतैबाट नागरिकता बनाइन्। हाल उनकी आमाको पनि मृत्यु भइसकेको छ। आमाको नागरिकतामा थर घिमिरे छ, ठेगाना पनि अर्कै जिल्ला छ। उनीचाहिँ श्रेष्ठ हुन्। स्थानीयहरूले उनलाई र उनकी आमालाई राम्ररी चिन्छन्। नेपाली नागरिक हो भनेर सनाखत पनि गरिदिएका छन्। बाबुछोरी नागरिकता पाउन धेरै पटक जिल्ला प्रशासन कार्यालय गए र गृह मन्त्रालयमा पनि आएर निवेदन दिए तर हालसम्म उनीहरूले नागरिकता पाउन सकेका छैनन्। जसले गर्दा स्नातकोत्तरसम्म पढ्ने रहरमा रहेकी छोरीको पनि भविष्य अन्योल बनेको छ।

नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निज र निजको आमाले गरेको तोकिएबमोजिमको स्वघोषणाको आधारमा वंशजको नागरिकता प्रदान गर्न सकिने व्यवस्था छ । ऐनमा स्पष्ट व्यवस्था हुँदाहुँदै पनि बाबुको पहिचान नभएका धेरै व्यक्तिहरू नागरिकताविहीन छन् । यससँगै विदेशी बाबु र नेपाली आमाबाट जन्मेका र नेपालमा स्थायी बसोबास गरेका धेरै व्यक्तिहरू पनि नागरिकताबाट उत्तिकै वञ्चित छन्। उनीहरूको व्यथा पनि निकै पीडादायी छ।

एक जना पच्चीस वर्षीय युवाको स्नातक तहसम्मको शैक्षिक प्रमाणपत्रमा बाबुको नाम डेभिड छ । तर, उनले बाबुलाई अहिलेसम्म देखेका र भेटेका छैनन्। कुरो के रहेछ भने उनकी आमा र नेपाल घुम्न आएका एक जना विदेशीसँग छोटो चिनजानमा शारीरिक सम्पर्क भएछ। ती विदेशी केही दिन नेपाल घुमेर आफ्नो देश गए र सम्पर्कमा कहिल्यै आएनन्। ती युवक तिनै बाबुका सन्तान हुन्। ती विदेशी कुन देशका नागरिक हुन् ? उनकी आमालाई खासै याद पनि छैन तर उनको विद्यालयदेखि स्नातक तहसम्मको शैक्षिक प्रमाणपत्रमा विदेशी बाबुको नाम लेखिएको छ । हाल उनी नागरिकताका लागि भौँतारिएका छन् । कानूनतः विदेशी बाबु र नेपाली आमाबाट जन्मेका सन्तानले अङ्गीकृत नागरिकता पाउन सक्छन् तर त्यस्तो नागरिकता गृह मन्त्रालयले जारी गर्ने प्रावधान छ। गृह मन्त्रालयले यस प्रकारको नागरिकता वितरण गरेको सङ्ख्या निकै थोरै छ।

यसका साथै विदेशी नागरिकसँग विवाह गरेको नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा नेपालमा स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिएबमोजिम अङ्गीकृत नागरिकता दिने व्यवस्था गरेको छ।

केही दिनपहिले गृह मन्त्रालयमा दुई जना महिलाहरू नागरिकताको छुट्टाछुट्टै समस्या लिएर आए। एकजना महिलाले आफ्नो नागरिकता, बच्चाको जन्मदर्तालगायतका कागजपत्र अगाडि राखेर भक्कानिँदै आफ्ना कुरा राखिन्, "मेरो घर यहीँ काठमाडौँमा हो। मैले भारतीय नागरिकसँग बिहे गरेको थिएँ। एउटा बच्चा भएपछि सम्बन्ध राम्रो भएन, त्यसैले हाम्रो सम्बन्ध-विच्छेद भयो। अहिले मेरो छोरो र म काठमाडौँमा बस्छौँ। मेरो आफ्नै घर छ। म कामको सिलसिलामा विदेश आउ-जाउ गरिरहनुपर्छ। मलाई मेरो छोरोको राहदानी आवश्यक परेको छ। त्यसका लागि नाबालक परिचयपत्र चाहिँदोरहेछ। वडा कार्यालय, नगरपालिका, जिल्ला प्रशासन कार्यालय गएँ तर कतै सुनुवाइ भएन, कसैले कुरै सुन्न चाहँदैनन्। बाबुको ठेगानामा जानू भन्छन्।" कुरा राखिरहँदा उनको मुहारमा झल्केको पीडा र आक्रोश निकै हृदयविदारक देखिन्थ्यो।

नागरिकतामा भएका कानूनी व्यवस्था र नागरिकले झेलेका समस्याबीचको फरकबारे यी त प्रतिनिधि घटनाहरूमात्र हुन्। त्यसो त नागरिकता प्रमाणपत्र वितरणलाई सहज बनाउन नेपाल सरकारले विभिन्न समयमा विभिन्न प्रयास गर्दै आएको छ। नागरिकता अध्ययन टोली गठन गर्ने, गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादन क्षमता मूल्याङ्कन गरी अङ्क दिने र सोही आधारमा क्षमता मापन गर्ने व्यवस्था गरेको छ। त्यसमा नागरिकता वितरण तथा गुनासो फछ्र्यौटलाई पनि मूल्याङ्कनसूचक मानिएको छ। कुनै पनि निवेदक नागरिकता पाउन अयोग्य देखिएमा सम्बन्धित अधिकारीले तोकिएको अवधिमा निर्णय गरी सोको जानकारी निवेदकलाई दिनुपर्ने व्यवस्था छ। यसका साथै सनाखत गर्ने परिवारको सदस्यले सहयोग नगरेमा सम्बन्धित अधिकारीले परिवारको सदस्यलाई उपस्थित हुन म्याद जारी गरी झिकाई सनाखत गर्न लगाउने प्रावधान छ। यससँगै अदालतले समेत सम्बन्धित व्यक्तिलाई प्रक्रिया पुऱ्याएर नागरिकता दिन आदेश दिने गरेको छ। नागरिकतासम्बन्धी संवैधानिक व्यवस्था तथा नेपाल नागरिकता ऐनमा भएका प्रावधानहरू हेर्दा सबै नेपाली नागरिकले कुनै न कुनै प्रकारको नागरिकता पाउन सक्ने देखिन्छ। तर, नेपाली नागरिकले नागरिकता नपाउनु वा हैरानी व्यहोर्नुमा प्रक्रियागत सवाल भन्दा लैङ्गिकता र वंशीय अधिकारको विषय पेचिलो बनेको छ।

## वंशीय अधिकार र नागरिकताको सवाल :

संविधानमा महिला र पुरुष दुबैको वंशीय अधिकार उल्लेख भएको छ। संविधानको धारा बाह्रमा वंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकतासम्बन्धी व्यवस्था छ, जहाँ लेखिएको छ, 'यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउनेछ।'

ऐन, बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिलाई आमा वा बाबुको थर र ठेगानामध्ये निजले रोजेको थर र ठेगाना उल्लेख गरी नागरिकता दिन सकिने व्यवस्था छ। तर, संविधानमा नै नागरिकताबारे विवाह सम्बन्धको आधारमा महिला-पुरुषको वंशीय हैसियत फरक गरेको छ। नेपाली नागरिक बाबु र विदेशी महिलाबाट जन्मेका सन्तानले वंशजको नेपाली नागरिकता पाउने तर नेपाली नागरिक आमा र विदेशी नागरिक बाबुबाट जन्मेका सन्तानले वंशजको नागरिकता नपाउने, अङ्गीकृत नागरिकता पाउने व्यवस्था गरेर वैवाहिक सम्बन्धकै आधारमा महिलालाई वंशीय हकबाट बिमुख गरिदिएको छ। यस प्रकारको संवैधानिक प्रावधानले गर्दा वंशजको नागरिकता प्राप्त गर्नेलाई मात्र थर रोजेर नागरिकता पाउने देखिन्छ। यो संवैधानिक व्यवस्था संविधानको

धारा ३८ को महिलाको हकअन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ भन्ने प्रावधानसँग विरोधाभाषमात्र छैन, महिलाको अधिकार सवालमा विभेदकारीसमेत छ। नागरिकले नागरिकता पाउन नसक्नुमा यो एउटा ठूलो कानूनी अवरोध हो।

## नागरिकताविहीन अवस्था र युवाहरूमा यसको असर :

नेपालको संविधानले विकासमा युवाको सहभागितालाई सामाजिक न्यायको रूपमा स्वीकार गरेको छ। संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने राष्ट्रिय नीति तय गरेको। संविधानमा उल्लिखित यस्तो नीति कार्यान्वयन गर्न तथा यस नीतिले स्थापित गरेका अधिकारहरू प्राप्त गर्न युवाहरूमा कानूनी पहिचानको आवश्यकता हुन्छ। त्यसको मूल आधार भनेको नागरिकता हो। नागरिकताले मूलतः तीन वटा मानवीय सक्षमताका क्षेत्रको सुनिश्चित गर्दछ।

## नागरिकताको महत्वका क्षेत्रहरू :




विद्वान् टि.एच. मार्सलले भनेजस्तै नागरिकता व्यक्तिको राजनीतिक आर्थिक तथा सामाजिक अधिकार सुनिश्चित गर्दै समाजको पूर्ण सदस्य हुने माध्यम हो। साथै, नागरिकताले अधिकार र कर्तव्य दुबै कुराको निश्चित गर्ने भएकाले कतपय युवाहरूमा जतिसुकै ज्ञान, सिप, योग्यता र जोश जाँगर भए तापनि नागरिकताविहीन बन्नुपरेको कारण यथेष्ट उपयोग हुन सकेको छैन।

## नागरिकताको शासकीय प्रबन्ध:

नागरिकताका सम्बन्धमा राज्यले अपनाएको नीतिगत व्यवस्था, निर्णय प्रक्रिया, कानून कार्यान्वयनको अवस्था, स्रोतसाधन तथा प्रविधिको उपयोग र मानवीय सोच तथा व्यवहारको समग्रता कस्तो छ भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । नेपाल सरकारले गृह मन्त्रालयअन्तर्गत जिल्ला र इलाका प्रशासन कार्यालयमार्फत वंशज, वैवाहिक अङ्गीकृत गैरआवासीय नेपाली नागरिकता प्रमाणपत्र वितरण गर्छ। नागरिकतासम्बन्धी देहायको नीतिगत तथा कानूनी व्यवस्था गरिएको छ :

- नेपालको संविधान।
- नेपाल नागरिकता ऐन, २०६३।
- नेपाल नागरिकता नियमावली, २०६३।
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा 'अन्य' जनाई नागरिकता जारी गर्नेसम्बन्धी निर्देशिका, २०६९।
- नागरिकता प्रमाणपत्र वितरण टोलीको कार्यसञ्चालन निर्देशिका, २०७०।
- नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहुँच दिनेसम्बन्धी कार्यविधि, २०७५।

कानूनतः नागरिकता प्रमाणपत्र जारी गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई छ । नागरिकता कानूनको कार्यान्वयन स्तर प्रजिअको निर्णय क्षमता, इमानदारी, निष्पक्षता, स्वविवेकीय ज्ञानको उपयोग तथा व्यवस्थापन क्षमतामा निर्भर हुन्छ। यस्तै मर्मलाई आत्मसात् गरी गृह मन्त्रालयले प्रजिअ हुन कानून विषयमा शैक्षिक योग्यता हासिल गरेको वा कानूनसम्बन्धी तालिम प्राप्त गरेको र गृह प्रशासनको अनुभव भएकालाई प्राथमिकता दिने मापदण्डसमेत बनाएको छ । यसका साथै नागरिकता वितरण प्रणालीलाई व्यवस्थित गर्न तथा सूचना प्रविधिमा आधारित बनाउने उद्देश्यले नागरिकता सूचना तथा व्यवस्थापन प्रणाली (CIMS) समेत लागु गरिएको छ। नागरिकतालाई राष्ट्रिय परिचयपत्रसँग अन्तरआबद्धता गर्ने प्रक्रियाको थालनी भएको छ।

यति हुँदाहुँदै पनि सरकार परिवर्तन वा मन्त्रालयको राजनीतिक नेतृत्व परिवर्तन हुँदैपिच्छे प्रजिअ फेरिने, राजनीतिक निकटता र पहुँचका आधारमा गृह प्रशासनको अनुभव नै नभएकालाई समेत प्रजिअमा खटाउने प्रचलनका कारण सबै प्रजिअले कानूनको मनसायअनुसार कानून कार्यान्वयन गर्ने र पदीय हैसियत र गरिमाअनुसार काम गर्छन् भन्न सक्ने अवस्था छैन ।

कतिपय अवस्थामा प्रजिअको निर्णय क्षमताकै कारण नागरिकता पाउन योग्य व्यक्तिले पनि नागरिकता नपाउने तथा अनेक हैरानी व्यहोर्नुपर्ने वा नागरिकता नपाउनुपर्ने व्यक्तिले पनि नागरिकता पाएको आवस्था पनि छ । धेरै जिल्ला प्रशासन कार्यालयमा कर्मचारीहरूको न्यूनता छ। कतिपय इलाका प्रशासन कार्यालयहरू वर्षौंदेखि निमित्तको भरमा चलेका छन्। यस्तो अवस्थाले नागरिकताबारे हाम्रो शासकीय प्रबन्धमा प्रश्न उठाउने ठाउँ रहेको छ ।

अर्कातर्फ नागरिकता प्रमाणपत्र लिइसकेकाहरूले पनि कुनै कारणवश विवरण फरक भएमा नागरिकले हैरानी व्यहोर्नुपरेको गुनासो पनि छ । विवरण पेश गर्न नसक्ने नेपालका सीमान्तकृत आदिवासी तथा तराईका कतिपय दलित समुदाय र आफन्त कोही नभएका बेसहारा नागरिकले नागरिकता प्राप्त गर्न नसकेर अनागरिक बन्नुपर्ने अवस्था छ । नागरिकता ऐनले वंशजको तीन पुस्ताको प्रमाण पेश गर्न नसक्नेका लागि छुट्टै व्यवस्था गरेको भए पनि त्यस्ता नेपाली नागरिक अझै अनागरिक बन्नु भनेको हाम्रो समस्या कानूनमा भन्दा पनि सोच र व्यवहारमा छ भन्ने प्रस्ट हुन्छ ।

नागरिकता नभएकै कारण कयौँ युवाहरू शिक्षा रोजगारी आर्थिक अवसरलगायत जीवनका धेरै अवसरहरू प्राप्त गर्न सकिरहेका छैनन्। यसले मूलतः उनीहरूको राष्ट्रिय पहिचान, पहुँच तथा सहभागिता औपचारिक हैसियतका साथै समाज र राष्ट्रप्रतिको अपनत्वमा प्रभाव पारेको छ। समग्रमा नागरिकता नपाउने नागरिक निम्न सवालहरूबाट वञ्चित अवस्थामा छन् :

- आधारभूत सेवासुविधा प्राप्त गर्न, जस्तै बैङ्कमा खाता खोल्न, मोबाइल नम्बर प्राप्त गर्न, औपचारिक कारोबार गर्न ।
- बच्चाको जन्मदर्ता गर्न, विवाह-दर्ता गर्न, घरजग्गा खरिद गर्न, कुनै पनि सङ्घसंस्था तथा कम्पनी दर्ता गर्न तथा सदस्य बन्न ।
- आफ्नो योग्यता, सीप तथा क्षमताअनुसार कुनै पनि औपचारिक रोजगारी गर्न वा व्यापार, व्यवसाय गर्न ।
- बैदेशिक अध्ययन, भ्रमण, तालिम तथा कार्यक्रममा सहभागी हुन ।
- निर्वाचन तथा राजनीतिक प्रक्रियामा भाग लिन ।
- सम्पत्तिमाथिको स्वामित्व, नातासम्बन्ध कायम गर्न तथा हकदाबी गर्न ।
- सरकारले दिने कुनै पनि सुविधा, जस्तै सामाजिक सुरक्षा, छात्रवृत्ति आदि प्राप्त गर्न ।

नेपालको संविधानले नागरिकका मौलिक हकको सुनिश्चित गरी नागरिकको कर्तव्य उल्लेख गरेको छ । कुनै पनि व्यक्तिले राज्यप्रतिको कर्तव्यका साथै पारिवारिक तथा सामाजिक कर्तव्यसमेत पूरा गर्नुपर्ने हुन्छ । उक्त कर्तव्यप्रति व्यक्ति जिम्मेवार हुने प्रक्रियालाई सक्रिय नागरिकको रूपमा नागरिकतालाई बुझ्ने गरिन्छ । विशेष गरेर युवाहरूले सक्रिय नागरिकको हैसियत प्राप्त नगर्दा विभिन्न सामाजिक तथा मनोवैज्ञानिक समस्याहरू भोल्ने गरेका छन् । नागरिकताविहीन युवाहरूमा निम्न प्रकारका आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक असर परेको देखिन्छ ः

- रोजगार, व्यापार तथा व्यवसायको अवसर नपाउँदा युवा गरीबी तथा बेरोजगारीको समस्या भोल्नुपर्ने ।
- पढाइमा अब्बल युवाहरूले समेत कयौँ ठाउँमा नागरिकता पेश गर्नुपर्ने र आफूसँग नागरिकता नभएको कारण पढाइ छोड्न बाध्य हुनुपर्ने ।
- उनीहरूले प्राप्त गरेको शैक्षिक प्रमाणपत्र रोजगार तथा अन्य अवसरमा उपयोग हुन नसक्दा योग्य भएर पनि स्वतः अयोग्य हुनुपर्ने ।
- समाज र राष्ट्रप्रतिको अपनत्व तथा स्वामित्वको भावना कम हुने ।
- डिप्रेसन तथा विभिन्न मनोवैज्ञानिक समस्या हुन सक्ने ।
- युवाहरूमा आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक रूपमा पर्न जाने नकारात्मक असरले समाजको शान्तिसुरक्षामा समेत चुनौती थपिन सक्ने ।

राज्यसँग कुनै पनि व्यक्तिको औपचारिक सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण प्रमाण हो । नागरिकमा भएको क्षमतालाई देश-विकासमा उपयोग गर्नु लोककल्याणकारी सरकारको दायित्व हो । नागरिकता पाउन सबै योग्य नागरिकलाई कानूनी बाधाहरू फुकाउँदै प्रक्रियागत सरलीकरणको माध्यमबाट नागरिकता प्रदान गर्ने व्यवस्था गर्नु आजको आवश्यकता हो । साथै, सूचना प्रविधिको समुचित उपयोग गरी नागरिकता गभरनेन्सलाई थप प्रभावकारी बनाउने र नागरिकको कानूनी पहिचान सुनिश्चित गर्ने दिशामा अगाडि बढ्न ढिला गर्नुहुँदैन ।

## अध्ययन सामग्रीहरू :


१) नेपालको संविधान ।

२) नेपाल नागरिकता ऐन, २०६३ ।

३) नेपाल नागरिकता नियमावली, २०६३ ।

४) नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ ।

५) यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा 'अन्य' जनाई नागरिकता जारी गर्नेसम्बन्धी निर्देशिका, २०६९ ।

६) नागरिकता प्रमाणपत्र वितरण टोलीको कार्यसञ्चालन निर्देशिका, २०७० ।

७) नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहुँच दिनेसम्बन्धी कार्यविधि, २०७५ ।

८) Marshall, T. H. (1950). Citizenship and social class: And other essays. (No Title).

९) Grossman-Thompson, B., & Dennis, D. (2017). Citizenship in the name of the mother: nationalism, social exclusion, and gender in contemporary Nepal. positions: east asia cultures critique, 25(4), 795-820.



*मेघराज शंकर, युवा तथा खेलकुद मन्त्रालयका शाखा अधिकृत हुन् ।*

# राष्ट्रिय युवा परिषद् र आगामी कार्यदिशा



राजकुमारी खत्री


## लेखसार:

राष्ट्रिय युवा परिषद् राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा ३ बमोजिम स्थापित स्वशासित र सङ्गठित संस्था हो। नेपालको कूल जनसङ्ख्याको ४२.५% (१५ देखि ३९ वर्ष उमेर समूह) जनसङ्ख्या युवाको रहेको छ। यी युवाहरूको हकहित संरक्षण गर्दै समृद्ध नेपाल निर्माणका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा भन्ने मूल नाराका साथ परिषद्ले काम गरिरहेको छ। कार्यकारी समिति, जिल्ला युवा समितिको संरचनामा रहेको परिषद्को राष्ट्रिय युवा-नीति, २०७२, युथ भिजन-२०२५ तथा दशवर्षे रणनीतिक योजना मुख्य नीतिगत व्यवस्था रहेका छन्। युथ भिजनले लिएका युवा विकासका पाँच आधार-स्तभलाई केन्द्रबिन्दुमा राखी सङ्घीय, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रम कार्यान्वयन गरिरहेको छ। तथापि, कानूनी व्यवस्था सङ्घीयकरण नहुनु, परिषद् मोडलमा सञ्चालन नहुनु, स्रोत र साधन घट्दै जानुजस्ता समस्या परिषद्ले भोगिरहेको छ। युवाहरूले बेरोजगारी, गरीबी, गुणस्तरीय शिक्षाको अभावले गर्दा युवा पलायन बढ्दै गएको देखिएको छ। तसर्थ, राष्ट्र विकासको मेरुदण्डका रूपमा रहेका युवाको सर्वाङ्गीण विकासका लागि मुलुकले व्यवस्थित र एकीकृत योजना कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ।


**शब्द कुञ्जी:** परिषद्, युवा, कार्यक्रम, सञ्जाल, सङ्घ, संस्था, समन्वय, सहकार्य।

## पृष्ठभूमि:

राष्ट्रिय युवा परिषद् युवाको हकहितको संरक्षण र संवर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवालाई सशक्तीकरण गरी युवासम्बन्धी विषयको नीति-निर्माणदेखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार युवाहरूलाई संलग्न गराई राष्ट्रिय विकासको मूल प्रवाहमा समावेश गर्ने उद्देश्यका साथ राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा ३ बमोजिम स्थापित स्वशासित र सङ्गठित संस्था हो। परिषद्ले समृद्ध नेपाल निर्माणका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा भन्ने मूल नाराका साथ काम गरिरहेको छ। त्यसैगरी युवाहरूको समग्र विकासको अवधारणालाई मूर्त रूप दिनका लागि युवा-नीति-२०७२ र युथ भिजन-२०२५ तथा दशवर्षे रणनीतिक योजनालाई मूल आधार बनाई सङ्घ, प्रदेश र स्थानीय तीनै तहमा युवालक्षित कार्यक्रम गर्दै आएको छ।

युवावस्था मानव-जीवनको सबैभन्दा सक्रिय, ऊर्जाशील र गतिशील अवस्था हो। युवावस्थालाई विभिन्न मुलुकले फरक-फरक तवरले परिभाषित गरेका छन्। श्रीलङ्कामा १५ देखि २९ सम्म र बङ्गलादेशमा १५ देखि ३५ सम्मको उमेर समूहलाई युवा मानेको देखिन्छ। नेपालको सन्दर्भमा भन्नुपर्दा १६ देखि ४० वर्षसम्मको उमेर समूहलाई युवा भनी परिभाषित गरिएको छ। यो परिभाषाअनुसार नेपालको कूल जनसङ्ख्याको ४२.५% (१५ देखि ३९ वर्ष उमेर समूह) जनसङ्ख्या युवाको रहेको छ भन्न सकिन्छ। यो सङ्ख्यामध्ये २०% पुरुष र २२.५% महिलाको रहेको

देखिन्छ। अतः मुलुकको कूल जनसङ्ख्याको झण्डै आधा हिस्सा ओगटेको युवाको सर्वाङ्गीण विकास, सहभागिता र संलग्नताको नेतृत्व गर्ने राष्ट्रिय युवा परिषद्को बारेमा यहाँ सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ।

## परिषद्को संरचना:

१. **परिषद् :** परिषद्को सर्वोच्च अङ्गका रूपमा युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा ३६ सदस्यीय राष्ट्रिय युवा परिषद् रहेको छ। परिषद्का कार्यकारी उपाध्यक्षको नेतृत्वमा सात जनाको कार्यकारी समिति रहेको छ।

२. **कार्यकारी समिति :** परिषद्का कार्यकारी उपाध्यक्षको नेतृत्वमा सात जनाको कार्यकारी समिति रहेको छ।

३. **जिल्ला युवा समिति :** राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा ११ बमोजिम जिल्ला स्तरमा युवासम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने कामसमेतका लागि प्रत्येक जिल्लामा ९ सदस्यीय जिल्ला युवा समिति रहेको छ।

४. **प्रशासनिक संरचना :** नेपाल शिक्षा सेवा समूहका राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीको नेतृत्वमा ३० जना निजामती कर्मचारीहरूको अस्थायी दरबन्दी सिर्जना गरी दैनिक प्रशासनिक कार्य सञ्चालन गरिरहेको छ।

## कानूनी तथा नीतिगत व्यवस्थाहरू:

१. **संविधान :** नेपालको वर्तमान संविधानले गरेका मौलिक हक, नागरिक अधिकार र कर्तव्य, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वहरूलगायतका व्यवस्थाहरूको मर्म र भावनालाई समेट्दै राष्ट्रिय युवा परिषद्ले आफ्ना गतिविधिहरू गर्दै आएको छ।

२. **राष्ट्रिय युवा-नीति :** युवाका आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै युवा सशक्तीकरणका माध्यमबाट सामर्थ्यवान्, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवम् सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गरी राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने गरी राष्ट्रका युवालाई नेतृत्वदायी भूमिकामा स्थापना गराउने दूरदृष्टिका साथ कार्यान्वयनमा रहेको युवा-नीति, २०७२ राष्ट्रिय युवा परिषद्को मार्गदर्शनका रूपमा रहेको छ।

३. **राष्ट्रिय युवा परिषद् ऐन, र नियमावली:** युवाको हकहितको संरक्षण र संवर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवालाई सशक्तीकरण गरी युवासम्बन्धी विषयको नीति-निर्माणदेखि कार्यान्वयन तहसम्म आवश्यकताअनुसार युवाहरूलाई संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्ने उद्देश्य लिई निर्माण गरिएको राष्ट्रिय युवा परिषद् ऐन,-२०७२ ले युवा परिषद्को गठनलगायतका महत्वपूर्ण व्यवस्था गरेको छ। यसै ऐन,को प्रत्यायोजित अधिकारमा रही नेपाल सरकारले बनाएको राष्ट्रिय युवा परिषद् नियमावली-२०७३ कार्यान्वयनमा रहेको छ। यी ऐन, र नियमावली राष्ट्रिय युवा परिषद्का कानूनी खम्बाका रूपमा रहेका छन्।

४. **युथ भिजन- २०२५ तथा दशवर्षे रणनीतिक योजना:** नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकासमार्फत आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल निर्माण गर्ने भिजनका साथ कार्यान्वयनमा ल्याइएको युथ भिजन-२०२५ ले देहायअनुसारका निर्देशक सिद्धान्तहरू अवलम्बन गरेको छः

- अधिकारको सुनिश्चितता र दायित्वबोध,
- आमसमृद्धि, दिगो विकास र शान्ति,
- अनेकतामा राष्ट्रिय एकता र सह-अस्तित्व,

- अनुभव र तथ्यबाट सत्यको खोजी,
- सामजिक न्याय र समानता,
- समावेशिता र समविकास,
- संरक्षण र संवर्द्धन,
- सहभागिता र सहकार्य।

त्यसैगरी, यो भिजनले परिमाणात्मक लक्ष्यसहित देहायअनुसार युवा विकासका पाँच आधार स्तम्भहरू तय गरेको छः

१. गुणस्तरीय र व्यावसायिक शिक्षा,
२. रोजगारी, उद्यमशीलता र सीप विकास,
३. युवा स्वास्थ्य र सामाजिक सुरक्षा,
४. परिचालन सहभागिता र नेतृत्व विकास, र
५. खेलकुद र मनोरञ्जन।

## कार्यक्रम तथा योजनाहरूः

**राष्ट्रिय युवा परिषद्बाट सञ्चालन भइरहेका कार्यक्रमहरु देहायानुसार रहेका छन्:**

१. **नमुना युवा संसद् अभ्यास कार्यक्रमः** यो कार्यक्रम विशेषतः युवाको क्षमता विकास गर्न ल्याइएको हो। यो कार्यक्रमअन्तर्गत युवाहरूलाई मुलुकको संविधान, कानून, संसदीय प्रक्रिया र अभ्याससँग परिचित गराइन्छ। युवा क्लब गठन तथा नमुना युवा संसद् सञ्चालन कार्याविधि, २०७५ बमोजिम युवा क्लबबाट छनोट भई आएका १६ देखि २४ वर्ष उमेरका युवाहरू सम्मिलित गाउँ, नगरस्तरको नमुना युवा संसद्को अभ्यास हुन्छ। त्यसैगरी, नमुना युवा संसद्को अभ्यासमा सहभागी भएका युवाहरूमध्येबाट प्रदेशस्तरको नमुना प्रदेशसभा अभ्यास सञ्चालन हुन्छ र प्रत्येक प्रदेशहरूको प्रदेशस्तरको नमुना प्रदेशसभा अभ्यासबाट छनोट भएका युवाहरूको सहभागितामा सङ्घीय तहको नमुना युवा संसद्को अभ्यास हुन्छ। युवाको नेतृत्व क्षमता विकासका साथसाथै उनीहरूमा आत्मविश्वास, आत्मानुशासन, राष्ट्रियता र सम्बन्धित विषयको पूर्वतयारी गर्ने मूल उद्देश्यका साथ सञ्चालन गरिएको यो कार्यक्रम राष्ट्रिय युवा परिषद्बाट सञ्चालन हुने कार्यक्रमहरूमध्ये लोकप्रिय कार्यक्रम हो।

२. **सहुलियतपूर्ण कर्जाका लागि वित्तीय साक्षरता तालिम कार्यक्रमः** राष्ट्रिय युवा परिषद्ले युवालाई देशभित्रै स्वरोजगारका अवसरहरू सिर्जना गर्ने क्षेत्रमा विविध कार्यक्रम गरिरहेको छ। यो कार्यक्रम व्यवसाय तथा उद्यम सञ्चालन गर्नका लागि सीपमूलक क्षमता विकास गर्ने कार्यक्रम हो। यसलाई अङ्ग्रेजीमा Generate Your Business (GYB) and Start Your Business (SYB) नामले समेत चिनिन्छ। सात दिनसम्म सञ्चालन हुने यस तालिम कार्यक्रममा अन्तर्राष्ट्रिय श्रम सङ्गठनबाट प्रमाणित प्रशिक्षकहरूले सहजीकरण गर्दछन्। यो कार्यक्रमले युवालाई व्यवसाय तथा उद्यमका सम्भावित क्षेत्रहरू पहिचान गर्न, त्यसमा रहेका अवसर, चुनौती र समस्याहरू औंल्याउन सहयोग गर्दछ भने व्यावसायिक योजना निर्माण गर्न सिकाउँछ।

३. **नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रमः** यो कार्यक्रमको उद्देश्य युवाहरूमा निहित प्रतिभाको खोजी गर्नु रहेको छ। यो कार्यक्रमअन्तर्गत युवा प्रतिभाहरूबीच प्रतिस्पर्धा गराई पुरस्कृत गरिन्छ।

४. **घुम्ती कोषमा आधरित युवा उद्यम कार्यक्रमः** युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ (पहिलो संशोधन २०८०) बमोजिम यो कार्यक्रम सञ्चालन गरिन्छ। यस कार्यक्रममा ५ जना युवाहरूको एक उद्यम समूह बनाई उनीहरूलाई वित्तीय सेवा-प्रदायक संस्थामार्फत विनाधितो विनाब्याज पाँच लाख रुपियाँ ऋण उपलब्ध गराइन्छ। यो रकम उद्यमी युवाहरूले किस्ताबन्दीमा फिर्ता गर्नुपर्दछ। यो कार्यक्रमले स्थानीय स्तरमा पाइने स्रोत-साधनको प्रयोग गरी स्थानीय सम्भावनाका क्षेत्रमा युवाहरूलाई उद्यमी बन्न प्रोत्साहन गर्दछ।

५. **युवा-नीति बहस कार्यक्रमः** नीति-निर्माणमा युवाहरूको चासो र सहभागिता बढाउन एवम् राज्यलाई युवामैत्री नीति-निर्माण गर्नका लागि युवाहरूको माग बढाउने उद्देश्यका साथ सञ्चालित यो कार्यक्रम राष्ट्रिय युवा परिषद्का विभिन्न कार्यक्रममध्ये युवाहरूले रुचाएको कार्यक्रमअन्तर्गत पर्दछ। यसले एकातर्फ युवाको नीतिगत क्षमता विकास गर्दछ भने अर्कोतर्फ राज्यलाई युवामैत्री हुन सजग गराउँदछ।

६. **विज्ञान तथा प्रविधिमा युवा सम्मेलन तथा प्रवर्द्धनः** वैज्ञानिक खोज, अध्ययन, सर्वेक्षण तथा अनुसन्धान कार्यप्रति युवालाई प्रोत्साहन गर्न र युवा वैज्ञानिकहरूमा उत्साहको सञ्चार गर्नका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो। यस कार्यक्रममा स्नातकोत्तर तहको शोध वर्षमा अध्ययनरत युवाका लागि अनुसन्धान सहयोग कार्यक्रम सञ्चालन गरिन्छ। त्यसैगरी विज्ञान तथा प्रविधि क्षेत्रमा संलग्न युवाहरूबीच अनुभव आदानप्रदान गर्ने उद्देश्यका साथ युवाहरूका वैज्ञानिक आविष्कारको प्रदर्शनसहितको युवा सम्मेलन गरिन्छ।

७. **युवा परामर्श कार्यक्रमः** युवा विकासका समग्र पक्षहरूलाई समेट्ने उद्देश्यका साथ सञ्चालन हुने यो कार्यक्रमले युवासँग सरोकार राख्ने विविध विषयमा परामर्श गर्दछ।

८. **विकास निर्माण तथा समाजसेवाको क्षेत्रमा युवा स्वयम्सेवक विकास तथा परिचालन कार्यक्रमः** यो कार्यक्रम विशेष गरी युवाहरूलाई आफ्नो समाज र राष्ट्रप्रति दायित्वबोध गराउँदै उनीहरूमा स्वयम्सेवी भावना विकास गर्ने ध्येयका साथ सञ्चालन गरिन्छ। यो कार्यक्रममा स्वयम्सेवी हुन चाहने युवाहरूको क्षमता विकास गरी इच्छाएको क्षेत्रमा स्वयम्सेवकको रूपमा परिचालन गरिन्छ।

९. **प्रतिस्पर्धात्मक युवा नेतृत्व क्षमता विकास कार्यक्रमः** युवाहरू भविष्यका अभिभावक हुन भन्ने मूल आशयका साथ उनीहरूलाई भविष्यमा मुलुकको नेतृत्वका लागि आवश्यक सीप तथा ज्ञान विकास गर्ने सोचका साथ यो कार्यक्रमको सुरुवात गरिएको हो।

१०. **मोडल युनाइटेट नेसन (Model United Nation)** कार्यक्रमः यो कार्यक्रममा नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य भएको नाताले यसका बैठकमा प्रस्तुत हुने विषयहरू, अन्तर्राष्ट्रिय फोरममा उठाउनुपर्ने विषयहरू, गरिने समूह छलफलजस्ता विषयहरू समेटेर संयुक्त राष्ट्र सङ्घको सम्मेलनको नमुना अभ्यास गराइन्छ। यसमा १६ देखि २४ वर्षसम्मका युवाहरूलाई प्रतिस्पर्धात्मक तवरले सहभागी गराइन्छ।

११. **विभिन्न क्षेत्रका युवालक्षित कार्यक्रमहरूः** यसअन्तर्गत शहीद, बेपत्ता तथा द्वन्द्व प्रभावित परिवारका युवाको क्षमता विकास कार्यक्रम, कला, साहित्य तथा साङ्गीतिक क्षेत्रका युवा प्रोत्साहन कार्यक्रम, युवा परिषद्मा आबद्ध सङ्घ संस्थाहरूसँगको साझेदारी कार्यक्रम, शारीरिक तथा मानसिक रूपमा फरक क्षमता भएका युवाहरूलाई सहयोग तथा सहजीकरण कार्यक्रम, विभिन्न विषयक्षेत्रमा आबद्ध युवाहरू (विदेशबाट

फर्किएका, उद्यमी, LGBTIQ, पर्यटन पथ-प्रदर्शक, शहीद, बेपत्ता आदि) को सहभागितामा सामाजिक जागरण कार्यक्रम, दलित, अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्गका युवालाई सार्वजनिक सेवामा पहुँचका लागि अभिमुखीकरणलगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

## सःशर्त अनुदानमा आधारित कार्यक्रमहरूः

राष्ट्रिय युवा परिषद्ले ७७ वटै जिल्लाका १ स्थानीय तह छनोट गरी सःशर्तका रूपमा बजेट पठाई निम्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छः

- युवामैत्री स्थानीय विकास कार्यक्रम,
- पालिकास्तरीय नमुना युवा संसद् अभ्यास कार्यक्रम, र
- युवा स्वयम्सेवक विकास तथा परिचालन कार्यक्रम ।

**त्यसैगरी सात वटै प्रदेशमा सःशर्त अनुदानका रूपमा देहायानुसारका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्ः**

- प्रदेशस्तरीय नमुना युवा संसद् अभ्यास कार्यक्रम,
- नवउद्यमी युवा पहिचान र प्रोत्साहन कार्यक्रम, र
- युवामैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम ।

त्यस्तै, राष्ट्रिय युवा परिषद्द्वारा विगतमा एक शिक्षण संस्था, एक उद्यम कार्यक्रम, राष्ट्रपति महिला उद्यम कार्यक्रम, शैक्षिक प्रमाणपत्रका आधारमा कर्जा कार्यक्रमलगायतका कार्यक्रमहरू पनि सञ्चालन गरिएको थियो ।

## सहकार्य र समन्वय :

राष्ट्रिय युवा परिषद्ले विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग समन्वय र साझेदारीमा पनि आफ्ना गतिविधि सञ्चालन गर्दै आइरहेको छ । हाल राष्ट्रिय युवा परिषद्मा लुज नेटवर्कको रूपमा काम गर्ने गरी देहायनुसारका ११ वटा युवा सञ्जालहरू आबद्ध भएका छन् ।

१. राष्ट्रिय युवा उद्यमी सञ्जाल,
२. सङ्घ संस्थामा आबद्ध युवाहरूको सञ्जाल,
३. परम्परागत सीपमा आधरित युवाहरूको सञ्जाल,
४. कलाकर्मी युवाहरूको सञ्जाल,
५. शहीद तथा बेपत्ता परिवारका युवाहरूको सञ्जाल,
६. वैकल्पिक हेरचाह (leave care) मा रहेका युवाहरूको सञ्जाल,
७. स्वास्थ्यकर्मी युवाहरूको सञ्जाल,
८. बैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सञ्जाल,
९. युवा क्लबमा आबद्ध युवाहरूको सञ्जाल,
१०. पर्यटन क्षेत्रमा आबद्ध युवाहरूको सञ्जाल, र
११. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक युवाहरू (LGBTIQ) को सञ्जाल ।

त्यसैगरी राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा १३ मा गरिएको व्यवस्थाअनुरूप युवाको हक, हितको संरक्षण गर्ने उद्देश्य राखी प्रचलित कानूनबमोजिम दर्ता भएका युवासम्बन्धी ११६ वटा सङ्घ वा संस्थाहरू यस परिषद्मा आबद्ध भएका छन् ।

## राष्ट्रिय युवा परिषद्ले भोगेका समस्याहरू:

राष्ट्रिय युवा परिषद् २०७२ साल फागुन १९ गते स्थापित संस्था हो । छोटो अवधिमा नै युवाहरूको माझमा परिचित यस परिषद्ले नीतिगत एवम् कार्यक्रमगत गतिविधिहरू गर्दै आएको छ। तथापि, प्रभावकारी रूपमा आफ्नो भूमिका निर्वाह गर्न अपेक्षाकृत रूपमा सकेको छैन किनकि परिषद्ले हाल देहायानुसारका समस्याहरू सामना गरिरहन परेको छः

**सङ्घीयता अनुरूप कानून तथा नीतिको अभाव हुनु:** राष्ट्रिय युवा परिषद् ऐन, २०७२ र युवा-नीति २०७२ लाई हालसम्म सङ्घीयताअनुरूप बनाउन सकिएको छैन । वर्तमान संविधानको धारा ५८ अनुसार युवासम्बन्धी विषय अवशिष्ट अधिकारको रूपमा पर्दछ । अवशिष्ट अधिकारको रूपमा रहेको युवासम्बन्धी विषयलाई सङ्घीयकरण गर्न सकिएको छैन । प्रदेश तथा स्थानीय तहलाई कानूनतः अधिकार प्रदान गर्न सकिएको छैन । तथापि, कतिपय प्रदेशहरू आफैँ सक्रिय भएर प्रदेश युवा परिषद् गठन गरेका छन् । तर, प्रदेश युवा परिषद् र राष्ट्रिय युवा परिषद् बीचको समन्वय-सूत्र कानूनी रूपमा स्थापना हुन सकेको छैन, जसले गर्दा संरचना तथा कार्यक्रमहरूमा दोहोरोपना भएको देखिन्छ ।

**स्थापित संरचना सक्रिय नहुनु:** राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार स्थापित जिल्ला युवा समिति हाल प्रायः निष्कृय अवस्थामा नै छन् । एकातिर जिल्ला युवा समितिलाई बजेट तथा कार्यक्रम उपलब्ध गराउन सकिएको छैन भने अर्कोतिर सङ्घीयताअनुरूप बनाई यो समितिलाई खारेज गर्ने काम पनि हुन सकेको छैन ।

**परिषद् मोडलमा सञ्चालन नहुनु:** राष्ट्रिय युवा परिषद् ऐन, २०७२ ले परिषद्लाई स्वशासित र सङ्गठित संस्थाको रूपमा स्थापित गरेको छ । तथापि, हालसम्म परिषद्को सङ्गठन संरचनाको स्थायी ढाँचा स्वीकृत हुन सकेको छैन । वर्षैपिच्छे अस्थायी संरचना स्वीकृत गरी कामकाज गर्नुपरेको छ । त्यसैगरी अन्य निकायद्वारा सञ्चालन हुने युवालक्षित कार्यक्रममा परिषद्को संलग्नता तथा सहभागितासम्बन्धी कानूनको अभावलगायत समस्याहरू छन् ।

**कार्यक्षेत्र अनुरूप बजेटको आकार बढ्न नसक्नु:** १६ देखि ४० वर्षका युवाको बसाइ विविधतासँगै यसको कार्यक्षेत्र मुलुकबाहिरसम्म फैलिएको छ । तथापि, कार्यक्षेत्रको व्यापकतासँग तालमेल हुने खालको स्रोत-साधनको अभाव छ । विगतको तुलनामा झन् बजेटको आकार दुब्लाउँदै गएको छ । मुलुकमा हालसम्म Youth responsive budget निर्माण हुन सकेको छैन ।

**युवा विकाससम्बन्धी व्यवस्थित र एकीकृत योजनाको अभाव हुनु:** मुलुकमा व्याप्त बेरोजगारी, गरीबी, भ्रष्टाचार, दण्डहीनतालगायतका विषयले युवाहरूमा नैराश्यता एवम् वितृष्णाजस्ता समस्याहरू झाङ्गिँदै गएको देखिन्छ । तथापि, राज्यको तर्फबाट युवाहरूको विकास र समृद्धिका व्यवस्थित र एकीकृत योजनाको अभाव रहेको छ ।

**समन्वय सञ्जालको अभाव हुनु:** युवाहरूको हकहित संरक्षण तथा क्षमता विकासको क्षेत्रमा काम गर्ने सरकारी र गैरसरकारी निकायहरूबीच समन्वय र सहकार्य गर्ने ठाडो तथा क्षितिजीय स्वचालित समन्वय सञ्जालको अभाव छ । जसले गर्दा नीति तथा कार्यक्रममा दोहोरोपना पर्ने, यसप्रति अपनत्वको कमी हुनेजस्ता समस्या देखिएका छन् ।

## आगामी कार्यदिशा

'The youth of today are the leaders of tomorrow.' – Nelson Mandela

'We cannot always build the future for youth but we can build the youth for future.' – Franklin D. Roosevelt

माथि उल्लिखित विश्वप्रसिद्ध व्यक्तिहरूको भनाइले मुलुकमा युवाको महत्वलाई प्रष्ट रूपमा उजागर गरेको छ। नेपाल जनसङ्ख्याको हिसाबले युवावय अवस्थामा छ। तथापि, मुलुकभित्रै रोजगारी र उद्यमशीलताको अभावका कारण बैदेशिक रोजगारीका लागि २०८०, चैत्र महिनामा मात्रै ४२४९० जनाले श्रमस्वीकृति लिएको देखिन्छ। त्यसैगरी, बैदेशिक अध्ययनका लागि २०८० कार्तिक १ गतेदेखि पौष मसान्तसम्मको तीन महिनाको अवधिमा १६६८३ जनाले बैदेशिक अध्ययन अनुमतिपत्र लिएको अवस्था छ। यसले नेपाली युवाहरू रोजगारी र अध्ययनका लागि विदेश पलायन हुने क्रम बाक्लिँदै गएको पुष्टि गर्दछ। यस्तो अवस्थाको अन्त्य गर्नका लागि तीनै तहका सरकारले संवेदनशील तवरले सम्बोधन गर्न आवश्यक छ। यसका लागि निम्नानुसारका उपायहरू अवलम्बन गर्न आवश्यक देखिन्छः

**युवासम्बन्धी कानून र नीतिलाई समसामयिक बनाउने:** अवशिष्ट अधिकारका रूपमा रहेको युवासम्बन्धी विषयमा प्रदेश तथा स्थानीय तहलाई जवाफदेही र जिम्मेवार बनाउँदै तीनै तहबीच समन्वय, सहकार्य र सहअस्तित्वलाई प्रभावकारी बनाउने गरी राष्ट्रिय युवा परिषद् ऐन, २०७२ र राष्ट्रिय युवा-नीति, २०७२ लाई परिमार्जन गर्नुपर्दछ। परिमार्जित कानून तथा नीतिले तीनै तहलाई स्पष्ट खाका प्रदान गर्नुपर्दछ।

**युवा परिषद्को संस्थागत क्षमता विकास गर्ने:** राष्ट्रिय युवा परिषद् कूल जनसङ्ख्याको ४२.५% युवाहरूको नेतृत्व गर्ने केन्द्रीय निकाय भएको हुँदा यसको क्षमता विकासमा मुलुकले चासो दिनुपर्दछ। विगतमा भएको बजेट आकारभन्दा वर्तमानमा घट्दै जाने विषयक राज्यले सम्बोधन गर्न आवश्यक छ। दक्ष तथा विषयविज्ञ जनशक्तिको व्यवस्था गर्न स्थायी संरचना स्वीकृत गरी परिषद्का आफ्नै कर्मचारी भर्ना गर्नुपर्दछ। त्यसैगरी, परिषद् सञ्चालनका खम्बाका रूपमा रहेका ऐन, र नीतिलाई चाँडो सङ्घीयता अनुकूल बनाउनुपर्छ।

**Youth Responsive Budget को व्यवस्था गर्ने:** मुलुकमा व्याप्त गरीबी, बेरोजगारी, प्राविधिक तथा गुणस्तरीय शिक्षाको कमीका कारण युवाहरूमा नैराश्यता, कुण्ठा र राज्यप्रति अविश्वास सिर्जना भएको वर्तमान अवस्थालाई सम्बोधन गरी युवा पलायन रोक्नका लागि प्रभावकारी, व्यवस्थित र एकीकृत योजना निर्माण गरी Youth Responsive Budget मार्फत कार्यान्वयन गर्नुपर्दछ।

**समन्वय सञ्जाल निर्माण गर्ने:** युवाको विषय बहुआयमिक र बहुक्षेत्रगत विषय हो। यसमा बहुतह, निकाय र क्षेत्रको संलग्नता छ। तसर्थ, यसलाई सरल र सहज बनाउन, समन्वय र सहकार्य प्रभावकारी बनाउन स्वचालित समन्वय संयन्त्र निर्माण गर्नुपर्दछ।

## निष्कर्ष:

नेपाल सरकारले युवाको हकअधिकार सुनिश्चित गर्दै उनीहरूको क्षमता, दक्षता र योग्यता विकासका प्रयासहरू भइरहेका छन्। तथापि, माथि उल्लिखित समस्याहरू मौजुदा छन्। वर्तमानका हिस्सेदार र भविष्यका कर्णधारका

रूपमा रहेका युवाको क्षेत्रमा सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्दै अन्य क्षेत्रलाई समेत युवाहरूको विकास र समृद्धिका लागि आगामी दिनमा काम गर्नुपर्ने देखिन्छ। परिवर्तनका संवाहकका रूपमा रहेका युवाहरूलाई स्वस्थ, कर्मठ र उद्यमी बनाउँदै समृद्ध नेपाल, सुखी नेपालीको कार्यभार सुम्पनुपर्दछ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान, कानून आयोग
- राष्ट्रिय युवा परिषद् ऐन, २०७२, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी भक्तपुर
- राष्ट्रिय युवा-नीति, २०७२, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी भक्तपुर
- युथ भिजन- २०२५ तथा दशवर्षे रणनीतिक योजना, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी भक्तपुर
- राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय
- कार्यक्रम सहजीकरण पुस्तिका २०८०/८१ नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी भक्तपुर
- युवा सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०७६,नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी भक्तपुर
- युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ (पहिलो संशोधन २०८०), नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी भक्तपुर
- युवा क्लब गठन तथा नमुना युवा संसद सञ्चालन कार्याविधि, २०७५, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी भक्तपुर
- राष्ट्रिय युवा परिषद् ऐन, २०७२, नेपाल कानून आयोग
- National Youth Service Council of SriLank
- Country youth profile, Bangladesh

- राष्ट्रिय युवा-नीति, २०७२ दफा २ (क), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
- नेपालको राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय
- युवा-नीति, २०७२
- युथ भिजन-२०२५
- युवा क्लब गठन तथा नमुना युवा संसद सञ्चालन कार्याविधि, २०७५
- युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ (पहिलो संशोधन २०८०)
- कार्यक्रम सहजीकरण पुस्तिका २०८०/८१
- स्वतः प्रकाशन हुने सूचनाहरू

**वेभसाइटहरू:**

www.nyc.gov.np,

www.moest.gov.np,

www.dofe.gov.np,

noblequotes.com,

www.quotes.pics



*राजकुमारी खत्री राष्ट्रिय युवा परिषद्का शाखा अधिकृत हुन् ।*

# युवा सहभागिता देशको व्यवस्था परिवर्तनदेखि विदेश पलायनसम्म



विनोद शाही ठकुरी

हाम्रो मानव-जीवनमा युवावस्था सम्पूर्ण जीवनको सबैभन्दा ऊर्जाशील, गतिशील र कर्मशील समय हो । एक युवा हुनका लागि मानव जन्मेदेखि युवावस्थामा आइपुग्न शारीरिक, मानसिक एवम् संवेगात्मक विकास उत्कर्षको चरणमा पुगेको हुनुपर्दछ । । युवा भन्नाले स्वस्थ शरीर, मस्तिष्कमा विचार, मनमा सपना र ती सपना साकार पार्न सक्ने लगनशील क्षमताका साथै जोस र जाँगर भएको उमेर हो । सुसंस्कृत सबल युवा हुनका लागि उमेरका साथसाथै शारीरिक एवम् मानसिक रूपले स्वस्थ, तन्दुरुस्त र सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक वातावरणमा समेत उन्नत हुनु जरुरी छ ।

नेपालको सन्दर्भमा १६ वर्षदेखि ४० वर्ष उमेर-समूहलाई युवा भनिन्छ । युवाको उमेर अधिकांश देशमा १५ देखि ३५ वर्षका बीचमा कायम गरिएको पाइए पनि संयुक्त राष्ट्रसङ्घ र विश्व बैङ्कजस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ वर्षको उमेर-समूहलाई युवा मानेको छ । नेपालको सन्दर्भमा नेपालको अन्तरिम संविधानले १५ देखि २९ वर्षको उमेर-समूहलाई युवा भनेर परिभाषित गरेको थियो भने राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा-नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर-समूह निर्धारण गरेको छ । 'युथ भिजन-२०२५ मा १६ देखि २४ वर्ष र २५ देखि ४० वर्षको उमेर-समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरिएको छ । २०७८ को जनगणना अनुसार कुल जनसङ्ख्यामा युवाको सङ्ख्या ४२.५६ प्रतिशत छ । युवावर्ग घर, परिवार, समाज, राष्ट्र र विश्वका मेरुदण्ड भएकाले देशको कुल ग्राहस्थ उत्पादन, आर्थिक वृद्धि तथा विकास, सामाजिक तथा सांस्कृतिक विकास र पर्यटन प्रवर्धनमा युवाहरूको महत्वपूर्ण भूमिका हुन्छ । नेपालमा भएका विभिन्न युगान्तकारी परिवर्तनहरूमा युवाको सार्थक सहभागिता रहँदै आएको छ । मुलुकमा हजारौं युवाले राजनीतिक एवम् सामाजिक परिवर्तनका लागि जीवनको बलिदान दिएका छन् । तसर्थ, युवाका योगदान, सङ्घर्ष र सहभागिता राज्यका हरेक क्षेत्रमा चुनौती सामना गर्न सक्ने गरी समाधान स्वरूप महत्वपूर्ण रहेको छ । करिब १ करोड २४ लाखको सङ्ख्या युवाशक्ति रहेको नेपालबाट वर्षेनि लाखौंको सङ्ख्यामा युवा बैदेशिक रोजगार, उच्च शिक्षालगायत भविष्यको सुनौलो सपनाको खोजीमा विदेश गइरहेका तथ्याङ्क हामी सामु छन् । विश्वका जुनसुकै देशमा मानिसहरू आवतजावत त निरन्तर प्रक्रिया हो तर नेपालका युवाहरू विदेशमा नै पलायन भइरहेको यथार्थता छ ।

नेपालबाट बैदेशिक रोजगारीका लागि संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७८ देशमा जान सकिने व्यवस्था छ । द्वन्द्वग्रस्त रुस, युक्रेनदेखि आन्तरिक युद्धले ग्रसित सिरिया, सोमालिया, सुडानलगायत देशमा पनि नेपाली श्रमिक पुगेका छन् । आर्थिक वर्ष ०७९/८० मा मात्रै ७ लाख ७१ हजार ३२७ (६ लाख ९९ हजार १९३ पुरुष र ७२ हजार १३४ महिला) ले १४४ देशका लागि श्रमस्वीकृति लिएको बैदेशिक रोजगार विभागको तथ्याङ्क छ । यीमध्ये ४ लाख ९४ हजार २२४ (४ लाख ४० हजार ७२४ पुरुष र ५३ हजार ५०० महिला) ले नयाँ श्रमस्वीकृति लिएका थिए ।

बैदेशिक रोजगारीका सिलसिलामा नेपाली युवा विश्वका एक सय ४४ मुलुकमा छन् । आर्थिक वर्ष ०७९/८० मा ७ लाख ७१ हजार ३२७ नेपालीले संस्थागत र व्यक्तिगत रूपमा १४४ देशमा रोजगारीका लागि जान बैदेशिक रोजगारको विभागबाट श्रमस्वीकृति लिएका थिए । उनीहरूमध्ये ६ लाख ९९ हजार १९३ पुरुष र ७२ हजार १३४ महिला छन्न् ।

रोजगारीका लागि सरकारले धेरै मुलुक खुला गरे पनि हालसम्म ११ मुलुकसँग मात्रै श्रमसम्झौता गरेको छ । भारततर्फको खुला सिमानामा त झन् वर्षेनि लाखौँ युवा मजदुरीका लागि भारतका विभिन्न शहरहरूमा निम्नस्तरको काम गर्न गइरहेका छन् । विदेशी बजारमा सस्तो मूल्यमा श्रम बेच्न बाध्य युवा बैदेशिक रोजगारका नाममा ठगिईरहेका छन् । नेपाली युवाको श्रमका साथसाथै रकम दुबै बाहिरिरहेको छ । हाम्रा मुलुकका करिब ७० देखि ८० प्रतिशत युवा जनशक्ति बाहिरिरहेको अवस्था छ ।

नेपालमा नै रहेका युवाहरू पनि रोजगारी तथा जीवनयापनका लागि आयआर्जन गर्न शहरका गल्लीगल्लीमा भौंतारिँदै हिँड्नुपरिरहेको विडम्बनायुक्त अवस्था छ । केही गरौँ हाम्रै देशमा भन्ने युवाले सोचेजस्तो शिक्षा केही हदसम्म पाए पनि रोजगार र अवसर पाएका छैनन् । कृषि, पशुपालन क्षेत्रतर्फ आकर्षित युवाहरू पनि स्रोत तथा साधनको अभावसँगै अत्याधुनिक प्रविधिको अभाव त छँदै छ, उत्पादनपछि बजारको अभाव, सञ्चय गर्ने प्रविधिको अभाव र राज्यको नीतिका कारण समस्या झेलिरहेका छन् । खाडी मुलुकका देशहरूको तलबको भरमा परिवार पाल्नुपर्ने अवस्था रहेको देखिन्छ । नेपाल सरकारसमेत रेमिट्यान्सको भर परिरहेको छ । युवाहरूमा निजी क्षेत्रमा काम गर्ने वातावरण त्यति उत्साहजनक, प्रभावकारी र आकर्षणयुक्त छैन । नेपाली संस्कृति, परम्पराको उत्कृष्टतामा नरमाएर युवाहरू विदेशमा नै जानुपर्ने वातावरण छ ।

नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउनका लागि नेपालमा नीतिगत स्तरमा व्यवस्थाहरू भए पनि त्यसको कार्यान्वयन पक्ष भने सबै कमजोर छ । राष्ट्रिय युवा नीति २०७२ को सङ्घीयता पश्चात् परिमार्जन नभइरहेको अवस्थामा नीतिनियमहरूलाई परिमार्जन गर्दै लगेर आधुनिक, वैज्ञानिक तरिकाले समायानुकुल तयार हुन जरुरी छ । नेपालको संविधान र नेपाल सरकारको राष्ट्रिय युवा-नीति २०७२, युथ भिजन २०२५, राष्ट्रिय युवा परिषद् ऐन, २०७२ ले युवाका आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै नीति-निर्माणदेखि कार्यान्वयन तहसम्म सार्थक सहभागिता र नेतृत्व क्षमताको विकासमार्फत सामर्थ्यवान, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवम् सकारात्मक सोचयुक्त सुसंस्कृत युवा तयार गर्नुपर्ने अवस्था आएको छ ।

संयुक्त राष्ट्रसङ्घको १७ डिसेम्बर १९९९ मा सम्पन्न ५४ औँ साधारणसभाले अगस्ट १२ तारिखलाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । युवा दिवस मूल रूपमा युवाका मुद्दाका पक्षमा आवाज मुखरित गर्नु, बनेका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानून तथा घोषणापत्र कार्यान्वय गर्नु, आवश्यक कानून बनाउनु र आवश्यकताअनुसार समयसापेक्ष संशोधन गर्न वकालत गर्नु नै मुख्य उद्देश्य हो ।

संयुक्त राष्ट्र सङ्घको घोषणासँगै सन् २००० देखि नियमित रूपमा विश्वभर युवासम्बन्धी विभिन्न चेतनामूलक तथा मनोरञ्जात्मक र उधमशीलताका कार्यक्रमहरूको आयोजना गरी युवा दिवस मनाइँदै आइरहेको छ । हाम्रो नेपालमा भने सन् २००४ देखि मनाउन थालिएको हो । युवालाई अधिकारमात्र हैन, कर्तव्यप्रति पनि उत्तिकै सचेत र जिम्मेवार बनाउनु पर्छ । दिवस मनाउनका लागि मात्र नभएर राष्ट्र, राष्ट्रियता प्रति सजगभई युवालाई उद्यमशिलता, श्रमशिलता अनुशासित, नैतिकवान, कर्तव्य तथा दायित्वप्रति निष्ठावान हुन प्रेरणा दिन सार्थक हुनुपर्छ । प्राप्त उपलब्धिको

रक्षा, सवाल तथा मुद्दाहरूको यथोचित सम्बोधन तथा चुनौतीहरूको सामना गरी विश्व परिवेश तथा नेपालअनुकूल हुने गरी युवालाई राष्ट्रिय तथा सामाजिक अभियानहरूमा स्वयम्‌सेवकका रूपमा व्यापक परिचालन गर्ने कार्यक्रम समावेश हुनुपर्छ।

यसका अतिरिक्त युवालक्षित मुद्दा तथा सवालहरू कार्यान्वयन गर्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय-स्तरमा सकारात्मक दबाब सिर्जना गर्नु पनि हो । युवाका सवालहरूमा विश्वका विभिन्न देशका सरकार तथा सरोकारवालालाई सचेत तथा जागरुक गराउन दिवसको घोषणा गरिएको हो।

गतवर्ष 12 Aug 2023 मा युवा दिवसमा अन्तर्राष्ट्रिय नारा Green Skills for Youth Towards a Sustainable World थियो।

12 Aug 2024 को अन्तर्राष्ट्रिय युवा दिवसका लागि नारा "Transforming Food Systems: Youth Innovation for Human and Planetary Health", (खाद्यप्रणालीमा रूपान्तरण : मानव र ग्रह स्वास्थ्यका लागि युवा नवप्रवतन) रहेको छ।

यस युगका ऊर्जाशील र प्रतिभावान युवाहरू आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक परिवर्तनमा अग्रदस्तामा रही सबल, प्रतिस्पर्धी र आत्मनिर्भरतातिर अघि बढिरहेका छन्। देशमा राजनीतिक अनुकूलता र स्थिरता रहेको अवस्थामा युवाको सक्षम नेतृत्वको आवश्यकता रहेको छ। राज्यका हरेक अङ्गमा सार्थक सहभागिता सुनिश्चित गरी नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन अर्थपूर्ण र क्रियाशील रूपमा लाग्नुपर्ने जिम्मेवारी आएको छ। युवाहरू बौद्धिक, सिर्जनशील, सीपयुक्त उद्यमी र जिम्मेवार नागरिकको भूमिका निर्वाह गरी अध्ययन, रोजगार, जीविकोपार्जन र अवसरका निमित्त लाग्नु टड्कारो आवश्यकता छ।

नेपालमा निर्वाचन आयोगको तथ्याङ्कअनुसार स्थानीय तहमा निर्वाचित (१६ देखि ४० वर्ष उमेर-समूह) का युवाहरूको सङ्ख्या १३ हजार ८ सय ९३ अर्थात् ३९.६५ प्रतिशत रहेको छ। प्रदेश तहमा २३.६३ प्रतिशत, प्रतिनिधिसभामा १३.९ प्रतिशत र राष्ट्रिय सभामा ६.७७ प्रतिशत रहेको पाइन्छ। युवा परिषद्को उपस्थिति सबै प्रदेश र जिल्ला तथा स्थानीय तहमा पुगिसकेको छ। यसरी राज्य सञ्चालनका तह र तप्कामा युवाको उपस्थिति तथा कार्यक्रमले अझ थप बल, ताकत, ऊर्जा र क्रियाशीलता अभिवृद्धि भएको छ, जसबाट युवाहरू नीति-निर्माणमा सार्थक सहभागिता, आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवनमा सहभागिता वृद्धि भएको छ। यसका अलावा अझ आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, भौतिक, बौद्धिक विकासका लागि केही थप कार्य गर्नुपर्ने अनुभूति भइरहेको छ। युवामा नैतिकता, चारित्रिक गुण तथा अनुशासन विकास गरी परिवर्तित विश्व श्रमबजारमा खरो प्रतिस्पर्धा गर्नसक्ने सभ्य, सुशील तथा स्वाभिमानी देशभक्त, पौरखी, सिर्जनशील, लगनशील, प्रतिस्पर्धी, उत्साही, ऊर्जाशील युवा बनाउनका निमित्त अन्तर्राष्ट्रिय जगत् र राज्य थप बलपूर्वक लाग्नुपर्छ।

राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल तपाईं-हामीले नै निर्माण गर्नुपर्छ। विदेशी शिक्षा, रोजगारी, सीप, आय, सेवा, सुविधा, अवसर प्रति लगाव बढ्दै गइरहेको वर्तमान परिप्रेक्षमा राज्यका नीति, नियम, निर्देशन, निर्णय, आयोजना, कार्यक्रमहरू सबै त्यति प्रभावकारी सिद्ध भएका छैनन्। विश्वमा भइरहेको आर्थिक वृद्धि तथा विकासको तुलनामा हामी धेरै पछिको स्तरमा छौं। हामीसँग भएका सीमित स्रोत-साधनको उपयोग हुन सकेको छैन। युग बदलिँदो आधुनिक, विकसित प्रविधि हामीसँग छैनन् भन्ने यथार्थ हो। हामीसँग युवा जनशक्ति उपयोग गर्न सक्ने उद्योगधन्दा, कलकारखाना छैनन्। प्राविधिक, सीपमूलक, आयमूलक एवम् व्यावहारिक शिक्षामा जोड दिइएको छैन।

अत्याधुनिक पाठशाला एवम् अध्ययन अनुसन्धानका लागि प्रयोगशालाहरू छैनन् । विश्वविद्यालयहरू राजनीतिक क्षेत्रमा सीमित रहेका छन् । राजनीतिक परिवर्तन ल्याउनका लागि आफ्नो बलिदान दिने युवाहरूलाई राजनीतिक क्षेत्रमा ठाउँ खाली छैन । राजनीतिक परिवर्तनसँगसँगै युवाहरूको सहभागिता, क्रियाशीलता बढ्दै जानुपर्नेमा झन्झन् कमजोर भइरहेको छ । राजनीतिक पार्टीहरूमा युवाका विचार, क्षमता र सक्रियताले कम प्राथकिता पाएको अवस्था छ । विश्वका हरेक परिवर्तनमा युवाको महत्वपूर्ण योगदान हुन्छ । राज्यको उदयसँगै राष्ट्र-निर्माण तथा समाजको आर्थिक, सामाजिक तथा राजनीतिक विकासमा पनि युवाको भूमिका सधैँ अग्रणी रहँदै आएको छ । युवा नै परिवर्तनका वाहक हुन् र समाजलाई नेतृत्व दिने शक्ति हुन् । नेपालमा सानाठूला सबै आन्दोलनमा युवाको महत्वपूर्ण भूमिका रहँदै आएको छ । राणा शासनकालको अन्त्य गर्दा होस् या २०४६ र २०६३ सालको जनआन्दोलनमा, युवाको महत्वपूर्ण सहभागिता थियो । २००७ साल र २०४६ सालको आन्दोलनबाट परिवर्तन त भयो तर आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक परिवर्तन संस्थागत हुन नसक्दा आज नेपालको विकासको गति सुस्त छ ।

हामीसँगै राजनीतिक परिवर्तन भएका चीन र भारत तीव्र गतिमा आर्थिक र सामाजिक विकासतिर लम्किँदा हामी भने कछुवा गतिमा पनि हिँड्न सकेका छैनौँ । २००७ सालदेखि अहिलेसम्मका परिवर्तनको मसिनो ढङ्गले अनुसन्धान र विश्लेषण गर्ने हो भने युवाको विगत जति कष्टप्रद थियो वर्तमान पनि उत्तिकै निसासिँदो र भविष्य झनै अन्योलग्रस्त रहने अशुभ सङ्केत देखापरेका छन् । विगतमा हामीले उठाएका मुद्दा, माग, नारा र योजना ठीक थिए कि थिएनन् भनेर समीक्षा गर्ने जिम्मेवारी हामी युवाको काँधमा आएको छ । गैरसरकारी तथा निजी क्षेत्रका रोजगारीमा स्थायित्व प्रदान गर्नका लागि न्यूनतम ज्याला सम्बन्धीको विषयवस्तु समेटिएर कार्यान्वयन गर्नु आवश्यक छ । नागरिकविनाको राज्य कल्पना गर्न सकिँदैन तसर्थ मुलुकका नागरिकलाई राज्यले कृषि, व्यवसाय तथा स्वरोजगार उन्मुख उद्यमशीलतामा बढी जोड दिनुका साथै अर्थ-व्यवस्थामा सरकारले नियमनकारी भूमिका खेल्नु जरुरी छ । सार्वजनिक निजी साझेदारीमा युवाहरूको सहभागितामा जोड दिइनुपर्दछ । राज्यबाट स्वरोगजारका लागि प्रदान गरिने अनुदान, प्रशिक्षण, तालिम लगायत सीप विकासका कार्यक्रममा एकरूपता ल्याई एकीकृत ढङ्गले कुनै एक निकाय तथा युवाका लागि स्थापना गरिएको सरकारी संस्था राष्ट्रिय युवा परिषद्मार्फत अधिकार प्रत्याभूत गरी प्रभावकारी ढङ्गले प्रदान गर्ने व्यवस्था गरिनुपर्दछ । राज्यबाट बेराजगार भत्ताभन्दा रोजगार सिर्जना र स्वरोजगारका लागि सहयोग गरिनुपर्छ । नेपालमा रहेका सम्भावना रहेका खानी उत्खनन्, जडिबुटी उत्पादन एवम् प्रशोधन, विद्युत् उत्पादन, पर्यटन प्रवर्धन र कृषि-क्षेत्रमा लगानी गर्नु आवश्यक छ । नेपाली श्रम-बजारमा नेपालकै श्रमको उपयोग गराउन सक्नुपर्छ ।

सङ्घीयतालाई आत्मसात गर्दै स्थानीय स्तरमा विभिन्न युवा क्लब तथा समितिहरू स्थापना गरी सामाजिक विकासका लागि युवाहरूलाई क्रियाशील बनाउनुपर्छ । स्थानीयस्तरमा युवाहरूलाई सामूहिकीकरण गरी साझा रूपमा कृषि, पर्यटन, व्यापार, व्यवसायलगायतका सामाजिक कार्यमा सहभागिता बढाउनुपर्छ । सरकारद्वारा पर्यटकीय क्षेत्र, कृषि-क्षेत्र, औद्योगिक क्षेत्रका रूपमा क्षेत्र र स्थानहरू निर्धारण गरी युवाको सक्रियता बढाउनु आवश्यक छ । युवाको सहभागिता र क्रियाशीलताका लागि अब आउने वर्ष राष्ट्रिय युवा वर्ष मनाउनुपर्छ । आज पढेलेखेका युवा उच्चशिक्षाका लागि भनेर अमेरिका, अस्ट्रेलिया ताक्छन् । ग्रामीण युवा रोजगारीका लागि खाडी मुलुक र मलेसिया, पुग्छन् । गत आर्थिक वर्षमात्रै यसरी विदेशिनेको सङ्ख्या झन्डै ८ लाख पुगेको छ । तीमध्ये कतिपय मानव-तस्करीको जालोमा फस्छन् र जीउधन दुबै गुमाउँछन् । विदेशमा ऊर्जाशील युवाको निर्यात हाम्रो हितमा छैन, नेपाली युवाको हितमा छैन । बैदेशिक रोजगारीबाट आर्जित विदेशी मुद्रा सुविधाभोगी वर्गको मोजमस्तीको साधन भएको छ । रोजगारीमा जाने कसैले बजारमा सिमेन्टको एउटा घर ठड्याएको होला तर उसको सामाजिक र पारिवारिक जीवन विशृङ्खलित भएको छ, भविष्य असुरक्षित भएको छ ।

नेपालमा रेमिट्यान्स बढेकोमा उत्साह मान्ने कि हरेक दिन हजारौँ नेपाली रोजगार अथवा अध्ययन गर्न विदेशिएकोमा दुखित हुने ? यो प्रश्न अहिले नेपाली अर्थ सामाजिक कोणका हिसाबले सबैभन्दा महत्व राख्ने प्रश्न हुन सक्छ। चालू आर्थिक वर्षको पहिलो महिनामा १ खर्ब १६ अर्ब रेमिट्यान्स भित्रिएको थियो, जुन मासिक गणनामा हालसम्मकै उच्च हो। ३३ महिनापछि चालू खाता पनि बचतमा जानुले अर्थतन्त्रको बाह्य क्षेत्र बलियो हुँदै गएको सङ्केत गरेको छ। झट्ट हेर्दा उत्साहप्रद देखिने यस विषयको अर्को पाटोबाट हेर्दा भने विचारणीय रहेको छ। नेपालका युवाहरू विदेश पलायन हुने लर्को झनै बढ्दो छ। यसले गर्दा देशभित्र युवाशक्तिको झन्-झन् अभाव हुन थालेको छ। गाउँका घर रित्तिएका छन्। गाउँमा विकसित हुँदै गएका कृषि सहकारी, पशुपालन, तरकारी खेतीलगायत कृषि व्यवसाय सङ्कटग्रस्त हुन थालेका छन्। युवाहरूको विदेश आकर्षण पूरै रोक्न सम्भव नभए पनि बेरोजगारले गर्दा विदेशिने युवावर्गलाई स्वदेशमै कसरी उपयोग गर्न सकिन्छ भनि नसोच्ने हो भने यो समस्या आर्थिक हिसाबले मात्र नभई सामाजिक हिसाबले पनि झन् कहालीलाग्दो हुँदै जानेछ।

आमा-बुबाको निधन हुँदा पनि विदेश गएका छोराछोरी कहिले नेपाल आउने हुन् र अन्तिम संस्कार गरौँला भन्ने स्थिति भइसकेको छ। हालै निधन भएका संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङका छोराहरू नेपाल आइनपुगेको हुँदा दाहसंस्कारका लागि दुई दिन पर्खिनुपर्‍यो । नेपाली राजनीतिज्ञका उच्च ओहोदामा पुगेका नेताहरूले आफ्ना सन्ततिहरूलाई नेपालमै बसेर केही गर्न प्रेरणा दिन नसकिरहेको पनि यसले उजागर गरेको छ। यस्तो अवस्था नेपालका लागि सामान्य भइसकेको छ। हाम्रा सामाजिक जीवनको परिर्वतन भइरहेको यो एउटा ज्वलन्त उदाहरण हो। सक्रिय काम गर्ने उमेर, जाँगर र सीपयुक्त जनशक्तिको अभावमा अब मुलुकले चाहेको वा गर्न खोजेको आर्थिक-सामाजिक विकासको सम्भावना दिनानुदिन क्षीण हुँदै गएको छ।

जनशक्तिको अभावमा विकास निर्माणका आयोजना एवम् औद्योगिकीकरणका लागि जनशक्ति नपाइने, श्रमबजारमा आपूर्ति कम भएका कारण बढ्ने ज्यालादरले उत्पादन र आयोजना कार्यान्वयन लागत बढाउने अनि विदेशबाट पठाएको रेमिट्यान्सले बढाएको उपभोगले आयातमात्रै बढाइरहने आर्थिक दुश्चक्र सतहमै देखिएका प्रत्यक्ष चुनौतीहरू हुन्। त्यसैले रमिट्यान्स बढेकोमा मात्र खुशी हुन सक्ने स्थिति छैन। विकासको माग गर्ने सशक्त आवाज, विकासलाई कार्यरूप दिने मस्तिष्क, विकासको प्रतिफल उपभोग गर्ने सक्रिय उमेरको जनसङ्ख्याको अनुपस्थितिमा मुलुकको वर्तमान विकास र भविष्यको बाटो दुबै अन्धकारको भुमरीमा छन्। यस प्रवृत्तिलाई नउल्ट्याई मुलुकको विकासको गफ गर्नु निरर्थक साबित हुने स्पष्ट भइसकेको छ। अतः रेमिट्यान्सले मात्र देशलाई सधैँ धान्न सक्दैन भन्ने हेक्का राख्नुपर्छ।

नेपालको स्रोत-साधन ३ ज (जल, जमिन र जङ्गल) लाई अधिकतम प्रयोग गरेमा समुन्नत नेपाल बन्न सक्छ। अन्त्यमा, सामाजिक क्षेत्रमा समेत क्रियाशील युवालाई प्रोत्साहित गरी उनीहरूको क्षमतालाई अभिवृद्धि गर्नुपर्छ। विभेदरहित समाजको निर्माण गरी युवाहरूको सबै क्षेत्रमा सम्मानजनक सहभागिता, राज्यद्वारा रोजगार सिर्जना, स्वरोजगारका लागि आवश्यक सहयोग, संस्कृति र पर्यटन प्रवर्धनमा जोड दिनुपर्छ। राजनीतिक क्षेत्रमा युवा विचारहरूलाई प्राथमिकता दिई राज्यका नीति-निर्माण प्रक्रियामा समेत अझ समावेश गरिएमा साँच्चिकै युवालाई न्याय हुने देखिन्छ।

*विनोद शाही ठकुरी राष्ट्रिय युवा परिषद्का बोर्ड सदस्य हुन्।*

# नेपाली युवाको समस्या र समाधानका लागि भएका प्रयासहरू



दिलीपकुमार श्रीवास्तव


## १. सारांश

युवा भन्नाले शारीरिक एवम् मानसिक शक्ति र सामर्थ्यले युक्त मानव-स्रोत हो । मानव-जीवनको सबैभन्दा सक्रिय र उत्पादनशील उमेर अवस्था युवा हो। देशको विकास र समृद्धिमा युवाहरूको अहम् भूमिका हुने गर्दछ। उमेर र उनीहरूले गर्ने कामका आधारमा हेर्दा युवा उमेर जीवनको सबैभन्दा महत्वपूर्ण समय हो । युवाहरूको शक्तिलाई राष्ट्रको मेरुदण्ड र परिवर्तनको संवाहकका रूपमा चिनिन्छ । अन्य विकासोन्मुख देशमा जस्तै नेपालमा पनि युवाहरूको अवस्था सन्तोषजनक छैन। संयुक्त राष्ट्र सङ्घलगायतका सङ्घ र संस्थाहरूले आआफ्नै तरिकाले युवा उमेरलाई परिभाषित गरेका छन् । नेपालको जनगणना २०७८ अनुसार वर्तमान जनसाङ्ख्यिक संरचनाको ठूलो हिस्सा युवाको जनसङ्ख्याले ओगटेको छ । देशका युवाहरूको ठूलो हिस्सा रोजगारीको खोजीका लागि श्रम-बजारमा प्रवेश गर्ने गर्छन। हाम्रो देशको हाल दैनिक करिब १ हजार ५ सयको सङ्ख्यामा युवा औपचारिक माध्यमबाट विदेश जाने गरेका छन्। भारतलगायत अन्य मुलुकमा अनौपचारिक ढङ्गले जाने गरेका युवाको सङ्ख्या पनि ठूलो छ। यसरी एकातर्फ रोजगारीको खोजीमा ठूलो सङ्ख्यामा श्रमशक्ति पलायन भएको छ भने अर्कातर्फ श्रमशक्तिकै अभावमा हाम्रो गाउँघरका खेतबारी बाँझो बन्दै गएका छन्। यस लेखमार्फत नेपाली युवाको समस्या तथा निराकरणका लागि गरिएका प्रयासहरूको बारेमा चर्चा गर्ने जमर्को गरेको छु।


## २. पृष्ठभूमि र परिभाषा

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ का अनुसार १६ देखि ४० वर्ष उमेर-समूहका व्यक्तिलाई युवाको रूपमा परिभाषित गरिएको छ । युवा जनशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकासका माध्यमबाट अहिलेका विकसित तथा विकासशील राष्ट्रले विकास निर्माणमा प्रगति हासिल गरेको देखिन्छ। हरेक देशको विकास र प्रगतिमा युवाको योगदान प्रमुख हुने गरेको छ। यसबाट नेपाल युवा जनसाङ्ख्यिक लाभांशबाट फाइदा लिई समृद्धि र विकासको सुनौलो युगमा प्रवेश गर्न सक्ने अवसरको अवस्थामा रहेको छ तथापि विविध कारणले देशको आर्थिक र सामाजिक क्षेत्रमा अपेक्षाकृत परिवर्तन हुन सकेको छैन । नेपालमा युवा विकासका लागि वि.सं. २०७२ सालमा राष्ट्रिय युवा-नीति तथा युथ भिजन २०२५ तथा दश वर्षे रणनीतिक योजना जारी गरी नेपालमा पहिलो पटक युवा विकासका लागि सरकारी स्तरबाट तयार भएको ठोस कार्ययोजनासहितको दस्ताबेजको रूपमा युथ भिजन रहेको छ। युवाशक्ति सक्षम रहेको र उक्त जनशक्तिले स्वदेशमा उपयुक्त काम गर्ने अवसर पाएको अवस्थामा नै देशले विकासको चरण लिएको विश्वका विकसित मुलुकको अनुभवले देखाएको छ। युवाशक्ति देशको सबैभन्दा बढी गतिशील र ऊर्जावान् जनशक्ति हो। यु.एन.को परिभाषामा १५ देखि २४ वर्ष उमेर-समूहलाई युवा, छिमेकी देश भारतमा १८ देखि २९ वर्ष उमेर-समूहलाई, अर्को छिमेकी देश चीनमा १८ देखि ३५ वर्ष उमेर-समूहलाई युवा माने का सन्दर्भमा नेपालको युवानीतिले १६ देखि ४० वर्ष उमेर-समूहलाई युवा, मानी परिभाषित गरेको छ। युथ भिजन २०२५ ले युवाको उमेर, आवश्यकता र सम्भावनाका आधारमा १६ देखि २४ वर्षसम्मलाई अध्ययनको चरण र

२५ देखि ४० वर्षसम्मको उमेर-समूहलाई रोजगारी, आत्मनिर्भर तथा उद्यमशीलताको चरण मानेको छ। नेपालको राष्ट्रिय जनगणना २०७८ लाई आधार लिने हो भने नेपालमा युवा जनसङ्ख्या कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत रहेको र कुल सङ्ख्यामा भन्नुपर्दा झन्डै १ करोड ७ लाख बढी हुन आउँछ । तसर्थ, नेपालमा युवा जनसङ्ख्या बाहुल्य रहेको हालको चरणमा जनसाङ्ख्यिक लाभांशको भरपूर उपयोग गर्दै सन् २०३० मा मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुँदै दिगो विकास लक्ष्य हासिल गर्नमा समेत सकारात्मक भूमिकामा हुने नेपाल सरकारको अपेक्षा रहेको छ।

अन्तर्राष्ट्रिय-स्तरमा संयुक्त राष्ट्रसङ्घको जनसङ्ख्या, शिक्षा, रोजगारी र स्वास्थ्यपद्धति युवा जनशक्तिको सार्थक उपयोग विषयक तथ्याङ्क पुस्तक प्रयोजनका लागि १५ देखि २४ वर्ष उमेर-समूहका व्यक्तिलाई 'युवा' भनिएको छ । खासगरी स्कूले शिक्षा पूरा गरी महाविद्यालयको शिक्षा हासिल गरेर रोजगारीका बजारमा प्रवेश गर्ने उमेर अवस्थाका आधारमा लिइएको उमेर-समूह हो । राष्ट्रमण्डल (कमनवेल्थ) को मान्यतामा युवाको उमेर-समूह १५ देखि २९ वर्ष मानिएको छ। अफ्रिकन युथ चार्टरले युवाका रूपमा १५ देखि ३५ वर्ष समूहलाई मान्यता दिएको छ। अफ्रिकी मुलुकको 'नाइजेरियाली राष्ट्रिय युवानीति' मा १८ देखि ३५ वर्षका व्यक्तिलाई युवा मानिएको छ । नेपालमा पहिले तीन वर्षीय अन्तरिम योजनाले युवाको उमेर-समूह १५ देखि २९ वर्ष तोकेको थियो । चौधौँ योजनाले १६ देखि ४० वर्षसमूहका व्यक्तिहरू 'युवा' हुन् भनी मानेको छ। नेपालको संविधान २०७२ को धारा ५१ को राज्यका नीतिहरूमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सृजना गर्ने उल्लेख छ। साथै, युवा सशक्तीकरणका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकासमा सहयोग पुऱ्याउने उल्लेख छ।

## ३. युवाको अवस्था

युवा विकास र परिवर्तनका आधार भएकाले उनीहरूको शारीरिक तथा मानसिक क्षमताको सही तौर-तरिकाबाट व्यवस्थापन गर्न सकिएमा समाज र देशमा गुणात्मक तथा परिमाणात्मक सुधार ल्याउन सकिन्छ। आजको विश्वमा जे-जति नौला र साहसिक गतिविधिहरू सम्भव भएका छन्, ती अधिकांश युवाको सक्रियताको उपज हो । अन्तर्राष्ट्रिय प्रावधानअनुसार १६ देखि ४० वर्ष उमेर-समूहको जनशक्तिलाई युवाका रूपमा परिभाषित गरिन्छ । युवाको परिभाषा देशअनुसार फरक-फरक उमेर समूहलाई जनाउछ। नेपालको सन्दर्भमा समेत युवा उमेर-समूहबारे एकरूपता कायम हुन सकिरहेको छैन । नेपाल सरकारका विभिन्न निकाय, गैरसरकारी सङ्घसंस्था, राजनीतिक सङ्घ-सङ्गठनहरूले फरक-फरक तरिकाले युवाको उमेर-समूहलाई परिभाषित गरेको पाइन्छ । राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा-नीति २०७२ ले १६ देखि ४० वर्षलाई युवाको उमेर-समूह निर्धारण गरेको छ। युथ भिजन २०२५ ले युवाको उमेर-समूहलाई १६ देखि २४ वर्ष र २५ देखि ४० वर्ष गरी दुई उमेर-समूहलाई विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरेको छ। यसै अनुसार युवासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, कृषि, पर्यटक, श्रम तथा रोजगार खेलकुदलगायतका क्षेत्रमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरूले क्षेत्रगत नीति तर्जुमा गरी कार्यक्रमहरू कार्यान्वयन गर्दै आएका छन् । नेपाल विश्व युवा विकासको सूचकाङ्कमा पछाडि रहेको छ । दक्षिण एशियाको मुलुकसँग तुलना गर्दा पनि नेपालको युवा विकास सूचकाङ्कमा सबैभन्दा कमजोर देखिन्छ । नेपाली युवाको वर्तमान अवस्थाको विश्लेषण गर्दा बेरोजगारी तथा अर्ध बेरोजगारीको समस्या भयावह रहेको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार पूर्ण बेरोजगारी दर १९.२ प्रतिशत र अर्ध बेरोजगारीको दर २८.३ प्रतिशत रहेको छ । सीमान्तकृत, अल्पसङ्ख्यक, आदिवासी, अपाङ्गता भएका युवामा बेरोजगारी दर उच्च रहेको छ । अर्ध बेरोजगारीमा रहेको नेपालको करिब ३६ प्रतिशत युवा-शक्ति आर्थिक उत्पादन र सीपसँग जोडिन सकेको

छैन युवा श्रमशक्तिको झण्डै आधा भाग अझै कृषिमा आश्रित रहेका छन् । अत्याधिक युवाहरू गुणस्तरीय, समय सापेक्ष र रोजगारमूलक शिक्षालगायत व्यावसायिक सीप र प्रविधिको पहुँचबाट वञ्चित हुनुपरेको छ ।

## नेपालमा युवाको अवस्था

| सूचकहरू | प्रतिशत तथा सङ्ख्या | सूचकहरू | प्रतिशत तथा सङ्ख्या |
|---|---|---|---|
| युवा साक्षरता | ७१ प्रतिशत | विवाहको औसत उमेर | २०.६ वर्ष (महिला) |
| २३.८ वर्ष (पुरुष) | | | |
| युवा साक्षरता पुरुष तथा महिला | ८२ प्रतिशत र ६३ प्रतिशत | वार्षिक विदेश पढ्न जाने युवा सङ्ख्या | |
| (२०७०/२०७१) | २८.१२६ प्रतिशत | | |
| विश्व युवा विकास सूचकाङ्कमा नेपाल | १४५ औ स्थान | कृषिमा संलग्न युवा | ५०.५ प्रतिशत |
| पूर्ण बेरोजगार युवा रोजगारी खोज्ने | १९.२ प्रतिशत | स्वरोजगार युवा (१५ देखि २९ वर्ष समूह) | ५८.८ प्रतिशत |
| अर्ध बेरोजगार युवा | २८.३ प्रतिशत | | सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका युवाको बेरोजगारी दर |
| श्रम-बजारमा प्रवेश गर्ने युवा सङ्ख्या (अनुमानित प्रतिवर्ष) | ४ लाख ५० हजार | | |
| भन्दा बढी | रोजगारीमा महिला असमानता अनुपात | ०.५० प्रतिशत | |
| कुल वार्षिक रोजगार वृद्धिदर | २.९ प्रतिहजार | उच्च शिक्षामा लैङ्गिक विभेद | ०.७० प्रतिशत |

*(स्रोतः युथ भिजन २०२५ तथा दश वर्षे रणनीतिक योजना, युवा तथा खेलकुद मन्त्रालय, नेपाल सरकार)*

मुलुकभित्र युवा लगानी तथा उद्यमको वातावरणको अभावको कारण ठूलो सङ्ख्यामा नेपाली युवा जनशक्ति बैदेशिक रोजगारमा जान बाध्य भएका छन् । नेपाल सरकारले ११० देशलाई संस्थागत रूपमा बैदेशिक रोजगारमा जान खुला गरेको छ । व्यक्तिगत श्रमस्वीकृति १७२ मुलुकमा नेपालीहरू कामका लागि बैदेशिक रोजगारमा गएका छन् ।

प्रस्तुत गरिएका आँकडा आर्थिक वर्ष २०७७/२०७८ को २०७७ असारसम्ममा पुरुष ४२,१९४८७ र महिला २१,४३३५ गरी जम्मा ४४ लाख ३३ हजार ८ सय १२ कामदारहरू बैदेशिक रोजगारमा गएका छन् भने आर्थिक वर्ष २०७८/२०७९ को २०७८ फागुन मसान्तसम्म पुरुष ५३,४८८१४ महिला ३,१६४१२ गरी जम्मा ५६,६५२२६

बैदेशिक रोजगारमा गएकामध्ये दक्ष कामदार १.५ प्रतिशत अर्धदक्ष २४.० प्रतिशत र अदक्ष ७४.५ प्रतिशत रहेका छन्। आर्थिक वर्ष २०७७/२०७८ सम्म बैदेशिक रोजगारमा गएकामध्ये मलेशियामा २८.४ प्रतिशत कतारमा २७.० प्रतिशत साउदी अरबमा २०.९ प्रतिशत रहेका छन् भने भारतमा जाने गरेका कामदारको सङ्ख्या पनि उल्लेखनीय रहेको छ। त्यस्तै, २०७९ फागुनसम्म बैदेशिक रोजगारमा जान नयाँ श्रमस्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ५५ लाख २६ हजार ७ सय ४ मध्ये पुरुष ९४.४ प्रतिशत र महिला ५.६ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म श्रमस्वीकृति लिने ३ लाख ३७ हजार १ सय ४४ मध्ये पुरुष ९०.० प्रतिशत र महिला १०.० प्रतिशत रहेका छन्। २०७९ फागुनसम्म बैदेशिक रोजगारीका लागि इपिएस प्रणालीमार्फत ८५ हजार ८ सय ४ कामदार दक्षिण कोरिया गएका छन्। बैदेशिक रोजगारीको गन्तव्यको रूपमा रहेका मुलुकमा मलेशिया, कतार, साउदी अरब र यूएई प्रमुख रहेका छन्। यी देशमा मात्र बैदेशिक रोजगारीमा जान श्रमस्वीकृति लिने कामदार तीन चौथाइभन्दा बढी रहेका छन्।

*(स्रोतः आर्थिक सर्वेक्षण २०७७/०७८, ०७८/०७९ र ०७९/०८० अर्थ मन्त्रालय)*

## ४. युवाको समस्या

युवा विकास तथा परिचालनका क्षेत्रमा सङ्घीय सरकारअन्तर्गत युवा तथा खेलकुद मन्त्रालय, प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय तथा स्थानीय सरकारको सम्बन्धित पालिकाको शिक्षा इकाइ शाखाले कामकाज गर्दै आएको छ भने यसका अलावा धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र तथा सहकारी संस्थाहरूले पनि युवा क्षेत्रमा कार्य गर्दै आएका छन्। हाल कुनै खास एक क्षेत्रमा मात्र युवाको समस्या नभई विविध क्षेत्रमा रहेका छन्, जुन पूर्ण रूपमा समाधान हुन सकेको छैन। युवाहरूको विद्यमान समस्याहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

### ४.१ प्राविधिक तथा बहुआयामिक शिक्षाबाट वञ्चित

विश्वमा जुन ढङ्गले शैक्षिक परिवर्तन भएको छ, त्यसका तुलनामा हाम्रो देशको शिक्षानीतिमा परिवर्तन भएको छैन। आज पनि नेपाली युवा तथा विद्यार्थीहरू बहुप्राविधिक तथा बहुआयामिक शिक्षा लिनबाट वञ्चित भएका छन्। परम्परावादी शिक्षाका कारण नेपाली युवाहरूले सीप सिक्न सकेका छैनन्। राज्यले शिक्षा नीतिमा समयानुकूल परिमार्जन गर्न सकेको पाइँदैन। यही कारण आज नेपाली युवा तथा विद्यार्थीहरू बहुप्राविधिक तथा बहुआयामिक शिक्षा लिनबाट वञ्चित भएका छन्।

### ४.२ रोजगारीको कमी

युवाहरूको अर्को समस्या बेरोजगारी हो। लाखौँ युवाहरू स्वदेशमा रोजगारी नपाएर विदेशिन बाध्य भएका छन्। दैनिक जसो १५०० जनाको हाराहारीमा रोजगार खोज्दै विदेश जाने गरेका छन्। बैदेशिक रोजगारीमा पनि ठगिएका छन्। उचित पारिश्रमिकको अभावमा एक ठाउँबाट अर्को ठाउँमा ओहोरदोहोर गर्दै गरेका छन्। मानसिक तथा शारीरिक पीडा लिएर थ्रीडी कामहरू गर्ने गरेका पाइन्छ। विप्रेषण आयको आगमनका साथसाथै अङ्गभङ्ग भएका शरीर वा लासका बक्सामा समेत आउने गरेका देखिन्छ। अझै युवाहरू काम नपाई भौँतारिएर बसेका छन्। उच्चशिक्षाको प्रमाणपत्र राखेर बस्न विवश छन्। हजारौँ ऊर्जाशील, गतिशील, श्रमशील युवाहरू विनाकाम बस्न बाध्य छन्। उनीहरूले राज्यमा कुनै काम पाउन सकेका छैनन्। बेरोजगारीको समस्या बढेकाले युवाहरूलाई राजनीतिमा प्रवेश गराई देशमा अस्थिरता उत्पन्न गर्न लागिएको छ। राजनीतिका नाममा हुने विभिन्न उच्छृङ्खल गतिविधिमा निर्दोष युवाहरूलाई प्रयोग गरिएको छ र

नेपाली युवाहरू एकअर्काका विरुद्धमा लड्न विवश भएका छन् । देश यसरी अस्थिर हुनुको प्रमुख कारण बेरोजगारी नै हो ।

### ४.३ साहस र आत्मविश्वासमा कमी

युवाहरूको अर्को समस्या भनेको साहस र आत्मविश्वासको कमी हो । देशका हरेक क्षेत्र समस्याग्रस्त भएकाले नै नेपाली युवाहरूमा साहस र आत्मविश्वास आउन नसकेको हो । उनीहरू आशावादी र जोशिला हुन नसकी निराश र थकित हुन पुगेका देखिन्छन् । साथै, केही गर्न नसकेकामा पनि उनीहरू दुःखी हुनुपर्ने अवस्था आएको छ र उनीहरूमा केही गर्ने हिम्मतसमेत देखिएको छैन । आफूहरूलाई परेका विविध समस्याको समाधान गर्न नसक्दा उनीहरूमा एक प्रकारको विचलन आउँछ र यही कारण उनीहरू आत्महत्यासमेत गर्न पुग्दछन् ।

### ४.४ मानवता हराउँदै गएको

पृथ्वीका प्राणीहरूमध्ये मानिस सर्वश्रेष्ठ प्राणी हो । मानिससँग ज्ञान, बुद्धि र विवेक हुन्छ । भविष्यप्रतिको सोच एवम् विचार गर्न सक्ने खूबी हुन्छ । अध्ययन अनुसन्धान गरी नयाँ निष्कर्ष निकाल्ने क्षमता हुन्छ । शारीरिक बलभन्दा मानसिक बुद्धिको प्रयोगले मानिसले पृथ्वीमा अरू प्राणीहरूलाई वशमा पारेको हुन्छ । दया, माया, करुणा, सहानभूति, सहयोग एवम् उपकारजस्ता मानवतासम्बन्धी गुणहरू रहेका हुन्छन् । तर, बढ्दो भौतिकवाद र विश्वव्यापीकरणको प्रभावस्वरूप मानिसहरू स्वार्थी र व्यापारिक हुँदै गएका छन् । आध्यात्मिक चिन्तन र मानवतावादलाई मानववादले पछि पारेको छ । प्राकृतिक स्रोतको अत्याधिक हितलाई मात्र ध्यान दिन खोज्दा अरू प्राणीप्रति अन्याय हुन पुगेको छ । प्राकृतिक स्रोतको अत्यधिक दोहनले वातावरण प्रदूषण बढ्दै गएको तथा जलवायु परिवर्तनको कारण पृथ्वीको प्राकृतिक चक्र गडबडीले मानवीय जीवन थप कष्टकर भएर गएको छ । आज एकले अर्कालाई सहयोग गर्नुपर्दा नाफा र घाटाको तुलाबाट हेर्न थालिएको र इमानदारिता र नैतिकता एकआपसबाट हराउँदै गएका पाइन्छ । यसको प्रभाव आजको युवामा नपर्ला भन्न सकिन्न ।

### ४.५ लैङ्गिक हिंसा तथा विभेदको शिकार

समाजमा रहेका अन्धविश्वास तथा सामाजिक कुरीतिहरूका कारणले युवाहरू लैङ्गिक हिंसाका शिकार भएका छन् । बोक्सी, छाउपडी, दाइजो, पेवा तथा छुवाछूतजस्ता सामाजिक अन्धविश्वास तथा जातिगत भेदभावका कारण युवाहरू विभेदका शिकार भएका छन् । महिला हिंसा तथा घरेलु हिंसाका घटनाहरूमा पूर्णविराम लाग्न सकेको छैन ।

### ४.६ विश्वास र मार्ग निर्देशनको कमी

बढ्दो शहरीकरण र व्यस्तताले गर्दा अभिभावकहरू आफ्ना बालबच्चाप्रति पर्याप्त ध्यान र समय दिन सक्दैन । उनीहरूको बढ्दो उमेरसँगै असल र रचनात्मक सोच विकास र क्रियाकलापका लागि प्रेरित र मार्गनिर्देश गरिँदैन, जसले गर्दा उमेर अनुसारको विकास-क्रमसँगै आफ्ना जिज्ञासा, एक्लोपनाको समाधानको उपायका रूपमा नकारात्मक क्रियाकलापहरूमा संलग्न हुन थाल्दछन । जसले गर्दा आफ्नो साथै परिवारको भविष्यसमेत बिग्रन पुग्दछ । साथै, हामी युवाहरूले पनि आफ्नो जिज्ञासा, समस्या, विचारआदिको बारेमा परिवारका सदस्य वा अग्रजहरूसँग सल्लाह, सुझाव लिनु आवश्यक हुन्छ । आफूमात्र जान्ने र आफ्नो विचार तथा दृष्टिकोणमात्र ठीक भन्ने अहम् त्यागी अरूको कुरा पनि सुन्ने बानीको विकास गरी समालोचनात्मक सोचको विकास गर्नु उपयुक्त हुन्छ । यसका साथै परिवारका सदस्य वा अभिभावक, समाजका अगुवाहरूले पनि युवाहरूको विचार,

सोचलाई सकारात्मक रूपमा ग्रहण गरी सही हो भने समर्थन र गलत रहेछ भने रचनात्मक तरिकाले सम्झाउने, बुझाउने प्रयास गर्नु जरुरी छ । युवाका कुरालाई गलत र हल्का रूपमा लिएमा र उनीहरूलाई समयमा नै मार्गनिर्देश गर्न नसकिएमा परिवारको मात्र नभएर समग्र देशको भविष्य नै अन्धकार हुन्छ । युवालाई विश्वासमा लिई युवाको सकारात्मक प्रयास तथा कार्यका लागि उत्प्रेरित गर्ने मुख्य दायित्व परिवार, समाज र राष्ट्रको हो । त्यसकारण, युवा र अभिभावक मिलेर युवामा विश्वास गरी युवाको ऊर्जा र सिर्जनात्मक क्षमतालाई समाज र देश-विकासमा लगाउन सहकार्य गर्नु आवश्यक रहेको छ ।

### ४.७ लागूपदार्थ दुर्व्यसनी तथा असुरक्षित यौनजन्य गतिविधि

वर्तमान परिवेशमा युवाको बेरोजगारपछिको सबैभन्दा ठूलो चुनौती भनेको लागूपदार्थ दुर्व्यसनी तथा असुरक्षित यौनजन्य गतिविधि हो । गृह मन्त्रालयको सहयोगमा राष्ट्रिय तथ्याङ्क विभागले लिएको २०६३ र २०६९ सालको लागूपदार्थ प्रयोगकर्ताको आँकडाले देशका युवाहरूको यो विकराल अवस्थालाई प्रष्ट पार्दछ । विभागको तथ्याङ्कअनुसार, यो ६ वर्षभित्रमा लागूपदार्थका प्रयोगकर्ताको सङ्ख्या नाटकीय रूपमा बढेको देखिन्छ । उक्त सर्वेक्षणअनुसार, २०६९ सालमा प्रयोगकर्ताको सङ्ख्या ९१,५३४ छ भने २०६३ सालमा यो सङ्ख्या ४६,३०९ मात्र थियो । अहिलेको यो सङ्ख्या २०६३ सालभन्दा झन्डै दोब्बर हो । यो सङ्ख्या ९८% ले वृद्धि भएको देखिन्छ । योभन्दा पनि डरलाग्दो तथ्य के हो भने प्रयोगकर्ताहरूमध्ये ७०,३९० जनाको उमेर ३० वर्षभन्दा कम छ । साथै, प्रयोगकर्ताहरूमध्ये अधिकांशले २५ वर्ष नपुग्दै लागूपदार्थ सेवन गर्न आरम्भ गर्दछन् । यो युवा, परिवार, समाज र राष्ट्रका लागि खतराको सङ्केत हो । त्यस्तै, असुरक्षित यौन व्यवहार पनि हालको किशोर-किशोरी तथा युवाको अर्को मुख्य चुनौती बनेको छ । आवश्यक जानकारी, यौन तथा प्रजनन स्वास्थ्यशिक्षाको कमी तथा साथीको लहैलहैमा लागेर उनीहरू यस्ता असुरक्षित यौन व्यवहारमा लाग्दछन् । लागूपदार्थ दुर्व्यसनी तथा असुक्षित यौन व्यवहारका कारण यौन रोग/एच.आई.भी/एड्स्, असुरक्षित गर्भपतन गर्ने, चाँडो विवाह गर्ने आदि गम्भीर समस्या सिर्जना हुन पुगेको छ । जसका कारण उनीहरू आफ्नो भविष्य निर्माण गर्ने कार्यबाट विमुख हुन पुग्दछन् ।

### ४.८ गरीबी तथा बेरोजगारी

ग्रामीण क्षेत्रका तुलनामा शहरी क्षेत्रमा बेरोजगार मुख्य समस्याका रूपमा रहेको छ । हरेक वर्ष शैक्षिक बेरोजगारहरूको सङ्ख्या बढ्दो छ, जसले गर्दा बेरोजारीको समस्या देखा परेको छ । त्यसमा पनि लोकसेवा आयोगले खुलाउने सीमित कोटामा पर्ने आवेदनले पनि यो तथ्यलाई थप पुष्टि गर्दछ । सरकारी, गैरसरकारी र निजी क्षेत्रमा रोजगारी पाउन कि भाग्यमानी हुनुपर्‍यो कि त ठूला र पहुँचवालाका नजिकका नातेदार हुनुपर्‍यो । यसरी सक्रिय रहनुपर्ने युवा जमात फुर्सदिला भएपछि उनीहरूमा विभिन्न किसिमका समस्याहरू देखा पर्दछन् ।

## ५. युवा विकासका लागि नीतिगत तथा संस्थागत व्यवस्था

नेपालको संविधान २०७२ ले रोजगारीको हकलाई मौलिक अधिकारको रूपमा व्यवस्था गरेको छ । नेपाल सरकार योजना आयोगले तयार गरेको पन्ध्रौं योजनाले युवाको सर्वाङ्गीण विकास राष्ट्र-निर्माणको प्रमुख अधार भन्ने सोचका साथै स्वस्थ, सकारात्मक सोचयुक्त, उद्यमशील, अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिबद्ध युवाशक्तिको विकास र परिचालन गर्ने लक्ष्य राखेको छ । यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको विकासका अवसर विस्तार गर्ने, युवालाई उद्यम तथा व्यवसाय सञ्चालनमा प्रोत्साहन तथा प्रवर्धन गर्ने, वित्तीय स्रोतसाधनमा युवाको पहुँच विस्तार गर्ने, युवामा स्वयम्सेवा संस्कृतिको विकास गर्ने र स्काउटको संरचनालाई विकास र विस्तार गर्नेजस्ता रणनीति लिने उल्लेख छ । यस्तो दिगो विकास लक्ष्य तथा युथ भिजन २०२५ ले युवाको विकास र

सहभागितामा मुख्य जोड दिएको छ । नेपाल सरकारले युवा विकासका लागि विभिन्न नीतिगत तथा संस्थागत संरचनाहरू रहेका छन् ।

## ५.१ युवा तथा खेलकुद मन्त्रालय

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवावर्गको भूमिका महत्वपूर्णरहेको हुन्छ। साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण यो वर्गलाई राष्ट्र-निर्माणको प्रमुख स्रोतसमेत मानिएको छ। शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवाशक्ति विकास गरी यो जनसाङ्ख्यिक प्रवृत्तिलाई पूँजीकृत गर्दै राष्ट्र-निर्माणमा लगाउन सकिएमा युवाहरूले देशको सामाजिक एवम् आर्थिक विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछन् । यसै विषयलाई मध्यनजर गरी वि.सं. २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालय स्थापना भएको हो । मन्त्रालयले युवा तथा खेलकुदको क्षेत्रमा विभिन्न कार्यहरू गर्दै आएको छ। मन्त्रालयमार्फत राष्ट्रिय युवा-नीति, २०७२ र ले परिलक्षित लक्ष्य तथा उद्देश्य हासिल गर्न विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसका साथै युवाको विषय अन्य मन्त्रालय तथा निकायसँग अन्तरसम्बन्धित रहेकाले यस मन्त्रालयले अन्तरमन्त्रालय समन्वयको कार्य पनि अगाडि बढाएको छ । यस मन्त्रालयअन्तर्गत विभिन्न निकायहरू, जस्तै युवा तथा साना व्यवसायी स्वरोजगार कोष, राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद् र नेपाल स्काउटजस्ता निकायहरूले कार्य गर्दै आएका छन् ।

## ५.२ युवा तथा साना व्यवसायी स्वरोजगार कोष

देशमै पूँजीको व्यवस्था गरी देशको उत्पादनशील र सीपयुक्त युवा जनशक्तिलाई पूँजी र कामको अभावमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्न नेपाल सरकारबाट वि.सं. २०६५ सालमा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरिएको हो । कोषले उत्पादनशील श्रमको अधिकतम उपयोग तथा उद्यमशीलताको विकासमार्फत परम्परागत उत्पादन प्रणालीमा सकारात्मक परिवर्तन ल्याउने तथा सीपयुक्त बेरोजगार युवाहरूलाई स्वरोजगारको अवसर प्रदान गर्ने लक्ष्य रहेको छ। कोषले परिभाषित गरेको १८ देखि ६० वर्ष उमेरका आर्थिक रूपले विपन्न महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित तथा पिछडिएको क्षेत्रका व्यक्ति वा समुदाय, गरीब, किसान, मजदुर, सुकुमबासी वा साना व्यवसायी एवम् युवाहरू तथा परम्परागत सीप भएका जातजातिहरूलाई व्यावसायिक खेती, पशुपक्षीपालन, कृषिजन्य उद्योग वा सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सहुलियत ब्याजदरमा प्रतिव्यक्ति रु. दुई लाखसम्म आवधिक ऋण उपलब्ध गराउँदै आएकामा हाल कर्जाको सीमा प्रतिव्यक्ति रु. पाँच लाख बनाइएको छ । कोषले लक्षित समुदायको परम्परागत पेशा र सीप विकास तथा व्यवसायका लागि सहुलियत दरमा ऋण लगानी गर्दै आएको छ । यस क्रममा कोषले स्थानीय सीप र कच्चा पदार्थमा आधारित तथा स्थानीय स्तरमा उत्पादन हुने वस्तुको व्यावसायिकरणमा योगदान पुग्ने कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याएको छ । साथै, कोषले नेपाल सरकारले पहिचान गरेको गरीब परिवारलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने, रोजगार प्रवर्धन गर्ने व्यवसाय, सामूहिक कृषि तथा पशुपालन निर्यातमूलक वा आयात प्रतिस्थापन गर्ने उत्पालनशील व्यवसायमा लगानी गर्ने, बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले सञ्चालन गर्ने साना व्यवसायका लागि ऋण लगानी गर्ने आदिलाई प्राथमिकता दिएको छ।

### ५.३ राष्ट्रिय खेलकुद परिषद्

वि.सं. २०२१ सालमा स्थापना भएको राष्ट्रिय खेलकुद परिषद्को उद्देश्य खेलकुदको माध्यमबाट स्वास्थ्य, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्ने, राष्ट्रिय एकता प्रवर्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्ने, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्ने तथा खेलकुद विकास, विस्तार र प्रवर्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्ने रहेको छ।

### ५.४ राष्ट्रिय युवा परिषद्

वि.सं. २०७२ मा स्थापना भएको राष्ट्रिय युवा परिषद्को ऐनमा युवाको हकहितको संरक्षण र संवर्द्धन गरी समुन्नत मुलुकको निर्माणका लागि सक्षम नागरिक तयार गर्ने तथा युवालाई सशक्तीकरण गरी युवासम्बन्धी विषयको नीति तर्जुमादेखि कार्यान्वयन तहसम्म आवश्यकताअनुसार उनीहरूलाई संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्ने उल्लेख छ। परिषद्ले २०७५ सालमा जारी गरेको युथ भिजन २०२५ सहितको दशवर्षे रणनीतिक योजनामा परिलक्षित गरिएका युवालक्षित योजनाले युवामा व्यापक लगानी गरी आार्थिक समृद्धि हासिल गर्न उत्तरदायी युवा तयार पार्ने केन्द्रित रहेको छ। युथ भिजन २०२५ ले नेपालमा अहिलेको युवा विकासका मूल समस्यालाई लक्षित गरी युवा विकासका शिक्षा, स्वास्थ्य तथा समाजिक सुरक्षा, परिचालन सहभागिता र नेतृत्व विकास, रोजगारी र खेलकुद र मनोरञ्जन रहेका छन्।

### ५.५ नेपाल स्काउट

नेपाल स्काउटको व्यवस्था गर्न बनेको ऐनको प्रस्तावनामा बालबालिका तथा युवावर्गलाई विश्व स्काउटको सिद्धान्त र मान्यताअनुरूपको अभियानमा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित स्वावलम्बी र चरित्रवान तुल्याई सेवा-भावनाको अभिवृद्धि गर्दै देश-विकास कार्यमा सहभागी गराउन नेपाल स्काउटलाई बढी सक्षम बनाउने उल्लेख गरिएको छ।

## ६. युवा विकासका लागि अबको पाटो/सुझाव

विभिन्न नीतिगत तथा संस्थागत व्यवस्थाका वावजुद नेपाली युवाहरू अवसरबाट वञ्चित रहेका पाइन्छन्। युवाको क्षमता र सिर्जनात्मकताको उपयोगबाट देशले लिन सक्ने लाभ लिन सकेको छैन । युवाहरूका लागि बनेका योजनाहरू मूर्त बन्न सकेका छैननन् भने कार्यान्वयन पक्ष फितलो बनेको छ। यी कमजोरीहरू हटाई युवा जनशक्तिको उच्चतम सदुपयोग अहिलेको आवश्यकता हो । त्यसका लागि तत्काल निम्नलिखित कार्यहरू गर्न आवश्यक रहेको देखिन्छ।

### ६.१ श्रम बैङ्कको स्थापना

पूँजीको वृद्धि, आन्तरिक रोजगारीको प्रवर्धन, प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धि बाध्यात्मक बैदेशिक रोजगारीको अन्त्य र उत्पादकत्व वृद्धि गर्न श्रम बैङ्कको स्थापना गर्नुपर्दछ। यसले युवाहरूलाई स्वरोजगार, व्यावसायिक, आत्मनिर्भर हुन, नवीन सोच र प्रविधि प्रयोग गर्न, पूँजी निर्माण र परिचालन गर्न, उद्यशील हुन, स्रोतसाधनको अधिकतम प्रयोग गरी आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्न मद्दत गर्दछ। यसका लागि विगतमा गरीबी निवारण कोष तथा अन्य संस्थाद्वारा सामुदायिक संस्थाहरूमा छरिएर रहेको पूँजीलाई पूँजीकृत गर्न सकिन्छ । यस बैङ्कबाट युवाहरूले स्वरोजगार हुन अवसर प्राप्त गर्ने गरी विनाधितो ऋण उपलब्ध गराउनुपर्दछ।

### ६.२ श्रम सूचना बैङ्कमार्फत रोजगारीको खोजी

सरकारी, निजी र गैरसरकारी क्षेत्रमा माग हुने आवश्यक जनशक्तिको सबै बेरोजगार नेपालीहरूले आफ्नो सीप, योग्यताअनुसारको कामको खोजी गरी आवेदन दिने र रोजगार हुने प्लेटफर्मको रूपमा श्रम सूचना बैङ्कले कार्य गर्नुपर्दछ। सबै क्षेत्रमा आवश्यक जनशक्ति मागको सूचना श्रम बैङ्कमार्फत हुनु आवश्यक छ।

### ६.३ बहुप्राविधिक तथा बहुआयामिक शिक्षाको स्थापना

नेपाली युवाहरूको समस्यालाई समाधान गर्ने हो भने राज्यले बहुप्राविधिक तथा बहुआयामिक शिक्षाको विकास गर्नुपर्दछ। यो नै नेपाली युवाहरूको समस्या समाधानको सबैभन्दा विश्वासिलो र भरपर्दो उपाय हो। किनकि, यदि नेपाली युवाले बहुप्राविधिक र बहुआयामिक शिक्षा हासिल गरेको छ भने नेपालको त के, संसार को हरेक कुनामा गएर आफ्नो सीप, कला, प्रतिभा र क्षमता प्रदर्शन गरेर उच्च शिर बनाएर बाँच्न सक्छन्। त्यसका लागि प्रत्येक युवाले अनिवार्य रूपमा बहुप्राविधिक एव बहुआयामिक शिक्षा पाउनुपर्दछ। यसका लागि सरकार, राजनीतिक दल, शैक्षिक क्षेत्रमा सरोकार राख्ने विभिन्न निकाय र स्वयम् नागरिकले पनि चासो दिनुपर्दछ। बहुप्राविधिक र बहुआयामिक शिक्षाको उज्यालो घामबाट सबैलाई वञ्चित नगर्ने हो भने पक्कै पनि नेपाली युवाको समस्या केही हदसम्म कम हुन जान्छ।

### ६.४ युवाहरूको तथ्याङ्क अद्यावधिक गर्ने

प्रत्येक वर्ष श्रम-बजारमा प्रवेश गर्ने युवाहरूको पालिकागत तथ्याङ्क तथा उनीहरूको अध्ययनको विषय, क्षमता, विशेष सीप तथा तालिमको आधारमा तथ्याङ्क अध्यावधिक गर्नुपर्दछ। यसले भविष्यका लागि जनशक्ति निर्माण योजनामा ठोस योगदान पुग्दछ। युवाहरूको सबैभन्दा भरपर्दो र सम्पूर्ण तथ्याङ्कसहितको जानकारी पालिका तथा वडालगायतका स्थानीय सरकारले अद्यावधिक राख्न सक्दछ। त्यसैले युवा जनशक्तिलाई सिर्जनात्मक तथा उत्पादनसँग जोड्ने काम परिषद्ले पालिकासँगको समन्वय तथा सहकार्यमा गर्नेछ।

### ६.५ एकीकृत कार्यक्रम

नेपाल सरकारले विभिन्न निकायमार्फत युवालक्षित कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। तर, विविध कारणले युवाको जानकारीमा ती कार्यक्रम पर्न सकेका छैनन्। त्यस्तै, कतिपय कार्यक्रममा दोहोरोपना आएको र सीमित समूहले दोहोरो फाइदा लिएको अवस्था छ। त्यसैले यी कार्यक्रमहरूलाई एकीकृत गरी एकै निकायबाट सञ्चालन गर्ने हो भने बढी प्रभावकारी हुने देखिन्छ।

## ७. अन्त्यमा

युवाहरूको जनसङ्ख्याको लाभलाई उच्चतम प्रयोग गरी समृद्ध नेपाल र सुखी नेपालीको दार्शनिक सोचको लक्ष्यलाई हासिल गर्न युवाका समस्याहरूलाई समाधान गर्नुपर्ने हुन्छ। राष्ट्रिय विकासमा युवाहरूको सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, समाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरूको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्थाको कार्यान्वयनमा सबै पक्ष जबाफदेही, दायित्वबोध र जिम्मेवार हुनुपर्ने देखिन्छ। तसर्थ, नेपाली युवाहरू अब परम्परागत मूल्य र मान्यताभन्दा माथि उठेर आफ्नो सोच, चिन्तन र विचारका साथसाथै आफ्नो व्यवहारमा समेत परिवर्तन ल्याउन आवश्यक छ। अतः प्रत्येक युवा आफ्नो देशलाई समृद्व बनाउने महाअभियानमा जुट्नुपर्दछ।

कुनै पनि नेपाली नागरिकले बाध्यात्मक परिस्थितिले विदेशिनुपर्ने अवस्थाको अन्त्य गर्न युवा-शक्तिलाई स्वदेशमै स्वरोजगार तथा रोजगारको सिर्जना गरी समग्र राष्ट्रको विकासमा उनीहरूलाई सरिक गराउन सकियो भने मात्रै समतामूलक र समाजवादोन्मुख समाज निर्माण गर्न सकिन्छ।

## ८. सन्दर्भ सामग्री


युवा-२०७८ युवा जगत्को विकास र गतिविधिको प्रकाशन अङ्क १५, १६, १९ र २० प्रकाशक नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौँ।

https://www.nayapatrikadaily.com/news-details/63796/2021-05-07

https://nagariknews.nagariknetwork.com

https://www.sajhapana.news/view-thought/12702/

https://www.prasashan.com/2020/09/14/196107/

https://www.prasashan.com/2020/09/14/196107/



*दिलीपकुमार श्रीवास्तव नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठानका वरिष्ठ प्रशासकीय अधिकृत हुन्।*

# राजनीतिमा युवा तथा महिला नेतृत्वको सम्भावना



जगदीश ऐर


## सारांश

युवा विकासका लागि 'राष्ट्रिय युवा-नीति-२०७२' र 'युथ भिजन-२०२५' तथा दश वर्षे रणनीतिक योजना जारी गरी कार्यान्वयनमा ल्याइएको छ । स्थानीय सरकारहरूबाट समेत युवाको व्यावसायिक सीप विकास र स्वरोजगारका विभिन्न कार्यक्रम घोषणा भएका छन् । युवा नीतिले 'युवा' भन्नाले १६ देखि ४० वर्षसम्मका सबै नेपाली नागरिक पुरुष, महिला, आदिवासी, जनजाति, मधेशी समुदायका व्यक्तिलाई समेटेको छ । २०७८ को जनगणनाअनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर-समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत रहेको छ । युवाको विद्यमान अवस्थालाई विशेष रूपमा सम्बोधन गर्न युवासम्बन्धी सहभागितामूलक स्थानीय नीति तथा कार्यक्रमहरूको आवश्यकता पहिलेभन्दा आजको दिनमा अझ बढ्न गएको छ । समावेशी, समानुपातिक र सम-विकासको सिद्धान्तअनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, राष्ट्रिय स्वाधीनता तथा नेपालको सार्वभौमसत्तालाई अक्षुण राख्न, राजनीतिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक रूपान्तरणमा युवा नेतृत्वको सम्भावनालाई मूर्त रूप दिन र राज्य सञ्चालनका हरेक प्रक्रियामा युवाको सक्रिय सहभागिता र नेतृत्वदायी भूमिका सुनिश्चित गर्न राज्यले ठोस नीति अवलम्बन गर्न बाँकी नै छ । २०७९ वैशाख ३० गते देशैभर एकै पटक आयोजित स्थानीय तहको निर्वाचनमा करिब ७०.९६ प्रतिशत मत खसेको थियो । कुल ३५ हजार ९७ पदका लागि जम्मा ५९ हजार ८१४ जना युवाहरूले उमेद्वारी दिएकोमो १४ हजार ४४२ जना (४१.१४ प्रतिशत) उमेद्वारहरू २१ वर्षदेखि ४० वर्षसम्मका निर्वाचित भएका छन् । यसरी हेर्दा ४३.६९ प्रतिशत उपप्रमुख पदमा युवा निर्वाचित भएका छन् । गत निर्वाचनमा कूल ५५ हजार ६९९ महिला उम्मेदवार रहेकामा १४ हजार ४०२ जना (४१ प्रतिशत) महिला निर्वाचित भएका छन् । वि.सं. २०७४ र २०७९ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनहरूको तुलनात्मक अध्ययन गर्दा पहिलेको निर्वाचनभन्दा अहिलेको निर्वाचनमा महिलाको प्रतिनिधित्व करिब १ प्रतिशतले बढेको देख्न सकिन्छ भने युवा प्रतिनिधित्व करिब २ प्रतिशत वृद्धि भएको छ । यसका अलावा स्थानीय तहमा बढ्दै गरेको युवा तथा महिला आकर्षणले एकातिर राजनीतिलाई पृथक् ढङ्गबाट परिभाषित गर्दै छ भने अर्कोतर्फ राजनीतिक दलहरूलाई युवा पुस्तालाई प्राथमिकीकरण गरी उमेद्वार चयन गर्न ठोस नैतिक दबाब पर्दै गएको अनुभूति गर्न सकिन्छ ।


## युवा सशक्तिकरणको नीतिगत व्यवस्था

नेपालको संविधानमा समानताको हक, सामाजिक न्यायको हक, आर्थिक सामाजिक, सांस्कृतिक अधिकार सुनिश्चित गर्न उनीहरूको सहभागिता तथा सशक्तीकरण गर्ने सन्दर्भमा युवालाई पनि समावेश गरिएको छ । नेपालको संविधानले युवा विकास र सहभागिताको पक्षलाई सुनिश्चितता गरेको छ । नेपालका प्रत्येक आवधिक योजनामा युवालाई सम्बोधन गरिएको छ । वार्षिक नीति, कार्यक्रम र बजेटमा युवालाई सम्बोधन गर्ने गरिएको छ । युवा विकासका लागि नीतिगत दस्तावेज 'राष्ट्रिय युवा-नीति-२०७२' र 'युथ भिजन-२०२५' तथा दश वर्षे रणनीतिक योजना जारी गरी कार्यान्वयनमा ल्याइएको छ ।

आवधिक निर्वाचनमा स्थानीय, प्रदेश र सङ्घीय संसदमा युवा ठूलो सङ्ख्यामा निर्वाचित भएका छन् । स्थानीय तहमा ४१.१४ प्रतिशत, प्रदेश तहमा २१ प्रतिशत र सङ्घीय तहमा १३ प्रतिशत युवा निर्वाचित भएका छन् । यसबाट राज्यका नीतिनिर्माण तहमा युवाको पहुँच र सहभागिता उल्लेख्य रूपमा बढेको देखिन्छ। नेपाल सरकार को विगत चार वर्षको बजेटलाई अध्ययन गर्ने हो भने पछिल्लो समय युवा विकासलाई लिएर बढी ध्यान दिएको देखिन्छ।

त्यसैगरी, स्थानीय सरकारहरूबाट समेत युवाको व्यावसायिक सीप विकास र स्वरोजगारका विभिन्न कार्यक्रम घोषणा भएका छन् । त्यसका बाबजुद पनि युवालाई आवश्यक बजेट पर्याप्त छैन भन्ने गुनासो सर्वत्र छ । सरकारले विभिन्न मन्त्रालयमार्फत युवा क्षेत्रमा बजेटको विनियोजन गर्नुभन्दा एकै मन्त्रालयबाट त्यसलाई एकीकृत र प्रभावकारी रूपमा कार्यान्वयन गर्नु उचित हुने देखिन्छ।

राष्ट्रिय युवा-नीति २०६६ ले युवालाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवतर्नका संवाहक शक्ति मानेको छ। साहस, सृजनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण यो वर्ग राष्ट्रको प्रमुख धरोहरको रूपमा रहेको हुन्छ, जसलाई राष्ट्र-निर्माणको प्रमुख स्रोतसमेत मानेको छ। २०७८ को जनगणनाअनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर-समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत रहेको छ। राष्ट्रिय युवा-नीति, २०६६ ले निर्देश गरेबमोजिम पाँच वर्षपछि पुनरावलोकन गरी राष्ट्रिय युवा-नीति, २०७२ तर्जुमा गरिएको छ। यस नीतिले 'युवा' भन्नाले १६ देखि ४० वर्षसम्मका सबै नेपाली नागरिक पुरुष, महिला, आदिवासी, जनजाति, मधेशी समुदायका व्यक्तिलाई समेटेको छ । त्यसैगरी, यस नीतिले विशेष प्राथमिकताको समूहमा द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित, मुस्लिम समुदायका र कर्णाली तथा पिछडिएको क्षेत्रका युवालाई समेटेको छ। युवा सरोकारका विषयलाई व्यवस्थित रूपमा सम्बोधन गरी द्वन्द्वोत्तर शान्ति तथा आर्थिक, सामाजिक रूपान्तरण हासिल गर्न छुट्टै संयन्त्रको आवश्यकता महसूस गरी २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको छ । राष्ट्रिय युवा-नीति, २०७२ ले लक्षित गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न विविध कार्यक्रम सञ्चालन भएका छन् । युवा विकासका लागि नीतिगत पहल गर्न तथा कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवार निकायका रूपमा स्वायत्त संस्थाका रूपमा राष्ट्रिय युवा परिषद् गठनका भएको छ । हाल मुलुक संघीयतामा गइसकेपछि युवा विकासमा तीन तहका सरकारको भूमिका परिभाषित गरी युवाको विकास र विकासमा युवाको अवधारणालाई मूर्तरुप दिन नयाँ युवा नीति ल्याउने तयारी युवा तथा खेलकुद मन्त्रालयले गरिरहेको छ।

गुणस्तरीय, समयसापेक्ष, रोजगारमूलक शिक्षाको अभाव; व्यावसायिक सीप र प्रविधिमा न्यून पहुँच; बेरोजगारी र अर्ध-बेरोजगारी; युवा पलायन; कमजोर स्वास्थ्य, पोषण र मनोबल; युवामैत्री लगानी र उद्यमशील वातावरणको अभाव; लैङ्गिक, क्षेत्रीय, जातीय असमानता; तथा विश्वव्यापीकरण र उदारीकरणले ल्याएका नकारात्मक प्रभाव नेपाली युवाका समस्या एवम् चुनौतीका रूपमा राष्ट्रिय युवा-नीतिले महसूस गरेको छ । लोकतान्त्रिक, सङ्घीय शासन-प्रणाली र विकासमा सार्थक सहभागिताको अवसर; कृषि, पर्यटन, जलस्रोतलगायतका प्राकृतिक साधन-स्रोतको प्रचूरता; बैङ्क, सहकारी, लघुवित्तको बढ्दो सञ्जालबाट आर्थिक साधन-स्रोतमा बढ्दो पहुँच; औपचारिक, व्यावसायिक शिक्षाको बढ्दो सञ्जाल सबैलाई शिक्षा कार्यक्रम; लक्षित समूह एवम् भौगोलिक क्षेत्र केन्द्रित विभिन्न कार्यक्रमको विस्तार; सचेतना विस्तारमा विकास साझेदारको बढ्दो सञ्जाल; ठूलो सङ्ख्यामा रहेको बैदेशिक रोजगारको अवसर र त्यसबाट प्राप्त सीप, अनुभव र साधन-स्रोतको उत्पादनशील क्षेत्रमा प्रयोग गर्दै आन्तरिक रोजगारी सिर्जनाको अवसर यसतर्फका अवसर तथा चुनौती रहेको कुरा यस नीतिले ठानेको छ।

विक्रम संवत् २०६२/०६३ को शान्तिपूर्ण जनआन्दोलन, सशस्त्र द्वन्द्व, मधेश, थरूहट, जनजाति र छुवाछूतविरुद्धको मुक्ति आन्दोलनलगायतका आस्था र पहिचानका आन्दोलनहरूबाट युवाको विद्यमान अवस्थालाई विशेष रूपमा सम्बोधन गर्न युवासम्बन्धी सहभागितामूलक स्थानीय नीति तथा कार्यक्रमहरूको आवश्यकता पहिलेभन्दा आजको दिनमा अझ बढ्न गएको छ । जनसांख्यिक संरचनामा सक्रिय उमेरका जनसंख्यको अधिक्यता तथा नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि युवाले गरेको उल्लेखनीय योगदानको कदरस्वरूप वर्ग, लिङ्ग, जाति, भाषा र धर्मजस्ता विषयहरूलाई सम्बोधन गरी अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका र कर्णाली तथा पिछडिएको क्षेत्रमा रहेका युवालाई समेत विशेष रूपमा सम्बोधन गरिनुपर्दछ । समावेशी, समानुपातिक र सम-विकासको सिद्धान्तअनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, राष्ट्रिय स्वाधीनता तथा नेपालको सार्वभौमसत्तालाई अक्षुण्ण राख्न, राजनीतिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक रूपान्तरणमा युवा नेतृत्वको सम्भावनालाई मूर्त रूप दिन र राज्य सञ्चालनका हरेक प्रक्रियामा युवाको सक्रिय सहभागिता र नेतृत्वदायी भूमिका सुनिश्चित गर्न राज्यले ठोस नीति अवलम्बन गर्नु आजको आवश्यकता हो ।

स्वस्थ तथा अनुशासित नागरिक र समाजको सृजना गर्न खेलकुदलाई प्रमुख आधारको रूपमा लिईएको छ । राष्ट्रको प्रतिष्ठा वृद्धि गर्न र विभिन्न सम्प्रदाय, भाषा तथा संस्कृति एवम् समुदायबीच एकता कायम गरी एकजुट बनाउन खेलकुदको योगदान महत्वपूर्ण रहेको हुन्छ । तर, सरकारले युवाका निम्ति खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यताअनुसार विकास गर्न साङ्गठनिक ढाँचामा समयसापेक्ष सुधार गर्ने तथा सरकारी, गैरसरकारी एवम् निजी क्षेत्र बीच समन्वय, सहकार्य एवम् साझेदारीको वातावरण गरी खेलकुदको विकास र विस्तार गर्दै यसलाई जनजीवनको अभिन्न अङ्ग बनाउने प्रयास गर्न सकेको देखिँदैन । खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान् मानव संसाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा समेत स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी 'सबैका लागि खेलकुद' भन्ने अभियानलाई साकार पार्न खेलकुदसँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरू कार्यान्वयन गर्न सरकारले पर्याप्त मात्रमा लगानी गर्नुपर्ने देखिन्छ ।

राष्ट्रिय युवा परिषद् ऐनको परिच्छेद-५ को ११ औँ दफामा जिल्ला युवा समिति गठन प्रक्रियाको बारेमा परिकल्पना गरेको छ । राष्ट्रिय युवा परिषद्का अनुसार देशभरका ९० पालिकामा युवा अनुकूल नीति ल्याइएको छ । यसबाट स्थानीय सरकारका नीतिनिर्माण र विकास योजनामा युवाको पहुँच बढेको छ । युवालक्षित कार्यक्रमले ठाउँ पाउन थालेका छन् । परिषद्ले यसका लागि 'युवामैत्री स्थानीय तह दिग्दर्शन-०७५', 'युथ भिजन-२०२५' तथा 'दश वर्षे रणनीतिक योजना' र 'राष्ट्रिय युवा-नीति-२०७२' ल्याएको छ । 'युवा भोलिका कर्णधारमात्र होइनन्, वर्तमानका साझेदार पनि हुन्', यसकारण राज्यको हरेक क्षेत्रमा उनीहरूको सहभागितामा जोड दिनुपर्ने विषयलाई राष्ट्रिय युवा परिषद्ले अगाडी बढाएको छ ।

देश सङ्घीय संरचनामा गएपछि युवालाई सहभागिता र बजेटमा समेट्नै पर्ने बाध्यकारी नीति नहुँदा स्थानीय सरकारका नीति तथा योजनामा युवा लक्षित कार्यक्रम छुट्दै आएका थिए । परिषद्ले २०७५ मा ल्याएको 'युथ भिजन'ले स्थानीय सरकारमा युवा परिचालन बढाउने लक्ष्य राखेको छ । सन् २०२५ सम्ममा स्थानीय सरकारको कूल बजेटबाट युवालक्षित १० प्रतिशत छुट्ट्याउनुपर्ने भनिएको छ । युवाले ठाउँठाउँमा नमुना युवा संसद्को अभ्यास गरिरहेका छन् । युवाको नेतृत्व विकास गरी संविधान, कानून, संसदीय प्रक्रिया, मर्यादा र अभ्याससँग परिचित गराउन ३ वर्षदेखि यस्तो अभ्यास ल्याइएको हो । यस्ता व्यवस्थाबाट तीनै तहका सरकारका कार्यक्रमले युवालाई समेट्ने अपेक्षा गरिन्छ ।

लोकतन्त्रको उच्चतम अभ्यासअनुरूप विकेन्द्रीकरणको अनुभूति हुने गरी हरेक स्थानीय तहलाई स्थानीय माटो सुहाउँदो नीति, कार्यक्रम, बजेट तर्जुमा गर्दा समावेशी जनसहभागितामार्फत गतिविधि सञ्चालन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन कार्य गर्न संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायतका ऐनमा भएका प्रावधानले युवाहरूलाई आफ्नो स्थानीय तहमा सहभागी हुन सक्ने बाटो प्रशस्त भएको छ । यद्यपि, युवाहरू आफू कसरी स्थानीय नीति-निर्माण प्रक्रिया, योजना तथा कार्यक्रम सञ्चालन गर्ने कार्यमा सहभागी हुन सक्छु भन्ने सन्दर्भमा अन्योलमै रहेका छन् । यो अन्योल चिर्न हरेक स्थानीय तहले आफ्नो पालिकामा युवा मञ्च गठन गरी सम्पूर्ण पालिकाका गतिविधिमा युवाहरूलाई समावेश गर्न सक्दछन् । आर्थिक, सामाजिक, सास्कृतिक, राजनीतिक क्षेत्रमा काम गर्न चाहने युवालाई सहजीकरण गर्ने कार्य स्थानीय सरकारले गर्नु पर्दछ । यो कार्यमा स्थानीय युवाहरूले आफ्नो पालिकामा गई सेवा लिन सक्दछन् । पालिकाका परिषद् बैठकमा अर्थपूर्ण उपस्थिति जनाई युवाहरूले आफूअनुकूल नीति तथा कार्यक्रम निर्माण गर्न सकारात्मक दबाब दिन सक्दछन् । पालिकाले गरेका हरेक गतिविधिलाई निगरानी गर्न तत्सम्बन्धी सूचनाको हक प्रयोग गरी खोजी गर्न सक्दछन् । पालिकासँगको साझेदारी बढाउन, युवा आफैँ सक्रिय भई जनप्रतिनिधिहरूसँग सहकार्य गर्न सक्दछन् ।

युवा विकासका लागि नीतिगत दस्ताबेज 'राष्ट्रिय युवा-नीति-२०७२' र 'यूथ भिजन-२०२५' तथा दश वर्षे रणनीतिक योजनालगायत दिगो विकासका लक्ष्य हासिल गर्न सम्पूर्ण युवाहरू आफ्नो पालिकासँग नजिक रही सहकार्य तथा साझेदार बन्न सक्नुपर्दछ ।

लोकतन्त्रको आधारशिला आवधिक निर्वाचन, स्वतन्त्र न्यायपालिका, व्यवस्थापिका संसद् र कृयाशील कार्यपालिकाहरू हुन् । लोकतन्त्रलाई संस्थागत गरी कानूनी राज्यद्वारा आमनागरिकका आवश्यकता परिपूर्ति गर्नु आधुनिक समाजको आवश्यकता हो । लोकतन्त्रको विकल्प भनेको लोकतन्त्र नै हो, जसले सम्पूर्ण देशवासीहरूलाई स्वतन्त्रतापूर्वक जीवनयापन, व्यापार व्यवसाय तथा सम्पूर्ण मौलिक हक सुनिश्चित भएको अनुभूति प्रदान गर्दछ । यसको मुख्य आधारशिला नै आवधिक निर्वाचन हो, जहाँ आमनागरिकले स्वच्छन्द ढङ्गबाट आफ्नो मताधिकार प्रयोग गरी विकासको मूल प्रवाहीकरणमा सहभागिता जनाउन सक्दछन् । आम निर्वाचनमा युवाको विवेकपूर्ण सहभागिताले लोकतन्त्र संस्थागत हुन सहयोग पुऱ्याउँछ ।

नेपालमा सङ्घीय गणतन्त्रको अभ्यास सुरु भएपछि बनेको संविधानसभाले बनाएको नेपालको संविधानको कार्यान्वयनको चरणमा दोस्रो पटक स्थानीय तहको निर्वाचन भएको हो । पहिलो पटक २०७४ मा स्थानीय तहको निर्वाचन भएको थियो । निर्वाचन आयोगका अनुसार सम्भवतः नेपालको इतिहासमा पहिलोपल्ट नेपाल सरकार, निर्वाचन आयोगले २०७९ साल वैशाख ३० गते एकै चरणमा स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन सफल भएको छ । उक्त निर्वाचन सम्पन्न गराउन आयोगले कुनै पनि बाह्य स्रोत परिचालन नगरी आफ्नै स्रोत र साधन खर्चिएर लोकतान्त्रिक व्यावसायिकता प्रर्दशन गरी विश्व समुदायमा आफ्नो पहिचान माइन सफल भएको छ ।

गत वैशाख ३० गते देशैभर एकै पटक आयोजित स्थानीय तहको निर्वाचनमा सबै ७५३ स्थानीय तह समेटिएका छन् । सबै स्थानीय तहहरूले आ-आफ्ना जनप्रतिनिधि चुन्न सक्षम भइसकेका छन् भने सबै नयाँ निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो कार्यभार सम्हालिसकेका छन् ।

गत निर्वाचनमा देशभर १ करोड ७७ लाख ३३ हजार ७२३ मतदाता रहेका मध्ये ८९ लाख ९२ हजार १० जना (५०.७१ प्रतिशत) पुरुष, ८७ लाख ४१ हजार ५३० (४९.२९ प्रतिशत) महिला मतदाता र १८३ जना (०.०००१

प्रतिशत) अन्य मतदाता रहेका थिए। कुल ३५ हजार २२१ पदका लागि १ लाख ४५ हजार १३ जना उमेद्‌वारहरूले मनोनयन दर्ता गराएका थिए। कुल उमेद्‌वारहरूमध्ये ८९ हजार ३१४ (६१.५९ प्रतिशत) पुरुष र ५५ हजार ६९९ (३८.४१ प्रतिशत) महिला उमेद्‌वारहरू रहेका थिए।

कुल ३५ हजार ९७ पदका लागि जम्मा ५९ हजार ८१४ जना युवाहरूले गत स्थानीय तहको निर्वाचनमा उमेद्‌वारी दिएका मध्ये १४ हजार ४४२ जना (४१.१४ प्रतिशत) उमेद्‌वारहरू २१ वर्षदेखि ४० वर्षसम्मका निर्वाचित भएका छन्। निर्वाचित हुनेमध्ये नगरप्रमुखमा ३७ जना र गाउँपालिका अध्यक्षमा १०६ जना गरी करिब १९ प्रतिशत स्थानीय तहलाई युवा नेतृत्वले सम्हालेका छन्। यसैगरी नगरपालिका उपप्रमुख पदमा ९५ जना तथा गाउँपालिका उपाध्यक्षमा २३८ जना युवाहरू निर्वाचित भएका छन्। यसरी हेर्दा ४३.६९ प्रतिशत उपप्रमुख पदमा युवा निर्वाचित भएका छन्।

०७४ मा भएको निर्वाचनबाट ३५ हजार ४१ जनप्रतिनिधि चयन भएकामा २१ देखि ४० वर्ष उमेर-समूहका १३ हजार आठ सय ९३ अर्थात् ३९.६५ प्रतिशत थिए। निर्वाचन आयोगका अनुसार सो निर्वाचनमा एक लाख ४८ हजार तीन सय ६२ उम्मेदवारमध्ये युवा उम्मेदवारको सङ्ख्या ५७ हजार ७०१ थियो।

यस पटकको निर्वाचनमा कूल ५५ हजार ६९९ महिला उम्मेदवार रहेकामा १४ हजार ४०२ जना (४१ प्रतिशत) महिला निर्वाचित भएका छन्। यो निर्वाचनमा प्रमुख र उपप्रमुख दुबै पदमा विजयी भएको पालिकाको सङ्ख्या जम्मा तीन वटामात्र छ। यसपालिको निर्वाचनमा देशभरिबाट २५ वटा पालिकामा महिला प्रमुख (अध्यक्ष/मेयर) पदमा निर्वाचित भएका छन्। पहिलो स्थानीय तहको निर्वाचन २०७४ मा १८ जना महिला प्रमुख (मेयर/अध्यक्ष) पदमा निर्वाचित भएका थिए। वि.सं. २०७४ र २०७९ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनहरूको तुलनात्मक अध्ययन गर्दा पहिलेको निर्वाचनभन्दा अहिलेको निर्वाचनमा महिलाको प्रतिनिधित्व बढेको देख्न सकिन्छ।

समग्रमा स्थानीय तह निर्वाचन २०७४ र २०७९ बाट प्राप्त नतिजालाई युवा र महिलाको प्रतिनिधित्वसम्बन्धी तथ्य केलाउँदा युवा र महिला प्रतिनिधित्व वृद्धि भएको छ। तथ्यले युवा तथा महिलाको प्रतिनिधित्व वृद्धि भएको देखाए तापनि कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत हिस्सा ओगटेको युवा जनशक्तिमध्ये नगरप्रमुख/उपप्रमुख र गाउँपालिका अध्यक्ष/उपाध्यक्ष पदमा केही दर्जनमात्र युवा तथा महिला पुग्नुले केही सकारात्मक सन्देश दिन खोजे तापनि बहुसङ्ख्यक युवाहरूलाई नेतृत्वको मूलधारमा समाहित हुन अझ चुनौती रहेको प्रष्ट हुन्छ। कार्यकारी भूमिकामा महिला तथा युवालाई विश्वास गरेको देखिदैन।

गत स्थानीय तहको निर्वाचनमा कुल ३७ लाख नयाँ मतदाता थपिएका थिए। ती मतदाताको पहिलो रोजाइको उमेद्‌वारहरू युवा तथा महिला हुन थालेको सङ्केत देखिन्छ। यसैगरी सङ्घीय तथा प्रदेशको निर्वाचनको अवधिसम्म अरू युवाहरू बालिग भई नयाँ मतदाता बन्ने कुरा अवश्यम्भावी छ। यसका साथै गत स्थानीय तह निर्वाचनको तुलनामा यस पटकको निर्वाचनमा धेरै स्वतन्त्र उमेद्‌वारहरू निर्वाचित हुनुले पनि राजनीतिक वृत्तमा उमेद्‌वार चयन गर्दा राजनैतिक दलले विशेष सजगता अपनाउनुपर्ने चुनौती खडा भएको छ। आगामी सङ्घीय तथा प्रदेश निर्वाचनमा देशका प्रमुख राजनीतिक दलहरूले आफ्ना उमेद्‌वार चयन गर्दा सक्षम, शिक्षित तथा नेतृत्व लिन सक्ने युवा तथा महिलालाई अघि सार्नुपर्दछ किनकि प्रदेश तथा सङ्घीय प्रतिनिधिहरूको जिम्मेवारी र भूमिका स्थानीय तह जनप्रतिनिधिहरूको भन्दा भिन्न छ। सेवा प्रवाहको अन्तिम बिन्दु स्थानीय सरकार भएकाले पनि स्थानीय नेतृत्व विकासका विद्यामान चुनैतिलाई अवसरमा बदल्न सक्ने हुनुपर्छ।

यसका अलावा स्थानीय तहमा बढ्दै गरेको युवा तथा महिला आकर्षणले एकातिर राजनीतिलाई पृथक् ढङ्गबाट परिभाषित गर्दै छ भने अर्कोतर्फ राजनीतिक दलहरूलाई युवा पुस्तालाई प्राथमिकीकरण गरी उमेद्वार चयन गर्न ठोस नैतिक दबाब पर्दै गएको अनुभूति गर्न सकिन्छ । किनकि, अहिलेको युवा तथा महिला पुस्ता आफूजस्तै उमेरको नेतृत्व लिन सक्षम युवा महिलामन्त्री, मुख्यमन्त्री, युवा महिला प्रधानमन्त्री देख्न आतुर छन् ।

## सन्दर्भ सामग्री


१ नेपालको संविधान

२ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

३ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

६ रूपान्तरण सङ्गठन स्मारिका, २०६९

७ पन्ध्रौँ योजना, राष्ट्रिय योजना आयोग

८ बजेट वक्तव्य, अर्थ मन्त्रालय

९ विभिन्न प्रतिवेदनहरू



*जगदीश ऐर राष्ट्रिय युवा परिषद्का सदस्य हुन् ।*

# नेपालको संविधानमा राजस्व श्रोतको बाँडफाँड



अनिमेष सुवेदी

## पृष्ठभुमि

नेपालको संविधानमा उल्लेख भएको मौलिक हक र राज्यका निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयन गर्न, मुलुकको विकास र समृद्धिका लागि सार्वजनिक खर्चको बढ्दो आवश्यकता पूरा गर्न र वैदशिक सहायतामाथिको निर्भरता कम गर्न आन्तरिक राजस्व परिचालन आवश्यक पर्दछ। राजस्व प्रशासन तीनै तहमा सुदृढ गर्दै संस्थागत विकास, कार्य प्रणलिमा सुधार, मनोवृत्तिमा सुधार, क्षमता, दक्षता र नैतिकतामा सुधार आजको प्रमुख सवाल हो। नेपालको संविधानको कार्य जिम्मेवारी र साधन-स्रोतबीच तादाम्यता कायम गर्दै अघि बढ्न राजस्व सङ्कलनलाई प्रभावकारी बनाउँदै समन्यायिक वितरण गर्ने र पारदर्शिता, जबाफदेहिता कायम गर्न सुशासनको प्रत्याभूति दिनु आवश्यक छ।

राजस्व प्रशासनलाई तीनै तहमा संस्थागत गर्दै समस्या र चुनौतीहरूलाई अवसरमा परिणत गर्न राजनीतिक दृढ इच्छाशक्ति र प्रशासिनक प्रतिबद्धता चाहिन्छ। स्रोत र साधनको पर्याप्त व्यवस्था, कानूनी सुधार, प्रकृयागत जटिलता हटाउँदै सूचना प्रविधिको भरपुर उपयोगमार्फत राजस्व सङ्कलनमा सुधार गर्न सकेमा चुनौतीलाई अवसरमा बदल्न सकिन्छ।

आन्तरिक रूपमा राजस्व तथा आन्तरिक ऋण तथा बाह्य रूपमा बैदेशिक सहायता (ऋण, अनुदान)बाट पूरा गरिन्छ। जसरी मानव शरीर रक्तसञ्चारविना सञ्चालन हुन सक्दैन, त्यस्तै राजस्वको अभावमा सरकार पनि सञ्चालन हुन सक्दैन। देशको आर्थिक विकास, समृद्धि, सुशासन, सामाजिक न्याय कायम गर्न राजस्व एक महत्वपूर्ण वित्तीय साधन हो। सरकारले जनतालाई विभिन्न किसिमका सामाजिक, आर्थिक पूर्वाधार विकास तथा अन्य सेवासुविधा प्रवाह गरेवापत जनतासँग प्रत्यक्ष र अप्रत्यक्ष रूपमा कानूनबमोजिम उठाउने रकम नै राजस्व हो।

सरकारले राजस्व सङ्कलन निश्चित आधारविना आफूखुशी रूपमा सङ्कलन गर्न पाउँदैन। जनताका प्रतिनिधिबाट स्वीकृति लिएरमात्र कर लगाउने अधिकार प्रदान गरिएको हुन्छ। त्यसैले संसारभरि नै (No Taxation without Represaitation) भन्ने सिद्धान्तलाई अङ्गीकार गरिएको पाइन्छ। नेपालको संविधानको धारा ११५(१) मा कानूनबमोजिम बाहेक कुनै कर लगाउन र उठाउन पाइनेछैन। त्यस्तै, धारा २०३ (१) मा कानूनबमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइनेछैन। धारा २२८ (१) बमोजिम कानूनबमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन पाइनेछैन भन्ने व्यवस्था गरेको देखिँदा उक्त सिद्धान्तलाई तीनै तहमा पूर्ण रूपमा परिचालन गरेको देखिन्छ।

राजस्व उठाउँदा कर राजस्व र गैरकर राजस्व उठाउने गरेको छ। वस्तु वा सेवाको उपभोगको आधारमा लगाउने अप्रत्यक्ष कर मूल्य अभिवृद्धि कर (Custom Duty) सवारीसाधन करलगायत अन्य कर र आयआर्जनमा हरेक कृयाकलापमा लगाउने आयकर (व्यक्तिगत र संस्थागत) पारिश्रमिक कर, ब्याजकर पूँजीगत लाभकर,

आकस्मिक लाभकरजस्ता प्रत्यक्ष कर नै कर राजस्वहरू हुन्, जुन कर तिरेवापत जनतालाई प्रत्यक्ष कुनै लाभ प्राप्त हुँदैन तर कानूनतः तिर्नै पर्ने हुन्छ । सरकारले जनतालाई सेवासुविधा उपलब्ध गराएवापत असुल गर्ने कर राजस्वबाहेकको कर नै गैरकर हो । विद्युत् उपलब्ध गराएवापतको शुल्क, खानेपानी उपलब्ध गराएवापतको शुल्क, टेलिफोन स्वामित्व शुल्क, इजाजत दस्तुर, दण्ड-जरिवाना शुल्क, जफत सरकारी सम्पत्ति, सेवा वस्तु बिक्रीबाट प्राप्त रकम लाभांश ब्याज, रोयल्टी दान, दातव्य, उपहार आदि सबै गैरकर राजस्व हुन् ।

नेपालको संविधानबमोजिम भन्सार अन्तःशुल्क मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड-जरिवानाजस्ता करहरू सङ्घ सरकारको अधिकार सूचीमा रहेका हुन्छन् । त्यस्तै, घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयकर, सेवाशुल्क दस्तुर, दण्ड-जरिवाना प्रदेश सरकारको अधिकारको सूचीमा रहेको छ ।

स्थानीय कर र सम्पत्त कर, घरजग्गा कर, घरजग्गा रजिस्ट्रेशन शुल्क, सवारीसाधन कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड-जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन स्थानीय तहको अधिकारको सूचीमा रहेको छ । त्यस्तै, सेवा शुल्क, दस्तुर, दण्ड-जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा रहेका छन् ।

## नेपालको संविधानमा राजस्व स्रोतको बाँडफाँड

नेपालको संविधानको धारा ५९ मा सङ्घ प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति र योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्नेछन् । सङ्घको साझा सूचीको विषयमा र आर्थिक अधिकारको अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानून बनाउन सक्नेछन् ।

सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन् । तर, साझासूचीको विषयमा र कुनै पनि तहको सूचीमा नपरेको विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछ । नेपाल सरकारले सङ्कलन गरेको राजस्व सङ्घ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाइनेछ । प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको सिफारिसबमोजिम हुनेछ । नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ । प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानूनबमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्नेछन् । नेपाल सरकारले सङ्घीय सञ्चित कोषबाट प्रदान गर्ने सःशर्त अनुदान समपुरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरणसम्बन्धी व्यवस्था सङ्घीय कानूनबमोजिम हुनेछ । सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाड गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्नेछ ।

## संविधान र कानूनबमोजिम सङ्घीय सञ्चिति कोष

कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरूको

सिफारिस गर्ने, सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँड आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने काम कर्तव्य अधिकार नेपालको संविधानले प्राकृतिक स्रोत तथा वित्त आयोगलाई सुम्पिएको छ।

## नेपालका प्रमुख करहरूको जानकारी मूल्य अभिवृद्धि कर (VAT)

वस्त वा सेवाको उत्पादन तथा वितरण प्रकृयाअन्तर्गत हरेक तहमा हुने मूल्य अभिवृद्धि (Value Added) मा लाग्ने कर नै मूल्य अभिवृद्धि कर हो। यसलाई बिक्रीकरको विकसित तथा सुधारिएको रूपको करको रूपमा लिइन्छ। विभिन्न देशहरूले परम्परागत कर प्रणालीबाट अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न नसकेको र कर-प्रशासनले बढी लागत र झमेला व्यहोर्नुपरेका साथै राजस्व सङ्कलनमा समेत आशातित वृद्धि हुन नसकेको तीतो यथार्थलाई महसूस गर्दै समसामयिक पारदर्शी र वैज्ञानिक करको रूपमा मूल्य अभिवृद्धि करलाई परम्परागत करको विकल्पको रूपमा लिइएको पाइन्छ। विश्वमा मूल्य अभिवृद्धि करसम्बन्धी अवधारणाको विकास जर्मनीमा डा.विल्देलम फान साइमन्सबाट भएको हो। उनलाई मूल्य अभिवृद्धि करसम्बन्धी अवधारणाको प्रणेता मानिन्छ। यस अवधारणाको सुरुवात जर्मनीबाट भए पनि विश्वमा सर्वप्रथम सन् १९५४ मा फ्रान्समा यो कर लागू भएको थियो। नेपालमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली २०५३ तर्जुमा भई २०५४ मङ्सिर १ गतेबाट कार्यान्वयनमा आएको हो। नेपालमा साविकमा १० प्रतिशतको एकल दर रहेकोमा हाल १३ प्रतिशत मूल्य अभिवृद्धि करको दर रहेको छ।

## आयकर

आयकर आम्दानीमा लाग्ने प्रत्यक्ष कर हो। आफूले परिश्रमिक गरी आर्जन गरेको रकमबाट सरकारलाई तिर्नूपर्ने भएकोले अधिकांश व्यक्ति, संस्था आदिले आयकरलाई असजिलो करको रूपमा लिन्छन्। आयकरअन्तर्गत व्यक्तिगत तथा संस्थागत आयकर, ब्याजकर, घरबहाल कर, पूँजीगत लाभकर, आकस्मिक लाभकर आदि पर्दछन्। नेपालमा प्राचिन समयमा पशुपालन, माछापालन व्यवसाय, कृषि व्यवसायमा लगाउने गरिएको आयकर, हाल व्यवसाय, रोजगारी र लगानीका प्रत्येक क्षेत्रमा लगाउने गरिएको छ। नेपालमा आयकर ऐन,को कार्यान्वयन सर्वप्रथम २०१९ सालमा भए तापनि आधुनिक आयकर ऐन,को कार्यान्वयन भने कानूनी संरचना र प्रणालीलाई पूर्णतः आधुनिकीकरणको दिशामा अभिमुखीकरण गराउन आयकर ऐन, २०५८ मा ल्याइयो।

## भन्सार महसुल

भन्सार महसुल बैदेशिक व्यापारमा आधारित वस्तगत कर हो, जुन निकासी र पैठारीको अवस्थामा भन्सार बिन्दुमा उठाइन्छ। भन्सार प्रशासनलाई व्यवस्थित, पारदर्शी एवम् उत्तरदायी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सुरक्षित एवम् सहज बनाउन भन्सार ऐन, २०६४ कार्यान्वयनमा ल्याइएको हो। नेपालमा सर्वप्रथम वि.सं. २०१९ मा भन्सार ऐन, ल्याइएको थियो भने २०२६ सालमा भन्सार नियमावली तर्जुमा गरिएको थियो। हाल भन्सार ऐन, २०६४ कार्यान्वयन ल्याई भन्सार प्रशासनलाई आधुनिकीकरण गरिएको पाइन्छ।

## अन्तःशुल्क

आन्तरिक उत्पादनका अधिकांश वस्तुमा लगाइने गरेको कर नै अन्तःशुल्क हो। यो राजस्व परिवारको पुरानो सदस्य हो। हाल व्यक्तिगत स्वास्थ्यमा असर गर्ने मदिरा र सुर्तीजन्य पदार्थ र सामाजिक तथा वातावरणीय प्रदूषण बढाउने खालका वस्तुको उत्पादन उपभोग र बिक्रीमा अन्तःशुल्क लगाउने गरेको पाइन्छ। स्वास्थ र वातावरणमा हानि पुऱ्याउने वस्तुको उत्पादन र उपभोगलाई व्यवस्थित गर्ने विलासिता वस्तुको उत्पादन र उपभोगलाई नियन्त्रित र व्यवस्थित गर्ने, अन्तःशुल्क ऐनको उद्देश्य रहेको छ।

नेपालमा सर्वप्रथम अन्तःशुल्क ऐन, २०१५ तथा अन्तःशुल्क नियमावली २०१९ लागू भएको थियो । वि.सं. २०५८ सालमा मुलुकको आर्थिक विकासका लागि आवश्यक राजस्व सङ्कलन गर्ने प्रकृयालाई प्रभावकारी बनाई राजस्व परिचालन बढाउन नेपाल राज्यमा उत्पादन भएका वा पैठारी हुने वस्त र प्रदान गरिने सेवामा अन्तःशुल्क लगाउने र असुलउपर गर्ने सम्बन्धमा व्यवस्था भएका कानूनलाई समयानुकुल बनाई संशोधन र एकीकरण गर्ने उद्देश्यले नयाँ अन्तःशुल्क ऐन, २०५८ र अन्तःशुल्क नियमावली २०५९ लागू गरिएको छ।

## स्थानीय तह र प्रदेश सरकारको राजस्व अधिकार

सङ्घमा राजस्व प्रशासन हेर्ने अर्थ मन्त्रालय भएजस्तै प्रदेशहरूमा प्रादेशिक रूपमा अर्थ हेर्ने मन्त्रालय र विषयगत मन्त्रालयहरू रहेका छन् । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ (क) ले प्रदेश र स्थानीय तहको साझा अधिकारमा रहेको सवारी कर प्रदेशले उठाउने र ६० प्रतिशत आफूले राखी ४० प्रतिशत प्रदेशभित्रमा स्थानीय तहलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचाअनुसार बाँडफाँड गर्ने प्रणाली व्यवस्थापन ऐन, २०७४ ले मूल्य अभिवृद्धि कर तथा अन्तरमूल्यबाट उठेको करमध्ये ७० प्रतिशत सङ्घलाई १५/१५ प्रतिशत प्रदेश र स्थानीय तहलाई प्राकृतिक स्रोत तथ वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचाअनुसार बाँडफाँड गर्ने व्यवस्था छ।

नेपालको संविधानअनुसार प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेका तपसिल-बमोजिमका कर, एकल कर-प्रशासनबमोजिम कर लगाउने र उठाउने गर्नुपर्छ र उठाउने तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारीसाधन करको दर गाउँपालिका वा नगरपालिकाले उठाउने, घरजग्गा रजिस्ट्रेशन मूल्यको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने, मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने, विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने व्यवस्थात छ।

स्थानीय तहले उठाउने साझा अधिकार क्षेत्रको कर रकममध्ये ६०% रकम स्थानीय सञ्चित कोषमा जम्मा गरी ४०% रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्दछ।

## मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क कर बाँडफाँड

मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकमको बाँडफाँड गर्ने नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो उठेको रकम सङ्घीय विभाज्य कोषमा जम्मा गर्ने । सङ्घीय विभाज्य कोषमा जम्मा भएको यस्तो रकममध्ये ७०% नेपाल सरकारलाई १५ प्रतिशत प्रदेशलाई र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँड गर्ने । नेपाल सरकारले आफ्नो भागमा परेको ७०% प्रतिशत रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने र प्रदेश सरकारलाई छुट्ट्याइएको १५% रकम प्रदेश विभाज्य कोषमा र स्थानीय तहलाई छुट्ट्याइएको १५% रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिदिने । प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचाबमोजिम प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँड गर्ने । बाँडफाँडपछि प्रत्येक प्रदेश र प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र सम्बन्धित स्थानीय सञ्चित कोषमा मासिक रूपमा उपलब्ध गराउने।

## सवारीसाधन करको बाँडफाँड

प्रदेशले लगाएको र उठाएको सवारीसाधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्ने। प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये ६० प्रतिशत प्रदेश र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाड गर्ने।

प्रदेश सरकारले आफ्नो भागमा परेको ६० प्रतिशत रकम सञ्चित कोष दाखिला गर्ने र स्थानीय तहलाई छुट्ट्याइएको ४० प्रतिशत रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिदिने। स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचाबमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने। बाँडफाँडपछि प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा मासिक रूपमा उपलब्ध गराउने।

## प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड

प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो उठेको रकम सङ्घीय विभाज्य कोषमा जम्मा गर्नुपर्दछ। सङ्घीय विभाज्य कोषमा जम्मा भएको त्यस्तो रकम तपसिलबमोजिम बाँडफाँड गर्नुपर्दछ।

| क्र.सं. | रोयल्टीको शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १. | पर्वतारोहण | ५० | २५ | २५ |
| २. | विद्युत | ५० | २५ | २५ |
| ३. | वन | ५० | २५ | २५ |
| ४. | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५. | पानी तथा अन्य प्राकृतिक | ५० | २५ | २५ |

नेपाल सरकारले आफ्नो भागमा परेको ५० प्रतिशत रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने र प्रदेश सरकार लाई छुट्ट्याइएको २५ प्रतिशत रकमसम्बन्धी प्रदेश विभाज्य कोषमा र स्थानीय तहलाई छुट्ट्याइएको २५ प्रतिशत रकम सम्बन्धित स्थानीय विभाज्य कोषमा जम्मा गरिदिनुपर्दछ। प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश र स्थानीय तह (सम्बन्धित स्थानीय तह र जिल्ला समन्वय समिति) लाई प्रभावित भएको अनुपातमा सामयिक बाँडफाँड गर्ने व्यवस्था रहेको छ।

## राजस्व प्रशासनका चुनौती र समस्याहरू

प्रदेश र स्थानीय तह आन्तरिक आय बढाउनुभन्दा अनुदान र वित्तीय हस्तान्तरणतर्फ बढी लालायित हुनु, कतिपय स्थानीय तहले समयमा बजेट तथा कार्यक्रम ल्याउन नसक्नु, तीनै तहमा खर्च जिम्मेवारी र वित्त व्यवस्थापनबीच सन्तुलन कायम हुन नसक्नु, प्रदेश र स्थानीय तहले आन्तरिक राजस्व अप्रत्यक्ष रूपमा परिचालन गर्न नसक्नु, तीनै तहमा सहज र पूर्ण वित्तीय तथ्याङ्क एवम् जानकारीको अभाव रहनु विभाज्य कोषहरू स्थापना भए तापनि पूर्ण रूपमा कार्यान्वयनमा आउन नसक्नु, प्रदेश र स्थानीय तहको राजस्व अधिकार भए तापनि वास्तविक राजस्व क्षमता पहिचान नहुनु, सङ्घ, प्रदेश र स्थानीय निकायबीच कार्यसम्पादनमा दोहोरोपना कायमै र हनु, दक्ष र पर्याप्त जनशक्तिमा कमी हुनु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संस्थागत विकास नहुनु, आयोगलाई पूर्ण स्वायत्तता प्रदान नगरिनु, अन्तरसरकारी वित्त परिषद् प्रभावकारी नहुनु, सङ्घको केन्द्रीकृत मानसिक आर्थिक क्रियाकलापमा अनौपचारिक क्षेत्रको हिस्सा उच्च रहनु, राजस्वको ठूलो हिस्सा आयतमा निर्भर रहनु, राजस्वमा आयकरको अंश अपेक्षित रूपमा बढाउन नसक्नु, मूल्य अभिवृद्धि कर प्रणालीलाई राष्ट्रिय कर धार संरक्षण गर्न सक्ने गरी सुदृढ गर्न नसक्दा अपेक्षित राजस्व सङ्कलन हुन नसक्नु, करको दायरा अपेक्षित रूपमा विस्तार हुन नसक्नु तथा सम्भावना र क्षमताअनुरूप राजस्व परिचालन हुन नसक्नु करदाता शिक्षा प्रभावकारी नहुन, व्यावसायिकता, पारदर्शिता जवाफदेहिता प्रवर्द्धन गर्न नसकिनु, राजस्व प्रशासनमा अनियमितता र भ्रष्टाचार व्याप्त

रहनु, राजस्वमा प्रत्यक्ष करको योगदान कम रहनु, राजस्व प्रशासन पूर्ण रूपमा सूचना-प्रविधिमैत्री नहुनु, कर सङ्कलन लागत र कर परिपालना लागत घटाउन नसक्नु, सङ्घीय संरचनाबमोजिम राजस्व संरचनामा सामञ्जस्यता ल्याउन नसकिनु, कारोबार मूल्यलाई भन्सार जाँचपास प्रणालीको आधार बनाउन नसक्नु, कारोबारको यथार्थ बिलबिजक अनिवार्य रूपमा लिन दिने व्यवस्था कमजोर हुनु, अधिकार विद्युतीय व्यापारलाई करको दायरामा ल्याउन नसक्नु, बहुराष्ट्रिय कम्पनीबाट कराधार समीकरण (Base erosim), नाफा स्थानान्तरण (Profit Shifting) मूल्य हस्तान्तरण (Price Trafier Pricing) को प्रकृति रहनु ।

## राजस्व प्रशासनमा गर्नुपर्ने सुधार

प्रदेश र स्थानीय तहमा राजस्व संरचनाको विकास, विस्तार र क्षमता सुद्धीकरणमा जोड दिने, दक्ष र प्रर्याप्त राजस्व प्रशासनका कर्मचारीको व्यवस्था गर्ने, कार्य जिम्मेवारी र स्रोतबीच तादाम्यता कायम गर्ने, आन्तरिक स्रोतको परिचालन गर्न करको दायरा विस्तार गरी आत्मनिर्भर हुने, स्थानीय सुशासन केन्द्रको रूपमा स्थानीय तहलाई प्रवर्धन गर्ने, भ्रष्टाचार र अनियमितता हटाउने, राजस्व बाँडफाँडलाई संवर्धन, समसामयिक र पारदर्शी बनाउने, प्राकृतिक स्रोतको बाँडफाँडमा समन्यायिक र पारदर्शी बनाउने, वित्तीय हस्तान्तरण सूत्रमा आधारित बनाउने, अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको प्रभावकारी कार्यान्वयन गर्ने राजस्व नीतिमा स्थिरता कायम राख्दै समतामूलक करप्रणालीको विकास गर्ने, लगानीमैत्री वातावरण सृजना गरी करको आधार विस्तार तथा सुदृढ गर्ने, राजस्व चुहावटको क्षेत्र पहिचान गरी राजस्व चुहावट नियन्त्रण गर्ने, करको दायरा बढाउँदै राजस्व परिचालनमा दक्षता ल्याई राजस्व सङ्कलनमा अभिवृद्धि गर्ने, लगानीको वातावरण अनुकूल बनाई आर्थिक कृयाकलाप बढाउने, भूकम्प, को भिड १९ बाट प्रभावित अर्थतन्त्र र व्यवसायलाई पुनःस्थापना गर्ने, स्वेच्छिक कर सहभागिता बढाउने, निर्यात प्रवर्धन र आयत प्रतिस्थापना गर्ने, अवैद्य व्यापार नियन्त्रण तथा विदेशी मुद्रा अपचलन रोक्ने, सम्पत्ति सुद्धीकरण नियन्त्रण गर्ने, राजस्वसम्बन्धी ऐननियमका व्यवस्थालाई एकीकृत गरी करसंहिता निर्माण गर्ने, उच्चस्तरीय करप्रणाली पुनरावलोकन आयोगले दिएका सुझाव कार्यान्वयन गर्ने, करसम्बन्धी विवाद समाधान गरी करबक्यौता व्यवस्थापन गर्ने, स्थायी प्रकृतिको विवाद निरूपण संयन्त्र गठनसम्बन्धी अध्ययन गर्ने, एकीकृत विद्युतीय करप्रणालीको माध्यमबाट प्रकृयागत सरलीकरण र सहभागिता एवम् कर सङ्कलन लागत घटाउने राजस्व जोखिमको क्षेत्रगत सूचकका आधारमा आर्थिक अपराध र राजस्व चुहावट नियन्त्रण गर्ने, अन्तःशुल्क व्यवस्थापन प्रभावकारी बनाई राजस्व चुहावट नियन्त्रण गर्ने, भन्सार जाँचपासको कार्य विद्युतीय माध्यमबाट गर्ने, भन्सार नियन्त्रण प्रणाली प्रभावकारी बनाउने, भन्सार कानूनमा समसामायिक सुधार गर्ने, राजस्व चुहावटसम्बन्धी कानूनमा आवश्यक परिमार्जन गर्ने, सम्पत्ति सुद्धीकरणसम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने, केन्द्रीय राजस्वबाट गठन गरी कानून तर्जुमा तथा सङ्गठनात्मक अध्ययन गर्ने, आन्तरिक राजस्व कार्यालयलगायत प्रदेश र स्थानीय तहका राजस्व सङ्कलन गर्ने, कार्यालयहरूको संस्थागत क्षमता विकास गर्ने, दक्ष, व्यावसायिक स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर-प्रशासनको विकास गर्ने, करदातामैत्री कर-प्रशासनको विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारमा रहेका करको प्रशासन तथा सङ्कलन व्यवस्थित गरी दोहोरोपना हुन नदिने । राजस्व बोर्डको गठन गर्ने, सङ्गठनहरूको भौतिक पूर्वाधार समावेशी र आधुनिक प्रविधिमैत्री बनाउने Functional Qmrategies पूर्ण रूपमा अवलम्बन गर्ने, संस्थागत क्षमता सुद्धीकरण गर्ने, Digital Goverance को पूर्ण रूपमा अवलम्बन गर्ने ।

## करसुधारका प्रयासहरू विगतदेखि वर्तमानसम्म

सुधार नियमति प्रकृया हो । करनीति, करकानून र कर-प्रशासनको समयसापेक्ष सुधार भई करसुधारले अपेक्षित गति लिने विश्वास गर्न सकिन्छ । विश्वव्यापीकरण र उदारीकरणसँग अन्तरराष्ट्रिय स्तरबाटै कर प्रणाली सुधारसम्बन्धी

अवधारणाको विकास भएको पाइन्छ। जसमा करसुधारले करको दायरा विस्तार गर्ने, करको दर र सङ्ख्या कम गर्ने, करछुट घटाउने, लगानीमैत्री करनीति तर्जुमा गर्ने, करचुहावट नियन्त्रण गर्ने, कर-प्रशासनलाई सरल, पारदर्शी एवम् करदातामैत्री बनाउने र स्वेच्छिक कर सहभागितामा जोड दिने नीति लिएको पाइन्छ। करसुधारकै सन्दर्भमा नेपालमा विभिन्न आवधिक योजनामा नीतिगत सुधारका प्रयास भएका पाइन्छन् । अन्तर्राष्ट्रिय मुद्राकोषको Qmructural Adjustment Programme को सुरुवातसँगै करसुधारको प्रयासले गति लिन थालेको हो। नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात खुला र उदारवादी आर्थिक प्रणालीको अवलम्बनसँगै करसुधार प्रयासले गति लिन थालेको आभाष मिल्दछ। करसुधारअन्तर्गत निम्न पक्षमा ध्यान दिएको पाइन्छः-

## स्वयम् कर निर्धारण प्रणाली

आयकर ऐन, २०५८ को सुरुवातसँगै खुला र उदारवादी अर्थतन्त्रको मान्यतालाई अवलम्बन गर्दै स्वयम् कर निर्धारण प्रणाली अवलम्बन गरिएको हो। करदाता स्वयमूलाई नै आफ्नो करको घोषणा आफैँ गर्न पाउने अधिकार प्रदान गर्दै करदातालाई जिम्मेवार बनाउने प्रकृयाको थालनी गरिएको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम आफ्नो करदायित्व करदाता स्वयम्लाई नै सबैभन्दा बढी जानकारी हुन्छ भन्ने मान्यता लिइएको छ । करदाताले प्रत्येक करअवधिमा आफूले बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर स्वयम् निर्धारण गरी करअवधि समाप्त भएको २५ दिनभित्र कर विवरण पेश गर्ने व्यवस्था मु.अ.कर ऐन, २०५२ को दफा १८.१ ले गरेको छ। मूल्य अभिवृद्धि करमा करदाता स्वयम्ले कारोबारको हिसाब-किताब राख्ने दायित्व र अधिकार रहेको पाइन्छ। भन्सारमा मालवस्तुको मूल्य घोषणा माल धनी वा निजको एजेन्टले गर्न पाउनेजस्ता प्रजातान्त्रिक प्रणाली अवलम्बन गरिएका छन्।

## नीतिगत सुधार

करसम्बन्धी कानूनी जटिलता अन्त्यका लागि ऐन,- कानून सरल र स्पष्ट बनाउन विभिन्न प्रयास भएका पाइन्छन्। यसका लागि आयकर ऐन, २०५८ का जटिलता अन्त्यका लागि आयकर निर्देशिका कार्यान्वयनमा ल्याइएको छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली २०५३ लाई सरलीकरण गर्न मूल्य अभिवृद्धि कर निर्देशिका २०६९ जारी गरी लागू गरिएको छ। त्यस्तै, अन्तःशुल्क ऐन, २०५८ र नियमावली २०५९ को सरलताका लागि अन्तःशुल्क निर्देशिका २०६८ लागू गरिएको छ।

## संस्थागत सुधार

